


विश्वविख्यात कलाकार पिकासो पनि कम्युनिष्ट !

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७२

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-



म बोली हान्दिने,
माओवादी गोली हान्दिने !
- रुपचन्द्र विष्ट

के अटलविहारी बाजपेयी पनि पहिले कम्युनिष्ट कार्यकर्ता थिए ?

अमेरिकामा WTO विरुद्ध विशाल प्रदर्शन किन भयो ?

यसरी बढ्दै छ स्तालिनको लोकप्रियता !


स्तालिनका नातिद्वारा स्तालिनवादी मोर्चा गठन

कसरी भैरहेछ

# भ्रष्टाचार ?

कसरी रोक्ने ?

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो, जसबाट निर्माण किफायती र बलियो बन्छ।
हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो, जुन अन्तराष्ट्रिय प्रविधिबाट अन्तराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ। यस्को शक्ति सम्पन्न ४२.५ किलो/वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यसको बढी बण्ड स्ट्रेन्थले तपाईको निर्माणमा बचत गराउँछ।
तपाईको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको।

हिमाल स्टील
टोरस्टील
हिमालले सुरक्षित घर बनाउँछ।

# HI-YIELD STRENGTH



ज्योति

हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स: २२६३१४

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ७२
मंसीर/पुस, २०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल:
mulyankan@hons.com.np
वेभसाइट:
www.webnepal.com/mulyankan


# कसरी भैरहेछ ?
# भ्रष्टाचार
# कसरी रोक्ने ?



## के भ्रष्टाचार नियन्त्रण गर्न अधिनायकवादी ब्यवस्था नै चाहिने हो ?

डा. देवेन्द्रराज पाण्डेसँगको अन्तर्वार्ता

**के हो भ्रष्टाचार ? कहाँबाट यो पैदा हुन्छ ?**
◆ प्रज्ञानरत्न

◆ *नेपालको बिजुली अमेरिकाको भन्दा पनि महँगो !* ◆ *के बाजपेयी पनि पहिले कम्युनिष्ट थिए ?* ◆ स्तालिनका नातिको नेतृत्वमा पार्टी स्थापना ◆ दिनपरदिन बढ्दो छ स्तालिनको लोकप्रियता !

❑ मिलेर प्रभावोत्पादक संघर्ष गरेमा मात्र महँगी घट्छ, ◆ *वामसंघर्षमा एकताविरोधी संकीर्णता* ◆ घूस र चाकडी सिकाउने हाम्रो धार्मिक परंपरा र धर्मको आड़मा हुने हिनामिना ◆ *माओवादीमा आएको परिर्वतनको संकेत के हो ?*

**ब्यापक विरोधका बीच सियाटल विश्व ब्यापार वार्ता बिफल**



◆ रुपचन्द्र विष्ट

## म बोली हान्दिने, माओवादी गोली हान्दिने !


हाम्रो मूल्यांकन
मिलेर प्रभावोत्पादक संघर्ष गरेमा मात्र महँगी घट्छ, ४
**आवरण कथा**
कसरी भैरहेछ ?
भ्रष्टाचार कसरी रोक्ने ?
- हरिगोविन्द लुइँटेल ६
के हो भ्रष्टाचार ?
कहाँबाट यो पैदा हुन्छ ?
-प्रज्ञानरत्न
के भ्रष्टाचार नियन्त्रण गर्न अधिनायकवादी ब्यवस्थानै चाहिने हो ?
- डा. देवेन्द्रराज पाण्डे १३
**घटना र प्रवृत्ति**
माओवादीमा आएको परिर्वतनको संकेत के हो ?
- नारायण ढकाल १६
के बाजपेयी पनि पहिले कम्युनिष्ट थिए ? १७
ब्यापक विरोधका बीच सियाटल विश्व ब्यापार वार्ता बिफल
- दीपक वैद्य ४३

वाम संघर्षमा एकताविरोधी संकीर्णता
- गोविन्द वर्तमान ४
**विज्ञान/प्रविधि**
क्वार्क : पदार्थको प्राथमिक कण
- तुल्सीदास महर्जन २७
**दर्शन**
साख्य दर्शनको ईश्वरसम्बन्धी धारणा
- प्रज्ञानरत्न ३५
**अन्तर्क्रिया**
म बोली हान्दिने, माओवादी गोली हान्दिने !
- रूपचन्द्र विष्ट २४
**कथा**
आतंकमा बाँचेको बस्ती
- रमेश विकल ३०
**विश्व कम्युनिष्ट आन्दोलन**
स्तालिनका नातिको नेतृत्वमा पार्टी स्थापना १८
दिनपरदिन बढ्दो छ स्तालिनको लोकप्रियता ! १९

क. फेलिसियानोको रिहाइका लागि किन आवाज उठिरहेको छैन ? ४२
**उत्पीडित चौतारी**
जातीय छुवाछूतविरूद्ध जनजागरण र आरक्षणको सवाल
- पद्मलाल विश्वकर्मा ३६
**व्यंग्य**
सडकमा कमरेड
- विमल निभा २९
**जीवनको झाँकी**
संसदीय राजनीतिमा जन हस्तक्षेप २०
नागभूषणको पहिलो भाषण २१
- राजेन्द्र महर्जन
**नीति/संस्कृति**
घूस र चाकडी सिकाउने हाम्रो धार्मिक परंपरा र धर्मको आडमा हुने हिनामिना
- चन्द्रदेव नेपाली ३५
**अर्थतन्त्र**
नेपालको बिजुली अमेरिकाको भन्दा पनि महँगो !
- श्याम श्रेष्ठ ४०
**पाठकको कुरो** ४६



आवरणमा : घूस्याहाहरू/ चित्र: राजन काफ्ले । काँधमा: पाब्लो पिकासो
आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५
कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार/स्क्यानिङ्: पोलिइमेज, बसन्तपुर

# मिलेर प्रभावोत्पादक संघर्ष गरेमा मात्र महँगी घट्छ,

महँगीको मामलामा नौ वाम शक्तिहरू पुनः एक भएका छन् । उनीहरूले मिलेर पुष १६ गते सडक-जाम कार्यक्रमदेखि माघ ९ को आमसभा हुँदै माघ १८ गते 'नेपालबन्द' कार्यक्रमसम्म संचालन गर्ने भएका छन् । वाम शक्तिहरू जन सरोकारको यस्तो सवालमा एकताबद्ध हुनु निश्चय नै सराहनीय कुरा हो ।

२०५० साल भदौ १ को संझौतापछि संसदीय संघर्षमा मात्र केन्द्रित भएर सडक संघर्षमा पटक्कै नउत्रेको एमाले पनि यसपालि डिजेल मट्टीतेलको दाम बढ्नेबित्तिकै अरू सवलाई उछिनेर तुरून्तै सडकमा उत्रेको छ । उसले मंसीर २५ गते अधिराज्यव्यापी हस्ताक्षर संकलन र मंसीर २० गते राष्ट्रव्यापी बिरोध र्‍याली हुँदै मंसीर २८ गते संसदको विशेष अधिवेशनसम्म पुग्ने र अधिवेशन हुने दिन धर्ना, सभा र र्‍यालीको कार्यक्रमको घोषणा गरेको छ । उसले संपूर्ण सांसदहरूलाई सडकमा उतार्ने घोषणा गरेको छ । देशको संसदको प्रमुख प्रतिपक्ष र ठूलो पार्टी एमाले यसरी आन्दोलनको मैदानमा आउनु निश्चय नै खुशीको कुरो भएको छ । जति महंगी बढेपनि विरोध बक्तव्य सिवाय केही नदेखेर निराश भएका नेपाली जनतालाई अलगअलग वाम शक्तिको महँगीविरोधी संघर्षले थोरै भएपनि त्राण मिलेको छ, राहत र भरोसाको अनुभूति भएको छ ।

परन्तु अहिले आम जनताको दिल-दिमागमा उठिरहेको मुख्य प्रश्न के भएको छ भने, महँगीविरूद्ध सडकमा उत्रेका यी संपूर्ण वाम शक्तिहरू किन छुट्टिएर अलगअलग संघर्ष गर्दैछन् ? साझा सवालमा एक हुन के कुराले छेकिरहेको छ उनीहरूलाई ? किन उनीहरू एक ढिका भएर सरकारलाई झुकाईछाड्ने खालको प्रभावकारी संघर्ष संचालन गर्दैनन् ?

अहिलेको सबै थरिको संघर्ष हेर्दा के देखिन्छ भने, यी र यस्ता खाले मनतातो र धीमा प्रकृतिको संघर्षले ती पार्टीहरूको अस्तित्वसम्म त धान्छ, तर माग भने कदापि पूरा हुँदैन । जायज र महत्वपूर्ण सवालमा संघर्षको उठान भएको छ, परन्तु संघर्षको रूप अस्तित्ववादी सोचभन्दा माथि उठ्न सकेको छैन । र, यसबाट जनतामा 'जति संघर्ष उठाए पनि त्यस्तै हो, माग कहिल्यै पूरा हुँदैन' भन्ने खालको संघर्षप्रति नै निराशाको मनोभाव सिर्जना हुने टड्कारो संभावना छ ।

हाम्रो भन्नु के छ भने, चुनावी समयमा टुँडीखेलमा एक एक लाखको जन समुदाय जुटाउन सक्ने एमाले-मालेले महँगीको सवालमा विद्युत प्राधिकरण, आयल निगम र सिंहदर्बारमा त्यति नै ठूलो जन समुदाय जुटाएर किन प्रभावकारी धर्नाको कार्यक्रम राख्न सक्दैनन् ? किन माधव नेपाल, वामदेव गौतम, चित्रबहादुर के.सी. र लीलामणि पोखरेलहरू महँगीको सवालमा प्रष्ट पार्ने पर्चासहित जनतालाई सड्कमा आउन अपील गर्दै जनताका घरदैलामा पुग्न सक्दैनन् ? र, किन भद्रकालीमा अनसन बस्न सक्दैनन् ? के यस्तो गर्दा माग पूरा गर्न सरकार बाध्य हुँदैन ?

मुख्य कुरा के हो भने, संघर्षको रूप अस्तित्व बचाउने खालको मात्र हुनुभएन , माग पूरा गर्न बाध्य पार्ने खालको हुनुपर्‍यो । अनि संघर्ष खालि पार्टीका थोरै कार्यकर्ताले मात्र सहभागी हुने खालको हुनुभएन, यो आम जनतालाई सडकमा ओराल्ने खालको हुनुपर्‍यो । महँगीपीडित उपभोक्ता मंच जस्तो जो पनि अटाउन सक्ने, आउन सक्ने एउटा खुकुलो-लचिलो मंच विकास गरेर नाम चलेका बुद्धिजीविहरू, ब्यक्तित्वहरू, लेखक, कलाकार, र आम जन साधारणलाई सडकमा उतार्न प्रयत्न गरिएमा निश्चय पनि सरकार चारैतिरबाट एक्लिनेछ र माग पूरा गर्नका लागि सरकारमाथि ठूलो दवाब सिर्जना हुनेछ । महँगीले वामपन्थीलाई मात्र होइन, सबैलाई रूवाएको छ, खालि उपयुक्त र प्रभावकारी संघर्षको कार्यक्रमको मात्र खाँचो छ । ब्यापक, संयुक्त, भरोसिलो र सुझबुझपूर्ण नेतृत्वको मात्र खाँचो छ । यो खाँचो पूरा गरियोस् , महंगीको सवालमा सडकमा सबै आउनेछन् । ☐

# वाम संघर्षमा एकताविरोधी संकीर्णता

- गोविन्द वर्तमान -

साझा विषयमा पनि नेपालका वामपन्थीहरू एकजूट भएर अघि बढ्दैनन् भन्ने कुरा यसपटक पनि प्रष्टै देखिएको छ । सरकारले गरेको मूल्यबृद्धिको विरोधमा अहिले वामपन्थीहरू सडक र सदन दुवैतिर आन्दोलित हुन खोज्दैछन्; तर त्यस क्रममा उनीहरूबीच हुनुपर्ने बलियो एकता हुन सकेको देखिंदैन । रासायनिक मलमा ४० प्रतिशत मूल्यबृद्धि गरिसकेको थियो । हाल आएर फेरि डिजेलमा ४८ प्रतिशत, मट्टितेलमा २४ प्रतिशत र विद्युत महसुलमा ३० प्रतिशत मूल्य बढाएर सरकारले जनताको सहनशीलताको खिल्ली उडाएको छ । त्यतिमात्र होइन अब फेरि सरकारले खानेपानी र टेलीफोनको महसुल बढाउने सुरसार गर्दैछ ।

*अविश्वासको यही वातावरणले गर्दा राजनीतिक पार्टीहरूले अगाडि ल्याएका कार्यक्रमहरूमा आम जनताको चासो र सहभागिता शून्यप्रायः देखिंदैछ । यो संघर्ष अगुवा कार्यकर्ताको संघर्षमात्र बन्दैछ ।*

वामपन्थीहरूमध्ये सबभन्दा ठूलो राजनीतिक पार्टीको रूपमा स्थापित एमाले आफ्नै किसिमले संघर्षमा अग्रसर भएको छ भने एमालेइतर अन्य पार्टीहरू नौ वाम समूहको नाममा कार्यक्रमसहित सडक संघर्षमा आएका छन् । ०५० साल भदौ यता कुनै पनि सडक संघर्षमा नउत्रिएको एमाले महंगीको विषयमा यसपटक सडकमा उत्रनु राम्रो कुरा हो । त्यस्तै राम्रो कुरा हो- नौ बाम पार्टीहरू एक हुनु । तर वामशक्तिहरू विभाजित हुन पुगेकाले मूल्यबृद्धिविरूद्ध गरिनथालेको संघर्ष आफ्नो माग पुरा गर्न सफल हुने कुरामा भने आम जनता विश्वस्त हुन सकिरहेको छैन । लक्ष्य हासिल हुने कुरामा अविश्वासको यही वातावरणले गर्दा राजनीतिक पार्टीहरूले अगाडि ल्याएका कार्यक्रमहरूमा आम जनताको चासो र सहभागिता शून्यप्राय देखिंदैछ । यो संघर्ष अगुवा कार्यकर्ताको संघर्षमात्र बन्दैछ; जनताको संघर्ष बन्नसकेको छैन ।

केही समय अगाडि नै सरकारले दैनिक उपभोगका अत्यावश्यक वस्तुहरूमा करीब २१ प्रतिशत र

प्रजातान्त्रिक भनिने सरकारको यस्तो किसिमको जनघाती करतूतको विरूद्धमा वामपन्थीहरू मात्र होइन, आफूलाई प्रजातन्त्रवादी भनाउने सम्पूर्ण राजनीतिक शक्तिहरू समेत एकजूट भएर संघर्षमा उत्रनुपर्नेमा वामपन्थी शक्तिहरू बीचमै बलियो एकता नहुनु ज्यादै बिडम्बनापूर्ण देखिएको छ ।

प्रमुख प्रतिपक्षी राजनीतिक दलको हैसियतले नेकपा एमालेले सरकारको त्यस प्रकारको कदमविरूद्ध सबभन्दा पहिला प्रतिवाद गरेको थियो । एमालेले प्रचारात्मक विरोधका साथै कार्तिक १५ गतेदेखि २० गतेसम्ममा प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मूल्यबृद्धिकाविरूद्ध जुलूससहित ज्ञापनपत्र बुझाएको र ज्ञापन सभाहरू गरेको जनाएको छ । मूल्यबृद्धिविरूद्ध एमालेले सरकारलाई चेतावनीसहित प्रतिवाद गरिसकेपछि मात्रै अन्य वामपार्टीहरू सरकारको विरोधमा अग्रसर देखिए । जनविरोधी कदमविरूद्ध तुरून्त प्रतिकार गर्ने चुस्तता उनीहरूमा देखिएन । नौ वाम समूहभित्र आवद्ध कम्युनिष्ट घटकहरूको यस किसिमको

ढिलासुस्तीलाई क्रान्तिकारी तदारूकता भन्न सकिँदैन ।

डिजेल, मट्टितेलको भाउ बढाएपछि कार्तिक १५ गतेदेखि नै एमालेले पहिलो चरणको प्रचारात्मक विरोध कार्यक्रम चलाएको थियो । कार्तिक ३० गतेसम्मको यस विरोध कार्यक्रममा पर्चा वितरण तथा वक्तव्यहरूद्वारा सरकारले गरेको मूल्यवृद्धिको अनुपयुक्तताको विरोध गरिएको थियो । तर कार्तिक ३० गतेकै दिन सरकारले फेरि बिजुलीको भाउ ३० प्रतिशत बढाएर प्रतिपक्षीहरूको शान्तिपूर्ण विरोधको आवाजलाई घनघोर उपेक्षा गऱ्यो । त्यतिमात्र होइन, कार्तिक ३० गते नै अर्को वामघटक नेकपा मालेले आह्वान गरे अनुसार सफलतापूर्वक सम्पन्न भएको उपत्यका बन्दबाट व्यक्त भएको जनआवाजलाई पनि सरकारले टेरपुच्छर लगाएन । यसरी कार्तिक ३० गतेसम्मको विरोधको शैली र प्रभावलाई सरकारले पटक्कै महत्व दिएको थिएन । सरकारको यही हेपाहा प्रवृत्तिविरूद्ध पनि यसपटक कम से कम सबै वामपन्थीहरू र संभव भए सबै जनपक्षीय राजनीतिक शक्तिहरूले एकताबद्ध भएर प्रभावकारी संघर्ष चलाउनुपर्थ्यो । तर त्यस्तो भएन । त्यसैले कुकुर भुक्दै गर्छ, हात्ती लस्कँदै गर्छ भने झैं हेपाहा शैलीमा कांग्रेसी सरकार जनविरोधी बाटोमा लस्किरह्यो ।

अहिले नेकपा एमालेले आफ्नै ढंगले सडक र सदन संघर्षको कार्यक्रम अगाडि ल्याएको छ भने अलिकति ढिलै भएपनि नौथरि वामहरू पनि दुई महीने संघर्षको प्रथम चरणको कार्यक्रमसहित सडकमा आउनथालेका छन् । एमालेले महँगीविरूद्ध यही मंसीर २८ गते विशेष अधिवेशन डाकेको छ । त्यस निम्ति उसले मंसीर २१ गते दरवारमा समावेदन दिएको थियो । एमालेले आफ्ना संपूर्ण सांसदहरूलाई सडकमा उतार्ने र राष्ट्रव्यापी रूपमा जनस्तरमा मूल्यवृद्धिविरूद्ध हस्ताक्षर अभियान चलाउने काम शुरू गरिसकेको छ । एमालेपक्षबाट गरिएको वा गर्न थालिएको संघर्षले सरकार तथा जनताको थोरै मात्र भए पनि ध्यानाकर्षण हुनथालेको देखिन्छ । तर नौ वाम समूहले अघि सारेका दुई महीने विरोधका कार्यक्रमहरूप्रति चाहिँ सरकार र जनताको ध्यानाकर्षण भैसकेको छैन । पत्रकार जगत तथा सचेत राजनीतिक समुदायले पनि नौ वाम समूहको मंसीर १४ गतेबाट शुरूभएको विरोध कार्यक्रमलाई प्रभावकारी कार्यक्रमको रूपमा बुझ्न सकेको छैन ।

नौ वामसमूहले मंसीर १४ गते उपत्यकाव्यापी कालो झण्डा गाड्ने, १९ गते अन्तरक्रिया कार्यक्रम संचालन गर्ने, २७, २८ र २९ गते अधिराज्यव्यापी पर्चा वितरण र कोणसभा गर्ने, पौष १० गते साँझ अधिराज्यका प्रमुख शहरहरूमा मसाल जुलूस निकाल्ने, १६ गते काठमाण्डौमा सडक जाम गर्ने, २८ गते अधिराज्यका मुख्य केन्द्रहरूमा खुला जनसम्वाद कार्यक्रमहरू गर्ने, माघ ९ गते उपत्यका लगायत सबै जिल्लामा विरोध जुलूस र सभा गर्ने, १७ गते अधिराज्यव्यापी मशाल जुलूस निकाल्ने र माघ १८ गते नेपालबन्द गर्ने कार्यक्रम ल्याएको छ ।

मंसीर १४ गते राजधानी काठमाण्डौ उपत्यकामा भएको कालो झण्डा गाड्ने कार्यक्रम त्यति प्रभावकारी भएन । त्यस दिन कुन कारणले कसले कालो झण्डा गाडेको थियो भन्ने जानकारीसमेत धेरै जनतालाई भएन । कालो झण्डा गाड्ने काम पनि आवश्यक सबै ठाउँहरूमा सर्वसाधारणको नजर पर्ने गरी हुनसकेको अनुभव भएन । एकातिर यस्तो भयो भने अर्कोतिर काठमाण्डौ र ललितपुरका धेरै ठाउँहरूमा गाडिएका काला झण्डाहरू पनि सरकारले प्रहरी लगाएर झिक्यो । त्यति मात्र होइन, ललितपुरबाट त नेकपा एकताकेन्द्रको भातृ-संगठन अनेरास्ववियू र अनेमसंघका दर्जनौं कार्यकर्ताहरूलाई गिरफ्तारसमेत गऱ्यो । बाँकी कार्यक्रममा आगामी पौष १० गते हुने मशाल जुलूस, पौष १६ गतेको सडकजाम, माघ १७ गतेको दोस्रो मशाल जुलूस र माघ १८ गतेको नेपालबन्दजस्ता कार्यक्रमहरू मात्र बलिया कार्यक्रमहरूको रूपमा देखिएका छन् । ती कार्यक्रमहरू पनि कति प्रभावकारी हुने हुन् भन्ने कुरा त्यसबेला हुने जनसहभागिताको पर्याप्तताले मात्रै देखाउने छ ।

अन्तरक्रिया, खुल्ला जनसम्वाद र पर्चा वितरण जस्ता कार्यक्रमहरू विरोध गरिने विषयको गंभीरताको तुलनामा दबाबकारी कार्यक्रम नभएर हलुका र प्रचार महत्वका मात्र देखिन्छन् ।

नौ वाम समूहबीच आपसी तालमेल र प्रत्येक घटकले नौ वामको संघर्षको कार्यक्रमलाई आफ्नै कार्यक्रमको रूपमा गंभीरतापूर्वक लिने परिपाटी नबसिसकेकोले पनि वाम घटकहरूको संख्या नौ वटा भए पनि विरोध कार्यक्रमको गुणस्तर एकवटा घटकले एक्लै गरेको कार्यक्रमभन्दा ठूलो तथा प्रभावकारी हुनेगरेको छैन । त्यो स्थिति यसपटक पनि दोहोरिने छैन भन्ने कुनै ग्यारेन्टी छैन । यस




के यस्ता जुलूसहरू संयुक्त रूपमा हुन संभव छैनन् ?

अवस्थालाई दृष्टिगत गरेर पनि नौ वाम समूह र सबभन्दा ठूलो वामघटक एमालेबीच संघर्ष संचालनका निम्ति कार्यगत एकता वा समन्वय कायम हुनु जरूरी थियो । त्यो जरूरत अझै पनि कायम देखिन्छ ।

राष्ट्रिय जन आन्दोलन संयोजन समितिका संयोजक भक्तबहादुर श्रेष्ठले मंसीर १४ गते साप्ताहिक जनादेशमा प्रकाशित अन्तरवार्तामा भन्नुभएको छ : "नौ वामले एमालेलाई पनि यस आन्दोलनमा सरिक गराउन प्रयत्न गरेको हो । तर विभिन्न कारण देखाई ऊ सरिक भएन । एमालेको यो कामलाई राम्रो मान्न सकिन्न ।"

त्यसै विषयमा नौ वाम घटकका अर्का नेता वामदेव गौतमले भन्नुभएको छ :"संघर्ष उठ्नु नै सकारात्मक कुरा हो । यदि संघर्ष इमान्दारितापूर्वक गरिन्छ भने त्यसलाई छुट्टाछुट्टै रूपमा भएपनि स्वागत गर्नुपर्दछ । तर हामी नौ वाम घटक एकसाथ संघर्षमा लागिसकेका छौं ।"

(जनएकता- १३ गते सोमबार)

यसरी नौ वाम समूहका दुई वाम नेताहरू भक्तबहादुर श्रेष्ठ र वामदेव गौतमको बीचमा नै एमालेलाई साथ लिनु जरूरी थियो र छ भन्ने कुरामा एकमत देखिंदैन । अर्कोतिर एमालेका शक्तिशाली नेता खड्ग ओलीले संसदीय हैसियत नभएका वाम शक्तिहरूलाई पूर्णतः उपेक्षा गर्नुभएको देखिन्छ । उहाँले यस सम्बन्धमा भन्नुभएको छ :"संसदका अन्य राजनीतिक पार्टीहरूसित यस सम्बन्धमा कुराकानी राम्रै ढंगले अगाडि बढिरहेको छ ।"

(बुधबार साप्ताहिक १५ मंसीर)

खड्ग ओलीले यति मात्र भन्नुभएको छ र एमाले पक्षका साप्ताहिक अखवारहरूले चाहिँ मूल्यवृद्धिविरूद्ध सर्वप्रथम अग्रसर भएर यस विरूद्धको संघर्षमा एमालेले नेतृत्व लिइसकेकाले नौ वामसँग सहकार्य गर्नु जरूरी नभएको भन्ने आशयका टिप्पणीहरू प्रकाशित गरेका छन् ।

अहिले भएको मूल्यवृद्धिको घटना नेपाली जनताविरूद्ध लादिएको गंभीरतम् दुर्घटना हो । यस दुर्घटनाको गंभीरताको अनुपातमा यसविरूद्ध जाइलाग्ने शक्तिहरूको गंभीरता कमजोर देखिएको छ । त्यो कमजोरी एक प्रकारले होइन अनेक प्रकारले देखिएको छ ।

सम्पूर्ण जनपक्षीय राजनीतिक शक्तिहरू एकजूट भएर सरकारविरूद्ध मोर्चा कस्नु पर्नेमा त्यसो नहुनु एउटा मुख्य कमजोरी हो ।

कम से कम सम्पूर्ण वामपन्थीहरू एकजूट भएर संघर्ष गर्नु पर्नेमा त्यसो नहुनु अर्को कमजोरी हो ।

नौ वाम समूहले ल्याएका संघर्षका कार्यक्रमहरू जति प्रभावकारी हुनुपर्ने हो, त्यति नहुनु तेस्रो कमजोरी हो भने संघर्षका कार्यक्रमहरूलाई अविच्छिन्न पार्नुपर्नेमा त्यसो नगरिनु पनि कमजोरी नै हो ।

नौ वाम समूहले ल्याएको दुई महीने संघर्षका ९ वटा कार्यक्रमहरू लगातार संचालन हुने कार्यक्रमको रूपमा छैनन् । ती कार्यक्रमहरूमध्ये धेरैजसो कार्यक्रमहरूमा ५ दिनदेखि १२ दिनसम्मको अन्तराल रहेको छ । आज केही गरियो र १२ दिनसम्म केही गरिएन भने त्यसले जहाँ र जति प्रभाव पार्नु पर्ने हो, त्यहाँ त्यति प्रभाव पार्न सक्दैन । यस विषयमा संघर्षकारी पक्षको ध्यान पटक्कै गएको देखिंदैन ।

मूल्यवृद्धिले जनताविरूद्ध जति कठिनाई थोपर्छ त्यसको गंभीरतालाई राजनीतिक शक्तिहरूले वास्तविक अर्थमा बोध गरेको भए उनीहरूले मूल्यवृद्धि जसरी भए पनि नियन्त्रण गराइछाड्ने प्रतिबद्धता देखाउनुपर्थ्यो । त्यसको निम्ति जसरी भए पनि सत्ताइतर शक्तिहरूबीच तालमेल गरेर संघर्षकारी शक्तिको गुण र परिमाणलाई ठूलो पार्नुपर्थ्यो । त्यसको निम्ति प्रतिपक्षी राजनीतिक दलहरूबीच रहेको दलगत अहंकार र अन्य वैचारिक मतभेदलाई जसरी भए पनि थाँती राखेर मूल्यवृद्धिविरोधी एकसूत्रीय आन्दोलनमा एकजूट हुनैपर्थ्यो । तर त्यस्तो हुन सकेन । आशा गरौं, भविष्यमा त्यस अनुरूप नै संघर्षका कार्यक्रमहरू संचालन गरिने छन् । ❑



# कसरी भइरहेछ? भ्रष्टाचार कसरी रोक्ने?

हरिगोविन्द लुइँटेल

*◉ "जंगबहादुरले आफ्ना सन्तानको विवाह गराइसकेपछि राज्यकोषबाट ठूलो धनराशी झिकी थापाथली दरबार बनाए । त्यो दरबार इटालीको संगमरमर, बेल्जियमको ऐना, लण्डनको झाडफानुस र भिक्टोरियन फर्निचरद्वारा सजाइयो । "*

❑ "रणोद्दीप सिंहको शासनकालमा घूसखोरी प्रथा बन्द गर्ने भनेर घूस खानेको जीउमा चराको भुत्ला टाँसी झ्याली पिट्दै शहर घुमाउने नियम बनाइयो । तर शासकहरू आफैं घुस्याहा र भ्रष्टाचारी भएकोले त्यो नियम प्रभावकारी बन्ने संभावना नै थिएन ।"

❑ "हरेक राणा शासकहरूले विदेशी बैंकमा रकम जम्मा गर्नथाले । राणाहरूमध्येकै सबैभन्दा ठूला शोषक मानिने वीर शमशेरले असल ठाउँका जग्गाहरू आफ्ना छोराहरूका नाममा दर्ता गराएका थिए ।"

❑ "यहाँसम्म कि, दासप्रथा हटाउन भनेर पशुपति गुठीबाट लिएको लाखौं रकमसमेत यिनले (चन्द्र समशेरले) पच पारे.....।"

❑ "भीम समशेरले आफ्ना सन्तानका लागि मात्रै राज्यको कोषबाट ५ वटा आलिशान दरबार बनाए । ६ करोडको सुनको गहना विदेशी बैंकमा जम्मा गराए ।"

❑ "बृद्धावस्थामा समेत दरबारमा राशलीला' चलाएर भ्रष्ट र नैतिक पतनको संस्कृतिलाई बढाउने जुद्ध समशेरले ०९० सालको भूकम्पबाट पीडितहरूलाई दिने भनिएको सहयोग रकममा समेत भ्रष्टाचार गरे.... ।"

*'मानव अधिकार वर्ष पुस्तक १९९९* मा 'नेपालमा राजनीतिक भ्रष्टाचार' शीर्षकमा प्रकाशित सन्दर्भबाट उद्धृत गरिएका माथिका प्रसंङ्गहरूले नेपालको इतिहासमा बदनाम राणा शासनमा के कस्ता भ्रष्टाचार हुने गर्थे भन्ने कुरा मात्र प्रष्ट्याउँदैनन् । यी प्रसङ्गहरूले त नेपालमा हालसम्म पनि हुने गरेका भ्रष्टाचारहरूको मूल प्रवृत्तिको एक झलकसमेत प्रस्तुत गरेका छन् ।

समय बदलिएर राणा शासनको अन्त भएको छ, ०१७ सालसम्मका दश वर्षहरू, र त्यसपछिको पंचायती निरंकुशतन्त्रका ३० वर्षहरूसमेतलाई नाघेर समयले २०४६ सालसमेत पार गरिसकेको छ । त्यसपछिको 'प्रजातान्त्रिक' नेपालको महत्वपूर्ण एक दशक समय पनि पार भएको छ ।

तर के नेपाली सत्ता-राजनीतिक केन्द्रका ठालूहरूले 'थापाथली दरबारहरू' बनाउन छाडे ? बेल्जियमको ऐना, इटालीको सिंगमर्मर, र लण्डनको झाडफानुस ल्याएर आफ्नो महल सजाउन छाडे ? राज्यको संपत्तिमा लूट मच्चाएर आफू र आफ्नो सन्तानका नाममा जग्गाजमीन जोड्न छाडे ? भूकम्प पीडित र बाढी पीडितका नामको पैसा समेत 'खल्ती-पीडितहरू'ले चट् पार्न छाडे ? विदेशी बैंकमा पैसा जम्मा गर्न छाडे ? भ्रष्टाचारविरोधी नारा आफैं दिँदै आफैं त्यसको नियम बनाउँदै आफैंले त्यो नियम तोड्न छोडे ?

यस्तो देखिन्छ, व्यवस्था मात्र बदलिएको छ, पात्रहरू बदलिएका छन् । परन्तु भ्रष्टाचार गर्ने राणाकालीन प्रवृत्तिहरू र बाटाहरू अहिले पनि ज्यूँकात्यूँ छन् ।

विदेशी बैंकमा पैसा थुपार्ने, सामाजिक सुधारका गतिविधिका नाममा पनि रकम पच पार्ने, र भुइँचालो जस्ता प्राकृतिक विपत्तिको निहुँ पारेर भ्रष्टाचार गर्ने भीम शमशेर प्रवृत्ति वा जुद्ध शमशेर प्रवृत्ति मुलुकमा यथावत चालु रहेको छ ।

र, यी 'भीम शमशेर र जुद्ध शमशेरहरू' मुलुकको शासन केन्द्रदेखि भन्सार अड्डाको पाले वा मन्दिरको पूजारीसम्मको रूपमा ठाउँ ठाउँ, गौंडा गौंडामा सक्रिय छन् । उनीहरूले भ्रष्टाचारका विविध रूपहरूलाई संस्थागत नै बनाएका छन् ।

निरंकुश राजतन्त्र अन्तर्गत पंचायत कालको ३० वर्षमा पनि भ्रष्टाचारका यिनै राणाकालीन प्रबृत्तिहरू नांगो रूपमा पुनराबृत्ति भइरहे । भनिन्छ, राजा महेन्द्रले राज्य कोषबाट ३ करोड पैसा लिएर वर्तमान नारायणहिटी दरवार बनाए, र त्यही दरवार पुनः ९ करोडमा सरकारलाई बेचे । अधिराजकुमारी प्रिन्सेप शाह तस्करी गर्दागर्दै थाइलैण्डमा रंगेहात पक्राउ पर्दा हार्ट अट्याक भएर मरिन् । धीरेन्द्रले थुप्रै नेपाली मूर्ति विदेशमा सप्लाई गरेर कुख्यातिमा नामै कमाए । भक्तपुरको भूपतीन्द्र मल्लको शालिक चोर्नलाग्दा उनलाई एकजना नेपाली पुलीस इन्सपेक्टरले रंगे हात भेट्टाए ।

यसरी सिंगै पंचायती काल भ्रष्टाचारका काण्डहरूले डुङडुङ्ती गन्हाउने भएको थियो । २०२७ सालको 'डलर काण्ड', २०३० को जेट विमान खरिदमा १ लाख २० हजार डलरको कमिसन काण्ड, ०३३ सालको 'गलैंचा काण्ड', ०३४ सालको 'गाई गधा काण्ड', ०३६ सालको 'सर्पको छाला

*अधिराजकुमारी प्रिन्सेप शाह तस्करी गर्दागर्दै थाइलैण्डमा रंगेहात पक्राउ पर्दा हार्ट अट्याक भएर मरिन् । धीरेन्द्रले थुप्रै नेपाली मूर्ति विदेशमा सप्लाई गरेर कुख्यातिमा नामै कमाए ।*

# के हो भ्रष्टाचार ? कहाँबाट यो पैदा हुन्छ ?

प्रज्ञानरत्न

**पंचायतकालमा विपक्षी पंचायत-इतर शक्तिहरूको डरले भ्रष्टाचार भित्रभित्रै हुन्थ्यो भने, आज यो हाकाहाकी भैरहेको छ**

*के पार्टीहरू पनि आफ्नो पार्टीको तहबाट लागू गर्दै भ्रष्टाचारविरोधी आन्दोलन शुरू गर्न तयार छन् ?*

तस्करी काण्ड', यी यस्ता काण्डैकाण्डद्वारा पंचायती व्यवस्था बदनाम भएको थियो । प्र. म. मरीचमानमाथिको अविश्वास प्रस्तावका बेला राष्ट्रिय पंचायतका सदस्यहरूको ३/३ लाखमा किनबेच र जनमत संग्रहमा पंचायत जिताउन नेपालको बन स्वाहा पर्ने कार्य त्यतिखेरका राजनीतिक भ्रष्टाचारका ज्वलन्त उदाहरण थिए ।

राजनीतिक-आर्थिक भ्रष्टाचार पंचायत कालमा जुन सामाजिक-साँस्कृतिक भ्रष्टीकरणको प्रकृयासंगै अघि बढ्यो, त्यो सामाजिक-सांस्कृतिक भ्रष्टीकरण राजनीतिक-आर्थिक भ्रष्टाचारभन्दा अझ डरलाग्दो र दूरगामी थियो । राणाकाल र त्यस अघिदेखि पनि मुलुकमा आम नागरिकहरूमाथि सचेतनता हैन, अचेतनता लाद्ने गरिएको थियो । जनताको मस्तिष्कमा केन्द्रिय सरोकारका विषयहरू प्रतिको निस्क्रियता र उदासीनता एवं चाकरी, चाप्लुसी र दास-मनोवृत्तिलाई पंचायती शासनले निकै योजनाबद्ध तरीकाले बढावा दियो ।

"लाटा-सोझाहरूलाई दास बनाउनु र बाठाटाठाहरूलाई दलाल बनाउनु" पंचायती भ्रष्टाचारको मूल सामाजिक-सांस्कृतिक उद्देश्य थियो । यसलाई राज्यस्तरमा निरंकुश र भ्रष्ट प्रहरी प्रशासनको बलमा र जनस्तरमा 'मण्डले' गुण्डाहरूको बलमा लागू गर्ने भरमग्दूर कोशिस त्यस व्यवस्थाले गऱ्यो । 'दास र दलाल' उत्पादनको आफ्नो यो अभिष्ट पूरा गर्न त्यसले खास गरी युवा पुस्तालाई रूढीवादी, स्तुतिवादी, भाग्यवादी र विकृत आधुनिकताले युक्त बनाउने ठूलो कोशिस गऱ्यो । यसमा ऊ निकै हदसम्म सफल पनि भयो । 'भ्रष्टाचार' फगत् राजनीतिक-आर्थिक कुरा मात्र हैन, यो भनेको समाजको र व्यक्तिको चरित्र, प्रतिबद्धता र समग्र जीवन-दृष्टिकोण एवं जीवन संस्कृतिकै भ्रष्टीकरण हो । यो कुरा पंचायती निरंकुशतन्त्रले राम्ररी नै बुझेको थियो । त्यसैले यसले समाजमा आफ्नो पक्षमा चौतर्फी भ्रष्टीकरणको अभियान नै चलाएको थियो । जनस्तरमा अहिले पनि हाम्रो समाजमा व्याप्त पलायनवाद, कुण्ठा, हतासा, अनालोचक अन्धविश्वासी प्रवृत्ति, सजिलो बाटोबाट धनाढ्य हुन चाहने प्रवृत्ति, चाकरी-चाप्लुसी आदि त्यही पंचायती व्यवस्थाबाट प्राप्त उत्तरदानको रूपमा विद्यमान रहेका छन् ।

भ्रष्टाचारले गर्दा बदनाम भएको पंचायती निरंकुशतन्त्र ०४६ सालको ऐतिहासिक जन आन्दोलनबाट गर्लम्म ढल्यो । परन्तु, राणाकालीन र पंचायतकालीन भ्रष्टाचारका प्रवृत्तिहरू भने पंचायत ढले झैं ढलेनन् । नयाँ शासकहरूले ती प्रवृत्तिहरूलाई आकर्षक वस्त्र झैं ग्रहण गरे ।

## २०४६ पछि

अपराधकर्म गर्नेहरूलाई दण्ड नगर्ने हो भने समाजमा अपराध प्रवृत्ति निरंकुश हुनपुग्छ र असल आचरणयुक्त मानिसहरूको मनोवललाई पनि यसले गिराउने काम गर्दछ । 'दण्डहीनता'ले भ्रष्ट तत्वहरू मौलाउँछन् । पंचायत ढल्दा शुरूमा भ्रष्टाचारीहरू भागभाग र थर्कमान भएका थिए । मल्लिक आयोगको रिपोर्ट कार्यन्वयन गरिएको भए भ्रष्टाचारी र दमनकारीहरूको दोहोलो काढिन्थ्यो । परन्तु त्यो रिपोर्टलाई दराजमा धूलैधूलो हुनेगरी थन्क्याइयो । त्यो रिपोर्टले दण्ड सजायँ दिनुपर्छ भनेर किटान गरेका दमननायक अच्युतकृष्ण खरेललाई कांग्रेस सरकाले प्रहरी महानिरीक्षक बनाएर पुरस्कृत पो गऱ्यो । सूर्यप्रसाद श्रेष्ठलाई राजदूतको सम्मान दिइयो । र, दण्डित गर्नुपर्ने भनेर तोकिएका परशुनारायण चौधरीलाई कांग्रेस पार्टीले कार्पेट बिछ्याएर पार्टी प्रवेशका लागि स्वागत गऱ्यो । पंचायती भ्रष्टहरूप्रतिको यो दण्डहीनताले मुलुकमा २०४६ पछि पनि भ्रष्ट तत्वहरू पुल्पुल्लिन पुगे । भ्रष्टता छाडा हुनपुग्यो र बिस्तारैविस्तारै पार्टीगत स्वार्थका कारण तिनीहरू पुरस्कृतसमेत हुनपुगे । यसले हाम्रो समाजमा सामाजिक मूल्य र मान्यतामा विकृति पैदा गरेको छ, साँस्कृतिक स्तरमा क्षय पैदा गरेको छ, त्यो क्षय अपूरणीय नै त नहोला तर त्यो गंभीर छ र विशाल छ ।

यही गंभीर क्षयका कारण २०४६पछिको नेपालमा पनि थुप्रै भ्रष्ट आचरणहरू मौलाए, फस्टाए ।


२०४६ पछि गठित शक्तिशाली अन्तरिम सरकारले आफ्नो काम संविधान बनाउनु र आम चुनाव गराउनुमा मात्र सीमित गऱ्यो । अपराधीहरूलाई दण्ड दिने काम यसले गरेन ।

०४८ सालको चुनावसम्म पुग्दा आन्दोलनकारी शक्तिहरू नेपाली कांग्रेस र वामपन्थीहरूबीच चुनावी प्रतिस्पर्धाको कारण ठूलै फाटो आयो । वामपन्थीहरूबीचमै पनि ध्रुवीकरण र प्रतिस्पर्धा चर्को हुनथाल्यो । त्यसैले झन अब त मुलुकमा व्याप्त पंचायती निरंकुशतन्त्रका सामाजिक-साँस्कृतिक अवयवहरू र अवशेषहरूलाई फेर्ने सानै अभियान चलाउन पनि कोही तयार भएनन् ।

वामशक्तिदेखि तर्सिएर नेपाली कांग्रेसको पहिलो सरकारले आन्दोलनरत कर्मचारीहरूउपर कठोर नीति अपनाई थुप्रैलाई जागीरबाटै खोस्ने काम गऱ्यो । आन्दोलनमा साथ दिएको ठूलो सहयोगी तप्काको रूपमा रहेको कर्मचारी वर्गमा पलाएको स्वाभाविक आकांक्षा र मागहरूलाई यसरी कांग्रेसी सरकारले उपयुक्त हल ननिकाली दमन गरेको घटनाले कर्मचारीतन्त्रभित्र व्यापक असन्तुष्टी, निराशा र गुटवन्दी पैदा भयो । असुरक्षाका कारण उनीहरू कुनै न कुनै पार्टीलाई बलियोसँग पक्रनु पर्ने रहेछ भन्ने मानसिकतामा पुगे । यसले एकातिर कर्मचारी वर्गमा पार्टीको तावेदारी, दबाव र धाक रवाफको मानसिकता बढ्यो ।

चुनावपछिको प्रथम नेपाली कांग्रेस सरकारले शाही नेपाल वायुसेवा निगमलाई १० करोड घाटा पर्ने गरी 'धमिजा काण्ड' सृजना गऱ्यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका ज्वाईं जर्मन नागरिक जोष्ट सो निगमको युरोपका निम्ति टिकटको कारोबार गर्ने ठेकेदार बनाइए ।

२०४६ पछि गिरिजाप्रसादको नेतृत्वको यो पहिलो निर्वाचित सरकार, त्यसपछि २०५१ कार्तिकको मध्यावधि निर्वाचनपछि बनेको एमालेको नौ महिने शासनकाल, २०५२ भाद्रमा शेरबहादुर देउवाको नेतृत्वमा बनेको कांग्रेस, राप्रपा र सद्भावनाको संयुक्त सरकार, २०५३ फागुनमा गठित लोकेन्द्रबहादुर चन्दको नेतृत्वको एमाले, राप्रपा र सद्भावनाको सरकार, २०५४ असोजमा सूर्यवहादुर थापाको नेतृत्वको कांग्रेस, राप्रपा, सद्भावनाको सरकार, २०५४ मा गिरिजाको नेतृत्वमा




**पंचायती भ्रष्टहरू-प्रतिको दण्डहीनताले मुलुकमा २०४६ पछि पनि भ्रष्ट तत्वहरू पुल्पुल्लिन पुगे । पुरस्कृतसमेत हुनपुगे ।**

गठित र ४ महिनापछि ने.क.पा. (माले) मिसिएको अल्पमतको सरकार वा त्यसपछि (माले) हटेर एमाले मिसिएको सरकार र गत वैशाख-जेठमा संपन्न चुनावपछि गठित कांग्रेसको एकलौटी बहुमतको सरकार, यी सरकारहरूले यो करीव एक दशकको समयावधिमा भ्रष्टाचारविरूद्ध लड्ने काम गरेनन् । बरू, यिनीहरूले आफैं अग्रसर भई भ्रष्टाचारलाई बढावा दिए ।

❑ अति नै भएकाले पंचायती सरकारले भरत गुरुङ्को संम्पति जफत गरेको थियो । बहुदलीय व्यवस्था आएपछि कांग्रेसी सरकारले निजका अपराधहरुलाई अरु गहिरोसँग खोजवीन गरेर थप कारवाही गर्नुको साटो निजलाई १२८ रोपनी जग्गा र विशाल भवन लगायतका सम्पतिहरु फिर्ता पो दियो । निजको सजायँ मिन्हाहा पो गरिदियो ।

❑ यसैगरी, व्यापारी मोहनगोपाल खेतानले विनाअनुमति विदेशी मुद्राको खाता खोली २५ करोड रुपियाँ बराबरको मुद्रा अपचलन गरेकोमा सो मुद्दा कमिशन खाई फिर्ता लिइयो । २०५० भाद्रमा उनलाई अदालतले १२ करोड ४० लाख रुपियाँ धरौटी लिई तारेखमा छोडेको थियो । एक वर्षभन्दा पछि गएर एमाले सरकारले विना कुनै सार्वजनिक कारण उक्त मुद्दा फिर्ता लियो । तात्कालीन सत्तापक्षको एमाले र प्रतिपक्षी कांग्रेस पार्टी 'तैं चुप मै चुप' रहे ।

❑ सात करोडको एल.सी. काण्ड सामसुम पारियो, अभियुक्तहरुलाई भगाइयो । एमालेको शासनकालमा घटेको यो काण्डमा ब्यापारीहरु प्रकाश टिवडेवाला र आनन्द अग्रवाललाई कांग्रेसी देउवा सरकारको पालामा छानवीनपछि पक्राउ गरियो, तर भोलिपल्टै उनीहरुलाई तारेखमा छोडियो । र, गृहमन्त्री खुमबहादुर खड्का समेतको सक्रियतामा दिल्ली भगाइयो । जनदवाव बढेपछि मात्र उनीहरु पक्राउ परे । तर पछि सो काण्ड स्वयंलाई सामसुम पारियो ।

❑ भारतबाट आउने सहुलियत दरको चिनीमा कमिशन खाई भ्रष्टाचार हुने गरेको परम्परालाई एमालेको शासनकालमा पनि यथावत् चालु गरियो । आफ्ना आपूर्तिमन्त्री सि.पी. मैनालीलाई आदेश दिई उनीमार्फत् एमाले पार्टीले कमिशन खाएको कुरा मन्त्री स्वयंले स्वीकारे ।

❑ अर्थमन्त्री रामशरण महत स्वयंले अमेरिकामा अवैध खाता खोलेको पोल खुल्यो । प्रसस्त विरोध र दवाबपछि उनी मन्त्रीपदबाट राजीनामा दिन बाध्य भए ।

❑ २०५३ मा देउवा-सरकारलाई गिर्न नदिन सांसद खरीद-बिक्री गरियो । एक जनालाई ३३ लाख रुपियाँसम्मका दरले सांसद किन्ने काम गरियो । सांसद मिर्जा दिलसाद वेगलाई प्रधानमन्त्री निवासमा दुई दिन थुन्ने र सांसद भक्तबहादुर रोकायालाई गृहमन्त्री खुमबहादुर खड्का र प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल स्वयं लागी अपहरण गरी भारतको पूर्णिया जिल्लामा लुकाइयो ।

रा.प्र.पा. का पाँच जना मन्त्रीहरुलाई एकसाथ बिरामी परेको बाहना पारेर अविश्वासको प्रस्तावको समयमा बैंकक पठाइयो । त्यहाँ होटेलमा बसेर उनीहरुले मोजमस्ती र अशोभनीय कर्तुतहरु गरे ।

❑ एयरपोर्टमा सरकारी संरक्षणद्वारा नै सुन तस्करी बढ्नपुग्यो ।

❑ शाही नेपाल वायुसेवा निगमलाई करीव ८ लाख डलरको क्षति पुग्ने गरी 'चेज एयर काण्ड' मच्चाइयो । तात्कालीन ने.का.-माले सद्भावना सरकारका पालामा घटेको यस काण्डमा शा.ने.वा.नि. ले अमेरिकाको चेज एयर नामक कंपनीसँग ६ महिनाका लागि बोइङ्ग ७५७ विमान भाडामा लिने संभौता गऱ्यो । यत्रो ठूलो संभौता फ्याक्स मार्फत् गरियो र ३ लाख डलर चेज एयरको नाममा र बाँकी ४ लाख ८३ हजार डलर भने हर्जोग ग्रेडाल्द नामक कोही ब्यक्तिको नाममा भुक्तानी गरियो । बैंक ग्यारेण्टी नलिई गरिएको यो कारबाही पछिगएर जन दवाबवश रद्द गरिंदा पनि शा.ने.वा. नि.को ४ लाख ८३ हजार डलर रकम अझै उपर हुनसकेको छैन ।

❑ विभिन्न पार्टीका मन्त्री र सांसद गरी ५० जनाको कुटनीतिक 'रातो पासपोर्ट' तस्करहरुलाई प्रयोग गर्न दिइयो । सांसद र मन्त्रीहरुको पासपोर्ट बोकेर विदेश गएका तस्करहरु धमाधम पक्राउ खान थाले । मुलुककै बेइज्जत भयो ।

❑ यसैबीच, सांसद सुविधा अन्तरगत सांसदहरुले पनि पेन्सन पाउने व्यवस्था गरियो । साथै सुविधामा महंगो गाडी झिकाई, त्यसलाई बेची वा भाडामा दिई नाफा खाने काम सांसदहरु र उच्चपदस्थ नोकरशाहहरुले गरे । 'पजेरो संस्कृति'को रुपमा कुख्यात उत्ताउलो विलास र भ्रष्टताको यो प्रवृत्तिले कर्मचारी र सांसदहरु निकै वदनाम भए र संसदप्रतिको जनविश्वास ढल्यो ।

❑ चुनावको समयमा सत्तारुढ पार्टी र व्यक्तिहरुले सरकारी हवाइजहाज, हेलिकोप्टर र गाडीहरुको दुरुपयोग एवं सरकारी संचार माध्यमहरुको दूरुपयोग अति नै ठूलो हदमा गरे ।

❑ सांसद र मन्त्रीहरुले औषधी सुविधाअन्तरगत मेडिकल बोर्डले वा सरकारी डाक्टरले सिफारिस गरेको खण्डमा 'विरामी भएमा र उपचार गर्दा पाइने' रकमहरु नक्कली विल पेश गरेर लिए । मर्ने बेलामा मात्र प्रयोग गरिने इन्जेक्सनसमेत आफूले प्रयोग गरेको देखाई बिल पेश गरे । पुरुष सांसदले समेत सुत्केरी हुँदा खाने औषधी प्रयोग गरेको बिल पेश गरे । मिनरल वाटर मात्र खाएको देखाई ४८ हजार रुपियाँको बिल पेश गरियो । दुर्गम गाउँको स्वास्थ्य चौकीबाट ५० हजार रुपियाँको औषधी किनेको बिल पेश गर्ने सांसदहरुसम्म पनि देखापरे । 'पाएजति खाने' घिनलाग्दो यो प्रवृत्तिले २०४६ सालको जनआन्दोलनप्रति गर्व गर्नेहरुको शिर कति झुकायो होला, त्यसको बयान यहाँ संभव छैन ।

> ***व्यवस्था त पंचायती तानाशाहीभन्दा केही उन्नत आयो, परन्तु यो व्यवस्था संचालन गर्ने रथीहरु भने नैतिकता र संस्कृतिको मामलामा, आचरण र प्रबृत्तिको मामलामा पंचायती र राणा शासकभन्दा थोरै पनि उन्नत र भिन्न देखिएनन् ।***

## *आजको स्थिति*

बहुदलीय व्यवस्थाको यो दश वर्षमा भएका भ्रष्टाचारका यी तमाम घटनाहरूले के देखाए भने, व्यवस्था त पंचायती तानाशाहीभन्दा केही उन्नत आयो, परन्तु यो व्यवस्था संचालन गर्ने रथीहरू भने नैतिकता र संस्कृतिको मामलामा, आचरण र प्रबृत्तिको मामलामा पंचायती र राणा शासकभन्दा थोरै पनि उन्नत र भिन्न देखिएनन् । भ्रष्ट आचरणको ममलामा कांग्रेसहरू पंच जस्तै देखिए, एमाले-मालेहरू कांग्रेसजस्तै । सिंहदरवारको घुम्ने कुर्सीमा बस्ने पात्रहरू मात्र फरक भए, प्रबृत्ति फरक भएन । राज्यसत्ताको घोडा हाँक्ने सवार मात्र बदलियो सवारको संस्कृति परिवर्तन भएन ।

बहुदलीयताले ल्याएको खुलापनले के चाहिँ फरक पाऱ्यो भने, पहिले प्रेस सेन्सरशीपका कारण भ्रष्टाचारका घटनाहरू थोरै मात्र उद्घाटित हुन्थे, अहिले स्वतन्त्र प्रेसले सानोभन्दासानो घटना पनि उदांगो नपारीछाड्दैन । हिजो तलको भ्रष्टाचार ज्यादा उद्घाटित हुन्थ्यो, आज सिंहदरवारको एकान्त कुनासम्म पनि अछूतो बस्दैन ।

आजको खुलापनले के उदांगो पारेको छ भने, नेपाली संसदीय राजनीतिको त्यस्तो कुनै शीर्षस्थ नेता भेट्न सीला खोजेझैं खोज्नु पर्छ, जो भ्रष्टाचारमुक्त होस्, बेदाग होस् । शीर्षस्थ नेता नै भ्रष्ट भएपछि हिजोको चोखा कार्यकर्ताहरू पनि अधिकांश भ्रष्ट भएका छन् । आज अभ्रष्ट नैतिक मान्छेहरू भ्रष्टहरूको समुद्रमा सानो टापुझैं भएका छन् । देशमा आदर्शको ठूलो अनिकाल परेको छ ।

हिजोसम्म आफूले आदर्श ठानेका 'छाप्रे र चप्पले' नेताहरू सांसद वा मन्त्री भएको २/४ वर्षमै 'महले र पजेरे नेता'मा बदलिएका छन् । हिजोसम्म बल्लबल्ल एक छाक मासु खान पाउँदा के के न खान पाएझैं औधी रमाउने आदर्श नेताहरू आज माछामासु नभई भातै नरूच्ने 'साहेव र सर नेता'मा रूपान्तरित भएका छन् । नेतामा नै यस्तो भ्रष्ट प्रबृत्ति देखेपछि इमान्दार र नैतिकवान कार्यकर्ताहरूले या त निराश भएर पलायनको बाटो समातेका छन्, या स्वयम् 'फुच्चे भ्रष्ट'मा बदलिएका छन् । यसको स्पष्ट प्रभाव राजनीतिक दिशामा परेको छ । हिजोका कैयन् कट्टर क्रान्तिकारीहरू आज संसदभन्दा बाहिर पाइलै टेक्न नचाहने भएका छन् । हिजोको आफैंले लिएको क्रान्तिकारी लाइनलाई आज उनीहरू "उग्रपन्थी वकवास" ठहऱ्याउन थालेका छन् । नेपालको वाम राजनीति हिजो ज्यादाजसो- गैरसंसदीय थियो, आज वाम गैर-संसदीयहरू अल्पमत भएका छन । र, साराकासारा संसदीयहरू भ्रष्ट भएका छन् । भ्रष्टाचार आम रोग भएको छ । भ्रष्ट मान्छे यत्रतत्र भेटिन्छ । अभ्रष्ट मान्छे पाउन सारै गाह्रो भएको छ । सबैभन्दा डरलाग्दो भएको छ- राजनीतिक भ्रष्टाचार ।

❑ त्यसैले आज 'भ्रष्टाचार भएको ठाउँ' हैन, 'नभएको ठाउ' अपवादका रुपमा छन् ।

❑ पंचायतकालमा विपक्षी पंचायतइतर शक्तिहरुको डरले भ्रष्टाचार भित्रभित्रै हुन्थ्यो भने, आज यो हाकाहाकी भैरहेको छ ।

- आम प्रवुद्ध व्यक्तिदेखि लिएर सडक हिड्ने एक सामान्य बटुवासम्मले भन्नेगरेका यी दुई भनाइहरू आजका सत्य हुन् । यी भनाइहरूलाई पुष्टी गर्न तथ्यांक-शास्त्र औपचारिक रूपमा सक्रिय नहोला, वैज्ञानिक अनुसन्धान पद्धतिहरू सक्रिय नहोलान्, कानूनी आधारहरू प्रवल नहोलान् । तर यी भनाइहरू व्यवहारसिद्ध सत्यजस्तै भएका छन् । न्याय दिने भनिएको ठाउँ न्यायालयहरू समेत भ्रष्टाचारमुक्त छैनन् । अधिवक्ता युवराज संग्रौला भन्नुहुन्छ, 'अदालतहरूमा न्यायलाई अन्तर पार्ने एउटा गिरोह तयार भएको छ । यस गिरोहमा केही न्यायाधीश पनि होलान्, केही वकिल पनि होलान्, र अदालतका केही कर्मचारीहरू पनि बढी सरिक छन् । न्यायाधीश घूस खान्छन् खाँदैनन् तर न्यायाधीशका नाममा घुस संकलन गर्ने कार्य यो गिरोहले गर्दछ ।'(-समकालीन साप्ताहिक, २०५६ मंसीर २३)

यसरी पाइला पाइलामा भ्रष्टाचार बेहोर्नु परिरहेको आजको आम नेपाली जनता एकातिर हतोत्साहित भएको छ भने अर्कातिर यो उग्र आक्रोश र उग्रविद्रोहतिर पनि लहसिएको छ ।

## *भनसुन र नातावादः*

आज हाम्रो समाजमा सार्वजनिक ठाउँहरूमा कुनै पनि सेवा, पद वा बस्तु प्राप्त गर्न चल्ने भनसुनको स्थिति कस्तोसम्म भएको छ भने, भनसुनबिना पनि काम फत्ते हुन्छ भनेर कसैलाई विश्वास छैन । जुम्लामा अस्थायी पियन पदको जगिर दिलाइदिन एउटा नेपाली बुद्धिजीवी सिंहदरवारमा प्रधानमन्त्री कार्यालयमा भनसुन गर्न आइपुगेको हुन्छ ।

आफू जे काम गर्न खटिएको हो, त्यो काम गर्न पनि व्यक्तिलाई भनसुन गर्नुपर्ने स्थिति छ । पुलीस शान्तिसुरक्षा र राहत दिनकै लागि जागीरमा प्रवेश गरेको हुन्छ, तर ऊ पाएसम्म यी कामबाहेक अरू काम गरिरहेको हुन्छ । बालक हरायो भने एउटा नागरिक सरकारको शरणमा पर्छ र भन्छ : 'हे सरकार, तँ यो देशको सबभन्दा ठूलो संस्था होस्, तेरा हात, आँखा, कान शक्तिशाली छन्, त्यसैले म आपत परेर तेरो सहायता लिनआएको छु, मेरो यस्तो यस्तो हुलिया भएको बच्चा हरायो खोजी दे ।'

सरकारको प्रतिनिधिको रूपमा रहेको सुरक्षाकर्मीले टेरपुच्छर लाउँदैन । कोही कतैबाट भनसुन गराएमा वा कुनै शक्तिशाली ठाउँबाट कडा आदेश गराएमा मात्र ऊ गंभीर बन्छ र काम थाल्छ । चोरी, डकैती, बलात्कार भयो, कोही नहुने नागरिकले राहत पाउँदैन, पाएमा पनि समय घर्कीसकेपछि ।

यही कुरा भन्सार अड्डामा, मालमा, खानेपानीमा, विजुलीमा, कर कार्यालयमा, उद्योग कार्यालयमा, परराष्ट्र मामिलाका अफिसहरूमा, शिक्षा-संस्कृतिका अफिसहरूमा र हुँदाहुँदा त स्वास्थ्य-सेवाजस्तो संवेदनशील क्षेत्रमा व्याप्त छ । भनसुन र नातामा मात्र स्वास्थ्यकार्यकर्ता बल्ल न्यूनतम सक्रिय हुन्छ । नभए ऊ भारा तिर्छ र गैर-जिम्मेवार व्यवहार गरी व्यक्तिको जीऊ ज्यानमा जोखिम पैदागर्छ ।

कुर्सीमा रहेकाहरूद्वारा आफ्ना चिनेजानेका र नाता पर्नेहरूलाई सार्वजनिक सेवा, पद र वस्तुहरू लुटाइएको स्थिति आज विद्यमान छ । "म योग्य छु, किनभने मेरो ससुरो यो अफिसको हाकिम हो !" - आज यस्तो दावी बोक्ने अयोग्य पहुँचवालाले योग्य, इमान्दार र मिहेनती मानिसहरूको खिल्ली उडाइरहेको छ, मानमर्दन गरिरहेछ र भाग खोसिरहेछ । भनसुन र नाताको अस्त्रले विहीन व्यक्ति आज देशको 'दोस्रो दर्जाको नागरिक' भैरहेको छ ।

भनसुन र नातावादको आजको थप अध्याय भनेको राजनीतिक भनसुन र नातावाद हो । यसले व्यक्तिगत भनसुन र नातावादलाई ठूलो नैतिक बल प्रदान गरिरहेको छ र यो स्वयंले अहिले हाम्रो सार्वजनिक क्षेत्र अत्यन्त नराम्ररी प्रभावित भैरहेको छ । सत्तामा रहेका राजनीतिक व्यक्तिहरू र नरहेका कतिपयहरू पनि नियम, कानून, आचार, नीतिको क्रियान्वयनमा हैन, भनसुन र कृपावादको क्रियान्वयनमा आफ्नो समयको ठूलो हिस्सा खर्च गरिहेछन् । सत्तारूढ दलको कार्यालयको ७० प्रतिशत समय यस्तै भनसुन आदान-प्रदान गर्नमा नै बित्ने गरेको छ ।

"तस्करहरूसँग उनको नाममा (वर्तमान आइ.जि.पि. अच्युतकृष्ण खरेलको नाममा) पैसा उठाएर खाने गरिन्छ । ... आसेपासेहरूले महल ठड्याएका छन् । एकजना डिएसपी आइजीपीको भतिजो भएकै कारण लाइसेन्स फाँटमा ठूलो भ्रष्टाचार काण्डबाट सर्लक्क उत्रिएर ट्राफिकमा पुगेका छन् । यदि उनी आइजिपीका मानिस नभएका भए जागीरबाट हात धुनुपर्ने थियो ।"

- विनिता ढुंगाना लिखित यो टीप्पणीले नेपाल पुलीसमा समेत व्याप्त नातावादको एक चित्र प्रस्तुत गरेको छ । ('तरूण' साप्ताहिक, ०५६ असोज १० गते)

**एकजना डिएसपी आइजीपीको भतिजो भएकै कारण लाइसेन्स फाँटमा ठूलो भ्रष्टाचार काण्डबाट सर्लक्क उत्रिएर ट्राफिकमा पुगेका छन् ।**

## ढीलासुस्ती र अकर्मण्यता

खासगरी, शहर बजारका सार्वजनिक क्षेत्रमा र अन्यत्र क्षेत्रमा पनि पाएसम्म कामै नगरी खान खोज्ने प्रवृत्ति हाम्रो समाजको आजको एक विशेष चरित्र हुन खोजिरहेको छ । मिहेनत, परिश्रम, लगनशीलता, अध्ययनशीलता, चिन्तनशीलता, जाँगर र जोश मर्दै गएको एउटा केवल 'खञ्चुवा' प्राणीका रूपमा मानिसलाई हुर्काउन खोज्ने कोरा उपभोक्तावादले आधुनिक भनिने समाजलाई ग्रस्त पार्दैलगेको छ । नपढी पास हुन चाहने विद्यार्थी, अफिस नै नपुगी एकैपटक चारपाँच दिनको हाजिरी गर्न चाहने कर्मचारी, नपढाउन पाए हुन्थ्यो भन्ने शिक्षक, बिरामी आउँदा झर्को मान्ने डाक्टर वा अ.हे.व., एउटै तर ठूलो रकम भर्ने मुद्दा मात्र भ्याउन पाएहुन्थ्यो भन्ने वकिलदेखि लिएर एउटै विदेशी टुरिष्टको भारी बोकेर दुई घण्टाको बाटो हिडेर धेरै पैसा धुत्तेर बाँकी समय त्यसै हल्लिएर बिताउन पाए हुन्थ्यो भन्ने भरिया आजको हाम्रो समाजमा प्रायः देखिने गरेका दृष्य भएका छन् । अफिस पुगेको एक डेढघण्टा "पसीना ओभाएकै छैन" भनेर काम नगर्ने, अढाई घण्टापछि चियाखान बाहिर हिंड्ने र अफिस छुट्ने बेला हुनुभन्दा दुई घण्टा अघिदेखि नै "अब त हिंड्ने बेला हुन लागिसक्यो" भनेर काम नगर्ने 'कामचोर'हरू पनि आफूलाई 'कर्म' शब्दसँग नजिक देखाउँदै "कर्मचारी हुँ" भन्दै हिंड्छन् ।

घूस, नजराना र कमिसन नपाइने स्थिति र काममा ढीलासुस्ती हिजो भानुभक्तको पालाको "भोलि भोलि भन्दैमा" भन्दा कयौं गुण बढी भएको छ । आजै, अहिल्यै हुने काम पनि भोलि, पर्सि वा 'आउँदो सोमबार' गर्ने प्रवृत्ति आम रोगको रूपमा जतातत्तै फैलिएको छ । यही अकमर्ण्य संस्कृतिका कारण र घूस खान बार्गेनिङ्ग गर्नाका कारण ढीलासुस्ती यति चुलिएर बढेको हो ।

## भोगचलन एवं अवसरमा पक्षपात

"जो व्यक्ति आफ्नो नाताको व्यक्ति हो, जो व्यक्ति आफ्नो पार्टीको व्यक्ति हो वा जो व्यक्ति आफूलाई अनुचित लाभ दिन तत्पर छ, त्यसले हाम्रो समाजमा सार्वजनिक सेवा, सुविधा र वस्तुको उपयोग वा उपभोग गर्न सजिलै पाउँछ, नत्र पाउँदैन । भएमध्ये राम्रो पाउँछ, नत्र राम्रो पाउँदैन । शाही नेपाल वायुसेवा निगममा आफ्नो शर्त अनुकूलका मान्छेहरूको लागि पिक-समय र चालू ठाउँसम्मको टिकट कर्मचारीहरूले सुरक्षित गर्न रोक्का राखछन् र अन्त्यसम्म पनि आफन्तहरू चाहिं नआइपुगेकाले जहाजका सिटहरू खाली नै राखेर जहाज उडेका घटनाहरू थुप्रै घटेका छन् । काउण्टरमा गयो 'टिकट छैन' भन्छ, उता जहाज भने खाली उड्छ ।

दशैंको समय काठमाण्डौबाट बाहिर जाने यात्रुहरूका आफन्तहरू कर्मचारी वा हाकिम छन् भने उसले टिकट पायो, नत्र पाएन । वीर अस्पतालमा सि.टि. स्क्यान गर्ने मेशिन बिग्रिएको छ भनिन्छ आफ्नो नाता नपरेका सर्वसाधारणहरूलाई, र फर्काइन्छ । त्यसको आधा घण्टापछि आउने आफ्नो विरामीले भने सो सुविधा तत्क्षण प्राप्त गर्दछ ।

केही समय अघिसम्म पनि दुग्ध विकास संस्थानको मूल डिपोमा आफ्नो मान्छे वा बढी रकम दिने मान्छेले सरासर आएर दश शिशी घिउ उठाएर लैजान्थ्यो, सर्वसाधारण जनताहरू एकशिशी प्रतिजनाका दरले दिइने घिउ लिन घण्टौं लाइनलाग्दा पनि बीचमै 'घिउ सिद्धिएको' घोषणा सुन्न बाध्य हुन्थे । आफ्नो मान्छे वा पैसा दिने मान्छेले जागिर पाउँछ, नत्र पाउँदैन ।



**"किन तपाई सधैं टेबुलमुनिबाट पैसा लिनुहुन्छ ? यो त तपाईंको अफिस हैन नि ?!"**
*साभार: Good Governance*

त्यस्तोले 'राम्रो' जागिर पाउँछ, नत्र योग्य व्यक्तिले पनि नराम्रो पाउँछ वा पाउँदै पाउँदैन । तालिमको मौका, विदेश भ्रमणको मौका, छात्रवृत्तिको मौका, भत्ता आउने कामहरू, नंवर बढ्ने काम, राम्रो क्वाटर र, सैनिक सेवामा लेवनानका लागि 'शान्ति सेना' मा खटिने मौका आदि आदि । पुलिसमा त अहिले माओवादी क्षेत्रमा लड्नेभिड्ने नै काम पर्ने ठाउँमा चाँहि भनसुन गर्न नसक्नेलाई पठाउने तर ठूला ठूला नक्कली घटनाको विवरण बनाई 'खान पाइने' ठाउँमा चाहिं खटिन चाहनेहरूको लस्कर रहेको कुरा पुलिस सूत्र बताउँछ ।

एउटा उल्लेखनीय कुरा के छ भने, भ्रष्टाचार गर्न पाइने ठाउँहरू पनि अहिले 'भोगचलन वा अवसर'कै रूपमा गणना हुनेगरेका छन् । खास गरी कर्मचारीहरू र तिनीहरूसँग जोडिएर खाने-खुवाउने 'राजनीतिक कार्यकर्ता' नामका 'दलाल'हरू भन्सार, कर, सडक, जलस्रोत, मालपोत, भूमिसुधार, पासपोर्ट, आदिसँग संबन्धित ठाउँ पाउनलाई 'राम्रो' ठाउँ पाएको मान्छन् । यी ठाउँहरू दिनु-नदिनुमा पनि व्यापक "भ्रष्टाचार" हुनेगरेको छ । 'आफ्ना नाता वा शर्त बाहिरकाहरू'ले यी ठाउँहरूको 'भोग चलन' गर्न पाउँदैनन् ।

## अनियमितताका उदाहरणहरू

आचार वा सदाचारको कुरा परै रह्यो, नियम-कानूनलाई मिचेर, नदेखेजस्तो गरेर वा अपव्याख्या गरेर निजी लाभ प्राप्त गर्ने र सर्वजानिक हानीनोक्सानी पुऱ्याउने भ्रष्टाचारी प्रवृत्ति

हाल हाम्रो समाजको सार्वजनिक संगठनहरूमा व्याप्त अर्को एउटा ठूलै चुनौति हो ।

के कुरा प्रष्ट छ भने, भ्रष्ट राजनीतिक व्यक्ति, राष्ट्रसेवक वा सामाजिक पेशेवर कार्यकर्ताहरू सकेसम्म 'नियमसंगत तरिकाले नै भ्रष्टाचार गर्न' रूची गर्ने गर्छन् । यसनिम्ति उनीहरू पर्याप्त धूर्त हुन्छन् । यस्तो अवसर नमिलेमा अपव्याख्या वा 'देख्या नदेख्यै' गर्ने, त्यतिले पनि नभएमा ठाडै नियम कानून मिच्ने दुस्साहस गर्दछन् । जस्तो कि, अस्थायी कर्मचारीलाई विदेशमा तालिममा पठाउने कुरा नियम कानूनसंगत नहुँदानहुँदै पनि परराष्ट्र मन्त्रालयले हालै अस्थायी नायव सुब्बा श्रीमती पवित्रा उप्रेतीलाई जापानमा जापानी भाषाको तालिम लिन पठाउने निर्णय गऱ्यो ।

यसैगरी, गृहमन्त्रालयले विगतमा आर्थिक सहायता र चन्दा वितरणमा मनपरी गर्दै आएकोमा प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले २०५२ पुस १७ गते सो वितरणको निम्ति एउटा मापदण्डात्मक नीति बनाएर मात्र काम गर्न अऱ्हायो । गृहमन्त्रालयले यस अनुसार नीति बनायो पनि । नीतिमा "संघ संस्थाहरूलाई रू ५ हजारसम्म दिने र व्यक्तिलाई औषधी उपचारवापत प्रेस्क्रिप्सन अनुसार बढीमा रू १ हजारसम्म दिने, बेखर्ची असहाय व्यक्तिलाई औचित्यको आधारमा रू ५००/- सम्म दिने, दिनको दश जनाभन्दा बढीलाई आर्थिक सहायता नदिने" आदि गरी सात वटा मापदण्डहरू आफैंले बनायो । तर यी नीतिहरूमा ऊ आफैं बसेन । यी मापदण्डहरूलाई उछिनेर मनपरी खर्च गर्ने काम अझै त्यहाँ जारी छ । अख्तियार दूरूपयोग अनुसन्धान आयोगले गृहमन्त्रालयको ध्यानाकर्षण गराई मन्त्रीपरिषद् सचिवालयलाई जानकारी पठाउँदा पनि गृहमन्त्रालयको व्यवहार फेरिएको छैन ।

त्यस्तै, हालै उदयपुर सिमेण्ट उद्योगका तात्कालीन कार्यकारी अध्यक्ष कृष्णबहादुर राउतले उद्योगसँग बोराहरू थुप्रै स्टोरमा रहँदारहँदै पनि ५ लाख ११ हजार ५ सय थान बोराहरू साविकभन्दा ६ रूपियाँ ४४ पैसा बढी तिरी करीब ३३ लाख रूपियाँ उद्योगलाई घाटा पारे । टेण्डर प्रकृया अपनाउनु पर्ने नियमलाई धोती लगाइदिएर उनले ती बोराहरू सोझै खरीद गरे ।

मन्त्रीमण्डल विघटन भएपछि पुरानो मन्त्रीमण्डलका सदस्यहरूले सरकारी क्वाटरमा भएका सोफा र दरी, दराज र टि.भि. समेत घरमा लगेको जस्तो लाजमर्दो अनियमिता पनि २०४६ पछि निर्वाचित पहिलो मन्त्रीमण्डल विघटनपछि नेपालीहरूले देख्नुपऱ्यो । यसैगरी, तात्कालीन कृषिमन्त्री पद्मसुन्दर लावतीले मन्त्री निवासबाट विदेशमा टेलिफोन गरेको महशूल भनी कृषि अनुसन्धान परिषदलाई रू. तीन लाख रूपियाँ भन्दा बढीपैसा तिर्न लगाएको जस्ता घटनाहरू अनियमित चुहावटका नमूनाका रूपमा स्थापित भएका छन् ।

हालै मात्र प्रधान सेनापतिमा प्रज्ज्वल शमशेर जबरा नियुक्त भएपछि प्रधान सेनापति निवासका १४ ट्रक सामानहरू विगतका प्रधान सेनापति धर्मपालवरसिंह थापाको घरमा लगियो ।

## चुहावट र दुरूपयोग

सार्वजनिक गाडी, फोन, फर्निचरहरू, आवासगृह जस्ता कुराहरूको दूरूपयोग आज हामी जताततै देख्न सक्छौं । काठमाण्डौंको दक्षिणकाली मन्दिरमा हरेक शनिबार विहान लाग्ने गाडीहरूको भीडमा दर्जनौंको संख्यामा सरकारी गाडीहरूको लाइन लागेको पाइन्छ । प्रशासन र ज्यादाजसो सेनाका हाकिमहरूले अफिसका तल्लोस्तरका कर्मचारीहरूलाई आफ्नो निजी घरायसी काममा प्रयोग गरी सरकारी स्रोतको दुरूपयोग र मानवीय शोषणसमेत गरिरहेका सन्दर्भहरू थुप्रै भेटिन्छन् ।

> **उदयपुर सिमेण्ट उद्योगका तात्कालीन कार्यकारी अध्यक्ष कृष्णबहादुर राउतले उद्योगसँग बोराहरू थुप्रै स्टोरमा रहँदारहँदै पनि ५ लाख ११ हजार ५ सय थान बोराहरू साविकभन्दा ६ रुपियाँ ४४ पैसा बढी तिरी करीब ३३ लाख रुपियाँ उद्योगलाई घाटा पारे ।**

जिल्लाजिल्लाका सरकारी अस्पतालमा डाक्टरको दरबन्दी मात्र हुन्छ, डाक्टर हुँदैन । ती डाक्टरहरू शहरबजारका नर्सिंगहोममा वा प्राइभेट क्लिनिकमा भेटिनछन् । शहरबजारमा डाक्टरहरू सरकारी अस्पतालहरूमा पूरा समय नबसी प्राइभेट नर्सिंग होम र निजी क्लिनिकमा पुगी समयको चुहावट गर्ने गरेका घटनाहरू आमजस्तै भएका छन् ।

यही कुरा माथिल्ला तहका कर्मचारीहरूमा पनि लागू हुन्छ । उनीहरूमध्ये कतिपयले सरकारी कामको समय चोरी गैरसरकारी र अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सेवा गर्ने पनि गरेका छन् ।

सार्वजनिक सवारी साधनहरूमा ज्यादा इन्धन खपत भएको देखाएर, मर्मत खर्च ज्यादा लागेको देखाएर ठगी गर्ने प्रवृत्ति पनि आम प्रवृत्ति नै बनेको छ ।

मलखाद, खाद्यान्न, औषधीजस्ता अत्यावश्यक कुराहरूको ढुवानी गर्दा पुऱ्याउनु पर्ने दुर्गम ठाउँमा नपुऱ्याइकन बीचैमा समानहरू बेचीदिने र सम्बन्धित ठाउँमा पुऱ्याएको नक्कली प्रमाण पेश गर्ने अनि मिलिभगत गरी नाफा बाँडीचुँडी खाने गरिन्छ ।

एक जना वरिष्ठ चिकित्सकका अनुसार दुर्गम जिल्लामा खोपहरू ज्यादाजसो पुग्दैपुग्दैनन् । खोप खोलामा मिल्काइन्छ वा बेचिन्छ, रखोप दिइएको नक्कली रेकर्ड मात्र स्वास्थ्य मन्त्रालयमा पुऱ्याइन्छ ।

भंसारमा हुने भ्रष्टाचार रूपी 'हलेदो'लाई कोट्याएर 'पहेंलो' देखाइरहनु जरूरी नै छैन ।

महालेखा परीक्षकको प्रतिवेदन ०५६ स्वयं उल्लेख गर्दछ- "भन्सार कार्यालयहरूले राजश्व असूल गर्दा बढी दरबन्दी लाग्ने सामानहरूलाई घटी दरबन्दी लगाउने, सामानको आकार, गुणस्तरबारे स्पष्ट घोषणा नगरी भिन्न गुणस्तर एवं आकारको देखाई घटी मूल्यांकन गर्ने, आर्थिक ऐनमा व्यवस्था भएअनुसारको थप महशूल, विक्रीकर/मूल्यअभिबृद्धिकर एवं अग्रिम आयकर असूल नगर्ने, प्रज्ञापन पत्रमा उल्लिखित रकमको जोड जम्मा फरक पर्ने आदि कारणहरूबाट आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्ने देखियो ।"

यी बाहेक, भन्सारहरूमा हुने भ्रष्टाचारमा जबरजस्ती निकासी पैठारी गरिनु पनि रहेको कुरा सांसद परी थापाको नेतृत्वमा गठित संयुक्त संसदीय छानबीनले उल्लेख गरेको छ । यी सबै अनियमिताहरूमा कर्मचारीहरूले घूस खाने, कमिसन खाने, कुनै सामानहरूलाई देखेको नदेख्यै गरिदिने र त्यसको हिस्सा खाने गरेका छन् । त्रिभुवन विमानस्थल भन्सार कार्यालयदेखि लिएर भारत-चीनसँग सीमा जोडिएका अधिकांश भंसारहरूमा आते-जाते गर्नेहरूले नियमित रूपमा सामान ल्याउनेलाने गरेवापत नियमित रकम घूस दिने र सबै कर्मचारी मिली 'दस्तुरी'को नाममा बाँडीखाने चलन नै चलिसकेको छ । तलदेखि माथिसम्म जाने 'कोटा' निर्धारण गरिएको यो चलन यस्तो भैसकेको छ, मानौं त्यो कानूनसम्मत चलन नै हो ।

कर्मचारीहरू सबैलाई दिने यो नियमित घूसबाहेक खास खास सामान सहुलियत दरमा छुटाएवापत दिइने विशेष घूस चाहिँ हाकिम र निश्चित कर्मचारीहरूमा मात्र पुग्छ ।

ब्यापारीहरूका भनाइअनुसार भन्सारहरूमा राजश्व छलेको रकममध्ये चालीस प्रतिशतसम्मको रकम उनीहरूले घूस दिनेगरेका छन् ।

त्रिभुवन विमानस्थल भन्सारमा अ.दु.अ.आ., रा.अनुसन्धान विभाग, नेपाल प्रहरी, विशेष प्रहरी विभाग, अध्यागमन विभाग, राजश्व अनुसन्धान विभाग जस्ता थुप्रै निकायहरू भ्रष्टाचार नियन्त्रणका लागि तैनाथ हुन्छन् । 'परी थापा समिति' स्वयं भन्छ -'यी सबै निकायहरूका पदाधिकारीहरूको एक मात्र उद्देश्य मिलोमतोबाट अवैध काम कारबाहीहरू संचालन गर्ने कममा नै तल्लीन रहेको पाइयो ।'

कर-राजश्व छलीको सन्दर्भमा पनि करीब करीब यही प्रवृत्ति विद्यमान रहेको दावी उद्योग र व्यापार-व्यवसायसँग संबन्धित व्यक्तिहरूको रहेको छ ।

भूमिसुधार अन्तरगतका अड्डाहरूमा जग्गाको मोही किट्ने र नकिट्ने प्रकारका अप्ठेरोमा पारी जनतासँग घूस खाइन्छ भने मालपोत कार्यालयमा घर-जग्गा खरीद, बिक्री, नाउँसारी, बकसपत्र, दृष्टिवन्धक आदिमा पाइलैपिच्छे घूस मागिन्छ । आम जनताले भ्रष्टाचार ज्यादा देख्ने गरेको जनताको तल्लो स्तरको सरोकारको अड्डा यो हो । काठमाण्डौंका माल अड्डाहरूमा शुरूमा लेखन्दासदेखि ठगी र भ्रष्टाचारको चपेटा शुरू हुन्छ । दर्ता गर्नेले रू ५०/-, फाइल उठाउनेले रू २००/-, कित्ताकाट गर्नेले दुई चार हजारदेखि दशौं हजारसम्म खाएर पनि नपुगेर अन्तमा सरकारी राजश्व बुझिलिनेले फिर्ता पैसा नदिएर मात्र पनि आफ्नो 'भाग' उठाएरै छाड्छ ।

## खरिद-विक्री र ठेक्का पट्टा :

समानहरू खरिद-विक्री गर्दा खरिद वा विक्री गर्नेसँग मिली संस्थालाई चाहिँ घाटा पर्ने र व्यक्ति आफूले चाहिँ कमिसन वा भागवण्डाको रूपमा निजी फाइदा लिने प्रवृत्ति आम बनेको छ ।

लिलामबाट विक्री गर्दा क्रेतासँग १५ देखि २५ प्रतिशतसम्मको कमिसन हाकिम र सरोकारवाला कर्मचारीहरूले खाने 'प्रचलन' नै बनेको पाइन्छ । ठूला खरिदहरूमा भने बीचमा बसी कुरा मिलाउने राजनीतिक नेता-कार्यकर्ताहरूको पनि हिस्सा तय हुने गरेको छ । यही कुरा खरिदमा पनि लागु हुन्छ ।

'खरिद शाखाहरू' कुनै पनि सार्वजनिक संस्थाहरूभित्र 'भन्सार' जत्तिकै 'मालामाल' हुने ठाउंको रूपमा गनिन्छन् । सामान्य मसलन्द खरिदको नियमित प्रकृयामा समेत खरिदको कर्मचारी र हाकिमले मिली १५ देखि २५ प्रतिशतसम्म चुहावट गर्ने गरेका छन् । खरिद गरिएको समानको गुणस्तर घटाई वा परिणाम नै घटाई बीचमा थप अनुचित लाभ लिने प्रचलन पनि व्यापक रहेको छ ।

जिल्ला विकास समिति पाँचथरका स्थानीय विकास अधिकारी हेमराज पाण्डेले हालै त्यस जिल्लामा केही अधुरा योजना पूरा गर्न जस्तापाता खरिद गर्ने काममा देखाएको धूर्तता र मिलिभगत

# के हो भ्रष्टाचार ? कहाँबाट यो पैदा हुन्छ ?

प्रज्ञानरत्न

खालि घूस खानुलाई मात्र भ्रष्टाचार भन्ने चलन हाम्रो समाजमा व्याप्त छ । यो भ्रष्टाचारको सारै साँघुरो बुझाइ हो । घूस खानु पनि भ्रष्टाचारको घेरोभित्रै पर्ने कुरा त हो, तर भ्रष्टाचार भन्नाले यति मात्रै बुझ्नु बेठीक हुन्छ । आफ्नो घोषित उद्देश्य अनुरुप जुन आचरण हुनु पर्ने हो, आफ्नो जिम्मेवारी मुताबिक जुन नैतिक दायित्व हुने हो, त्योबाट भ्रष्ट हुनु, अथवा च्यूत हुनु भ्रष्टाचार हो । जे भन्ने हो, त्यसको ठीक उल्टो आचरण गर्ने, जे उद्देश्य राख्ने हो, त्यसको ठीक विपरीत व्यवहार गर्ने, जुन आफ्नो जिम्मेवारी हो , त्यो पूरा नगर्ने त्यसको बिपरीत आचार गर्ने- यहींबाट प्रारम्भ हुन्छ भ्रष्टाचार ।

घरै बसेर पोखरामा यात्रा गरको बील पेश गर्ने नोकरशाह मात्र भ्रष्ट होइन, सामाजवादको उद्देश्य राखेर पूँजीवादको मजबूतीकरणमै जनता अल्मल्याउने नेता पनि भ्रष्ट हो । किनकि ऊ यहाँ आफ्नो उद्देश्यबाट पतित भएको छ । भनेजति पैसा नपाउँदा काम‌ै नगरीदिने कर्मचारीले मात्र भ्रष्टाचार गरेको हुँदैन, चाहिएजति पैसा हसुर्न बेफ्वाँकमा बिरामीलाई महंगो जोखिमयुक्त अप्रेशन गर्न बाध्य पार्ने डाक्टरले पनि नांगो रुपमा भ्रष्टाचार गरेको बुझिनुपर्छ । किनभने, उसले यो काम गर्दा ऊ आफ्नो जिम्मेवारी मुताबिकको नैतिक दायित्वबाट च्यूत भएको छ ।

देशको 'सन्त प्रधानमन्त्री' छ एकजना । ऊ बाहिर पाँच वर्षभित्र नेपालबाटै भ्रष्टाचार उन्मूलन गर्ने कुरा गर्छ । परन्तु ऊ सिंहदर्वारको घुम्ने कुर्सीमा बसेको ६ महिना पनि भएको छैन, आफ्ना धुपौरे, छाते, ढोकेहरुलाई जनताको करबाट बनेको राज्यको ढुकुटीबाट करोडौं रुपियाँ बक्सिस् बाँड्छ । 'तलब थोरै भएका साना कर्मचारीले २-४ सय रुपियाँ घूस खानु कुनै अपराध होइन' भनेर सार्वजनिक भाषण दिन्छ । ऊ भ्रष्ट हो कि होइन ? जे भन्ने हो, त्यसको ठीक उल्टो गर्ने जुन आफ्नो नैतिक दायित्व हो, त्यसको ठीक बिपरीत आचरण गर्ने काम उसबाट भयो कि भएन ? त्यस्तो पुरोहितलाई के भन्ने, जसलाई राम्ररी थाहा छ- उसलाई दान गरेर मरेको मान्छेले केही पनि पाउनेवाला छैन परन्तु ऊ सित्तैमा सम्पति पाउने लोभले अनेकौं पुराण, गरुड पुराण लगाएर कृत्रिम भय सिर्जना गरेर अबोध मान्छेहरुलाई दानको निम्ति विवश बनाउँछ ? उसको यो आचरण भ्रष्टाचार हो कि होइन ? कर्मचारीले काम नबन्ने भय देखाएर घूस लिनुमा र उसले नर्कको भय देखाएर दान लिनुमा तात्विक अन्तर छ कि छैन ?

त्यसैले, भ्रष्टाचार भनेको घूस र कमिशन लिनुदिनु मात्र होइन । त्यस्ता सबै आचरणहरु भ्रष्टाचार हुन्छन्, जसले सामुदायिक लाभको नोक्सानीमा मान्छेलाई व्यक्तिगत लाभतिर डोर्‍याउँछन् । ती सबै व्यवहारहरु भ्रष्टाचार हुन्, जसले गर्दा व्यक्तिलाई त नाफा हुन्छ, तर असंख्य जनसमुदायलाई घाटा पुर्‍याउँछ ।

चर्को नाफाको निम्ति शहरको एउटा मीठाइ उत्पादकले विषालु, सस्तो रंग मिसाएर रंगीन मीठाइ उत्पादन गर्छ र त्यो मीठाइ खाएर ठूलो जनसमुदायको स्वास्थ्य चौपट हुन्छ । अनि नाफाको लागि एउटा ओखती उत्पादक दुई रुपियाँको चिनीको चास्नीमा एक रुपियाँको अल्कोहल र एक रुपियाँको स्वादिलो झोल मिसाएर 'भिटामिन' उत्पादन गर्छ र ३० रुपियाँमा बेच्छ । ठेकेदारले सिमेण्ट र बालुवाको अनुपातमा ठूलो घोटला गरेर सार्वजनिक महत्वको एउटा नहरलाई अत्यन्त कच्ची ढंगले बनाएको थाहा हुँदाहुँदै अकूत नाफाकै लागि एउटा इंजिनियर त्यो ठीक छ भनेर सिफारिश गर्छ । यी सबै आचरणहरु व्यक्तिगत लाभका लागि समुदायिक नैतिक दायित्वबाट च्यूत भएका एकसेएक उदाहरण हुन् । अतः यी सबै भ्रष्ट आचरणहरु हुन् ।

व्यक्तिगत लाभको लोभले मान्छेमा जुन बेहोशी पैदा हुन्छ, मूर्छाको स्थिति पैदा हुन्छ, त्यही बेहोशीको स्थितिमा मान्छेको उद्देश्य र दायित्वप्रतिको प्रतिबद्धता पातलिन्छ । मान्छे आफ्नो उद्देश्य र दायित्वबाट च्यूत हुन्छ । भ्रष्ट आचरण यहींबाट शुरु हुन्छ ।

त्यसैले सारमा भ्रष्टाचारको जरो भनेको व्यक्तिगत लाभको मानसिकता हो , व्यक्तिगत सम्पत्ति र स्वामित्वको मानसिकता हो । समुदायलाई जे जस्तो नोक्सानी भए पनि होस्, तर मलाई चाहिँ फाइदा हुनैपर्छ , फाइदा जत्ति मेरो भाग र स्वामित्वमा हुनुपर्छ । यही मनोभाव र चिन्तनले नै मान्छेलाई भ्रष्टाचारतिर डोर्‍याउँछ ।



कार्टुन साभार: समकालीन

व्यक्तिगत लाभ खालि नगदकै रुपमा मात्र हुनुपर्छ भन्ने जरुरी छैन । व्यक्तिगत लाभको मानसिकता समुदायको नोक्सानीमा व्यक्तिगत अहंकार तुष्टि गर्ने उत्प्रेरणबाट पैदा भएको पनि हुनसक्छ, व्यक्तिगत मोजमज्जा गर्ने उत्प्रेरणाबाट पनि त्यो यौन उत्प्रेरणाबाट सिर्जित पनि हुनसक्छ, सत्ता उत्प्रेरणाबाट पनि ।

त्यसैले, नगदको अनैतिक लेनदेन मात्र भ्रष्टाचार होइन । अवसर वा सत्ताको लोभले समाजको हितमा बोल्नु पर्ने तीतो सत्य नबोलेर ब्यापक समुदायको नोक्सानीको शर्तमा पनि "मीठो झूठ" बोल्न तम्सने बौद्धिकहरु पनि एक से एक भ्रष्टाचारी हुन् । भ्रष्टाचारका रुप अनेक छन् । तीमध्ये सबैभन्दा खतरनाक र नोक्सानदायी रुप राजनैतिक र बौद्धिक भ्रष्टाचार हुन् । अरु भ्रष्टाचारको नोक्सानीको दायरा साँघुरो हुन्छ, त्यसले पनि नोक्सानीको अवधि पनि सापेक्षतामा छोटो हुन्छ । परन्तु, राजनैतिक र बौद्धिक भ्रष्टाचारले त समाजलाई युगौंसम्म उठ्नै दिँदैन ।

त्यस्तो राजनेताको आचरणलाई के भन्ने, जो खालि आफ्नो अहंकार तुष्टिको लागि, वा सत्तास्वार्थका लागि समाजले अत्यन्त महँगो मूल्य चुकाउनु पर्ने काम गर्छ वा व्यर्थको संघर्ष उठान गर्छ ? राजनेता आफ्नो निहित स्वार्थका लागि नैतिक दायित्वबाट च्यूत हुन्छ भने त्यसलाई भ्रष्टाचार भन्ने कि नभन्ने ?

त्यसैले, भ्रष्टाचारलाई खालि नगद कारोबारको सीमित घेरोमा बुझ्नु गल्ती हुन्छ । यसलाई फराकिलो दायरामा बुझिनु पर्छ । भ्रष्टाचारलाई उन्मूलन गर्ने हो भने, खालि एकाध घुस्याहालाई दण्डित गरेर पुग्दैन । व्यक्तिगत सम्पत्ति र व्यक्तिगत लाभको मानसिकतालाई उन्मूलन गर्न कम्मर कस्नुपर्दछ । सोभियत संघको अनुभवले के देखाएको छ भने, राजनीतिक र आर्थिक क्रान्तिद्वारा व्यक्तिगत सम्पत्ति र त्यसलाई थेग्ने राज्यलाई खत्तम गर्नु त्यति गाह्रो कुरो छैन । परन्तु सबैभन्दा गाह्रो कुरो हो, व्यक्तिगत लाभको मानसिकतालाई खत्तम गर्नु । यसको लागि लामो र निरन्तर वैचारिक-सांस्कृतिक क्रान्तिको जरुरत पर्दछ । व्यक्तिगत संपत्ति खतम भएपछि पनि व्यक्तिगत लाभको मानसिकता लामो समयसम्म बाँकी रहन्छ , रहनसक्छ र भ्रष्टाचार त्यही जरोबाट पैदा भइरहन्छ । त्यसलाई वैचारिक सांस्कृतिक क्रान्तिको निरन्तरताले मात्र स्वाहा पार्ने संभावना हुन्छ ।

सोभियत संघको अनुभवले के सिकाएको छ भने, राजनीतिक शक्ति जति केन्द्रीकृत हुन्छ, उति नोकरशाही र भ्रष्टाचार सँगसँगै बढ्ने संभावना ज्यादा हुन्छ । खर्च र योजना जति राजधानी केन्द्रित हुन्छ, उति भ्रष्टाचारको संभावना बढ्छ । नीति निर्णय र खर्चमा जन सहभागिता र जन-नियन्त्रण प्रणाली जति चुस्त र व्यापक हुन्छ, उति भ्रष्टाचार नियन्त्रित र कम हुन्छ । निरंकुशता र दण्डहीनता नै भ्रष्टाचार मौलाउने मलिलो आधारभूमि हो । अपराधीहरु जहाँ दण्डित हुन्नन्, यहाँ भ्रष्टाचार सबैभन्दा ज्यादा हांगिन्छ । परिश्रमी, इमान्दार र नैतिकवानलाई सम्मान र पुरस्कृत गर्ने प्रणालीले मात्र भ्रष्टाचारीलाई निरुत्साहित पार्ने कार्य गर्छ । जसरी कमाएको भए पनि धन भएकालाई मान गर्ने प्रणालीले भ्रष्टाचारीलाई मात्र प्रोत्साहित गर्छ ।

सोभियत संघको यो अनुभव नेपालको निम्ति पनि निकै सान्दर्भिक र उपयोगी छ । □

**भ्रष्टाचार भनेको घूस र कमिशन लिनुदिनु मात्र होइन**

यस्तो एक ज्वलन्त उदाहरण हो ।

फिदिम, दमक, इलाम र राँके भन्ज्यांगका रिले केन्द्रहरूको लागि खरिद गरिनु पर्ने २६ गेज बाक्लो जस्तापाताको ठाउँमा त्योभन्दा पातलो र सस्तो २८ गेजको जस्तापाता करीब ४०० बण्डल खरिद गराई २६ गेजकै मूल्य भुक्तानी गरेर करिब डेढ लाख रूपियाँ अतिरिक्त हिनामिना उनले गराएका छन् ।

कालिकोट जिल्लामा १३८ जना प्रहरीहरूको निम्ति २०५२/५३ को रासन ठेक्का दिंदा बजारभन्दा कयौं गुणा दररेट लेखाई प्र.जि.अ. मोहमद हसरद अलि, डि.एस.पी. वीरबहादुर राणा, का. मु. कोष नियन्त्रण माधवराज गिरी र ठेकेदार विष्णु ब. शाही लगायतले मिली सरकारलाई करीब २८ लाख रूपियाँ ठाडै घाटा पारेको घटना चाहिँ ठेक्कापट्टा दिंदा-लिंदा हुने गरेको अतिरिक्त भ्रष्टचारको नमूना हो ।

हालै दुग्ध विकास संथानको पशुपतिनगर चीज कारखानाको निम्ति उपकरण खरिद गर्दा पुरानो काम नलाग्ने समान बुझेर लिई ३७ लाख रूपैयाँको हानी नोक्सानी पुऱ्याइयो । यो घटनाभन्दा पनि ज्यादा डरलाग्दो भ्रष्टाचार दुग्ध विकास संस्थानले भारतको डेली फुड्स कंपनिबाट ४१५ टन धूलो दूध खरिद गर्दा हुन पुगेको थियो । रेडियो एक्टीभीटी टेष्ट नगरिकनै सो मिसावटयुक्त दूध खरिद गर्न संस्थानका अध्यक्ष देवेन्द्र झा र महाप्रवन्धक गन्तव्यनाथ पन्त लगायतले गरेको यो पहल भनेको ४ करोडको रकमको कुरा मात्र नभै आम जनताको स्वास्थ्यसँग समेत खेलवाड गरी गरिएको खरिद-विक्री भ्रष्टाचारको विशेष नमूना हो ।

यसैगरी, ठेक्का-पट्टा दिंदा-लिंदा टेण्डर गर्नु पर्नेमा नगरी ठेक्का दिने, नक्कली टेण्डरदाता वा कोटेसनदाता खडा गर्ने, एकले अर्को ठेकेदारसँग कमिसन खाई उच्च दरलाई 'परेका मध्ये न्यूनतम' ठहऱ्याउन मद्दत पुऱ्याउने गरिएको छ । यति मात्र हैन, टेण्डर वा कोटेसनमा अंक र अक्षर केरमेटसमेत गर्ने गरिएको पाइएको छ । ठेक्का स्वीकृति गर्दा जानीजानी कम लागतवालाई नदिएर बढी लागतवालालाई दिने र बढी रकम भागबण्डा गरीखाने घटनाहरू पनि यदाकदा देखिने गरेका छन् ।

> *२६ गेज बाक्लो जस्तापाताको ठाउँमा त्योभन्दा पातलो र सस्तो २८ गेजको जस्तापाता करीब ४०० बण्डल खरिद गराई २६ गेजकै मूल्य भुक्तानी गरेर करिब डेढ लाख रूपिया अतिरिक्त हिनामिना उनले गराएका छन्।*

### *निर्माण क्षेत्र :*

स्वयं महालेखा परीक्षकको यस वर्षको प्रतिवेदनले स्वीकारेको छ- "सार्वजनिक निर्माण कार्यहरूमा ... समयमा कार्य सम्पन्न नहुने, यसरी कार्य सम्पन्न नभएको अवस्थामा ठेकदारउपर कारबाही नगरी म्याद थप गर्ने, म्याद थप गर्दा हर्जाना नलिने, अनियन्त्रित तवरले भेरियशन अर्डर जारी गर्ने, ...एउटै कामलाई टुक्रा टुक्रा पारी दरभाउपत्र र घटाघटको माध्यमबाट गराउने, ज्यालादारीमा अत्यधिक कर्मचारी राख्ने, अनियन्त्रित रूपले कन्टिन्जेन्सी खर्च लेख्ने, ठेकेदारसँग भएका संम्झौतामा गाडी, मोटरसाइकल, कम्प्युटर लगायतका समानहरू समावेश गर्ने लगायतका समस्याहरू यथावत् छन् ।"

निर्माण कार्यमा नियमित रूपमा भनेजस्तै गरी ठेकेदारबाट १५ देखि २५ प्रतिशतसम्म कमिसन प्रतिशत (पि.सी.) लिई प्राविधिक कर्मचारीहरू इन्जिनियर-ओभरसियर र लेखा तथा हाकिम वा मन्त्रीसम्मले बाँडीचुँडी खाने गर्छन् । शुरूमा ठेक्का उपलब्ध गराएबापत हाकिम वा मन्त्रीसम्मले एकमुष्ठ रकम कुम्ल्याउने, ठेक्का दिलाइदिने, स्थानीय सत्ताधारी पार्टीका प्रभावशाली नेता कार्यकर्ताले कमिसन खाने प्रचलनले संस्थागत रूप नै लिइसकेको छ । यो प्रकृयामा असहमत अपवाद कर्मचारीहरूलाई 'अपराधी खेदिएझैं ' सरूवा गराइएर खेदिने गरिएको छ । निर्माण सम्पन्न हुँदै गर्दा प्राविधिक नाप जाँच र गुणस्तर मापनमा पनि ब्यापक भ्रष्टाचार हुने गरेको छ । सिमेन्ट, डण्डी, इँटा, बालुवा वा फिटिङ्का सामानहरूको गुणस्तर निर्धारितभन्दा कम गर्ने र नापमै गडबडी गरी झूठो परिणामको काम भएको बिल बनाउने वा हुँदै नभएको काम भएको भनी कागजमा देखाउने र मिलीजुली त्यस बराबरको रकम बाँडी खाने प्रचलन पनि ठूलै पैमानामा मौजुद रहेको छ ।

"खाली चौर देखाएर त्यस चौरमा पोखरी खनेको नक्कली कागजात बनाई एक पटक, र पुन : त्यो खाडल पुरेको देखाई अर्को पटक भ्रष्टाचार गर्ने " पंचायती प्रवृत्ति अझै व्यवहारमा यो वा त्यो रूपमा जीवितै रहेको छ ।

कम मार्जिन रहेको डिजाइन गरिएमा कुनै पनि निर्माणमा चुहावट कम मात्र गर्न सकिने हुँदा आजकाल डिजाइन गर्दा नै चाहिनेभन्दा कैयौं गुणा बलियो डिजाइन गर्ने गरिएको पनि थाहा हुन आएको छ । यसो गर्दा गुणस्तरमा धेरै चोरी गरेमा पनि निर्माण गरिएको कुरा तुरून्तै भत्किनेबिग्रिने संभावना चाहिं कम हुने गर्दछ ।




**मूल्यबृद्धिको एउटा महत्वपूर्ण कारण भ्रष्टाचार हैन ?**

*कार्टुन साभार: जनआस्था*

कमिसन बढी खान पाइने लालचका कारण सार्वजनिक संस्थाहरूमा चाहिनेनचाहिने समान किन्न पनि हाकिमहरू हतारिन्छन् । यही लालचका कारण बजेट सिध्याउन र बेसी कमिसन खाइहाल्न चाहिनेनचाहिने मर्मत वा निर्माण कार्य गरिने प्रचलन पनि चालू रहेको पाइन्छ । ज्यादा निर्माण कार्य हुने मन्त्रालयहरूका रूपमा महालेखा परीक्षक विभागले निर्माण तथा यातायात, जलस्रोत, आवास तथा भौतिक योजना र पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयलाई मानेको देखिन्छ ।

विश्व बैंकको तर्फबाट प्याठिक मिगर र कुमार उपाध्यायले गर्नु भएको एक अध्ययनका अनुसार 'कामको लागि खाद्यान्न' कार्यक्रममा ४० देखि ५० प्रतिशत रकम बीचमै भ्रष्टाचार भै चुहावट हुने गरेको पाइयो । चुहावट भएको यो रकममध्ये सयकडा ५ मनोरंजनमा खर्च हुने, सयकडा १० लेखा परीक्षकले लिने, स्थानीय नेताहरूले १०, जिल्ला इन्जिनियरले १५, ओभरसियर वा प्रोजेक्ट इन्चार्जले २५ र मन्त्रालय, विभागले सयकडा ३५ खाँदारहेछन् ।

यसै सन्दर्भमा यसपालीको अ.दु.नि.आ. र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमाथि टीप्पणी गर्दै अधिवक्ता प्रकाश वस्तीले भन्नु भएको कुरा सान्दर्भिक छ- "अब त निर्माणसम्बन्धी केही काममा बाहेक प्राय: सबै काममा ८० प्रतिशत खल्तीमा, २० प्रतिशत निर्माणस्थलमा खर्च हुन्छ भन्ने कुरा यिनै प्रतिवेदनका आधारमा भन्न सकिन्छ ....।"

(देशान्तर, ०५६, कार्तिक २८)

### *गैर-सरकारी संस्थाहरू :*

समाजसेवा, समाजसुधार वा जनचेतना अभिबृद्धिका नाममा स्थापित राष्ट्रिय अन्तरर्राष्ट्रिय स्तरका गैर-सरकारी संस्थाहरू धेरैजसो भ्रष्टाचारको संस्कृति विस्तार गर्ने अखडा बनेका छन् । आफूआफू मिलेर नातावाद वा पार्टीवादका आधारमा रोजगारीका अवसरहरूको उपयोग गर्ने, जति मन लाग्यो त्यति पारिश्रमिक, सेवाशुल्क वा परामर्शशुल्क भनी हडप गर्ने, सरकारी संयन्त्रहरूलाई नै प्रभाव र चापमा पारी आफ्नो इशारामा नचाउने, नीतिगत क्षेत्रमा आफ्नो रूची र स्वार्थ अनुकुल प्रभाव पार्ने, विदेशी दात्रीसंस्थामार्फत् साम्राज्यवादी स्वार्थ केन्द्रहरूको पक्षमा काम गर्ने, महत्वपूर्ण र गोप्य सूचनाहरू समेत बेच्ने, उच्चपदस्थ ब्यक्तिहरूलाई प्रलोभनमा पारी खरिद गर्ने, घुसपैठ गराउने जस्ता काम यिनीहरूबाट भैरहेको छ ।

केही आइ.एन.जि.ओ.हरूले देशका ठूला हाकिम, नेता वा सेनाका हाकिमहरूका घरहरू भाडामा लिने र लिंदा घरबेटीको पद रअधिकारको स्तर अनुसारको घरभाडा दिने गरेको समेत पाइएको छ । जति धेरै सरकारी क्षेत्रमा प्रभाव पार्ने ब्यक्ति भयो, उति उसको घरको भाडादर बढी हुने गरी त्यस्ता आई.एन्.जी.ओ.हरूले दिने गरेका छन् । यसै क्रममा नै केही विदेशी दूतावासहरूले पनि यसैगरी 'प्रभावकारी ब्यक्तिहरू'लाई आफ्नो अनुकुलको प्रभावमा राखीराख्न विभिन्न निहुँ पारी यस्ता जथाभावी 'अप्रत्यक्ष घूस'हरू खुवाउने गरेका छन् ।

'आत्मनिर्भरता र स्वावलम्बन बढाउन' गाउँ गाउँमा सहयोग र सहुलियतपूर्ण ऋण दिने एन.जि.ओ.हरूले ऋण नतिर्ने लुच्चाहरूलाई छुट दिएर, ऋण तिर्ने सोझासाझा ब्यक्तिहरूको अप्रत्यक्ष मानमर्दन गरेका पाइएका छन् । ऋण नतिर्नेहरू 'बहादुर' ठहरिने र तिर्नेहरू 'लाछी' ठहरिने स्थिति पैदा

(बाँकी ४४ पेजमा)



# के भ्रष्टाचार नियन्त्रण गर्न अधिनायकवादी व्यवस्था नै चाहिने हो ?

डा. देवेन्द्रराज पाण्डे

अर्थशास्त्री तथा समाजशास्त्री डा. देवेन्द्रराज पाण्डे, २०४६ पछिको अन्तरिम सरकारका अर्थमन्त्री, पछि सामाजिक जनवादी पार्टी 'लोकदल' का नेता, हाल सो दल छोडी स्वतन्त्र बौद्धिक गतिविधि गरिरहनुभएको छ । 'ट्रान्सप्यारेन्सी इन्टरनेशनल, नेपाल' नामक भ्रष्टाचारविरोधी गैर-सरकारी संस्थाको चौथो वार्षिक साधारण सभाद्वारा उहाँ त्यसको सभापति चुनिनुभएको छ । उहाँ ट्रान्सप्यारेन्सी इन्टरनेशनल, बर्लिनको सल्लाहकार सभाको सदस्य पनि हुनुहुन्छ ।

हामीले नेपालमा भ्रष्टाचारको कारण र त्यसको निदानबारे उहाँसँग कुराकानी गरेका थियौं । प्रस्तुत छ- त्यस कुराकानीका मूल अंशहरू- मूल्यांकन ।

◉ नेपालमा विद्यमान रहेको भ्रष्टाचारको मूल जरो के हो ?

◆ हाम्रो समाजमा भ्रष्टाचारविरूद्ध चिन्ता चाहिं बढिरहेको तर त्यसबिरूद्धका प्रयत्नहरू भने बढ्न नसकिरहेको यो जुन स्थिति छ, यो देखेर हालसम्मको चिन्तन र क्रिया-अन्तर्क्रियाको आधारमा म कुन सोचमा पुगेको छु भने, भ्रष्टाचार पनि हाम्रो समाजका अरू कतिपय नराम्रा पक्षहरूजस्तै व्यापक नैराश्यता र उदासीनताको उपज हो । पुरातन कालदेखि नै सबै समाजमा मानवीय दुर्वलताको पक्षको रूपमा केही न केही भ्रष्टाचार रहँदै आएको छ । मान्छेले मान्छेलाई शोषण गर्ने परंपरा पनि रहँदै आएको छ, र सार्वजनिक प्रशासनमा भ्रष्टाचार पटक्कै नभएको युग न नेपालमा, न विश्वमै कतै रहेजस्तो मलाई लाग्दैन । तर यो पहिले पहिले 'मह काट्नेले हात चाट्छ' भन्ने खालको सानोतिनो अपराधको रूपमा देखापर्थ्यो । आजकाल भने स्थिति त्यस्तो छैन । आजकाल त यो समाजलाई दूरगामी किसिमले दुस्प्रभाव पार्ने, राष्ट्रनिर्माणको अभियानलाई आघात पार्ने र आर्थिक विकासका संपूर्ण प्रयासहरूलाई विफल पार्ने किसिमले भाँगिएको छ । नेपालकै मात्र कुरा गर्ने हो भने पनि यहाँ ३० वर्षे पंचायती व्यवस्थाले भ्रष्टाचार र विकृतिहरू बढायो भनेर बहुदलीय व्यवस्था ल्याइयो । तर यो व्यवस्थामा पनि संविधानका सारा मर्महरूको विपरीत क्रियाकलापहरू भए ।

◉ मुलुकमा यसरी मौलाएको यो भ्रष्टाचारको एक नंवरको मूल स्रोत चाहिँ तपाईं के कुरालाई मान्नुहुन्छ ?

◆ मूल स्रोत कुन हो भन्नुभन्दा पनि निवारणको मूल जिम्मेवारी कसको हो भन्ने कुरा प्रमुख हो । यो जिम्मेवारी मध्ये १ नंवरको जिम्मेवारी राजनीतिक क्षेत्रको हुन्छ । संविधानप्रदत्त अधिकार र कर्तव्य बोकेको नाताले पनि र समाजमा आफ्नै खाले सपना दिएर त्यसलाई साकार पार्न प्रेरित गर्ने जिम्मेवारी बोकेको क्षेत्र हुनुको नाताले पनि राजनीतिक क्षेत्रले अहं जिम्मेवारी लिनुपर्ने हुन्छ । यसपछिको अर्को महत्वपूर्ण जिम्मेवार क्षेत्र भनेको पढे-लेखेका, शिक्षित मानिसहरूको तब्का हो ।

राजनीतिक क्षेत्रमा अहिले बिचार र आचार दुवैमा विचलन आएको छ । यो विचलनलाई नियन्त्रण गर्ने काम बौद्धिक वर्गले गर्नुपर्छ । यो वर्गले पनि अहिले आफ्नो दायित्व निर्वाह गरिरहेको छैन भन्ने मलाई लाग्छ ।

> **राजनीतिक क्षेत्रमा अहिले बिचार र आचार दुवैमा विचलन आएको छ । यो विचलनलाई नियन्त्रण गर्ने काम बौद्धिक वर्गले गर्नुपर्छ**

म २०१७ सालमा शाखा अधिकृत भएर जागीरमा प्रवेश गर्दाताका पनि भ्रष्टाचारका कुरा सुनिन्थे । तर त्यतिखेर यो भ्रष्टाचार भंसारमा हुन्छ, बनमा हुन्छ र यदाकदा इंजिनियर, ओभरसियरहरूद्वारा हुन्छ भन्ने कुरा हुन्थ्यो । त्यसभन्दा बढी कुरा सुनिन्नथे । तर पछि पछि जब विकासका कामहरू बढ्नथाले, निर्माण र अन्य ठेक्का-पट्टाहरू बढ्नथाले र सरकारी बजेट बढ्न थाल्यो तव भ्रष्टाचारको क्षेत्र पनि फैलिन थाल्यो ।

त्यतिखेर सरकारले आम्दानी गर्ने ठाउँहरूमा ज्यादा भ्रष्टाचार हुन्थ्यो । पछि विस्तारै विकास निर्माण, ठेक्का-पट्टा जस्ता खर्च गर्ने ठाउँहरूबाट पनि भ्रष्टाचार हुन शुरूभयो । यी बाहेक तेस्रो पक्ष भनेको सत्तरीको दशकदेखि बढ्नथालेको र असीको दशकबाट व्यापक हुनथालेको वैदेशिक सहायताको क्षेत्र हो । वैदेशिक सहायताको रूपमा प्राप्त ठूला रकमहरू र प्रोजेक्टहरू भ्रष्टाचारका थला बन्नथाले । विदेशीहरूका सामान, सेवा र लगानीहरूका निम्ति कमिसन एजेन्टहरू राख्ने क्रम अघि बढ्नथाल्यो । उनीहरूले विभिन्न पदाधिकारीहरूलाई प्रलोभनमा पारेर, फसाएर आफ्नो पक्षमा निर्णयहरू गराउन थाले ।

यसपछि गएर चाहिं भ्रष्टाचार सरकारी राजश्वको सन्दर्भमा मात्र सीमित भएन । निजी क्षेत्रले बैंक वा विकास निगमहरूबाट ऋण लिनुपर्दा घूस दिने-लिने गरेजस्ता भ्रष्टाचारहरूतिर यो फैलिन थाल्यो । यसरी निजी-क्षेत्र र सर्वसाधारण जनताको स्तर समेत भ्रष्टाचारको लपेटामा पर्नथाल्यो । कर्मचारीतन्त्रभित्र मिलीजुली गरिने हदमा भ्रष्टाचार मौलायो । यसैको

सिलसिला बढ्दै गएर गुणात्मक परिवर्तन के भयो भने, मुलुकमा अब तस्करी जन्मियो र मौलाउन थाल्यो । देशबाट बाहिर जाने र विदेशबाट देशमा आउने दुवै खाले तस्करी बढ्न थाल्यो । २०३५-३६ सालताका विश्वबजारमा चाँदीको माग बढ्दा भारतबाट नेपालमा चाँदी ल्याएर अन्त पठाउने अथवा विश्वबजारमा सुनको भाउ घटेको छ भने त्यस्तो सुन नेपालमा ल्याएर भारत पठाउने प्रकारको तस्करीसमेत हुनेगर्थ्यो । पछि मादक पदार्थ र लागू औषधसमेत तस्करीका बस्तु बन्नथाले । यसरी कमिसन एजेण्टहरू र तस्करहरूमार्फत् अन्तर्राष्ट्रिय स्तरको भ्रष्टाचारको ढोका मुलुकमा खुल्यो ।

२०४६ सालपछिको स्थितिमा सत्ता र प्रतिपक्षमा पार्टीहरू आए, तिनीहरूको सन्दर्भमा मलाई अत्यन्तै चित्त दुःखेको कुरा के हो भने तिनीहरूले सिद्धान्त, विचार, आचार, दर्शनको मामलामा एक अर्कासँग प्रतिस्पर्धा गर्नुपर्नेमा त्यसो गरेनन् । जसरी पनि संगठन बढाउने र जसरी पनि सत्तामा पुग्ने होडबाजी पो तिनले गर्न थाले । जनता र कार्यकर्तालाई पार्टीमा संगठित गर्दा पनि आफ्नो विचार, सिद्धान्त, राजनीति, दर्शन बुझाएर-संझाएर हैन, तिनलाई प्रलोभन दिएर पो संगठित गर्न थाले । "हाम्रो पार्टी सत्तामा गयो भने तिमीहरूले यो यो सुविधा र मौका पाउनेछौ" भनी सार्वजनिक सम्पत्ति र सेवाको लोभ देखाउनथाले । सार्वजनिक सम्पत्तिको दुरूपयोग गरेर नेता-कार्यकर्ताहरूलाई पार्टीहरूले सुविधा दिने र पार्टी त्यसैको भरमा टिक्ने साह्रै नै नराम्रो स्थिति यहाँ बसाइयो । निर्वाचन स्वयंलाई अस्वस्थ प्रतिस्पर्धाको भाँडो बनाउन थालियो । निर्वाचन जित्ने एकमात्र आधार 'पैसा' हुने स्थिति यिनले बनाए । विचार, सिद्धान्त र कार्यक्रमको आधारमा हैन, पैसाको आधारमा चुनाव जित्ने होडबाजीले गर्दा पार्टीहरू स्वयं जथाभावी पैसा बटुल्न लागेर भ्रष्टाचारलाई बढावा दिइरहेको स्थिति यहाँ पैदाभएको छ ।

प्रजातन्त्रको आदर्श, मूल्य र मान्यता बोकेर हामीले यो व्यवस्था ल्यायौं । तर पाका, त्यागी, दीर्घसेवी भनिने सबैथरि नेताहरूका पार्टीहरूले देशमा भ्रष्टाचार नियन्त्रण गर्न पहल गर्नतिर नलागी स्वयं भ्रष्टाचारको बाटोमा अग्रसर भएको मुलुकको बर्तमान स्थिति साँच्चै चिन्तित तुल्याउने खालको छ ।

**◉ राजनीतिक क्षेत्रको प्रवृत्तिको कुरा भयो यो, बौद्धिक क्षेत्रको प्रवृत्ति चाहिं तपाईंले कस्तो देख्नुभएको छ ?**

◆ मूलतः बौद्धिक शिक्षित समुदाय यहाँ यिनै राजनैतिक क्षेत्रका भ्रष्ट प्रवृत्तिहरूलाई सघाउन उद्यत देखिन्छ । सभा गर्ने, गोष्ठी गर्ने र अर्ति-उपदेश दिने काम पनि गर्दै यो समुदाय व्यवहारमा चाहिं जानेर वा नजानेर आफू कांग्रेस भए कांग्रेसको, आफू एमालेको भए एमालेको अन्धसमर्थन र सहयोग गरिरहेछ । आफ्नो पार्टीको भनेपछि जस्तोसुकै काम र प्रवृत्तिको समर्थन गरिहाल्ने उनीहरूको यो व्यवहारले पार्टीलाई मनपरी गर्न छूट मिलेको छ । जान्ने, बुझ्नेहरूले खराब कुराको आलोचना नगरेपछि, विरोध नगरेपछि खराब गर्नेहरूलाई सजिलो पर्नु स्वाभाविकै हो ।

अर्को कुरा, बौद्धिक-शिक्षित समुदायका अधिकांश मान्छेहरू स्वयं अनैतिक र गैरकानूनी आय-आर्जनतिर लागेका छन् । बौद्धिक-शिक्षित व्यक्तिहरूले त आफ्नो क्षमता र सीप प्रयोग गरी अरूको भन्दा राम्रो आय-आर्जन गर्न नैतिक बाटोबाटै सक्छन् नि ! त्यसको आधारमा आफू खडा भएर समाजमा भएका खराबी र भ्रष्टताकाविरूद्ध यो वर्गले आफूलाई दह्रो राख्नु जरूरी थियो । तर आफैं भ्रष्ट भएपछि भ्रष्टाचारविरूद्ध बोल्ने उनीहरूको आवाज स्वतः सानो हुने भैहाल्यो । नैतिक बल नै नहुने भैहाल्यो ।



प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई

**◉ समाजका अगुवा राजनीतिक र बौद्धिक मानिसहरू अधिकांश स्वयं भ्रष्ट भएको वर्तमान स्थितिमा बाँकी बचेका थोरै चिन्तित र चिन्तनशील व्यक्तिहरू एवं धेरै सर्वसाधारण जनताले के गर्ने त ? भ्रष्टाचारविरूद्ध उनीहरूको प्रयत्नको सार्थकता चाहिं के गर्दा होला त ?**

◆ अगुवामध्येका अत्यन्त अल्पसंख्यक चोखा र चिन्तनशील, चिन्तितहरू र सर्वसाधारण जनतामै पनि मैले माथि भनेझैं एक प्रकारको हतोत्साह र निराशा छाएको मैले देखेको छु । म आफैंमा पनि कहिलेकाहीं 'जे गरे पनि केही हुँदोरहेनछ' भन्ने भावना पल्हाउँछ । तर के गर्ने ? यसो भनेर सबैजना सुतेर पनि त समस्या समाधान हुन्न । सकेजति गरिरहनु पर्छ, लागिरहनु पर्छ, हतोत्साही हुनुहुन्न । समाज विकासको क्रम भनेको आठ-दश वर्षमा निर्क्योल हुने कुरा हैन । यो लामै हुन्छ, धैर्य गर्दै काम गर्दै जानुपर्छ । "सयौं वर्ष नभई प्रजातन्त्र स्थायी हुन्न" भन्नेहरू पनि यहाँ छन् । मैले यस्तो समस्याबाट भाग्ने कुरा गर्न खोजको चाहिं हैन ।

ठूलाठूला प्रोजेक्टमा हुने भ्रष्टाचार आमजनताले देखेको हुन्न, त्यसको दीर्घकालीन असर परेपछि मात्र उसले चाल पाउँछ । तर अड्डा-अदालत लगायत जन-जीवनसँग प्रत्यक्ष जोडिएका संस्थाहरूमा भएका भ्रष्टाचारको मारले आमजनता पीडित र रूष्ठ छ । भ्रष्टाचारले गर्दा उसको जीवनमा ठूलो समस्या र अभाव खडाभएको छ । यो स्थितिमा उसले के गर्ने ?

**प्रधानमन्त्रीले मात्रै भनेर चाहिँ हुँदैन । उहाँ र देशका प्रमुख पार्टीका नेताहरू मिलेर भ्रष्टाचारविरूद्ध कस्सिनु हुन्छ भने- देशमा व्याप्त उदासीनता र नैराश्यता हटाउनुहोस् । आशाको संचार गरिदिनोस् । सरकारले झूठो र हावादारी कुरा मात्र गर्दैन, यो केही गरिरहेछ पनि, प्रयत्न गर्दैछ भन्ने व्यवहार देखाइदिनुस् ।**

यसको जवाफमा म के भन्छु भने, उसले पनि संगठित भएर र रचनात्मक रूपले यसको विरोध गर्नुपर्छ । हो, अगुवाहरू स्वयं बेइमान भएको बेला संगठित हुन पनि अप्ठेरै छ । तर के गर्ने, अरू बाटो पनि त छैन । आ-आफ्नो स्थानबाट संगठित तवरले बौद्धिक, शिक्षित, इमान्दारहरू र सर्वसाधारण जनताले भ्रष्टाचारविरूद्ध लाग्न पार्टीहरूलाई पनि दवाव दिनु जरूरी छ ।

यहाँ भ्रष्टाचार बढाउन आम-नागरिकको पनि भूमिका रहेको छ । हामी विहानभर भनसुन गराउन विभिन्न प्रभावशाली व्यक्तिहरूकहाँ दौडिन्छौं, धाउँछौं भने दिनभर 'भ्रष्टाचार भयो' भनेर कुरा गर्ने, आलोचना गर्ने नैतिक हक हामीलाई कसरी हुन्छ ? आखिर भनसुन भनेको पनि कसैको पालो मिच्ने, कुनै सुविधा थुत्ने वा अनियमित काम गराउने उद्देश्यले नै त हुन्छ । हो, सरकारले रोजगारी, अभाव, गरीबीको समस्या हल गर्नुपर्छ, अनि मात्र पालो मिच्ने जरूरत नै कसैलाई नपर्ला । आम-नागरिकले पनि अनियमिततालाई प्रोत्साहन दिने बाटो रोज्ने काम गर्नुहुन्न ।

मलाई त नेपालमा बौद्धिक-शिक्षित आत्मनिर्भर व्यक्तिहरू १०-१५ जनाले मात्र पनि मिलेर "लौ अब हामी हाम्रो र हाम्रो परिवारको शौख र संचयका निमित्त लागी पर्दैनौं, देखेका कुरा नडराई बोल्छौं" भनेर अगाडि बढ्नसके मात्र पनि ठूलो कुरा हुन्थ्यो भन्ने लाग्न थालिरहेको छ ।

**◉ भ्रष्टाचारविरूद्ध पाकिस्तानमा जस्तो 'कू' को माग गर्नेहरू पनि केही देखापरेका छन् नि ?**

◆ हेर्नुस्, हामीकहाँ दुईथरि मानिसहरू छन् । यो संविधान र व्यवस्थाबाटै मुलुकको निमित्त केही गर्न सकिन्छ भन्नेहरू एकथरि र सारा भ्रष्टाचारको जड नै यो व्यवस्था र संविधान हो भन्ने अर्का थरि । यो दोस्रो थरिमध्ये चाहिँ एकथरि दक्षिणपन्थीहरू छन्, अर्काथरि उग्रवामपन्थीहरू छन् । माओवादी र अरू केही उग्रपन्थीहरू उग्रपन्थीमा पर्लान् । यो व्यवस्था हटाएर कुनै सैनिकशासन टाइपको अधिनायकवादी व्यवस्था ल्याउनुपर्छ, अनि त्यसले समाजमा अनुशासन कायम गर्छ भन्नेहरू दक्षिणपन्थीहरू हुन् । दक्षिणपन्थीहरूको यो अधिनायकवादी मागलाई हामी जस्ता मानिसहरूले कसरी समर्थन गर्नसक्छौं र ? बरू भ्रष्टाचारविरोधी कडा कदमको माग यसै व्यवस्थामार्फत् किन नगर्ने ? पाकिस्तानका सैनिक प्रशासकले ऋण नतिर्नेहरूमाथि त्यहाँ कारबाही गर्न थाले । यस्ता कारबाहीहरू यहाँ अहिले नै गर्न किन माग नगर्ने ? किन यसका लागि अधिनायकवाद नै जरूरी हुने ?

यतिखेर यही व्यवस्था र संविधानमै जरूरी परे आवश्यक केही सुधारहरूसमेत गरेर अघि बढ्न चाहने व्यक्तिहरू र राजनीतिक शक्तिहरूले दक्षिणपन्थीहरूको अधिनायकवादी मागबाट केही पाठ सिक्नुपर्छ भन्ने मलाई लाग्छ । तपाईं यही व्यवस्थाबाटै अघि बढ्ने सोचमा यदि प्रस्ट हुनुहुन्छ भने किन तपाईं भ्रष्टाचार हटाउने र अनुशासन कायम गर्ने कामका लागि कडा कदमहरू यही व्यवस्थाभित्रै चाल्नुहुन्न ? भ्रष्टाचारजस्ता खराबीहरू हटाउने काम यो व्यवस्थाले नै गर्नसक्छ

भनेर व्यवहारमा देखाउने काम गरिनुपर्‍यो नि त !

**◉ अहिलेको कांग्रेसी सरकारका नेता कृष्णप्रसाद भट्टराई 'छिट्टै भ्रष्टाचार निर्मूल गर्ने दावीसहितका भाषणहरू गर्दै हिंडिरहेका छन् । उनका यी भाषणहरू कति हावादारी हुन् वा कति विश्वसनीय भन्ने कुरातर्फ नजाऔं । मानौ, भट्टराई सरकार वा कुनै पनि सरकारले नेपालमा साँच्चै भ्रष्टाचार हटाउँछु भन्यो रे । यस्तो स्थितिमा तपाई त्यो सरकारलाई "लौ न त त्यसोभए यी यी कुराहरू गरिहाल्नु पर्‍यो" भनेर के के सुझाव दिनुहुन्छ ?**

◆ प्रधानमन्त्रीले मात्रै भनेर चाहिं हुँदैन । उहाँ र देशका प्रमुख पार्टीका नेताहरू मिलेर भ्रष्टाचारविरूद्ध कस्सिनु हुन्छ भने केही व्यवहारिक सुझावहरू उहाँहरूलाई दिन चाहन्छु ।

देशमा व्याप्त उदासीनता र नैराश्यता हटाउनुहोस् । आशाको संचार गरिदिनोस् । सरकारले झूठो र हावादारी कुरा मात्र गर्दैन, यो केही गरिरहेछ पनि, प्रयत्न गर्दैछ भन्ने व्यवहार देखाइदिनुस् ।

यसका निम्ति पहिलो कुरा हो - हाम्रो आँखाले देखिने सार्वजनिक सम्पत्तिको दुरूपयोगलाई भोलिदेखि नै रोकिदिनुस् । कसकसका घरमा गाडीदेखि कम्प्युटरसम्म सरकारी साधनहरू के के छन्, ती सबै फिर्ता लिएर, सरकारी रेकर्ड राखेर बहीखातामा बाँधेर राख्नुस् ।

पंचायतकालदेखि नै बेलाबेलामा कुरा उठ्ने गरेको, तर कहिल्यै राम्ररी लागू हुन नसकेको सरकारी सवारीसाधनको दुरूपयोग भोलिदेखि नै रोक्नुस् । विहान-बेलुका र विदाको समयमा तरकारी किन्नदेखि लिएर मन्दिर जानसम्म पनि सरकारी सवारीसाधनहरूको दुरूपयोग भएको देख्दा एउटा समस्याग्रस्त सर्वसाधारणको मनमा ढुंगाले हानी दिउँ भन्ने हदको आक्रोश पैदा भइरहेको पाइएको छ । यस्तो स्थितिको अन्त गर्नुस् । विहान, बेलुका र विदाको दिन हुने सरकारी सवारीसाधनको दुरूपयोग रोक्नु कुनै ठूलो र अव्यवहारिक काम पनि हैन । यत्ति गर्न पनि तपाईं किन नसक्ने ?

दोस्रो कुरा, अहिले हाम्रो समाजमा यस्तो एकथरि भ्रष्टाचारले पनि ठूलो समस्या ल्याएको छ, जुन भ्रष्टाचार उत्तरदायित्वसंग संवन्धित छ । हाम्रो समाजमा कृयाकलाप गरिने क्षेत्रहरूमा सरकारीक्षेत्र, गैरसरकारीक्षेत्र र बजारक्षेत्र गरी तीन क्षेत्रहरू रहेका छन् । यहाँ काम गर्ने कुनै पनि मान्छे यी तीनमध्ये कुन क्षेत्रको भनी छुट्याउन गाह्रो परिरहेको छ । सरकारी मान्छेले एन.जि.ओ चलाएको हुन्छ, ठूला ठूला नीति-निर्माताहरूले विदेशीको ठेक्का लिएका छन्, ठेकेदार भएर बसेका छन् । नीति-निर्माणको तहको मान्छे विदेशीको कन्सल्ट्याण्ट भएर बसेका छन् । श्री ५ को सरकारका सचिवहरूले विदेशीको काम गरेर हिंडेको यदाकदा सुन्न पाइएको छ । यी जम्मै गैरकानूनी कामहरू हुन् । यी कुराहरूलाई भोलिदेखि नै बन्द गरिदिनुस् ।

यसोभएमा जुन कर्मचारीलाई तलवले खान पुगेको छैन, उसले सरकारी जागीर छोड्छ, बाहिर आएर कन्सल्टीङ्ग गर्छ, कमाउँछ वा तीनजना मिलेर एन.जि.ओ. खोल्छ, कमाउन मनलागे कमाउँछ, समाजसेवा गर्न

**सरकारी उच्चतहको व्यक्ति छ, तर ऊ नेपाली जनताप्रति वफादार छ कि विदेशीहरूप्रति बफादार छ भन्ने कुरामै गोलमाल पैदाहुन्छ भने त्योभन्दा ठूलो हानी-नोक्सानी अरू के होला ?**

मनलागे समाजसेवा गर्छ ।

नीति-निर्माण तहमा अहिले भइरहेको यो उत्तरदायित्वको समस्या, बास्तवमा पैसाको लेनदेनको भ्रष्टाचार मात्र रहेको छैन । यो को कोप्रति उत्तरदायी छ भन्ने कुराको अहं सवाल हो । सरकारी उच्चतहको व्यक्ति छ, तर ऊ नेपाली जनताप्रति वफादार छ कि विदेशीहरूप्रति बफादार छ भन्ने कुरामै गोलमाल पैदाहुन्छ भने त्योभन्दा ठूलो हानी-नोक्सानी अरू के होला ?

तेस्रो कुरा, संपूर्ण सरकारी खरीद-विक्रीका कुराहरूलाई पारदर्शी बनाइदिनोस् । कुनै पनि मन्त्रालयले कुनै पनि काम गर्दा, त्यस कामको लागत कति, टेण्डर कति कतिका पर्न आए, तिनमध्ये कुन माल किन किन्न आँटेको हो, कसलाई ठेक्का दिन आँटेको हो सो पनि खुलाएर अखवारहरूमार्फत् सार्वजनिक



गराइदिने व्यवस्था हुनुपर्छ । यस्ता कुराहरूलाई गोप्य र रहस्यमय बनाउने चलन तोड्नुपर्छ । यस्तो व्यवस्था हाल एक-दुई मन्त्रालयबाट शुरू गरेर सबैतिर विस्तारै लागू गर्न सकिन्छ ।

चौथो कुरा, निजामति सेवामा भएको राजनीतिकरण हटाउनुस् । अहिले नोकरशाहहरूमा विहान-विहान आफैं गएर "केही सेवा छ कि हजूर ?" भन्ने, अनि दिउँसो "राजनीतिक दवावको कारण हामीलाई जे पनि गर्न वाध्य हुनुपरेको छ" भन्दै मनपरी गर्ने मौकासमेत मिलेको छ । असुरक्षाको भावना बढेको छ र जथाभावी बढेको छ । सरकारी अड्डाहरू र सरकारी संस्थानहरू पार्टीहरूका भर्तीकेन्द्रहरू बनेका छन् । अयोग्यता र ठगी एवं अनुशासनहीनता बढेको छ । यो राजनीतिकरण, यो पार्टीकरण बन्द गरिनुपर्छ ।

पाँचौं र महत्वपूर्ण कुरा, संवैधानिक निकायहरू, संस्थाहरूमा हुने नियुक्ति पद्धतिलाई राजनीतिभन्दा विल्कूल टाढा राख्न थाल्नुहोस् । यी निकायहरूले भ्रष्टाचार निवारणमा ठूलो भूमिका खेल्न सक्छन् । तर यिनलाई कुनै निश्चित राजनीतिक वृत्तको प्रभावबाट मुक्त गरिनुपर्छ । यसै कारण संविधानले यी नियुक्तिहरू गर्न 'संवैधानिक परिषद'को व्यवस्था गरेको हो । यस परिषदको व्यवस्था संविधानमा त भयो तर यसको कार्यपद्धति, नियम आदि केही पनि तयार भएन । त्यसले गर्दाखेरि नियुक्त गर्ने बेलामा प्रधानमन्त्री, प्रमुख प्रतिपक्षका नेता, सभामुख आदि बस्ने र 'तेरो एउटा मान्छे, मेरो एउटा मान्छे राख्ने' भन्ने प्रकारका बाँडफाँड मात्रै पो भए भनी शंका गर्न सकिने ठाउँहरू अहिले धेरै छन् । त्यसैले संवैधानिक परिषद्ले आफ्नो कार्यपद्धति बनाएर जनसमक्ष ल्याओस् । भोलि सर्वोच्च अदालतको प्रधान न्यायधीश वा अख्तियार दुरूपयोग निवारण आयोगको प्रमुख आयुक्तको पद खाली भयो रे, अव ती पदहरूमा नियुक्त गर्ने प्रकृया के ? योग्यता के, अयोग्यता के ? छनौट-लिष्ट कसरी बन्ने ? छनौट गर्ने तरीका के ? यी यावत् कुराहरू समावेश भएको पद्धति बन्नुपर्छ । यो पद्धतिलाई नागरिक-समाजसम्म ल्याई त्यसलाई परिस्कृत र परिमार्जित गरेर अन्तिम रूप दिनुपर्छ । तव मात्र नियुक्तिमा शंका हुँदैन, कमजोरी पनि रहन्न । उनीहरू "यो यो तरीका र पृष्ठभूमिसहित आएका हुन्" भन्ने आधारमा उनीहरूप्रति गर्ने व्यवहार पनि त्यही अनुकूल हुनजान्छ । मर्यादा र विश्वास बढ्छ । ❑





# लेवनानको कम्युनिष्ट पार्टीको अधिवेशन

बर्षौंबर्षदेखि गृहयुद्ध र इजरायली आक्रमणको शिकार भइरहेको देश लेबनानको कम्युनिष्ट पार्टीले लेबनानको सार्वभौमसत्ता र अखण्डताको रक्षा र सामाजिक न्याय र प्रगतिको स्थापनाको नारासहित आफ्नो आठौं महाधिवेशन सम्पन्न गरेको छ ।

लेबनानको कम्युनिष्ट पार्टी (Communist party - LCP) ले आफ्नो अधिवेशनलाई गृहयुद्ध र इजरायली आक्रमणको चिरफार गर्ने, दक्षिणी लेबनानलाई इजरायली सेनाबाट मुक्त गर्ने, देशभित्र परस्पर संघर्षरत धार्मिक-राजनीतिक समूहहरूबीच सद्भाव र समझदारी कायम गर्ने, भग्नावशेष भएको लेबनानको आर्थिक-सांस्कृतिक र राजनैतिक पुनर्निर्माण गर्ने सवालमा आफ्नो ध्यान केन्द्रीत गरेको छ ।

यसै सन्दर्भमा लेबनानी कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य इकबाल सबा भन्छन् - "हामीले गृहयुद्ध मात्रै झेलिरहेका छैनौं, थुप्रै राष्ट्रहरूको सैनिक आक्रमण पनि खपिरहेका छौं, इजरायलको नांगो आक्रमण र अमेरिकी हस्तक्षेप सबैभन्दा टड्कारो रूपमा देखिन्छ । यो स्थितिमा बामपन्थीहरूसहितको प्रजातान्त्रिक शक्तिले प्रजातान्त्रिक र राष्ट्रिय सवालहरूमा सबल र सशक्त जन-हस्तक्षेप गर्नु जरूरी भइसकेको छ । आफ्नो देशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा र आर्थिक स्वायत्तताका लागि क्रियाशील हुनु र गरीब-उत्पीडित वर्गको मुक्तिको सपना साकार पार्ने दिशातिर अगाडि बढ्नु आवश्यक छ । यो पक्षमा महाधिवेशनले ठोस पाईला चाल्ने निश्कर्ष निकालेको छ ।" ❑





नेकपा माओवादीका दुई शीर्षस्थ नेताहरू क. प्रचण्ड र डा. बाबुराम भट्टराई

# माओवादीमा आएको परिवर्तनको संकेत के हो ?

**नारायण ढकाल**

२०५२ साल फागुन १ गतेबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले जनयुद्ध शुरूगरेको अब चार वर्ष पुग्नआँट्यो । यस अवधिमा सरकार र माओवादीतर्फका गरेर एक हजारभन्दा बढी मानिस मारिइसकेका छन् । केही दिन यताका समाचारपत्रहरू मात्र पल्टाउने हो भने पनि यो सूची अत्यन्त उदेकलाग्दो बन्नगएको छ । अहिले सरकारले 'जंगल सर्च' अपरेशनको नाममा मंसिरका पहिला दुई हप्तामा दुई दर्जनभन्दा बढी नागरिकको हत्या गरिसकेको छ । अव यो सूची कति लामो हुने हो, आशंकाको डरलाग्दो संभावनावाहेक अन्य अनुमान गर्ने कुनै अवस्था हाम्रासामु अहिले छैन ।

नेकपा माओवादीले गत वर्षको कार्तिक महिनादेखि जनयुद्ध नयाँ उँचाइमा पुगेको घोषणा गर्दै आधारइलाका निर्माणको नारा अगाडि सारेको छ । यो नारा अघि सारेपछि माओवादीको तर्फबाट देशव्यापि रूपमा अनगिन्ती फौजी तथा जनकार्वाही भएका थिए । यो घटनापछि सरकार पनि आफ्नै ढंगले संवदेनशील भएर जनदमनको नयाँ योजनामा उत्रेको छ । अव यो दमनको उत्कर्ष सेना परिचालनको अवस्थासम्म आइपुगेको छ । तर केही प्राविधिक र राजनीतिक जटिलताले गर्दा सरकारले यो निर्णय गर्न सकेको छैन । खासगरी कांग्रेसभित्रको तीव्र गुटवन्दी, विपक्षीहरूको विरोध र मानव अधिकारवादी बुद्धिजिवीहरूको आपत्तिका कारण आजका मितिसम्म यस्तो गरिएको छैन । तथापि अहिलेको स्थिति हेर्दा पनि यो टकरावको स्थितिले मुलुकलाई निकै अप्ठेरोमा पुऱ्याएको छ ।

यो अप्ठेरो प्रतिक्रियाबादी खेमालाई भन्दा कम्युनिष्ट आन्दोलनलाई बस्तुनिष्ठ ढंगले सोच्नेहरू माझ अझ बढी प्रखर भएको छ । माओवादी पार्टीले अख्तियार गरेको घटनाक्रम हेर्दा त्यहाँका रणनीतिकारहरूमा स्थिरता र गंभीरताको नितान्त अभाव छ भन्ने कुरा एकवर्ष यताका घटनाहरूले पनि बताएका छन् । यता मुलुकको बस्तुगत अवस्थाभा कुनै फेरवदल भएको छैन तर माओवादी पार्टीका नीतिहरूमा थुप्रै कार्यनीतिक परिवर्तनहरू भएको आभास पाइन थालेको छ ।

> **मुलुकको बस्तुगत अवस्थामा कुनै फेरवदल भएको छैन तर माओवादी पार्टीका नीतिहरूमा थुप्रै कार्यनीतिक परिवर्तनहरू भएको आभास पाइन थालेको छ ।**

गत साउनको अन्तिम हप्तातिर नेकपा माओवादी पार्टीले 'देशभक्त तथा क्रान्तिकारी सरकार'को नयाँ नारा अगाडि साऱ्यो । त्यसले नेपाली वाम राजनीतिमा नयाँ छलफल र बहसको नयाँ तरङ्ग उत्पन्न गऱ्यो । यो नारा अचानक र अप्रत्यासित रूपमा किन ल्याइयो ? यो कार्यक्रमले संकेत गरेका देशभक्त र क्रान्तिकारीहरू को हुन् ? नयाँ जनवादी सरकारको कार्यक्रम र यसमा के कति समानता र भिन्नताहरू छन् ? यो कार्यक्रमको राजतन्त्रलाई हेर्ने दृष्टिकोण के हो ? यस्ता थुप्रै प्रश्नहरू अनुत्तरित छन् त्यहाँ ।

यो कार्यक्रम प्रचारमा आएपछि माओवादी पार्टी केन्द्रका दुई शीर्षस्थ नेताहरू पनि बेग्ला बेग्लै तर्क लिएर उपस्थित भएका छन् । कामरेड डा. बाबुराम भट्टराई एउटा तर्क अघिसार्नु हुन्छ भने कामरेड प्रचण्ड अर्कै तर्क गर्नुहुन्छ । डा.भट्टराई ऋषिकेश शाह जस्ता विवादास्पद राजनीतिक चरित्र भएकाहरूसमेत त्यो सरकारमा अटाउन सक्ने तर्क राख्नुहुन्छ तर प्रचण्डले यसमा सहमति जनाउनु भएको देखिंदैन ।

देशभक्त क्रान्तिकारी शक्तिहरूको सरकार किन गठन गर्नुपर्ने भन्ने प्रश्नको जवाफमा नेपालमा फासिवाद र सिक्किमीकरणको खतरा बढ्दै गएको कुरा बताइएको छ । चुनावको लगत्तै डा.बाबुराम भट्टराईको एउटा लेख कान्तिपुर दैनिकमा छापिएको यहाँ स्मरणयोग्य छ । त्यो लेखमा नेपालको संसदमा सबै भारतपरस्तहरूले जितेको कुरा उल्लेख गर्दै मुलुकमा राष्ट्रियताको नयाँ किसिमको संकट उत्पन्न भएको सैद्धान्तिक जिकिर गरिएको थियो । त्यसै कारणले हो त्यतिखेर नेकपा एमालेलाई हेर्ने दृष्टिकोणमा निकै कठोरता अंगीकार गरिएको थियो ।

तर केही समययता एमालेसितको सहकार्यमा माओवादी पार्टीको आमूल अन्तर देखापरेको छ । यसका केही उदाहरणहरू अहिले देखिइसकेका छन् । खासगरी नेपाल पत्रकार महासंघको चुनावमा एमालेतर्फका उम्मेदवारलाई उनीहरूले पनि भित्रबाट समर्थन गरेको कुरा मसिर १४ गतेको जनादेशबाट स्पष्ट हुन्छ । त्यहाँ पत्रकार गोपाल थपलियाको फोटो प्रथम पृष्ठमा छापिएको छ । ठीक एक वर्ष अगाडि यस्तो स्थिति थिएन । प्रगतिशील लेखक संघप्रति पनि उनीहरू एकवर्ष अघिसम्म पूर्णतया नकारात्मक दृष्टि राख्दथे । तर अब उनीहरू त्यसको आगामी राष्ट्रिय सम्मेलनमा सहभागी हुन खोज्दैछन् । त्यसै गरी नेकपा एकता केन्द्रलाई हेर्ने उनीहरूको दृष्टिकोण पनि बदलिएको छ । पहिले उनीहरू एकता केन्द्रलाई मध्यपन्थी अवसरवादीहरूको अर्को संस्करण भनेर विश्लेषण गर्थे तर अव नेपाली कम्युनिष्ट आन्दोलनमा सबभन्दा नजिकको मित्र शक्ति मान्न थालेका छन् ।

वि.सं. २०५२ को फागुनदेखि यता नेकपा माओवादीले संचारक्षेत्रमा दैनिक' हिसावमा महत्व पाउने थुप्रै घटनाहरू घटाइसकेको छ । वर्ग दुश्मनप्रति भौतिक कार्वाही, सुदखोरहरूको तमसुक कब्जा, बैंक कब्जा, अर्थ संकलन, प्रहरी चौकीमा आक्रमण, संचार संयन्त्रहरूमा आक्रमण आदि गतिविधिहरू यसमा परेका छन् । खासगरी गएको दशैं अगाडि प्रहरी नायव उपरीक्षक ठूले राईको अपहरणको घटनाले माओवादी कार्वाहीको प्रचार महत्वलाई निकै माथि उकासेको थियो । तर कालान्तरमा त्यो घटना पनि त्यसै सेलाएर गयो । ठूले राईलाई बन्धक बनाएर माओवादीले केही महत्वपूर्ण राजवन्दीहरू रिहा गराउन सरकारलाई दवाव दिएको थियो तर सरकारले त्यसमा कुनै वास्ता गरेन ।

नेकपा माओवादीमा केही यता भएका नाटकीय परिवर्तनहरूले त्यसभित्रको अस्थिर राजनीतिक चरित्रलाई संकेत गर्दछन् । नेपालका अहिलेसम्मका सबै कम्युनिष्ट धाराहरू सुधारवादको जंगलमा भड्किएको निश्कर्ष निकालेर जनयुद्धको बाटोमा निस्केको त्यो समूहको यो राजनीतिक उतारचढावले त्यसमा २०४६ पछिको राजकीय संरचना, वर्ग विश्लेशणको दृष्टिकोण, नेपाली समाजको रूपान्तरणको गत्यात्मकता, विश्व कम्युनिष्ट आन्दोलनको स्थिति, विश्व साम्राज्यवादको नयाँ चरित्र, नेपालको भूगोल, इतिहास, संस्कृति र त्यसले चेतनामा छोडेको असर बारेको उनीहरूको राजनीतिक ज्ञानलाई पुनः निरीक्षणको स्थितिमा पुऱ्याएको बुझिन्छ । तर पनि उनीहरू आधारभूतरूपमा उग्रबामपन्थी व्यवहार र फलाकोमा अझै कट्टर देखिन्छन् । यदि उनीहरूले आफ्नो इतिहास र गतिविधिबारे बस्तुवादी भएर समीक्षा गरे भने नेपालको कम्युनिष्ट आन्दोलनमा त्यसको निकै महत्वपूर्ण अर्थ रहनेछ । प्रतीक्षा गरौं, उनीहरूमा यस किसिमको परिवर्तन आगामी दिनमा कसरी मुखरित हुन्छ ? ❑



## भारतीय प्रधानमन्त्री अटल बिहारी बाजपेयी

# के उनी पनि पहिले कम्युनिष्ट थिए ?

के भारतीय प्रधानमन्त्री अटल बिहारी बाजपेयी पनि आफ्नो बिद्यार्थीकालमा कम्युनिष्ट थिए ? अहिले कट्टर हिन्दूवादी पार्टी–भारतीय जनता पार्टीका बरिष्ठ नेता भइरहेका बाजपेयीले के आफ्नो राजनीतिक जीवनको शुरूवात कम्युनिष्ट पार्टीको बिद्यार्थी संगठनबाट गरेका थिए ?

हो, धेरैजसो मानिसहरू अहिले चर्चित रहेको यस प्रश्नको सकारात्मक जवाफ दिन्छन् । धेरैजसो लेखक-पत्रकारहरू भूतपूर्व प्रधानमन्त्री तथा कांग्रेस आइका पूर्व अध्यक्ष नरसिंह रावजस्तै बाजपेयी पनि बिद्यार्थीकालमा बामपन्थी संगठनमा क्रियाशील रहेको कुरा स्वीकार्छन् । तर कन्नड भाषाका पत्रकार तथा लेखक विश्वेश्वर भाटले दुई वर्षको मेहनतपछि लेखेको ४३२ पेज मोटो 'अजातशत्रु' नामक बाजपेयीको जीवनीमा यसको खण्डन गर्ने प्रयास गरेका छन् । बाजपेयीका साथीसंगीहरू र नातेदारहरूसँग कुराकानी गरेको र उनका चिट्ठी पत्रहरूको गहन अध्ययन गरेको दावी गर्दै उनले आफ्नो निश्कर्ष निकाल्ने क्रममा लेखेका छन्-

'कलेजको जमानामा बाजपेयी आफ्नो कलेजको यूनियनका सचिव थिए, प्रख्यात कम्युनिष्ट देशराजा सिंह उपाध्यक्ष थिए । बाजपेयी र सिंह यूनियनका गतिविधिहरू संचालनको क्रममा दिनदिनै भेट्थे, कुराकानी गर्थे, सँगसँगै कामहरू गर्थे । उनीहरू जहिले पनि साथसाथै देखिने हुनाले मानिसहरूले सामान्य ढंगले सोचे- बाजपेयी पनि पक्कै बामपन्थी भए ।'

बाजपेयीले यो प्रसंग आफ्नो साथीलाई लेखेको पत्रमा पनि उल्लेख गरेको जिकीर गर्दै पत्रकार-लेखक विश्वेश्वर भाट लेख्छन्- 'उनी स्कूले कालदेखि नै राष्ट्रिय स्वयंसेवक संघ (RSS)का क्रियाशील सदस्य थिए । त्यसैले उनी बिद्यार्थी कालमा 'कम्युनिष्ट' थिए भन्ने प्रचार सिर्फ 'कथा' हो, जुन कथा कम्युनिष्टहरूले उनका अनुयायीहरूलाई भ्रमित पार्नका लागि बुनेका थिए । कम्युनिष्टहरूसँगको उनको ब्यक्तिगत सम्बन्धलाई मूल आधार बनाएर बाजेपेयीलाई पहिलेका कम्युनिष्ट भनेर प्रचार गर्नु सरासर गलत देखिन्छ ।'

भारतीय प्रधानमन्त्री अटल बिहारी बाजपेयीको वैचारिक र राजनीतिक विकासक्रमका बारेमा कुनै निश्कर्ष निकाल्नुभन्दा अगाडि अनि अरूलाई आलोचना र आरोप थोपर्नुभन्दा अगाडि पत्रकार, लेखक वा अनुसन्धानकर्ताहरूले समग्रमा र गहिराइमा अध्ययन-अनुसन्धान गर्नुपर्ने हो, तर विश्वेश्वर भाटको यो निश्कर्ष हेर्दा उनको दृष्टिकोण र अध्ययन एकांगी र सतही भएको देखिन्छ ।

तथ्यहरू केलाएर हेर्दा स्पष्ट देखिन्छ- बाजपेयीले आफ्नो राजनीतिको शुरूवात गर्ने क्रममा कानपुरको कलेजकालमा बामपन्थी विद्यार्थी संगठनमा बसेर काम गरेका थिए । यहाँ स्पष्ट हुनुपर्ने कुरा के छ भने सन् १९४० तिर ग्वालियरको वी.आई.सी. हाई स्कूलमा पढिरहेकै बेला उनको हिन्दूवादीहरूको संगठन-राष्ट्रिय स्वयंसेवक संघ (RSS)सँग मानचन्द खानवलकर मार्फत् सम्पर्क भएको थियो । १९४१ मा संघको एउटा शाखा 'बौद्धिक'को प्रमुख भएर उनले हिन्दूवादी राजनीति गर्न थालेका थिए । बीए मा सर्वोच्च अंक प्राप्त गरेपछि उनले ग्वालियर राज्यबाट छात्रवृत्ति पनि हासिल गरेका थिए ।

यसैको बलमा उनी कानपुरको कलेजमा राजनीतिशास्त्रमा एम.ए का लागि भर्ना भए । त्यहाँ उनी कानून विषय पढ्न आएका आफ्ना दाजु र पिता क्रमशः अवध बिहारी बाजपेयी र पं. कृष्ण बिहारी बाजपेयीका साथ तिनै जना छात्रावासको एउटै कोठामा बस्दथे । पिता र दुई छोराहरू एउटै कलेजमा अध्ययन गर्दथे अनि उनीहरू छात्रावासको एउटै कोठामा बस्दथे । त्यही बेला उनले बामपन्थी राजनीतिसँग नाता गाँसेका थिए ।

यसै सन्दर्भमा भारतको चर्चित पत्रिका 'माया'का आलोक तोमरसँग कुराकानी गर्ने क्रममा उनले 'ग्वालियर देखि लखनऊ र लखनऊबाट दिल्लीसम्मको राजनीतिक यात्रा' बारे अन्तर्वार्ता दिँदा स्पष्ट रूपमा भनेका थिए- 'ग्वालियर राज्यको एउटा छात्रवृत्ति पाएर म कानपुर पढ्न गएँ । अनि छात्रवृत्तिसँग जोडिएको शर्तअनुसार, अध्ययन सिध्याएर ग्वालियर फर्केपछि राज्यको नोकरी गर्नेछु भनेर लेखेर पनि गएको थिएँ । तर सामाजिक कार्यहरूमा मेरो रूचि देखेर राज्यले मैले स्वीकारेको शर्त लागू गर भनेर जोड पनि गरेन । केही दिन कम्युनिष्ट पार्टीको छात्र शाखासँग जोडिएँ, त्यसपछि संघ परिवारका आदर्शहरूबाट म धेरै प्रभावित भएँ । संघ परिवारले पनि हात फैलाएर मलाई स्वागत गऱ्यो ।'

माया, १५ मार्च, १९९५ मा प्रकाशित 'अटल बिहारी बाजपेयी होने का मतलब' नामक विशेष रिपोर्ट तथा अन्तर्वार्तामा बाजपेयीले यो कुरा स्पष्ट रूपमा स्वीकारेका थिए ।'

'माया'मा प्रकाशित आलोक तोमरको विषेश रिपोर्टको भूमिकामा स्पष्ट शब्दमा लेखिएको थियो- 'लोकसभामा बिपक्षी नेताको पदमा आसीन अटल बिहारी बाजपेयीले आफ्नो राजनीतिको शुरूवात बामपन्थी छात्र राजनीतिबाट गरेका थिए, तर यसको ठीक विपरीत अहिले उनी भारतीय जनता पार्टीका बरिष्ठ नेता भएका छन् ।'

इतिहास पल्टाएर हेर्दा देखिन्छ- उनी ग्वालियर र कानपुर एकीकृत भारतीय कम्युनिष्ट पार्टीको छात्र शाखाका बैठकहरूमा जाने गर्दथे । मार्क्स, एंगेल्सको विषयमा उनी कैयौं पुराना कमरेडहरूलेभन्दा बेसी अधिकारपूर्वक कुरा गर्न सक्दथे भनेर दावी गर्नेहरूको पनि कुनै कमी छैन ।

बाजपेयी स्वयंले १९९४ मा वर्षको सर्वश्रेष्ठ सांसद घोषित हुँदा आलोक तोमरसँग कुराकानीको क्रममा भनेका थिए- 'म शायद कम्युनिष्ट आन्दोलनसँग सम्पूर्ण रूपमा जोडिनै लागेको थिएँ, तर भारतको विभाजनले मेरो मोहभंग गरिदियो । मलाई थाहा छैन, कम्युनिष्टहरूले के सोचेर भारत विभाजनलाई समर्थन गरेका थिए ?'

पत्रकार आलोक तोमरको रिपोर्ट र कुराकानीबाट स्पष्ट देखिन्छ- बाजपेयी बिद्यार्थीकालमा बामपन्थी बिद्यार्थी राजनीतिसँग केही समय जोडिएका थिए ।

अब प्रश्न उठ्छ- युवावस्थाको एक समयमा बामपन्थी राजनीतिसँग जोडिइसकेका बाजपेयी बामपन्थ विरोधी फासिवादीहरूको संगठन राष्ट्रिय स्वयंसेवक संघ, जनसंघ र भाजपातिर किन र कसरी लागे ? यस्तो सामान्य जोडाइलाई हेरेर बाजपेयी विगतमा कम्युनिष्ट भएको भनी ब्याख्या गर्न मिल्छ ? के कम्युनिष्ट सिद्धान्त बोक्न, त्यसका उच्च संस्कृति र नीति-नैतिकता अनुरूप आचरण गर्न त्यति सस्तो र सजिलो छ र ? त्यसैले बाजपेयी र नरसिंह रावको विगतका केही समयका आचरणहरू हेरेर उनीहरूलाई भूतपूर्व कम्युनिष्ट नै भन्न मिल्छ र ? ❑

**ग्वालियर राज्यको एउटा छात्रवृत्ति पाएर म कानपुर पढ्न गएँ, केही दिन कम्युनिष्ट पार्टीको छात्र शाखासँग जोडिएँ, त्यसपछि संघ परिवारका आदर्शहरूबाट म धेरै प्रभावित भएँ । संघ परिवारले पनि हात फैलाएर मलाई स्वागत गऱ्यो ।**

# स्तालिनका नातिको नेतृत्वमा पार्टी स्थापना

## स्तालिनवादी मोर्चाले पनि चुनाव लड्न पाउने भयो !

सोभियत संघको विघटन र समाजवादको पराजयपछि रूस निराशालाग्दो अनन्त भुमरीमा फँस्दै गइरहेको छ । तर यसलाई यस भुमरीबाट मुक्त पार्ने भरपर्दो खालको बलियो जन-आन्दोलन र सशक्त जन-संगठनको उदय भएको दृश्य कतै देखिएको छैन ।

राष्ट्रपति बोरिस येल्तसिनको सरकारले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र अमेरिकी साम्राज्यवादको नीति-निर्देशन र सरसहयोगमा पूँजीवादी खुला बजार अर्थतन्त्र लागू गरेपछि रूसमा गरीबी र भोकमरीको स्थिति डरलाग्दो ढंगले बढेको छ । १९९६ को अन्ततिर संपूर्ण जनसंख्याको ३८ प्रतिशत जनतामात्रै गरीबीको रेखामुनी चुर्लुम्मै डुबिरहेका थिए । तर अहिले आएर यो संख्या बढ्दै गएर ४६ प्रतिशत पुगिसकेको डरलाग्दो यथार्थ विश्वबैंकका प्रमुख अर्थशास्त्री जोय स्टिग्लिजले समेत स्वीकारेका छन् । यसको अर्थ हो- गरिबीको सागरमा डुबिरहेका ६ करोड ६० लाख रूसी जनताहरू खाना, लत्ता-कपडा र इन्धन जुटाउन पनि असमर्थ छन् !

धनीहरूको स्वर्गको रूपमा कुख्यात पूँजीवादी अर्थतन्त्रका भयानक परिणामहरू देखेर रूसी महासंघको कम्युनिष्ट पार्टी (CPRF) का नेता गेन्नाडी जुगानोभले भनेका छन् - विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र अमेरिकाको नीति- निर्देशनमा चलिरहेको रूसको खुला बजार अर्थतन्त्र भनेको न्यूट्रन बम हो । यो त्यस्तो न्यूट्रन बम हो, जसको विस्फोटले रूसका जनताको नरसंहार गरिरहेको छ, तर ठूल्ठूला भवनलाई भने छुँदा पनि छुँदैन ।

यस्तो भयावह सावित भइरहेको पूँजीवादी खुला-बजार अर्थतन्त्र र त्यसलाई लागू गर्ने येल्तसीन सरकारविरूद्ध किन जन-संघर्ष उठिरहेको छैन त ?- भन्ने कुरा अनुत्तरित नै छ ।

रूसको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टीको रूपमा देखा परेको गेन्नाडी जुगानोभको नेतृत्वमा क्रियाशील रूसी महासंघको कम्युनिष्ट पार्टी (CPRF) संसदीय घेराभित्रै संघर्षमा मग्न छ । कहिलेकाहीं सडक-संघर्षमा उत्रे पनि यो पार्टी भुमरीमा फँसिरहेको रूस र रूसी जनतालाई राहत र मुक्ति दिने खालका संघर्षका क्रियाकलापहरू संचालन गर्न अलि पछि परिरहेको छ । नीना आन्द्रीयभाको नेतृत्वमा संचालित अर्को कम्युनिष्ट पार्टी-बोल्शेभिक पार्टीलगायत अन्य थुप्रै पार्टीहरू पनि यो स्थितिमा प्रभावकारी जन-संघर्षहरू संचालन गर्न सक्षम भइरहेका छैनन् ।





यस्तो स्थितिमा सोभियत संघको महान अक्टोबर समाजवादी क्रान्तिका एक प्रमुख नायक जोसेफ स्तालिनका नाति पनि रूसी जनताको मुक्तिको सपना बोक्दै राजनीतिको परिदृश्यमा देखा परेका छन् । जोसेफ स्तालिनका नाति जोसेफ जुगाशिभली एउटा पार्टीको नेतृत्व गर्दै रूसी राजनीतिमा हवात्तै देखापरेका छन् । उनले समाजवादी क्रान्तिका नायकका रूपमा प्रख्यात आफ्ना बाजेको नाममा स्तालिनवादी पार्टी गठन गरेका छन्, जसको पूरा नाम- सोभियत संघको पुनर्स्थापनाका लागि स्तालिनवादी मोर्चा (Stalinist Front for the Revival of the soviet Union) हो ।

स्तालिनका नातिको स्तालिनवादी मोर्चामा एकीकृत सोभियत संघ कालका केही उच्च स्तरीय नेताहरूको पनि सक्रिय सहभागिता रहेको खबर छ । यस पार्टीलाई पूँजीवादी संचार माध्यमहरूले कट्टर कम्युनिष्ट पार्टीको रूपमा प्रचार गरिरहेका छन् । यस पार्टीको सिद्धान्त, नीति र कार्यक्रमको बारेमा कुनै ठोस जानकारी अहिलेसम्म बाहिर आएको छैन । स्तालिनको विचारको पक्ष, लिने घोषणासहित बाहिर आएको यो पार्टीका नीति र आचरणहरू कत्तिको मार्क्सवादी-लेनिनवादी हुने हुन्, त्यो त भविष्यमा मात्रै थाहा होला । अहिलेसम्म थाहा भएको कुरो के हो भने यो पार्टीले पनि संसदीय चुनाव लड्दैछ । चुनावमार्फत् जनतालाई राहत र मुक्ति दिने अनि सोभियत संघको पुनर्स्थापनाका लागि कसरी संघर्ष गरिन्छ भन्ने कुरा त्यति स्पष्ट रूपमा थाहा हुन सकेको छैन ।

स्तालिनवादी मोर्चाले छिट्टै हुन लागिरहेको संसदीय चुनावमा सहभागी हुनका लागि रूसको निर्वाचन आयोगबाट आधिकारिक रूपमा स्वीकृति प्राप्त गरेको छ । चुनावमा भाग लिने हैसियत भएको पार्टीको रूपमा स्वीकृति प्राप्त गर्न रूसमा कुनै पनि नयाँ पार्टीले निर्वाचन आयोगले तोके बमोजिमको संख्यामा जनताको हस्ताक्षर संकलन गरेर त्यसलाई आयोगलाई बुझाउनु पर्दछ ।

यी सम्पूर्ण प्रक्रियाहरू पार गरेर यसले संसदीय पार्टीको दर्ता पाएपछि ड्यूमाको आगामी चुनावमा आफ्ना १७८ जना उम्मेदवारहरू खडा गर्ने घोषणा गरेको छ । ❏

# दिनपरदिन बढ्दो छ स्तालिनको लोकप्रियता !

छाला र खेतको काम गर्ने गरीबको छोरोबाट सोभियत संघका सशक्त राष्ट्रपति तथा सोभियत कम्युनिष्ट पार्टीका प्रख्यात महासचिव बन्नुभएका जोसेफ स्तालिन अहिलेसम्म बाँचिरहनु भएको भए १२० वर्षका हुनुहुने थियो । र, १२० वर्षका बृद्ध स्तालिनले रूसका वर्तमान पूँजीवादी राष्ट्रपति बोरिस येल्तसीनसँग राष्ट्रपति पदको चुनावमा प्रतिस्पर्धा गर्नु भएमा सजिलै जित्न सक्नुहुन्थ्यो ।

यो निश्कर्ष कुनै बामपन्थी नेता वा पत्रकारको होइन, पूँजीवादी पत्रकार भ्लादिमीर राद्यूहिनको हो ।

उनी मस्कोबाट लेख्छन्- मृत्यु भएको ४६ वर्ष पछाडि पनि स्तालिन रूसी जनताबीच आश्चर्यचकित र भयभीत पार्ने हदसम्म लोकप्रिय छन्, उनले चलाएको आतंकको अभियानका कुरा अचाक्ली नै प्रचारित भए पनि उनी यति धेरै लोकप्रिय छन् कि पूँजीवादीहरू पनि अलि हच्किनु पर्ने स्थिति छ ।

स्तालिनको मृत्युको वार्षिकीको सन्दर्भमा रूसभरि गरिएको एउटा जनमत सर्भेक्षणमा ३४ प्रतिशत मानिसहरूले आफ्ना प्रिंय नेताको रूपमा स्तालिनको नाम लिएका थिए भने १४ प्रतिशतले मात्रै येल्तसीनको नाम लिएका थिए । स्तालिनले लाखौं लाख मान्छे मारेको जस्ता भूठा प्रचारहरूले ब्याप्ति पाइरहेको स्थितिमा पनि स्तालिन रूसी जनताबीच यति धेरै लोकप्रिय भएको तथ्य देखेर सर्भेक्षणकर्ताहरू पनि आश्चर्यचकित भएका थिए ।

जनमत सर्भेक्षण गर्ने 'संसदवादको समाजशास्त्रसम्बन्धी इन्स्टिच्यूट' (ISP)का नुजगर बेतानेली भन्छन्- 'स्तालिनको लोकप्रियतामा भइरहेको बृद्धि भनेको सोभियत संघको विघटन र रूसको अर्थतन्त्रको दुरावस्थाले जन्माएको प्रतिक्रिया हो ।'

उनी भन्छन्- 'रूसी जनता अतीत कालतिर फर्केर आफनो देशमा स्तालिनको शासनकालमा भएका प्रगतिहरू संभन्दैछन् र त्यस कालखण्डलाई गौरवमय कालको रूपमा याद गर्दैछन् । त्यस कालखण्डमा सोभियत संघ नेतृत्वदायी औद्योगिक र सैनिक शक्तिको रूपमा उदय भएको थियो र दोश्रो विश्वयुद्धमा त्यसले नाजी जर्मनीलाई नराम्ररी परास्त गरेको थियो । त्यसैले महाशक्ति राष्ट्र भइसकेको सोभियत संघप्रति रूसी जनता भावविभोर भइरहेका छन्, सोभियत नेताप्रति आस्थावान् भइरहेका छन् ।

स्तालिनप्रति आस्था राख्ने रूसीहरूमध्ये केही त स्तालिनको शासन कालमा जेलमै मरेका र मारिएका मानिसहरूका नातेदारहरू पनि छन् । त्यसबेला आफ्ना बाजेलाई गुमाएकी ओल्गा उग्लोभा पनि स्तालिनप्रति आस्था राख्छिन् । क्रेमलिनको पर्खाल नजिकै गाडिएको स्तालिनको लाशमा फूल चढाउन जाने हजारौं हजार रूसीहरू मध्येकी एक १८ वर्षीया केटी ओल्गा भन्छिन्- 'उहाँ महान नेता हुनुहुन्थ्यो, जसले सोभियत संघको महानिर्माणको नेतृत्व गर्नुभयो र युद्धपछि पनि यसलाई पुर्स्थापित गर्नुभयो । मेरो बाजे १९३० मा भूलवश भएको दमनमा परी खस्नुभयो, तर मलाई के लाग्छ भने इतिहास निर्माण गर्दा यस्ता स-साना गल्तीहरू हुनु भनेको स्वभाविक हो ।'

रूसमा स्तालिनको लोकप्रियताको उँचाइ कति छ भन्ने



*रूसमा स्तालिनको लोकप्रियताको उँचाइ कति छ भन्ने कुरा खोज्न जानु पर्दैन, जहाँतहीँ भेटिन्छ*

कुरा खोज्न जानु पर्दैन, जहाँतहीँ भेटिन्छ । प्रत्येकजसो जुलूसका ब्यानर र पोष्टरहरूमा, प्रत्येकजसो प्रदर्शनकारीहरूको छातीमा लकेट र फोटोमा, ट्रक-मोटर र घरघरमा उहाँको फोटो, आफ्ना प्रिय नायकको फोटो सजाइएको दृश्य देखिन्छ ।

'सबै जनताका पितातुल्य नेता'का रूपमा स्थापित भएका स्तालिनको लोकप्रियता उहाँको जन्म भएको देश- जर्जियामा त अचम्मलाग्दो खालकै छ । प्रत्येकजसो जर्जियाली जनता टोस्ट प्रस्ताव राख्दा, रक्सी वा चिया खाँदा उहांको सम्मानमा शुरूको घुड्को पिउँछन् । उहांको प्रख्यातिको क्रम हेर्दा शंका लाग्छ- जर्जियालीहरू उहाँलाई मानवबाट महामानवको रूपमा र महामानवबाट भगवानको रूपमा पूजा गर्ने पो हुन् कि ?

जे होस्, स्तालिनको लोकप्रियता देखेर जर्जियाली राष्ट्रपतिसमेत सशंकित भएको यथार्थ सर्वैसामु छर्लङ्ग छ । चर्को जन दवावको फलस्वरूप जर्जियाली राष्ट्रपति शेभर्नाद्जेले गोरीमा स्तालिन म्यूजियमलाई व्यवस्थित गर्ने र त्यहीं स्तालिनको बारेमा अध्ययन अनुसन्धान गर्ने केन्द्र पनि बाध्यतावश खोल्नुपरेको छ । सोभियत संघका पूर्व राष्ट्रपति गोर्बाचेभसँग मिलोमतो गरी लेनिन र स्तालिनको अगुवाइमा निर्मित सोभियत संघलाई ध्वस्त पार्ने शेभर्नाद्जेले पनि स्तालिनप्रति कडा प्रहार गर्न नसक्ने अप्ठ्यारो स्थिति जर्जियामा बनेको छ ।

यस्तो लोकप्रियतादेखि भयभीत भएका पूँजीवादी शक्तिहरूले स्तालिनको चरित्रहत्या गर्न लाख प्रयत्न गर्न थालेकाछन् । अमेरिकाको हलिउडका चलचित्र निर्माता मार्क कार्लाइनरले स्तालिनको जीवनलाई चार करोड मान्छे मारेको भन्ने मिथ्या विवरण सहित नकारात्मक ढंगले फिल्ममा प्रस्तुत गरेको, इसाक ड्वेइट्शर जस्ता थुप्रै लेखकहरूले मनपरी र गलत ढंगले उहाँको जीवनी लेखेको कुरा यहाँ उल्लेखनीय देखिन्छ । यी सबै मिथ्याचारहरू हेर्दा स्पष्ट देखिन्छ- नक्कली कम्युनिष्ट नेताहरू खुश्चेभ र ब्रेजनेभको स्तालिनविरोधी दुस्प्रचार अब पूँजीवादी खेमाको ठेक्कामा गएको छ । स्तालिनविरोधी दुस्प्रचारको यो आँधीमा उहाँका कमी-कमजोरी र सबलताहरू छान्न निकै मुश्किल हुने देखिन्छ । आशा गरौं- स्तालिनको नाममा खुलेका पार्टी र मोर्चाहरू लगायत स्तालिनबारे सही ढंगले अनुसन्धान गरिरहेका बिद्वानहरूले यसबारे सत्य-तथ्य केलाउने जमर्को गर्नेछन् ! ❑

◀ जीवनको झाँकी

# संसदीय राजनीतिमाथि जनहस्तक्षेप

'हाम्रो विधानसभा घेराउ गरी छाड्छौं चाहे जेहोस् ! पुलिसको घेरा कसरी तोड्ने अनि तानाशाहहरुलाई कसरी उल्लु बनाउने भन्ने कुरा हाम्रा मानिसहरुलाई थाहा छ !'



*क. नागभूषण पटनायकका साथ कवि सर्वेश्वर दयाल सक्सेना, डी प्रेमपति, आनन्दस्वरूप वर्मा र प्रेमपतिकी छोरी लीना*

जेलबाट पेरोलमा रिहा भएपछि क. नागभूषण पटनायकको अधिकांश समय राजनीतिमै बितेको देखिन्छ । केही महिना अस्पतालको शैयामा बसी औषधोपचार गराई उनी राजनीतिमा हाम्फालेका थिए । उनी त्यस्तो राजनीतिमा हाम्फालेका थिए, जुन राजनीति दर्जनौंदर्जन गूट-उपगूटमा विभाजित थियो । ती गूट-उपगूटहरू विवाद र विद्वेषको भुमरीमा फँसिरहेका थिए, तिनीहरूबीच एकताको संभावना टाढाको क्षितिजमा समेत देखिएको थिएन । यस्तो स्थितिमा उनी नक्सलवादी आन्दोलनलाई एकीकृत गर्ने जोश र जाँगरका साथ क्रियाशील भएका थिए ।

एकीकृत भाकपा (माले)का संस्थापक सदस्यको नाताले उनले विभाजित भइरहेका नक्सलवादी गूट-उपगूटहरूलाई एकताबद्ध पार्ने उद्घोषणसाथ सक्दो प्रयास गरे । खराब स्वास्थ्यका बावजूद उनले सिंगै भारतको यात्रा गरे, धेरैजसो गूट-उपगूटका नेताहरूलाई भेटेर संवाद शुरू गरे । तर उनको भरमग्दूर प्रयासले सार्थक उपलब्धि हासिल गर्न सकेन ।

यसै सिलसिलामा क. विनोद मिश्रको नेतृत्वमा रहेको भाकपा (माले) लिवरेशन समूहसँग उनी निकै नजिकिए । त्यस समूहले उनलाई आफ्नो एकीकृत पार्टीको पहिलो पिँढीको नेतृत्वको रूपमा तथा पुरानो नेतृत्व र नयाँ पिँढीका कार्यकर्ताहरू बीचको एउटा जीवन्त सम्पर्क-सूत्रको रूपमा अँगाल्यो । त्यसपछि स्थायित्व प्राप्त गरिसकेको आफ्नो खराब स्वास्थ्यलाई पनि बेवास्ता गर्दै उनी पार्टी-एकता र नयाँ ढंगको संघर्षका कार्यक्रमहरू संचालनमा क्रियाशील भए ।

१९८४ मा कलकत्तामा भएको इण्डियन पिपुल्स फ्रन्ट (IPF) को दोस्रो सम्मेलनबाट अध्यक्ष पदमा छानिएका क. नागभूषणले जन राजनीतिक कारवाही र चुनावी संघर्षलाई नयाँ रूप र उँचाइ दिने दृढता प्रकट गरे ।

**नक्सलवादी आन्दोलनको राजनीतिमा यो एउटा अभूतपूर्व घटना सावित भयो, जुन संघर्ष गाउँका जमिन्दारहरूको अत्याचारविरूद्ध भइरहेको किसान संघर्षलाई सरकारविरोधी संघर्षमा बदल्ने एउटा नौलो उदाहरण थियो ।**

जनताका जल्दाबल्दा समस्याहरूमा संघर्ष उठाउने, विधानसभा र लोकसभा जस्ता संसदीय मंचमा पनि आवाज उठाउने नाराका साथ आईपीएफ ले क. नागभूषणको नेतृत्वमा १९८५ मा कैयौं राज्यहरूमा विधानसभाको चुनावमा भाग लियो । विहारको विधानसभाका ५० सीटहरूको चुनावमा भाग लिने आइपीएफले एउटै सीट जित्न नसके पनि त्यहाँको एउटा जन-शक्तिको रूपमा आफूलाई उभ्यायो । अनि किसानहरूको प्रतिरोध संघर्षको आधारमा संसदीय संघर्ष पनि संचालन गर्ने नीतिलाई बलियोसँग समात्यो । जनतासँग सम्पर्क गर्ने, चुनावमा भाग लिएर सरकारी प्रतिबन्धबाट बचाउने काममा सफलता प्राप्त गर्ने यो मोर्चाले संघर्षको क्रममा नयाँ पिँढीका नेताहरू जन्मायो, जो अहिले लिबरेशन समूहका महासचिव, पोलिटब्यूरो सदस्य र केन्द्रिय सदस्यसम्म भइरहेका छन् ।

### – हजारौं जनताद्वारा विधानसभा घेर्ने प्रयास

क. नागभूषणको नेतृत्वमा क्रियाशील आईपीएफले गरेका जनसंघर्षहरूमध्ये सबैभन्दा चर्चित र ठूलो संघर्ष हो- अरवल नरसंहार विरोधी संघर्ष ! विहारका तत्कालीन मुख्यमन्त्री जगन्नाथ मिश्रको विहार प्रेस बिल र टास्क फोर्स रणनीतिका विरूद्ध यसले अर्को नक्सलवादी समूह-पार्टी यूनिटीको मजदूर किसान संग्राम समितिसँग हातेमालो गरेर पटनामा हजारौंहजारको जुलूस र र्‍याली प्रदर्शन गरिसकेको थियो । त्यही सिलसिलालाई अगाडि बढाउने क्रममा आईपीएफले संग्राम समितिसँग मिलेर २१ अगस्ट १९८६ मा अरवल नरसंहारविरूद्ध ठूलो संघर्ष गरेको थियो । त्यसबेला विहार विधानसभा घेराउ गर्ने उद्देश्यसहित पटना आउन थालेका ६० हजार मानिसहरूलाई गिरफ्तार गरियो, तापनि नक्सलवादी नेता क. नागभूषणको नेतृत्वमा जुलूस भएरै छाड्यो । त्यसबेला उनले घोषणा गरेका थिए- 'हामी विधानसभा घेराउ गरी छाड्छौं, चाहे जेहोस् ! पुलिसको घेरा कसरी तोड्ने अनि तानाशाहहरूलाई कसरी उल्लु बनाउने भन्ने कुरा हाम्रा मानिसहरूलाई राम्ररी थाहा छ ।'

प्रहरी दमनका बावजूद पटनाका विभिन्न सडक-गल्लीहरूमा हजारौं मानिसहरूको सहभागितामा जुलूसहरू भए । विधानसभाभित्र पनि जोरदार हंगामा भयो । विपक्षीहरूको कडा विरोधका कारण विधान परिषदको कारवाही पनि स्थगित भयो । नक्सलवादी

**नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा**



# नागभूषणको पहिलो भाषण

जेलबाट रिहा भएपछि नागभूषण पहिलो पटक सन् १९८३ मा विहार गएका थिए । उनले आइपीएफद्वारा विहारको राजधानी पटनामा १९ नोभेम्वरका दिन आयोजित र्‍यालीलाई सम्वोधन गरेका थिए । जेलबाट रिहा भएपछिको उनको पहिलो सार्वजनिक भाषणको रुपमा चर्चित सो सम्वोधनमा उनले पुलिस र गुण्डाराज चलिरहेको विहारका जनताको संघर्षप्रति हार्दिक अभिवादन गरेका थिए ।

र्‍यालीलाई सम्वोधन गर्दै उनले भनेका थिए - 'आइपीएफको यो र्‍याली कुन अर्थमा विशिष्ट छ भने यस विराट र्‍याली र आमसभामा भाग लिने मानिसहरु रुपियाँ-पैसा दिएर वा ट्रकमा भरेर ल्याइएका होइनन्, जसरी इन्दिरा गान्धी र चरण सिंहका किसान र्‍यालीहरुमा मानिसहरु ल्याइन्छन्, जसरी अन्य पार्टीहरुद्वारा लोभ-लालच देखाएर मानिसहरु ल्याइन्छन् । बरु यसको ठीक उल्टो, यस र्‍यालीमा आएका मानिसहरु त एउटा लामो लडाइँ लड्ने संकल्पका साथ यहाँ जुटेका छन् । आइपीएफ र यसको यो र्‍याली कुन अर्थमा पनि विशिष्ट छ भने आजसम्म भारतको इतिहासमा कुनै पनि त्यस्तो मोर्चा बनेको छैन, जसमा किसान, मजदूर, विद्यार्थी, पत्रकार, बुद्धिजीवी, कलाकार र जनताका अन्य तप्काका मानिसहरु एउटै मंचमा उभिएका होउन्, हो यही विशेषताले यस आमसभामा भाग लिनका लागि आज मलाई तानेर ल्याएको हो ।'

उनले डा. जगन्नाथ मिश्रद्वारा विहारका जनतामाथि लादिएको कुख्यात प्रेस ऐनको विरुद्ध आइपीएफको अगुवाइमा १५ अक्टोबर, १९८२ मा पटनाका सडकहरुमा उत्रेका लाखौं किसान-मजदूरहरुको सफल संघर्षको सराहना गर्दै जनसंघर्षको लहर उठाउन आह्वान गरेका थिए ।

'दुई-तीन घण्टासम्म कुरा गर्ने चाहना हुँदाहुँदै पनि आफू अत्यन्त नराम्ररी थाकेको कुरा राख्दै उनले माफी मागे- 'अब म धेरै थाकें, तपाईहरु सबैप्रति म आभारी छु... मलाई माफ गर्नोस्, म थाकिसकेको छु .... म थाकिसकेको छु ...'

यति बोल्दाबोल्दै उनको भाषण टुंगियो । उनी थर्थर काँप्न थाले । अन्ततः मंच मै ठ्याप्प बसे, थकानले चूरचूर भइसकेका नागभूषणको त्यो पीडादायी दृष्य धेरैजसो प्रदर्शनकारीहरुले देखे ! ❑

मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । *यसै क्रममा गएको अंकमा रिहाइपछिको उनको क्रियाशीलता र इन्डियन पिपुल्स फ्रन्ट (IPF) को निर्माणसम्बन्धी रिपोर्ट पढ्नु भयो । यस अंकमा पढ्नु होस् उनको नेतृत्वमा IPF ले गरेका चुनावी र सडक संघर्षहरूको कथा*

- मूल्यांकन

आन्दोलनको राजनीतिमा यो एउटा अभूतपूर्व घटना सावित भयो, जुन संघर्ष गाउँका जमिन्दारहरूको अत्याचारविरुद्ध भइरहेको किसान संघर्षलाई सरकारविरोधी संघर्षमा बदल्ने एउटा नौलो उदाहरण थियो । पहिले पहिलेका संघर्षहरूको तुलनामा आईपीएफ र मजदूर-किसान संग्राम समिति आदिको यो संघर्ष किसानहरूको जुझारूपना र संसदीय राजनीतिमाथिको जनहस्तक्षेपको रूपमा पहिलो पटक स्पष्ट रूपमा देखा पर्‍यो ।

लिबरेशन समूहले यसलाई निकै सकारात्मक रूपले मूल्यांकन गर्‍यो- 'भारतका कम्युनिष्टहरूले संघर्षका सबै रूपहरू-कानूनी, गैरकानूनी, संसदीय र गैरसंसदीय सशस्त्र र जनसंघर्षका रूपहरू अप्नाउने क्रममा भएको यो पहिलो संघर्ष हो । उनीहरूले संघर्षको एउटा रूपलाई अर्कोको मातहतमा नराखीकनै ती दुवैलाई संयुक्त रूपमा संचालन गर्ने गंभीर प्रयास पनि गरेका छन् ।'

## *जन-संगठनहरू अलग्गिए !*

यसबीच आइपीएफभित्र र बाहिर चलेका विवादहरूमा क. नागभूषणले दुईवटा खेमामा वैचारिक संघर्षको नेतृत्व गरे । एकातिर उनीहरूले चुनावमा भाग लिएकै कारणले आइपीएफ पनि भाकपा-माकपा जस्तै संसदवादी भयो भन्ने नक्सलवादीहरूसँग संघर्ष चलाए, अर्कोतिर ग्रासरूट स्तरमा क्रियाशील मध्यवर्ती समूहहरूको चुनावी मोहसँग पनि उनीहरूले बहस-विवाद चलाए । लिबरेशन समूहसँग सम्वन्धित युवा नेताहरू आइपीएफको नेतृत्वमा आउन थालेपछि यसको स्वरूप र कार्य प्रणालीमा पनि काफी फेरबदल आयो; त्यसैले लिबरेशन समूहसँग नजीकका बाहेक अरू सबैजसो जनसंगठनहरू विस्तारै विस्तारै यसबाट हट्दै गए । १९८८ सम्म पुग्दा यसबाट विभिन्न रूपका क्रान्तिकारी, जनवादी र मध्यवर्ती शक्तिहरू हटिसकेका थिए । यस स्थितिमा लिबरेशन समूहले आत्मसमीक्षा गरेको थियो- 'केही व्यक्ति र शक्तिहरूप्रति गरिएको अनुचित व्यवहारका लागि हामी जिम्मेवार छौं । तर लोकायनका रजनी कोठारीद्वारा पेश गरिएको आइपीएफलाई ग्रासरूट शक्ति र संगठनहरूको महासंघ बनाउने प्रस्तावमा चर्किएको विरोध र विवादले ठूलो भूमिका खेल्यो ।'

आइपीएफलाई आफ्नो पकडको खुला मोर्चा बनाउने लिबरेशन समूहको सोचले गर्दा त्यसमा निकै ठूलो विघटन शुरू भयो । यसलाई रोकथाम गर्ने काममा न लिबरेशन समूहले सफलता पायो, न त क. नागभूषणले !

## *वाम-महासंघको नारा*

१९९८ को जनवरीमा भएको लिबरेशन समूहको चौथो महाधिवेशनले एकातिर क. नागभूषणलाई पार्टीको पोलिटब्यूरो सदस्यमा छान्यो भने अर्कोतिर भाकपा-माकपा जस्ता मुख्य धाराका वामपन्थी पार्टीहरूसँग पारस्परिक क्रिया गर्ने चाहना लिई 'वाम-जनवादी महासंघ' बनाउन आह्वान गर्‍यो ।

उता लिबरेशन समूहका

*अरवल नरसंहारको विरोधमा विहार विधान सभा घेराउ गर्दा क. नागभूषण पटनायक र उनका साथीहरूमाथि प्रहरीको प्रहार*



पोलिटब्यूरो सदस्य क. नागभूषणको अध्यक्षतामा क्रियाशील आइपीएफले पनि तेस्रो सम्मेलन गऱ्यो । बदलिँदो परिस्थितिमा लिबरेशन समूहले स्वयंलाई नक्सलवादी घेराभन्दा बाहिरको खुला राजनीतिमा ल्याउने र भाकपा-माकपाहरूसँग हातेमालो गर्ने निर्णयलाई नै यसले पनि अनुकरण गऱ्यो । यसले पनि आफूलाई मोर्चा होइन, पार्टी नै घोषणा गऱ्यो । अन्ततः यो भूमिगत भइरहेको लिबरेशन समूहको खुला पार्टीको रूपमा देखा पऱ्यो । यसले भाकपा-माकपा लगायतका वामपन्थी पार्टीहरूसँग लचिलो र बिस्तृत खालको महासंघ बनाउने प्रयास गऱ्यो ।

लिबरेशन समूह र आईपीएफका यी फैसलाहरू नक्सलवादी आन्दोलनका पुराना सबै मूल्य - मान्यताहरूभन्दा पृथक थिए । हिजोसम्म उनीहरूका लागि भाकपा-माकपाहरू अछूत जस्तै थिए ।

*लिबरेशन समूह र आईपीएफका यी फैसलाहरू नक्सलवादी आन्दोलनका पुराना सबै मूल्य -मान्यताहरूभन्दा पृथक थिए ।*

लिबरेशन र आइपीएफको शुरूवात नै यस्ता चुनावबाज पार्टीहरूसँग सम्पर्क नराख्ने र सम्बन्ध नगाँस्ने संकल्पका साथ भएको थियो, तर आज लिबरेशनको आँखामा 'सोशल डेमोक्रेट' ठहरिसकेका ती पार्टीहरूसँग ती दुवै पार्टीहरूले स्थायी मोर्चा कसेर अँगालो हाल्ने तरखर गरे । तर भाकपा र माकपा भने उनीहरूलाई राम्रो नजरले हेर्न समेत तयार भएनन्, मोर्चाबन्दी त टाढैको कुरा भयो !

## जन संघर्षको बलमा चुनावी जीत

१९८९ को संसदीय चुनावमा माकपा-भाकपाको नेतृत्वमा रहेको मुख्य धाराको वामपन्थी आन्दोलनले चुनावी संघर्षमा उत्रेको आइपीएफलाई पुरै बेवास्ता गऱ्यो । अन्ततः जनसंघर्षको बलमा र बूथ क्याप्चर गर्ने गुण्डाहरूलाई गोलीले भुटेर आइपीएफले भोजपुर जिल्लाको आरा नामक क्षेत्रबाट एकजना आफ्नो उम्मेदवारलाई जितायो । विहार प्रदेश किसान सभाका महासचिव रामेश्वरप्रसादलाई पहिलो नक्सलवादी सांसदको रूपमा लोकसभामा पठाउन सफल भएको आइपीएफको चुनावी क्रियाकलाप लिबरेशन समूहको लागि निकै उत्साहवर्द्धक भयो । धेरैजसो क्षेत्रमा तेस्रो र चौथो स्थान हासिल गर्न सफल यसका उम्मेदवारहरूले लाखौं भोट बटुले ।

लोकसभाको चुनावमा भएका राम्रा-नराम्रा पक्षहरूबाट पाठ सिक्दै १९९० को फेब्रुअरीमा भएको विहारको विधानसभाको चुनावमा आइपीएफले ठूलो सफलता प्राप्त गऱ्यो । एक्कैपटकमा ७ सीट जित्न सफल भएको आइपीएफले अन्य १४ सीटमा दोस्रो स्थान हासिल गऱ्यो । त्यस्तै आसाममा आफ्ना चार जना उमेदवारहरूलाई त्यहाँको विधानसभामा जिताउन यो सफल भयो ।

## 'जनताको सरकार बन्ने छ ?'

चुनावी सफलताले उत्साहित भएको आइपीएफले १० मार्च, १९८९ मा विहारको राजधानी पटनालाई रातो झण्डाले झिलिमिली पाऱ्यो । करीब एकलाख मानिसहरूको जुलुस र ऱ्यालीले पटनामा करीब चार घण्टासम्म ट्राफिक जाम गऱ्यो । आइपीएफको जुलुसमा मानिसहरूले आकाश थर्किने गरी नारा लगाए- 'भाकपा (माले) जिन्दावाद ! विनोद मिश्र जिन्दावाद !! चोरहरूको सरकार हट्नेछ - जनताको सरकार बन्नेछ !!!

गान्धी मैदानमा जम्मा भएका किसान मजदूरहरूको विशाल भीडलाई भाकपा (माले) लिबरेशन समूहका प्रवक्ता बृज विहारी पाण्डेले पनि सम्बोधन गरेका थिए । विनोद मिश्रले पनि खुलेआम रूपमा सम्बोधन गर्ने हल्लाले बजार गरम भएको थियो । र जुलूसलाई सम्बोधन गरेर छापिएको उनको पर्चा त्यहाँ बाँडिएको थियो, त्यसमा भनिएको थियो- 'पटनाको राजपथमा बीसौं हजारको संख्यामा बढिरहेका तपाईंहरूका पाईलाहरूले महसूस गराइरहेका छन्- विहारमा क्रान्तिकारी परिवर्तन ल्याउने तयारी शुरू भएको छ ।'

पर्चामा विनोद मिश्रले आइपीएफ, भाकपा र माकपा एक हुनुपर्ने सुझाव दिएका थिए । उनले आइपीएफले अख्तियार गरेको चुनावी रणनीति र सिद्धान्तप्रति लिबरेशन समूहको शतप्रतिशत समर्थन रहेको घोषणा पनि गरेका थिए ।

विशाल ऱ्यालीलाई सम्वोधन गर्दै 'आइपीएफका अध्यक्ष नागभूषणले भनेका थिए- आइपीएफ र लिबरेशन समूह एउटै मंच, एउटै मोर्चामा लामबद्ध हुनु भनेको ऐतिहासिक हो र अब हामी यो समाजलाई बदल्न सबै तहबाट संयुक्त रूपमा काम गर्ने छौं !'

◆ राजेन्द्र महर्जन



# घूस र चाकडी सिकाउने

"हे प्रभु ! दक्षिणकाली माई ! तिमीलाई बोको चढाउँला, मेरो काम फत्ते गरीदेऊ !"

"हे हजूर हाकिमसा'ब ! मेरो काम फत्ते गरीदिनुस्, म तपाईंलाई हेर्नेछु (अर्थात् म तपाईंलाई यति हजार रूपियाँ घूस खुवाउने छु) ।"

पाठकबृन्द ! माथिका दुई भनाइहरू "सर्व साधारण हुँ" भन्ने दुई नेपालीहरूले अभिब्यक्त गरेका भनाइहरू हुन् । एउटाले हात जोडेर काठमाडौंको दक्षिणकाली नामक प्रसिद्ध देवीको मन्दिरमा मूर्तिको अगाडि उभिएर माथिको पहिलो बाक्य बोलेको हो । अर्कोले कुनै सरकारी अफिसको हाकिमको घरमा उसका सामु हात जोडेर माथिको दोश्रो बाक्य बोलेको हो ।

यी दुवै बाक्यहरू भ्रष्टाचारलाई सटीक रूप्रमा ब्यक्त गर्ने बाक्यहरू हुन् ।

पहिलो बाक्यले हाम्रो समाजमा भ्रष्टाचारको परंपरालाई कसरी यहाँको धार्मिक कृयाकलापले पनि अँगालेको छ र बढावा दिएको छ भन्ने कुरालाई संकेत गरेको छ ।

"जगतपिता" भनिने वा "जगज्जननी" भनिने देउताहरू स्वयंले घूस खाने परंपरा हामीकहाँ बिद्यमान छ । तिनलाई स्वेच्छाले मानिसहरूले घूस खुवाउने परंपरा यहाँ बिद्यमान छ ।

जगतको 'पिता' वा 'माता' ले त जगतमा रहेका आफ्ना 'सन्तानहरू'बाट घूस नखाइकनै उनीहरूलाई न्याय दिलाउनु पर्ने हो नि !

तर यहाँ यस्ता तेत्तीसकोटी देवीदेउताहरू जनताका दिलदिमागमा बसेका छन्, जसले सित्तैंमा न्याय दिने गरेका छैनन् । जसले भाकल गऱ्यो, जसले ज्यादा दान दियो, उसको पक्षमा ती देवी देउताहरूले काम गरिदिन्छन् भन्ने जब्बर विश्वासको आधारमा हाम्रा अधिकांश जनताहरू बाँचीरहेछन् । केही पनि नचढाउनेहरूभन्दा फूलपाती मात्रै भएपनि चढाउनेहरूप्रति यहाँका देवीदेउताहरू बढी खुसी हुने भए । फूलपाती चढाउनेहरूभन्दा अण्डा चढाउनेहरूप्रति देवीदेउताहरू बढी खुसी हुने भए । यसैगरी, अण्डा चढाउनेहरू, बोका-थुमा चढाउनेहरू र राँगा-पाडा चढाउनेहरूप्रति उनीहरू बढी खुसी हुने भए । त्यस्तो महंगोभन्दा महंगो कुरा चढाउनेहरू ती 'भगवानहरू' का नजरमा बढी 'असल मान्छे' ठहरिने भए ।

के यो भनेको घूस खाने र घूस दिने दुवैथरि 'असल' ठहरिने विकृत सामाजिक मूल्य मान्यतालाई टेवा पुऱ्याउने प्रवृत्ति हैन ?

अवश्य नै यो त्यस्तै प्रवृत्ति हो, जो हाम्रो समाजमा परम्परागत रूपमा विद्यमान छ र जसले हाम्रो आधुनिक समाजमा पनि भ्रष्टाचारको संस्कृतिको पक्षमा टेवा दिइरहेको छ ।

खोज्दै जाने हो भने हामी हाम्रो समाजका धर्मभीरू परम्परा र चालचलनमा यस्ता उदाहरणहरू अरू पनि थुप्रै पाउन सक्छौं ।

❑ 'जसले भगवानको भजन ज्यादा गर्छ, त्यो भक्त असल मान्छे हो र त्यो भक्ति महान काम हो' भन्नु र 'जसले सामन्तको, हाकिमको, नेताको स्तुतिमा र चाकडीमा, धाउँछ, प्रशस्ति र प्रशंसा ज्यादा गर्छ, त्यो ब्यक्तिप्रति नै 'असल ब्यक्ति' हो र त्यो काम नै 'महान' काम हो' भन्नुमा तात्विक रूपमा के फरक छ र ?

❑ तथाकथित 'भगवानहरू' प्रतिको अन्धआस्था, अन्धश्रद्धा र अन्धभक्तिको परम्पराले यहाँका 'ठालू'हरूप्रतिको यस्तै अन्धआस्था, अन्धश्रद्धा र अन्धभक्तिको प्रवृत्तिलाई मलजल गरिरहेको छ ।

❑ समाजले घूसखोरी, चाकरी र चाप्लुसीजस्ता भ्रष्ट आचरणहरूप्रति सामाजिक रूपमा नै नकारात्मक व्यवहार गर्न थालेमा यी भ्रष्टाचारहरू ठूलो मात्रामा नियन्त्रित हुनेछन् । समाजविज्ञानले भ्रष्टाचारको अन्तिम र अचूक अस्त्र भनेको सामाजिक रूपले सचेत र सजग एवं आलोचनात्मक क्षमता भएको समाज निर्माण हुनुलाई नै मानेको छ । यस्तो सचेत, सजग एवं आलोचनात्मक क्षमताले युक्त मानिसहरू समाजमा धेरैभन्दा धेरै पैदा भएमा जनस्तरबाटै भ्रष्टाचार रोकिन्छ, यसविरूद्ध कारबाही हुन्छ, यसविरूद्ध सामाजिक विचारधारा

# हाम्रो धार्मिक परंपरा र धर्मको आडमा हुने हिनामिना

◆ चन्द्रदेव नेपाली



*'विश्वशान्ति र मानव मात्रको कल्याण'को कामनाको छातामुनि चन्दा र सहयोग उठाउँदा, जम्मा गर्दा धाँधली, खर्च गर्दा धाधली, हिसाब देखाउँदा धाँधली, धाधली नै धाँधली !*

निर्मित हुन्छ ।

यस्ता मानिसहरू पैदा हुनुमा हाम्रा धार्मिक मान्यता र परम्पराहरूमा रहेका 'घुस्याहा' एवं 'चाकरीवादी' मान्यताहरूले ठूलो अवरोध पैदा गर्दै आएका छन् ।

त्यसैले एउटा सही अर्थको भ्रष्टाचारविरोधी आन्दोलनले धर्मको नाममा स्थापित यस्ता मूल्य-मान्यताका विरूद्ध जुध्नुलाई पनि आफ्नो कामको अभिन्न अंग मान्नुपर्दछ । हैन भने यो आन्दोलन एकांगी हुनेछ, अपूरो हुनेछ ।

**हाम्रो** समाजमा धार्मिक कृत्य र धार्मिक मूल्य-मान्यतालाई प्रयोग गरी भ्रष्टाचारीहरूले आफूलाई चोखै जोगाउन अपनाउने गरेको एउटा चलाखीलाई पनि यहाँ चर्चा गर्नु म जरूरी ठान्दछु । यो 'चलाखी' हो- घूसखाने, चाकडी चुक्की गर्ने, सार्वजनिक संपत्ति हडप्ने, लुट्ने, व्यक्तिगत रूपमा पनि अर्काको श्रममाथि ठूलठूला लूटहरू मच्चाउने, अनि सबै कुराहरूलाई छोपछाप पार्ने 'ढाल'को रूपमा 'धर्म'लाई प्रयोग गर्ने चलाखी !

-घुस्याहा नेता वा कर्मचारी देशलाई कंगाल बनाउने गरी घूस र कमिशन खान्छ, रातारात लाखौं-करोडौं कमाउँछ । अनि समाजमा आफू साह्रै गन्हाएपछि ऊ आफ्नो घरमा भव्य रूपमा सप्ताह-पुराण लगाउँछ वा लाखबत्ती बाल्छ वा तीर्थ-व्रतको आयोजना गर्छ वा यस्तै यस्तै विशेष धार्मिक कर्मकाण्डहरू गर्छ । धर्मभीरू समाज उसको यो धार्मिक कर्मकाण्डप्रतिको लगाव देखेर उसलाई पहिलेभन्दा कम नकारात्मक रूपमा हेर्न थाल्छ । धर्मप्रतिको आफ्नो आस्थाको कारण समाज त्यो धर्म मानिदिने 'भ्रष्टाचारी' प्रति पनि 'नरम' रूपमा प्रस्तुत हुनथाल्छ ।

-यसरी सामाजिक अपराधलाई 'धार्मिक कर्मकाण्ड' को आवरणले छोप्ने अपराधीहरू र ती अपराधीहरूप्रति नरम रवैया अपनाउने जनसमुदायका कारण पनि हामीकहाँ भ्रष्टाचारले जरो गाड्ने 'सुनौलो अवसर' पाउँदै आएको छ ।

यहाँ निरपराध गाउँलेको घरबास उठिबास गराउने शोषक ठालूले गाउँको माझमा रहेको पुरानो देवीथानलाई पक्की र झकीझकाउ बनाई शिलालेखमा आफ्नो मृत बाबुको नाम अंकित गरेका घटनाहरू धेरै ठाउँमा घटित भएका छन् ।

-तस्करी गर्ने धनाढ्य व्यापारीले पशुपति मन्दिरमा विशाल खर्च गरी रूद्री लगाउने गरेको पनि पाइएका छन् ।

-कालोबजार गरी जनतालाई आपत्मा सताउने अपराधी व्यापारीले २४ घण्टे 'अहोरात्र' हरिनाम संकीर्तन यज्ञ' गरेका पनि यत्रतत्र पाइएका छन् ।

यी सबैमा आम जनताले ती गन्हाएका भ्रष्टहरूलाई ती ती धार्मिक भनिने कृत्यहरूको आडमा 'जय जय' गरेको, 'वाह वाह' गरेको हामीले देख्दै आएका छौं ।

-यो पाखण्ड र यो चलाखीको भण्डाफोर हुनु जरूरी छ । हैन भने भ्रष्टाचारविरूद्ध सामाजिक मूल्य-मान्यताको निर्माण हुन धेरै गाह्रो पर्ने देखिन्छ ।

**धर्मको** आडमा हुने गरेको भ्रष्टाचारको एउटा अर्को पाटो पनि छ । त्यो पाटो हो- विभिन्न धार्मिक कार्यक्रमहरू वा कर्मकाण्डहरूको आयोजना गर्ने र त्यसमा भ्रष्टाचार गर्ने प्रवृत्तिको पाटो । विश्वशान्ति वा मानव-कल्याण वा 'देशहित चिन्तन' आदिको नाममा कोटी होम, लक्ष्य होम वा अखण्ड कीर्तन वा विविध यज्ञयज्ञादिको यहाँ बारंबार विभिन्न आयोजनाहरू हुने गरेका छन् । धार्मिक विचार नै बोकेका मानिसहरूले गर्ने यस्ता कार्यक्रमहरू वा कामहरूमा बैज्ञानिक सोच बोक्ने हामीहरूको असहमति रहनुपर्छ । तर ती धार्मिक मान्छेहरूको आस्थामा हामीले चोट पुऱ्याउन सक्दैनौं, तिनलाई सुधारका निम्ति प्रेरित गर्न केही सकिएला, त्यो छुट्टै कुरा भयो । तर धर्मप्रति खासै आस्था नै नभएका मान्छेहरू पनि यस्ता कोटीहोम, लक्ष्यहोम प्रकारका कामहरूमा खुवै सक्रिय भएको हामी पाउँछौं । तिनको ठाडो उद्देश्य रहने गरेको छ- ती ती धार्मिक कामहरूको नाममा र निहुँमा पैसा तथा अन्नपातहरू उठाउने, जम्मा गर्ने अनि हिसाब किताबमा धाँधली गरी आफ्नो बन्दोबस्त गर्ने । यस्ता व्यक्ति र प्रवृत्तिहरूप्रति हाम्रो समाजका सचेत मानिसहरूको ध्यान राम्ररी जान सकेको छैन् ।

यस्ता व्यक्तिहरूलाई सजिलो के पर्दोरहेछ भने, धार्मिक अनुष्ठानको निम्ति पैसा र अन्य साधन उठाउने र खर्च गर्नेहरूप्रति धर्मभीरूहरूले औंलो ठड्याउने आँटै गर्दैनन् । आफूलाई धर्मको काम गर्ने मान्छे, अर्थात् 'पवित्र मान्छे' हुनुको छवि बाहिर प्रस्तुत गरेपछि पहिलो त धर्मभीरूहरूले आफूमाथि शंका नै नगर्ने भए । दोश्रो, शंका गर्नेहरूलाई मिथ्यांकहरू प्रस्तुत गरी मुख बुझो लगाउन सजिलो हुने भयो । 'विश्वशान्ति र मानव मात्रको कल्याण'को कामनाको छातामुनि चन्दा र सहयोग उठाउँदा, जम्मा गर्दा धाँधली, खर्च गर्दा धाधली, हिसाब देखाउँदा धाँधली, धाधली नै धाँधली ! दश लाख रूपियाँ उठेकोमा दुईलाख मात्र उठेको देखाई बाँकी आठलाख बीचैमा खानेहरू र दश मुरी अन्न उठाएर दुई मुरी अन्नको 'हवन' गरी बाँकी आठ मुरी अन्न आफूले खाने गरेको यस्ता 'धार्मिक ठेकेदारहरू'लाई हामीले शहर-शहरमा देख्न-पाउन सक्छौं ।


यसै क्रममा अहिले हाम्रो समाजभन्दा बाहिरी देशहरूबाट देशभित्र धर्म आयात गर्ने ठेकेदारहरूको पनि उल्लेख गर्नु जरूरी छ । साम्राज्यवादी स्वार्थका गोटी भई उनीहरूमध्ये कतिपय ब्यक्तिहरू ती ती धर्महरूमा यसकारण पनि लागेका छन्- त्यसरी लाग्दा प्रशस्त संपत्ति पाइन्छ र प्रशस्त संपत्ति हिनामिना गर्न पनि पाइन्छ ।

पछिल्लो चरणमा एकतर्फी विचार-विश्लेषण प्रवाहित गरेर कतिपय जादु एवं हातको सफाइ देखाएर तिनको आकर्षण र रहस्यको आडमा धर्मभीरू नवधनाढ्य र असचेत 'पठित' ब्यक्तिहरू समेतलाई आफूतिर तान्न सफल आधुनिक 'बाबाहरू', 'भगवानहरू', 'महर्षिहरू' र 'माताहरू'को संप्रदायमा लागेका कतिपय ठालुहरू ती ती संप्रदायमा संभवतः यस्तै भ्रष्टाचारहरू गर्नका लागि तिनमा सक्रिय भइरहेका छन् । यो कुरा उनीहरूको समग्र व्यवहारिक जीवनमा देखिने असामाजिकतापूर्ण र घोर व्यक्तिवादी स्वार्थी एवं अमानवीय व्यवहारहरूले पुष्टि गर्ने गरेका छन् । समाज, देश, जनता र संसारमा ब्याप्त यत्रो दुःख दर्द, शोषण दोहन, पीडा र संकटमा रत्तिभर पनि संवेदित नहुनेहरू एकाएक जब कुनै 'मानवकल्याण' को ब्यानरमुनिको "धार्मिक संप्रदाय"को संगठक बन्ने रूचि गर्छन्, तब उनीहरूप्रति शंका र प्रश्न उठ्नु स्वभाविकै हो ।

पाखण्डीहरूको व्यवहारमा र नियतमा भएको यो भ्रष्टाचारमुखी र भ्रष्टाचारप्रेरित यथार्थको भण्डाफोर हुनु पनि अत्यन्तै जरूरी छ । हैन भने जुनसुकै पनि भ्रष्टाचारविरोधी आन्दोलन वा प्रयत्न एकांगी हुन पुग्नेछ ।

अस्तु ! ❑

## रूपचन्द्र विष्टको अन्तिम अन्तर्वार्ताका अप्रकाशित र महत्वपूर्ण अंशहरू



# म बोली हान्दिने, माओवादी गोली हान्दिने !

'थाहा आन्दोलनका प्रणेता तथा राजनीतिज्ञ रूपचन्द्र विष्टको अन्तिम अन्तर्वार्ता साप्ताहिक जनएकतामा ०५६ जेठ २४ गते प्रकाशित भएको थियो । त्यही अन्तर्वार्ता नै रूपचन्द्र विष्टको अन्तिम अन्तर्वार्ता हुनेछ भनेर कसैलाई थाहा थिएन । जनएकतामा त्यस अन्तर्वार्ताका केही अंशहरू मात्र प्रकाशित भएको थियो । वार्ताकार पूर्ण बस्नेतको सौजन्यबाट प्राप्त रेकर्डबाट उतार गरेर उक्त अन्तर्वार्ताका अप्रकाशित र महत्वपूर्ण अंशहरू हामीले सामान्य सम्पादनसहित उपशीर्षकहरू अन्तर्गत यहाँ प्रस्तुत गरेका छौं ।-सं

### माओवादी समस्या र सरकार

अहिले यो कृष्णप्रसाद त्यस्तै प्रकारको हिन्दुस्तानी दलालै भन्नुपर्ने खालको 'नेपालको नदी साझा' भन्दिने नकच्चरो व्यक्ति प्रधानमन्त्री भएको छ । उसले त 'माओवादी समस्या राजनीतिक होइन, प्रहरी र सैनिकले सुल्झाउँछ' भनेको छ ।

यो राजनीतिक समस्या होइन भन्नासाथ उसको ठेगाना कहाँ पुग्यो ? विचार गर्ने कुरा छ । सैनिकको नाम लिनासाथ उसले राजीनामा दिएको वा बर्खास्तको निम्ति दर्खास्त हालेको बुझ्छु म ।

बिद्रोहकारी क्रान्तिकारी पनि कानूनको उल्लंघन गर्छन् । तिनीहरूमाथि सरकारका पदमा बस्नेहरूले कानूनअनुसार कार्यवाही गर्नुपर्दछ । गैरकानूनी प्रकारले प्रहरी संचालन गर्ने काम जनता र राजाले पनि सहेर बस्ने कुरा होइन । गैरकानूनी प्रकारले प्रहरीलाई नागरिक हत्यामा प्रयोग गर्ने, मान्छे मारेको मामिला अदालतमा लगेर प्रचलित कानूनअनुसार गर्नुपर्ने निर्णय गर्ने अदालतलाई सहयोग गर्नुपर्ने पुलिस आफैं हत्या गर्छ अनि हत्याको दोष मृतकलाई नै बोकाएर बसेको छ । त्यस्ता अपराधी काममा यो सरकार लागेको छ ।

राष्ट्रिय सेना मुलुकका नागरिकहरूको विरूद्धमा प्रयोग गर्ने भनेको गंभीर कुरा हो । माओवादीहरूले पनि सोच्ने कुरा हो- राष्ट्रिय सेनाविरूद्ध मोओवादी सेना, गोरिल्ला, जनयोद्धाहरू प्रयोग गर्ने भन्ने कुरा ठूलो कुरा हो । त्यसै नगरिनु पर्ने कुरा हो ।

जनताका हातमा परेका भोट जनताका शत्रुलाई जनताले दिए । जुन कुरो उनीहरूले थाहै पाएनन् । अन्याय, अत्याचार, भ्रष्टाचार, दमन शोषण सदर,अब अझ जे जे गर्छस् गर् भन्ने अर्थ लाग्नेगरी भोट दिएर एकपछि अर्कोपल्ट बर्बाद भए । यो उकुस-मुकुसमा अनेक संभावनाहरू आए । जसमध्ये- खास गरेर पश्चिम नेपालमा सरकारले वास्ता नगरेको, नेपालको भूभाग धेरै पश्चिममा, नेपालको जनसंख्या धेरै पश्चिममा, नेपालको विकासका निम्ति धेरै पूर्वाधार पश्चिममा तर त्यहींका जनता के खाउँ के लाउँको हालतमा पर्ने । नेपालको राजधानी पूर्वपट्टि ढल्केको, नेपालको राजनैतिक राजधानी लामो कालसम्म नै विराटनगर भने हुने भएको । अझै पनि त्यस्तो छ । यो परिस्थितिमा तिरस्कृत, दूर्दशामा परेका पश्चिमका कैयौं जिल्लाहरू माओवादी जनयुद्धको निम्ति अनुकूल पर्दै गए ।

एकातिर अपराधीको राज्य यहाँ बढ्दै गएको, जसका निम्ति मतदाताको मतको आडमा, पंचायतीकालमा यो राजालाई दोष दिन पाइन्थ्यो । अब त अपराधीहरू पनि मतदातालाई दोष दिने । यस भूमिकामा जनयुद्धको संभावनाका लागि त्यहाँ खाली ठाउँ थियो । उनीहरूले खाली ठाउँ भरे । मलाई चाहिं ज्यान अर्पण गरेर सिद्धान्तको निम्ति अगाडि बढ्ने खालका मान्छे गरीब र आइमाइहरू शहीदका शहीद भइरहेको सुन्दाखेरि असह्य भएको छ ।

### 'थाहा' विचार र अभियान

भइरहेका अन्य पार्टीहरू लुच्चा फटाहा र अल्मलिएका भैहाले । यो महाजनमुखी अभियान हो । महाजनमुखी अभियानले कति जनमत प्राप्त गर्नसक्छ हेर्दै जाउँ । यसले कुन रूपको पार्टीको रूप लिन्छ हेर्दै जाउँ । अहिलेसम्म पार्टीको रूप लिइसकेको छैन । मैले थाहा आन्दोलन, दर्शन आन्दोलन, मान्छे जगाउने आन्दोलन, ब्यूँझाउने आन्दोलन, मान्छेलाई उघ्रिनको निम्ति कोसिश गर्ने आन्दोलन अर्थात् Openess, Awareness, Experience together makes one Thaha in Nepali भनेको छु । उघ्रिनुपर्छ, बिउँझनु पर्छ, अनुभव गर्नुपर्छ अनि मिल्छ 'थाहा' । थाहाको निम्ति मनोभूमिका निष्पक्ष सक्रियताको अभ्यास सबैभन्दा महत्वपूर्ण हो ।

पक्षमा सक्रिय, विपक्षमा सक्रिय साह्रै दृष्टान्त लायकको जनावर कुकुर हो । निष्पक्षमा निष्क्रिय हुन्छ कुकुर । बहुत कम कुकुर बहुतै थोरै मात्रामा

निष्पक्षमा सक्रिय भएको देख्छु । अनि एउटा साधुले प्रवचन गरेको मलाई याद छ । उसले ईश्वरीय तत्व-अंग्रेजीमा बोलेको थियो- What is godness ? त्यसलाई ब्यक्त गर्नलाई उसले What is dogness ? भनेको थियो । पक्ष भन्ने विषयमा सक्रिय, निष्पक्षमा निष्कृय त्यो कुकुरको चरित्र हो । यदि कोही निष्पक्षमा सक्रिय भयो भने त्यो हो- Goodness । DOG र GOD ठीक उल्टो । पक्ष र विपक्षमा सक्रिय कुकुरको काम, निष्पिक्ष भैकन सक्रिय भयो भने दैविक काम । मान्छे कति कुकुर ? कति दैविक ? 'थाहा' निष्पक्ष भैकन सक्रिय हुने अभ्यास हो । गर्दै जान खोज्नुपर्छ । त्यो मज्जाको यात्रा हो, जो कोही गर्न सक्छ । तर स्वामी खातिरेहरू किन लेख्दै हिंड्दैनन् चीरगाथा ? किन गर्दैनन् अभ्यास यी ? यी चाहिँ एक अंगालो स्वास्नी, एक थाल भात, एक अंगालो लोग्ने एक थाल भात र कुखुराको भालेलाई गुरू थापेर बसे । अनि यी पशुहरूको निम्ति कसले प्रतिनिधि साधना गरिदिने ?

म चुनाव चुनावमा मात्रै किन आएको हुं भने चुनावमा मैले यहाँ आगो बालिरहन धेरै झंझट नपर्ने, डँढेलोमा मेरो चरू होम गर्दिए हुने । सजिलो । त्यसकारणले म आएको । चुनाव नभएको बेलामा पनि बोल्दै हिंड्नको निर्म्ति बढी खर्च पर्छ । फेरि चासो त्यति राख्छन् भन्ने छैन । र, नेपाल नेपालीबाट बेवारिस छ । देशलाई वास्ता गर्ने कोही छैन । मलाई चाहिँ अहिले आएर बहुसंख्यक बहुमत नेपाल अथवा नेपाली समाज सिङ्गै सप्रिनलाई, मानव समाज सिङ्गै सप्रिनलाई यहाँका बहुसंख्यक मान्छेको ध्यान चाहियो, ब्रहुसंख्यक बहुमते भए भने मूख्य क्रान्ति, पहिलो क्रान्तिको निम्ति अवश्यक भूमिका तयार हुन्छ भन्ने लागिरहेको छ । यो कुरा भन्दै हिंडियो । जम्मै समाज सपार्ने मतका मान्छे बहुसंख्यक भए समाज सप्रिन्छ । ती मान्छेहरू सभामा आउँदैनन् । पर्चा पढ्दैनन् । पत्रिका त झन् वास्तै गर्दैनन् । बहुसंख्यक मान्छे त्यस्तै छन् । जति चुनावको सन्दर्भमा आउँछन् तिनीहरूलाई भन्यो । मोहीको राजनीति ताल्सिङले गर्दिने कम्युनिष्ट पार्टी बनाएर हिंडेका छन् । जाली फटाहा कम्युनिष्ट पार्टी । त्यो पार्टीलाई गाली गर्ने अनि आफ्नो पार्टी चाहिँ खडा गरेर आइरहेको छैन । फसाद यही हो ।

## राजनीतिक दलहरू बारे

दलहरू आपसमा ऐक्यवद्धता भएका, आपसमा कैयन् मिल्दाजुल्दा राजनीतिक सिद्धान्त भएका, कति संझौताले जान सक्ने सम्वन्ध भएका इत्यादिहरू जब देखिन्छन् त्यहीअनुसार जानु पर्ने भैहाल्छ । तर नेपालमा भएका मान्छेमा चरित्रमै ठूलो गरीबी देखिन्छ । या त यी मतै नभएका छन्, पढेलेखेका मान्छेमा पनि स्पष्ट मत छैन । बल्लबल्ल यिनको कुनै खास मत विकास हुनलाई सहयोग गर्‍यो भने आफ्नै मतअनुसार यी आचरण गरिदिन्छन् । त्यसैले यिनीहरूको मत विकास हुनलाई के लेखिरहनु के गरिरहनु-समस्या छ । कतिन्जेलसम्म के आचरण गर्छ, कहिले के आचरण गर्छ, जवाफमा कुनै पद, पैसाको कुरा झिकिदिन्छ कि ! यसरी चरित्र नभएका, मतै नभएका, मतअनुसार आचरण गर्ने चरित्र नभएका, भए पनि चरित्रमा खास शक्ति नभएका अथवा चरित्रबल नभएका, लिने माग्ने कुराले ठगठाग पार्दिन सक्ने खालका मान्छेहरू नेपालमा छन् । त्यसकारण यिनीहरूका बीचमा दलहरूका परसम्म नजाने संभावना धेरै बलियो छ । लुच्चा फटाहाहरू मिलेर चोर डाँकाहरूले ठूलो दल बनाएर जनता झुक्याएर के के भनेर हुनसक्छ गर्दिने पाराहरू गर्छन् ।

*मोहीको राजनीति ताल्सिङले गर्दिने कम्युनिष्ट पार्टी बनाएर हिंडेका छन् । जाली फटाहा कम्युनिष्ट पार्टी ।*

## आफ्नै बारेमा केही कुरा

हाम्रो समाजमा जसको मति र गति उँधो लागेको छ त्यसले झूठ, बेठीक, ब्रदमास, चरित्रहीन, खराबैखराब मात्र देखेको-सुनेको, त्यस बीचमा कुनै एउटा फरक सत्य र ठीकमा ध्यान, सत्य र ठीकमा प्रेम भएको कोही एउटा भेट्यो भने त्यसलाई नसहेर- 'एक्लैले के गर्न सक्छ, एक्लो बीर, बदमासहरूको बीचमा एक्लोले के गर्न सक्छ ?' भनेर, एक्लो भनेर त्यो 'एक्लो' शब्द गालीको रूपमा प्रयोग गर्छ । जब कि शून्यबाट एक आउनु एकबाट जतिसुकै आउनुभन्दा पनि धेरै हो । एक आए पछि त अनेक आउन के बेर लाग्छ र ! तर उँधै गति उँधै मति भएकाहरूले अनेकबाट शुरू भएको खोज्छन्, जब कि शुरूको अंक एक हुन्छ । बुद्ध एक थिए । महात्मा गान्धी पनि एक थिए । माओत्सेतुङ्ग पनि एकै हुन् । लेनिन, मार्क्स पनि एकै । एउटै थिए नेपोलियन, एउटै थिए चार्ल्स डार्विन । सिग्मण्ड फ्रायड एउटै थिए । न्यूटन एक्लै थिए, सुकरात एउटै थिए । यस देशमा पृथ्वीनारायण शाह एउटै थिए । भीमसेन थापा जसले सेरिएर मर्नुपर्‍यो यस देशमा, उनी पनि एउटै थिए । लक्ष्मीप्रसाद देवकोटा एउटै थिए । त्यो एकलौटी मण्डलेतन्त्रमा जब महानिर्वाचन भयो त्यो महानिर्वाचनदेखि म पनि त्यस एकलौटी मण्डलेतन्त्रको सदनमा पुगें, त्यहाँ म एक्लै थिएँ । एक अवधि एकसय चौविस मनोनित, धाँधलित अनेकथरिका अलि अलि निर्वाचित भनाउँदा रापसहरूको माझमा म एक्लै थिएँ । कसरी त्यो एकलौटी मण्डलेतन्त्र जानुपर्दछ भनेर कराउँथें । बोल्दथें । भुच्चुक स्वाँठहरूले हेर्दा ध्यानमग्न मान्छे र निदाएको मान्छे उस्तै देख्छन् । ध्यान भनेकै निष्पक्ष सक्रियताको अभ्यासको नाउँ हो । म यान्त्रिक प्रकारले मार्क्स, एङ्गेल्स, लेनिन, माओत्सेतुङ्ग मान्ने मान्छे होइन । अब म शुरू भएँ । बुद्धका दर्शनहरू किन छोड्ने ? महात्मा गान्धीका अचम्मका दर्शनहरू किन छोड्ने ? पाएसम्म बाइबल, कुरान, हिन्दू दर्शनका कुराहरू किन छोड्ने ? अनि नेपालको परिस्थितिमा गर्नुपर्ने कामहरू गर्ने । मार्क्सवादी नै हूँ, कम्युनिष्ट नै हूँ भन्ने मात्रै होइन म । म त हातमा ठेला बसेका मान्छेले समाज सिङ्गैं राम्रो हुनुपर्‍यो भनेर कहिले सोच्छ ? त्यसका निम्ति उनीहरूलाई हैरान पार्दिने हुँ । म बोली हान्दिने,क माओवादीहरू गोली हान्दिने ।

सत्य कतिले बोले त्यो कुराभन्दा पनि सत्य के हो त्यो समाचार ठूलो कुरा हो । त्यसका विरूद्धमा लाग्ने फटाहाहरूको संख्या जति धेरै हुन्छ उति धेरै नै फटाहाहरू नास हुन्छन् । फाइदा यही हो ।

मलाई लाग्छ, मेरो जिन्दगीभरिमा मलाई लगभग पचासपटक चाहिं विष



नै खाइयो होला । मात्रा नपुगेर वा के के ताल भएर अनेक कारणले र पानी खूब खाइदिने अभ्यासले त्यो विषको असर पनि नपरेको होला । मकवानपुरबाट भर्खर काठमाडौंतिर आउँदाखेरि ०५१ सालतिरसम्म विहान ६ माना पानी खाएन भने दिउँसो ज्वरो आइहाल्थ्यो । दिउँसो कमसेकम ८/१० माना पानी खाएन भने बेलुका ज्वरो आइहाल्थ्यो । तर ५/६ महीना भएपछि त्यस्तो केही भएन । पहिला पहिला पनि लीलाराज विष्ट मार्काका अपराधीहरू मार्नैपर्छ भन्ने । लोकेन्द्र बहादुर प्रकारकाहरू 'कहाँ मार्नु, त्यो मान्छेलाई मार्नु हुन्छ र, हुँदैन' भन्ने । अनि बीचका खालका 'त्यो बहुलालाई के चलाइरहनु, छोड्दे' भन्ने । पछि एमालेका अपराधीहरू आए । "मार्नै पर्छ यसलाई, यसलाई नमारीकन त हामी कहाँबाट जित्छौं र, यसकै भोट खानुपर्छ" भनेर ठगठाग प्रकारले ती आएका थिए ।

## पहिले र अहिले

०३६ सालको आन्दोलनको कुरा गरौं । निर्दोष जुल्फीकार अली भुट्टोको हत्या गरियो जेलमा । भुट्टो जेलमै भएको बेलामा बाहिर कुनै हत्या भएको दोष उनलाई लगाएर त्यसबेलाको अपराधी जिया उल हक सैनिक शासकले भुट्टोको हत्या गर्‍यो । वैचारिक प्रकारले, राजनीतिक प्रकारले सामना गर्न नसक्ने भएर कुनै विदेशी शक्तिको आडमा शासन गरिरहेको जिया उल हकले विदेशीको इशारामा नै अपराधी प्रकारले नै भुट्टोको हत्या गर्‍यो । क्या बोल्थ्यो भुट्टो ! बाफ् रे !

हिन्दुस्तानले पूर्व पाकिस्तानमा सैनिक हमला गर्दा यु.एन.ओ. मा भुट्टोले बोलेको अभिव्यक्ति कस्तो रूपमा रहेको छ ! तर त्यो भुट्टोलाई त्यस्तै अभिव्यक्तिहरू इत्यादिका कारणले सिध्याए । भुट्टोलाई झूठ प्रकारले, नकच्चरो प्रकारले अपराधी हत्या गरे । त्यसको विरोधमा नेपालमा पनि ठूलो आन्दोलन भयो । त्यसबेला प्रहरीले विद्यार्थीमाथि यति कठोर लाठी चार्ज गर्‍यो- विद्यार्थीहरू रिसाए । झन् ठूलो आन्दोलन गरे । विद्यार्थीहरूलाई छानाबाट फालेर मार्दिने घटनासमेत गरे । अनि त्यत्रो आन्दोलन भयो । राजाले पनि अहिलेको गिरिजाको मित अपराधी प्रकारले दमन गर्न चाहिं रोक्यो ।

अहिले कांग्रेस-मण्डले, एमाले-मण्डले यिनीहरूविरुद्ध मान्छेहरू चुइँक्क बोल्न सक्दैनन् । मण्डलेहरू भकाभक् त्यहाँ भर्ना भइरहेका छन् । राप्रपा-मण्डले पनि आफ्नो ठाउँमा छँदैछ । तर पनि पुलिसै र मुद्दै चलाउने काम चाहिं केही कम भएको छ । उसबेलाको तुलनामा मान्छेहरू केही बोलिरहेका छन् । त्यसैगरी फटाहाहरू पनि जनताको विरूद्धमा अनेक पत्रिका चलाएर, अनेक भाषण गरेर, अनेक पदमा पुगेर आइलागेका छन् । अहिले अधिकार त बढेको छ, तर त्यसको दुरूपयोग भएको छ ।

पंचायतीकालमा यी क्षुब्ध स्वतन्त्र दलहरूको संभावना दबाए । त्यसकारणले मुलुकै अपराधीहरूले लुटे । अब बहुदलीय व्यवस्थामा मतदाताले प्रतिनिधिमा अधीन गर्न सकिरहेका छैनन् । दलका नेताहरूलाई अधीन गर्न त झन् सप्ठ्यारो पर्दैन । भोट दिएर पठाउने मतदाताले, अनि त्यसलाई संचालन गर्ने दल ,अथवा दलहरूले- यो त बहुला ताल भयो । काठीमा बस्ने एउटा, लगाम समाउने अर्को- यो बहुला ताल हो । यो बहुला तालमा स्वदेशी र विदेशी अपराधी दलहरूले तन्तनी लुटे । लुट्न दिनु भएन । त्यसकारणले व्यवस्था निर्दलीय, राजनीति बहुदलीय - यो हो महाजनमुखी अभियान ।

## ०४६ सालको आन्दोलनको एक पक्ष

यो देशलाई ऋण र सहयोग जुन राष्ट्रहरूले दिए, ती देशका पर्यटकहरू हाम्रो देशमा घुमेर 'यहाँ दिइएको ऋण र सहयोगले यहाँको देश र यहाँका जनतालाई छोएकै छैन । यही देशका अपराधी सरकार, दरबार, त्यही अपराधीहरूका तावेदारहरूले खाएका छन् । यहाँ ऋण सहयोग दिनु बेकार हो' भन्ने बुझदै थिए । दातृराष्ट्रहरूमा त्यस प्रकारको जनमत बनेको थियो । ती राष्ट्रका प्रमुख शासकहरूले यहाँका शासकहरूलाई- "हाम्रो ऋण सहयोग चाहिन्छ भने केही परिवर्तनको, प्रजातन्त्रको नाटक खेल है । नत्र पाउँदैनौ । हामी हाम्रा जनताका विरूद्धमा तिमीहरूलाई केही दिन सक्दैनौं" भनेका थिए । त्यसकारण के नाटक खेल्ने भन्ने सल्लाह भयो । राजा वीरेन्द्रलाई अमेरिकाले बोलायो, गणेशमानलाई पनि अमेरिकाले बोलायो । अमेरिकाले नेताहरूलाई भन्ने कुरा भनिसकेपछि वीरेन्द्र-गणेशमान वार्ता भयो । पौने दुई घण्टाको वार्तामा गणेशमानले राजदरवारमा खाना खानुभयो । यतिसम्म कुरा आयो । त्यसबेला के वार्ता भयो त भन्ने कुरा चाहिं अहिलेसम्म प्रतिवेदनमा आएको छैन । त्यो वार्ता त्यही नाटक खेल्ने वार्ता भएको थियो ।

गणेशमानजी अस्पतालमा हुनुहुन्थ्यो । उहाँको श्रीमती मंगलादेवी पनि थिइन् । त्यहीं रामचन्द्र पौडेल र विपीन कोइराला पनि थिए । त्यहीं मैले गणेशमानजीलाई भनिदिएको थिएँ :"तपाईंहरू दुईजनाको भेटबारे हामीलाई जहाँतहीं सोध्छन् । ठूलो प्रतिवेदन आएन । मान्छेको चासोको विषय भयो । 'थाहा छैन' भन्दा भन्दा थाकेपछि मैले 'उनीहरूको भेटको बारेमा यही हो' भनेर समाचार सुनाउन थालें । अनि अलि अलि समाचार सुनाउँदै गएपछि तपाईलाई पनि सुनाउन आएँ ।"

**यसमा दमन्न ढुंगानाहरू किन विरोध गर्दैनन् ? नरहरि आचार्यहरू, प्रदीप गिरिहरू जसको बेग्लै अस्तित्व छ- हिन्दुस्तानी तावेदारहरूको प्रतिस्पर्धामा यी देखिंदैनन् । तर नीच प्रतिस्पर्धीहरूका विरूद्धमा किन यिनीहरू केही गर्दैनन् ?**

त्यसो भनेर मैले गणेशमानजीलाई 'मानचा-वीरचा वार्ता' सुनाएँ ।

## मानचा-वीरचा वार्ता

मानचा गयो बीरचा भेट्न
वीरचा-मानचा वार्ता भयो
वीरचाले मानचालाई सोध्यो-
"एऽ मानचा ! के छ हालचाल देशको ?"
अनि मानचाले भन्यो-
"हेर वीरचा तिमी मण्डले नबन,
मण्डलेले त देशै खाइसक्यो
बरू काण्डले बन"

(यति भन्दा गणेशमानजी ओछ्यानमा उत्तानो परेर पल्टिरहनु भएको थियो, भुइँमा खुट्टा टेकेर हातले पेट थिचेर धुमधामसँग हाँस्न थाल्नुभयो । मंगलादेवी पनि त्यसरी हाँस्न थालिन् । अरूले त्यस्तै तमाशा हेरे । म मेरो कुरो भन्दै थिएँ ।)

अनि वीरचाले मानचालाई भन्यो-
"मैले कसैलाई समाउनु हुँदैन
कसैले मलाई समात्नु हुँदैन
कतै त्यस्तो देखियो भने
त्यो फुत्काइदिने विष्णुको कर्तव्य हो"
मानचा फर्क्यो यसो भन्दै-
"वीरचा पनि कैदी नै रहेछ
त्यसलाई मुक्त गर्न पनि गाह्रै छ"

त्यसपछि गणेशमानजी फेरि धूमधामसित हाँस्न थाल्नुभयो । भन्नुभयो : "मुक्त गरिहालियो भने पनि आफूलाई काम नलाग्ने ! छु येउ, छु येउ !"अनि 'राजासँग गणेशमानले गरेको कुरा यही हो' भन्ने ठोकुवा गरेर म फर्कें ।

अहिले गणेशमानजी र मंगलादेवी हुनुहुन्न । अरू दुइटा बाँचिरहेका मान्छे छन् । त्यहाँ आन्दोलन सम्बन्धी वार्ता यही भएको हो । आन्दोलनको नाटकीय नेतृत्व गणेशमानलाई के के न हो भनेर दिन्छन् । वि.सं. १९९८ सालको केही हो । २००७ सालको पनि नाटक हो । सबभन्दा नाटक त २०४६ सालको हो । तैपनि त्यो नाटकबाट केही परिवर्तन आउँदै थियो । एकलौटी मण्डले निर्दयी पंचायत व्यवस्थाभन्दा बहुदलीय व्यवस्थाले जनमुखी यात्रामा एक पाइलो थप्छ ।

## जति इन्साफ त्यति विकास

अगाडि जनमुखी राजनीति गरून्जेल हामी आफ्ना प्रवचन तुरदाखेरि 'जय अधिकार, जय विकास' भन्थ्यौं । जति अधिकार बढ्छ, त्यति नै विकास बढ्छ, जति विकास बढ्छ, त्यति अधिकार बढ्छ । अधिकार बढ्ने तर विकास नबढ्ने हो भने त्यो अधिकार नै होइन । विकास बढ्ने तर अधिकार नबढ्ने हो भने त्यो विकास नै होइन । विकास र अधिकार सँगसँगै बढ्ने भन्थ्यौं । अब त्यो भ्रमबाट हामी दूर भयौं । किनभने जनताको अधिकार केही बढेको थियो तर विकास बढेन । अधिकार दुरूपयोग भयो । अब हामी महाजनमुखी राजनीति अन्तरगत आफ्ना अभिव्यक्ति तुर्दाखेरि 'जय इन्साफ, जय विकास' भन्दैछौं । जति इन्साफ बढ्छ त्यति विकास बढ्छ ।

## राष्ट्रघाती अभ्यासहरू

केही राष्ट्रवादी स्वभाव भएको शेरबहादुर देउवाले- "नेपाल स्वतन्त्र देश हो । आफूलाई चाहिने हात हतियार कताबाट झिकाउने भन्ने कुरा उसको स्वतन्त्रताको कुरा हो " भने । सायद त्यसैले उनलाई पदबाट हटाइयो । अलिकति राष्ट्रवादी स्वभाव भएको प्रधानमन्त्री भयो भनेर उसलाई झार्नका निम्ति यति नकच्चरा अभ्यासहरू गरे, जुन सबैलाई थाहा छ । त्यसपछि अरू नालायकहरू, जनविरोधीहरू, नेपाल विरोधीहरू, नेपालका राष्ट्रघातीहरूलाई यिनीहरूले सत्तामा ल्याए, टिकाए, राखे । यसरी यिनीहरूका नीचतम् निकृष्टतम् तावेदारहरूलाई सत्तामा

राख्नका निम्ति दुर्व्यवहारहरू गर्ने गर्छन् । यसमा दमन ढुंगानाहरू किन विरोध गर्दैनन् ? नरहरि आचार्यहरू, प्रदीप गिरिहरू जसको बेग्लै अस्तित्व छ- हिन्दुस्तानी तावेदारहरूको प्रतिस्पर्धामा यी देखिंदैनन् । तर नीच प्रतिस्पर्धीहरूका विरूद्धमा किन यिनीहरू केही गर्दैनन् ? किनभने यिनीहरूले केही गरे भने गिरिजाको विरूद्धमा प्रखर भएर आउनुपर्छ । अनि राजाले निर्वाचित कांग्रेस सरकारलाई हटाएर ०१७ सालमा जुन प्रकारका कार्यवाही गरेका थिए त्यसबेलामा प्रतिपक्षका प्रमुख भरत समशेरले साथ दिएका थिए । त्यसबेलादेखि अनेकौं प्रकारका आर्थिक र दुनियाँ भरको सहयोगी भएको, सैनिक भएर कांग्रेसै भएर आइरहेको भरत समशेरलाई गिरिजाको विरोधी भयो भनेर सक्रिय सदस्यतासम्म नदिने नीच व्यवहार गर्नसक्छ कांग्रेसले । म किन कांग्रेसमा बेठीक व्यवहार भएकोमा विरोध गरेर बोलिरहेछु भने त्यो हाम्रो समकालीन, हाम्रो देशमा त्यसले गरेका कुकर्म र सुकर्मका प्रभाव हाम्रा जीवनमा पर्छन् । त्यो हाम्रो चासोको विषय हो । त्यसकारण म यस विषयमा विशेषै नियालेर हेरिराखेको छु ।

## मुक्ति मत चाहियो

शोषितले मुक्त हुनको निम्ति मत भएको हुनु पर्‍यो । त्यो मुक्तिमत चाहियो । यहाँ जनयुद्धबाट सरकार खडा गर्न के काम ? त्यो मुक्तिमत नालिस गरिदिने कुरा होइन । इन्जेक्सन गरेर हुल्दिने कुरा पनि होइन । शोषित मुक्त हुन खोजेको, के गरी मुक्त हुन्छ ? यो मत उसँग चाहियो । मुक्तिमत । अनि पहिलो क्रान्ति हुनुपर्‍यो यहाँ । पहिलो क्रान्ति नभई अर्को क्रान्ति कहीं हुँदैन, भयो भने पनि टिक्दैन । पहिलो क्रान्ति भनेको नारी दासत्व कसरी खत्तम हुनसक्छ ? यसमा नारीहरूको मत हुनुपर्‍यो । समाज सिङ्गैको संरचनालाई ध्यानमा राखेर नारीहरूले बोल्नु पर्‍यो । त्यस्तो विहंगमदृष्टि नारीहरूमा जगाउनु पर्‍यो । नारी हित र मुक्तिमत-मुख्य क्रान्ति ।

## अपराधीको जीत


दुरात्मा र महात्माका बीचमा जुन साधारण मान्छे हुन्छन् तिनीहरूले चोर, डाँका र किसान-मजदूरका बीचमा फरक देख्न सक्नुपर्छ । जब साधारण मान्छे किसान-मजदूर र चोर, डाँकाको बीचको फरकलाई देख्न सक्दैन अथवा देखेर पनि बेवास्ता गर्छ तब जनमतको युद्धमा पनि अपराधीले जीत जीत्छ । हाम्रो देशमा यही भइरहेको छ । ❑

# क्वार्क : पदार्थको प्राथमिक कण

**पदार्थको प्राथमिक कणः**

**पूर्वका दार्शनिकहरू र पश्चिमका वैज्ञानिकहरू के भन्छन् ?**

बस्तुहरू पदार्थ हुन्- निर्जीब होस् या सजीब । पदार्थबाट नै मान्छे, जनावर, बोटविरूवा, ढुङ्गा, माटो लगायत यो सम्पूर्ण पृथ्वीको रचना भएको छ । त्यस्तै पृथ्वी, चन्द्र, सूर्य र तारा लगायत सम्पूर्ण ब्रम्हाण्डको रचना नै पनि पदार्थबाट भएको छ । तर पदार्थ आफैं भने केबाट बन्यो ? यो प्रश्नको उत्तर मानव बिकासको क्रममा आधुनिक मानवको सभ्यताको शुरूवातदेखि नै मान्छेहरूले खोज्न थालेका हुन् । पूर्वीय दार्शनिकहरूले ईशापूर्व १६ औं शताब्दी अगाडिदेखि नै पदार्थको रचनाबारे आफ्ना धारणाहरू बनाउन थालेका हुन् । महर्षि बृहस्पतिले ईशापूर्व १६ औं शताब्दीमा पदार्थको रचना चार तत्वबाट भएको हो भने । उनको बिचारअनुसार ती चार तत्वहरू- पृथ्वी, जल, तेज र वायु हुन् । महर्षि बृहस्पतिले त्यो बिचार प्रख्यात प्राचीन पूर्वेली दर्शन चार्वाक वा लोकायत दर्शनमा व्यक्त गरेका हुन् । पछि ईशापूर्व छैठौं शताब्दीमा आएर महर्षि बृहस्पतिको त्यो दर्शनलाई अर्का दार्शनिक अजित केशकम्वलले अझ विकसित ढंगले ब्याख्या गरे ।




*एउटा परमाणु भित्र न्यूट्रोन, प्रोटोन र क्वार्क । परमाणुको न्युक्लेसभित्र न्यूट्रोन र प्रोटोन रहेका हुन्छन् भने तिनीहरु दुवै पनि क्वार्क कणहरुबाट बनेका हुन्छन् ।*

पदार्थको रचनाबारे ब्याख्या गर्ने अर्को प्राचीन पूर्वेली दर्शन 'न्याय वैशेषिक' दर्शन हो । त्यस दर्शन अनुसार ब्रम्हाण्डमा विद्यमान सजीव या निर्जीव सबै बस्तुहरू पाँच तत्वहरूबाट बनेका हुन् । ती पाँच तत्वहरू आकाश, पृथ्वी, अग्नि, जल र वायु हुन् । ईशापूर्व छैठौं शताब्दी (२६०० वर्ष अगाडि) मा यस 'न्याय वैशेषिक' दर्शनको व्याख्या पूर्वेली दार्शनिक कणादले गरेका हुन् । पछि यो दर्शनलाई अर्का पूर्वेली दार्शनिक गौतमले पनि ब्याख्या विश्लेषण गरेका छन् ।

दार्शनिक कणादले आफ्नो 'वैशेषिक दर्शन' नामको ग्रन्थमा केही वैशेषिक सूत्रहरूको कल्पना गरेका थिए । उनका अनुसार ब्रम्हाण्डमा सबै बस्तुहरू अत्यन्तै साना साना कणहरू मिलेर बनेका हुन्छन् । पदार्थलाई साना साना टुक्राहरूमा टुक्रा गर्दै जाँदा पुनः बिभाजित हुन नसक्ने कणसम्म हामी पुग्न सक्छौं । पुनः बिभाजित नहुने ती साना सूक्ष्म कणहरूबाट नै पदार्थको रचना भएको छ । ती कणहरूलाई कणादले परमाणु भनी नाम दिए ।

ईशापूर्व पाँचौ र चौथो शताब्दीमा आएर यूनानी दार्शनिकहरू ल्यूसीपस र डेमोक्रिट्सले पनि परमाणु सम्वन्धी पूर्वेली दार्शनिक कणादको बिचारसँग मिल्दोजुल्दो धारणा अगाडि ल्याए ।

तर इतिहासमा ईशापूर्व सोह्रौं शताब्दीदेखि चौथो शताब्दीसम्मको समयमा बृहस्पतिदेखि डेमोक्रिट्ससम्मले पदार्थको रचनाबारे आ-आफ्ना विभिन्न बिचारहरू व्यक्त गर्दै आए पनि उन्नाइसौं शताब्दीको शुरूकालमा आएर मात्र रसायनशास्त्र सम्वन्धी प्रसिद्ध बैज्ञानिक जोन डाल्टनले यस सम्वन्धमा पहिलो पटक बैज्ञानिक ढंगले सिद्धान्त प्रतिपादन गरे । उनले सन् १८०८ मा पहिलो पटक परमाणु सम्वन्धी बैज्ञानिक सिद्धान्त प्रतिपादन गरे । बैज्ञानिक डाल्टनले रासायनिक क्रियाहरूको अध्ययन गरेर तत्वहरू एक खास अनुपातमा मात्र परस्पर प्रतिक्रिया गर्न पुग्छन् भन्ने तथ्य पत्ता लगाए । यस तथ्यअनुसार नै उनले निश्कर्ष निकाले कि सबै तत्वहरू एटम अर्थात् परमाणु नामधारी अति सूक्ष्म कणहरूबाट बनेका हुन्छन् जुन कणहरू पुनः विभाजित या खंडित हुन सक्दैनन् ।

बैज्ञानिक डाल्टनको परमाणु सम्वन्धी सिद्धान्त अर्थात् पदार्थको अविभाज्य कण वा प्राथमिक कण परमाणु हो भन्ने बिचार उन्नाइसौं शताब्दीको अन्तसम्म सबैले मान्दै आए । तर सन् १८९७ मा अर्का बैज्ञानिक जे. जे. थोम्सनले एक प्रयोगमार्फत् बैज्ञानिक डाल्टनको बिचार अपूर्ण भएको प्रमाणित गरिदिए । उनले प्रयोगशालामा एक 'भ्याकूम नली' (हावा झिकिएको खाली नली) भित्र 'क्याथोड रे' नामको एक किरण उत्पादन गरी त्यसको आवेश (विद्युत चार्ज) र पिण्डमात्रा (द्रव्यमान) को अनुपात सफलतापूर्वक निकाले । त्यस प्रयोगबाट बैज्ञानिक थोम्सनले क्याथोड किरण अरू केही नभई ऋणात्मक आवेशयुक्त कणहरूको प्रवाह हो भनी पत्तालगाए । उनले त्यस ऋणात्मक आवेशयुक्त कणलाई इलेक्ट्रोन भनी नाम दिए । उनको प्रयोगबाट पदार्थको सबभन्दा सानो कण परमाणु नभई परमाणुभित्र पनि इलेक्ट्रोन जस्तो सूक्ष्म कण रहेको हुन्छ भन्ने सिद्ध भयो ।

> *पदार्थबाट नै मान्छे, बोटविरूवा, ढुङ्गा, माटो लगायत यो सम्पूर्ण पृथ्वीको रचना भएको छ । तर पदार्थ आफैं भने केबाट बन्यो ?*

त्यस्तै गरी सन् १९१९ मा अर्का बैज्ञानिक रदरफोर्डले परमाणुभित्र फेरि अर्को नयाँ धनात्मक आवेशयुक्त सूक्ष्म कण पनि पत्ता लगाए । उनले त्यसलाई प्रोटोन भनी नाम दिए । बैज्ञानिक रदरफोर्डले सुनका परमाणुहरूद्वारा अल्फा कणहरूको फैलावटको माध्यमबाट धनात्मक आवेशयुक्त प्रोटोन परमाणुको केन्द्रमा

रहने र त्यसको वरपर ग्रहहरूले सूर्यलाई परिक्रमा गरिरहेजस्तै इलेक्ट्रोनहरूले परमाणुको केन्द्रलाई घुमिरहने कुरा प्रयोगद्वारा प्रमाणित गरिदिए । उनले परमाणुको केन्द्र अर्थात् नाभिकमा रहने त्यो नाभिकीय कण प्रोटोन इलेक्ट्रोनभन्दा १८४० गुणा गह्रौं हुने कुरा पनि पत्ता लगाए ।

सन् १९३२ मा अर्का बैज्ञानिक चैडविकले परमाणुको केन्द्रमा अर्को नाभिकीय कण पनि पत्ता लगाए । आवेशशून्य त्यस कणलाई उनले न्यूट्रोन भनी नामाकरण गरे । न्यूट्रोन प्रोटोन जतिकै गह्रौं हुन्छ ।

परमाणु भित्रका इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन नै मूल कण अर्थात् प्राथमिक कणका रूपमा धेरै समयसम्म सबैले मान्दै आए ।

तर सन् १९२८ मा नै अर्का बैज्ञानिक पी.ए.एम. डिराकले प्रतिकणको अस्तित्वको बिचार ल्याई परमाणुभित्र अन्य थुप्रै कणहरू पनि हुनसक्ने संकेत दिए । उनले इलेक्ट्रोनको प्रतिकणको रूपमा प्रोजिट्रोन नामक कणको अस्तित्व रहन सक्ने कुरालाई सैद्धान्तिक तहमा पुष्टि गरिदिए । नभन्दै सन् १९३२ मा बैज्ञानिक सी.डी. एण्डरसनले प्रोजिट्रोनको अस्तित्व भएको पुष्टि गरे, अर्थात् उनले परमाणुभित्र इलेक्ट्रोनको प्रतिकणको रूपमा प्रोजिट्रोन रहेको तथ्य पत्ता लगाए ।

बैज्ञानिकहरूले पछि परमाणुभित्र इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन बाहेक न्यूट्रिनो, प्रतिप्रोटोन, फोटोन, प्रतिन्यूट्रोन, म्यूओन, मेसोन लगायत अन्य थुप्रै कणहरू भएको तथ्य पत्ता लगाए । उनीहरूले आज परमाणुभित्रका लगभग हरेक कणको प्रतिकण हुने कुरा पनि पत्ता लगाएका छन् ।


परमाणुभित्रका कणहरूलाई बैज्ञानिकहरूले लेप्टन र हेड्रोन नामक दुई समूहहरूमा वर्गीकरण गरेका छन् । इलेक्ट्रोन, म्यूओन र न्यूट्रिनो जस्ता हल्का कणहरू लेप्टन वर्गमा पर्दछन् । गह्रौं कणहरूलाई हेड्रोन समूहमा राखिएका छन् । हेड्रोन समूहलाई पनि बेरियोन, मेसोन र न्यूक्ल्योन उप समूहहरूमा वर्गीकृत गरिएका छन् । परमाणुको केन्द्रमा रहेका प्रोटोन र न्यूट्रोन कणहरू न्यूक्ल्योन उपसमूहमा पर्छन । मेसोन उपसमूहमा ऐता-कण, कायोन र पियोन कणहरू रहेका छन् । बेरियोन उपसमूहमा पर्ने खास किसिमका कणहरूलाई हाइपरोन नाम दिइएको छ ।

सन् १९६४ मा बैज्ञानिकहरू मुरे गेलमन र जर्ज ज्वेइगले परमाणुभित्रका कणहरूको सम्बन्धमा सैद्धान्तिक स्तरको 'क्वार्क मोडेल'लाई प्रस्तावित गरे । यो मोडेलअनुसार हेड्रोन समूहमा पर्ने सबै कणहरू क्वार्क कणहरूबाट बनेका हुन्छन् । ती क्वार्क कणहरूमा अन्य कणहरूमा जस्तै पूर्ण आवेश हुँदैन । बैज्ञानिकहरू गेलमन र जर्ज ज्वेइगका अनुसार क्वार्क कणहरूमा इलेक्ट्रोन या प्रोटोनको आवेशको + २/३ या - १/३ आवेश रहेको हुन्छ । यी अपूर्ण आवेशका विपरित आवेशयुक्त क्वार्कलाई प्रतिक्वार्क भनिन्छ ।

बैज्ञानिकहरू गेलमन र जर्ज ज्वेइगको क्वार्क मोडेल सिद्धान्तलाई सन् १९६७ मा अमेरिकी बैज्ञानिकहरू जेरोम फ्रीड्म्यान, हेनरी केंडेल र रिचर्ड टेलरले संयुक्त रूपमा प्रयोगद्वारा प्रमाणित गरिदिए । प्रयोगको क्रममा उनीहरूले क्यालिफोर्नियाको 'स्ट्यानफोर्ड लीनियर एक्सीलरेटर सेन्टर'मा ३ किलोमिटर लामो

*सन् १९६४ मा बैज्ञानिकहरू मुरे गेलमन र जर्ज ज्वेइगले परमाणु भित्रका कणहरूका सम्बन्धमा सैद्धान्तिक स्तरको 'क्वार्क मोडेल'लाई प्रस्तावित गरे ।*


वैज्ञानिकहरू मुरे गेलमन र बर्टन रिचर




## एक्सीलरेटरको रेखाचित्र

*एक्सीलरेटरबाट निर्मित हुने कण, यिनीहरु मध्ये ठूलो कण न्यूट्रोनको भित्री संरचना यहाँ देखाउँन खोजिएको छ । न्यूट्रोन तीन क्वार्क कणहरु मिलेर बनेको छ । यी तीन क्वार्क कणहरु परिकल्पित ग्लुओन नामको बल कणहरुद्वारा जोडिएका छन् ।*

एक्सीलरेटर (आवेशयुक्त कणहरू जस्तो कि प्रोटोन, इलेक्ट्रोन आदिलाई विद्युतीय क्षेत्रमा राखी तिनीहरूको गतिशक्ति बढाउने एक यन्त्र)मा २० अरब इलेक्ट्रोन भोल्ट ऊर्जायुक्त इलेक्ट्रोनहरूको परीक्षण गरे । त्यस परीक्षणमा उनीहरूले केही इलेक्ट्रोनहरू अस्वभाविक ढंगले विभिन्न दिशामा छरिएर गएको पाए । यो परिणामबाट ती बैज्ञानिकहरूले परमाणुको केन्द्रमा रहेको प्रोटोन अरू नै केही सूक्ष्म कणहरूबाट निर्मित भएको छ भन्ने कुराको घोषणा गरे । उनीहरूले प्रोटोनभित्रका ती सूक्ष्म कणहरूलाई पार्टोन भनी नाम दिए । वास्तवमा ती पार्टोन कणहरू गेलमन र जर्ज ज्वेइगले प्रस्तावित गरेका क्वार्क सूक्ष्म कणहरू नै हुन् । यसरी क्वार्क मोडेलको पुष्टि यसलाई प्रस्तावित गरिएको तीन वर्षपछि नै हुनपुग्यो ।

गेलमनले आफ्नो मोडेलमा तीन किसिमका क्वार्क कणहरू प्रस्तावित गरेका थिए । तिनीहरू अप, डाउन र स्ट्रेन्ज हुन् । उनको मोडेलअनुसार बेरियोन कणहरू तीनवटा क्वार्कहरू र मेसोन कणहरू एक क्वार्क र एक प्रतिक्वार्कबाट बनेका हुन्छन् । प्रोटोन र न्यूट्रोन केवल अप र डाउन क्वार्कहरूले मात्र बनेका हुन्छन् । प्रोटोन दुई अप र एक डाउन अनि न्यूट्रोन दुई डाउन र एक अप क्वार्कबाट बनेको हुन्छ ।

त्यस्तैगरी गेलमेनको मोडेल अनुसार ल्याम्बडा हाइपरोन नामका बेरियोन कणहरू तीनै क्वार्कहरू अप, डाउन र स्ट्रेन्जबाट बनेका हुन्छन् ।

क्वार्क कणहरूको सन्दर्भमा बैज्ञानिकहरू बर्टन रिचर तथा स्यामुअल टिंगको नेतृत्वमा रहेका दुई बैज्ञानिक समूहहरूले चौथो र पाँचौं प्रकारका क्वार्क कणहरू पनि पत्तालगाएका छन् । त्यस्तै गरी क्वार्क कणहरू पत्तालगाउने क्रममा चार वर्ष पहिले मात्रै अर्को छैठौं प्रकारको क्वार्क कण पनि बैज्ञानिकहरूले पत्तालगाएका छन् । त्यसलाई टप क्वार्क भनी नामाकरण गरिएको छ । यसरी बैज्ञानिकहरूले अहिले पदार्थको प्राथमिक कणको रूपमा क्वार्क कणलाई लिन थालेका छन् । तर उनीहरू क्वार्क कणमै अड्न भने अझै रूचाएका छैनन् । उनीहरूले अहिले क्वार्कभित्र पनि प्रोटोक्वार्क (प्रिओन) नामका अन्य कणहरूको परिकल्पना गर्न थालेका छन् । यसबाट क्वार्क नै पदार्थको अन्तिम अविभाज्य वा प्राथमिक कण हो भन्ने कुरामा फेरि अर्को प्रश्न ठडिन आएको छ । ❑

– तुल्सीदास महर्जन

*सन्दर्भ सामग्रीहरू : ◆ बिज्ञान प्रगति जून १९९५ ◆ Indian Philosophy - Debi Prasad chattopadhyaya ◆ Quari particales - Mir Publishers, Moscow*

# सडकमा कमरेड

◆ विमल निभा


व्यंग्यकार




कमरेडलाई सडकमा देखेर म दङ्ग परें । एक छिनसम्म विश्वास नै लागेन । दुवै आँखा मिचेर हेरें । कमरेड नै हुन् । हो, शत-प्रतिशत कमरेड । शंकाको कुनै ठाउँ छैन । अतः नजिक गएर मैले भनें, "अभिवादन कमरेड ।"

"अभिवादन ।" उनले मसँग हात मिलाए ।

"तपाई सडकमा ?" मैले सोधें "के कति कारणले सडकमा आउनु-भयो ?"

"किन, मैले सडकमा टेक्नु हुँदैन ?" उनले आँखा तरे ।

"होइन, धेरै समयपछि सडकमा देखेकोले यसो सोध्न मन लाग्यो । अरू कुनै कारण छैन कमरेड ।" म हडबडाएँ ।

"कहिलेकाँही म सडकमा आउँछु । हामी सबै आउँछौं । तर तपाईले देख्नुभएन । त्यसैले यस्तो प्रश्न गर्नु पर्‍यो । हामी सडकबाट पर छैनौं । नबुभ्रेर त्यसै केही भन्नु हुन्न ।"

"के लुकेर सडकमा आउनु हुन्थ्यो कमरेड ?"

"किन लुक्नु पर्‍यो ?" कमरेड रिसाए ।

"होइन, देखानपरेकोले सोधेको ।"

"केही दिन अघि पनि म सडकमा आएको थिएँ । हामी सडकमा बराबर आइरहन्छौं । कतिले देखेका छन् ।" उनले भने, "अब तपाईंले देख्नुभएन भने यसमा मेरो के दोष ?"

"ककसले देखे कमरेड ?"

"किन चाहियो ?"

"उत्सुकतावश सोधेको मात्र हुँ । अन्यथा नलिनोस् ।"

"विशालबजारका साहुकारहरूले देखेका छन् । बैंकका कर्मचारीहरूले देखेका छन् । नयाँ सडकमा भद्र भलादमीहरूले पनि देखेको हुनुपर्छ । नपत्याए सोधी हेर्नोस् । सत्य लुक्दैन, बुभ्नुभयो ?" उनले आँखी भौं टेढो पारे ।

"अन्य जनताहरूले देखेनन् ?" मैले बिस्तारै सोधें ।

"कस्तो जनता ? केको जनता ? जनता भनेर के भन्न खोज्नुभएको ? सबै जनता हुन् । को जनता होइन ? के तपाईंहरूले मात्र जनताको ठेक्का लिनुभएको छ ? अरूहरू जनता होइनन् ? म जनता होइन ?" रोषको आधिक्यले कमरेडको मुखबाट फिंज निस्कन थाल्यो ।

"होइन, होइन कमरेड, मेरो सोधाईको यस्तो आशय होइन । कृपया नरिसाउनोस् । म आफ्नो तमाम शब्द फिर्ता लिन्छु ।"

"तपाईंहरू के ठान्नुहुन्छ ? हामी पनि सडकमा आउन सक्छौं । आइरहेका पनि छौं । के सडक तपाईंहरूको मात्र हो ? सडक हाम्रो पनि हो । हामी सडकमा आउँछौं । जब मुड हुन्छ, आउँछौं । सडकमा आउन सबै स्वतन्त्र छन् । हामी किन नआउने ?"

"त्यसो भए सडकमा स्वागत छ कमरेड !" मैले भनें ।

"धन्यवाद !" उनले मुख बंग्याए ।

"तर तपाईहरू त धेरैजसो संसदको कुरा गर्नुहुन्छ ?" मैले स्मरण गराएँ ।

"त्यो त हो ।" उनी प्रशन्न भए, "संसद हामीलाई मन पर्छ । राम्रो ठाउँ हो । त्यसैले कसैले पनि संसदको विरोध गरेको हामी सहन सक्दैनौं । हामी कट्टर प्रजातन्त्रप्रेमी हौं । संसद विरोधीहरूलाई हामी सखाप पारिदिनेछौं ।"

"संसदबाट एक्कासि सडकमा किन त ?"

कमरेड हलुका ढंगले मुस्कुराए । केही भनेनन् ।

"के संसद अहिले बन्द छ ?" मैले भनें ।

"हाम्रो पार्टीले सडकमा आउने निर्णय गरेको छ । पोलिटब्यूरोबाट सर्वसम्मतिले पास भइसकेको छ । वर्षमा एक-दुई पटक सडकमा आउनुपर्छ । हाम्रो महासचीवज्यूले यसमा विशेष जोड दिनुभएको छ । सडकमा पनि देखिनु पर्छ । त्यसैले हामी सडकमा पनि आउँछौं । यसो सडकमा पाइला टेकेर के फरक पर्छ ?" उनले आँखा भिम्क्याए ।

"अरूहरू भैं महंगीको विरोध गर्न सडकमा आउनु भएको हो कमरेड ?" मैले सोधें ।

"के हो यो महंगी भनेको ? जे भए पनि हामीले त्यसको विरोध किन गर्ने ? अब हामी विरोध, आन्दोलन, संघर्ष, क्रान्ति जस्ता केटाकेटी कुराहरूभन्दा धेरै अघि बढिसकेका छौं । हाम्रो पार्टी यस्तोमा विश्वास गर्दैन । हाम्रा नेताहरू आधुनिक विचारका हुनुहुन्छ ।"

"कस्तो आधुनिक विचार कमरेड ?"

"तपाई हाम्रो पार्टीको साहित्य पढ्नु हुन्न ?"केही बेर पश्चात् उनले सल्लाह दिए, "हाम्रा साप्ताहिकहरू नियमित पढ्नुहोस् । सबै छर्लङ्ग हुन्छ ।"

मैले स्वीकृतिसूचक टाउको हल्लाएँ ।

"हामी संसदमा मात्र होइन सडकमा पनि छौं । हुन त संसद हामीलाई धेरै प्रिय लाग्छ । तर सडकमा आएर के हुन्छ ? कहिलेकाँही सडकमा आउनु नराम्रो पनि होइन । एउटा चेन्जको फिलिङ्ग हुन्छ । त्यसैले आज म यो सडकमा आएको हुँ । बडो मजा लागिरहेछ । हामी सडकको पनि आनन्द लिन्छौं ।"

"अरू कमरेडहरू खोई त ?"

"सबै कुनै न कुनै सडकमा होलान् । आज एक दिनको लागि हामी सडकमै छौं । नेताहरू पनि सडकमै रहनुहुन्छ । सबैले आ-आफ्नो सुविधाको सडक रोजेका छन् । मेरो भागमा यो सडक पर्‍यो । अलि बिग्रेको छ । तर राम्रै सडक हो । हाम्रो पालामा बनेको सडक हो । हामी सरकारमा छँदा बनेको सडक । हामीले बनाएको सडकमा आउन मलाई कसले रोक्न सक्छ ?"

त्यसै बखत हाम्रो संवादमा व्यवधान उत्पन्न गरेर एउटा पजेरो आएर सडकमा रोकियो । कमरेड खुसी भए । मसँग विदाईको हात मिलाएर हतार-हतार त्यसमा चढे । अनि सररर सडकमा गुड्न थाले । □□




# आतंकमा बाँचेको बस्ती !

**रमेश विकल**

> त्यहाँका जनता राम्रो उपचार नपाएर अकालमै ज्यान गुमाउन विवश छन् । तर आज द्रव्यलाई नै आफ्नो धर्म ठान्न थालेका डाक्टरहरु राजधानीको सुविधा छोडेर त्यहाँ जान मान्दैनन् । त्यसैले डाक्टरी पेशा नै आज कलङ्कित भएको छ, बदनाम भएको छ ।

'यही हो साप तिम्रो अफिस !' -खच्चर-मालिक जुम्लीले भरखर भरखर बन्दै गरेको पूरा नभइसकेको एउटा दुई तले भवनको प्राङ्गण (चौर)मा घोडा र खच्चर रोकेर भन्यो । डाक्टर जोशी घोडाबाट झरेर त्यहाँ वरिपरिको निरीक्षण गर्न थाल्यो । त्यहाँ उत्तरतिरको धवल, विशाल हिमशैलसहित आकाशलाई अङ्गालो मारेर चुम्वन लिन लागेझैं अग्लाअग्ला पहाडहरू सगौरव उभिएका देखिन्थे । पूर्वपट्टि कता हो कता अनकन्टार खोचमा कर्णाली नदीको डाङडुङ्गे आकृति झल्याकझुलुक गर्दै लुकामारी खेल्दै गरेझैं भान हुन्थ्यो । अनि यिनै वरिपरि उभिएका अधिकांश नाङ्गा देखिने पहाडहरूका काखमा गुजुमुज्ज परेर बसेका पातला गाउँका घर, सेता छानाहरू डुब्दो घामको सुनौलो प्रकाशमा सुनको जलप लाएका चाँदीका पखेटाझैं झल्याकझुलुक चम्किरहेका थिए ।

यिनै पहाडी गाउँहरूमध्ये पश्चिमतिरको पर्वतको यस काखमा बसेको एउटा सानो खलङ्गाभन्दा केही तल डाँडो खारेर समथर तुल्याएको लभगभ छ-सात रोपनीको टुक्रामा यो नवनिर्मित हुँदैको स्वास्थ्यकेन्द्र स्थित थियो । यसको टाउकामा एउटा सिकारू हातले एउटा टिनको पातामा लेखिएको परिचयपाटी झुन्डिएको थियो-

**कर्णाली उपल्लो**
**स्वास्थ्यकेन्द्र**
**स्थापित- २०४२**

'अब हामीकन छुट्टी गर साहेब । हाम्रो मजुरी देऊ !' -खच्चड-मालिक जुम्लीले डाक्टरको मालसामान सुटकेस, गुन्टा र केही औषधी, औजारका कार्डबोर्ड (गत्ता)का बाकसहरू उतारेर चौरमा अलपत्र थुप्राइदिएको थियो । ऊ अधीर भएर अस्ताउन लागेको घामतिर हेर्दै कराउन थालेको थियो- 'हम्न टाडा जान्या हन् ।..... खर्च मजुरी देऊ साहेब ।'

'ए साँच्चै !' -डाक्टर झस्केझैं भयो । ऊ भवनतिर बढ्यो । उसको मन प्रकृतिको त्यो अद्भुत स्वरूपबाट प्राप्त हुने आनन्दबाट हटेर खिन्नताको अनुभव गर्न पुग्यो । उसले अब निश्चित कालका लागि राजधानीमा निजी उपचारगृह खोलेर सेवाको आडमा विवश रोगी गरीबहरूलाई निर्ममतापूर्वक निचोर्ने सुविधाभोगबाट टाढा यस अनकन्टार पाखापखेरामा आफ्नो प्रतिभा र सीपलाई कुण्ठित तुल्याउनुपर्ने छ । त्यस अलच्छिनी घडीलाई सम्झेर उसको मनमा क्षोभ जन्म्यो, जुन घडीमा उसले यहाँका लागि आफ्नो सरूवापुर्जी बुझेको थियो । त्यतिखेर उसमा भरखर डाक्टरी डिग्री पाएको खुशी थियो । उसले दीक्षान्तको बेला आफूले लिएको सङ्कल्पप्रति आफूलाई इमान्दार सावित गर्ने दृढता लिएको थियो । त्यसैले उसले अरू पुराना सुविधाभोगी डाक्टरहरूले आउन नमानेको ठाउँमा आउन बडो उत्साहसाथ स्वीकार गरेको थियो । तर... तर अब कतिसम्म यस कालापानीको कहर काट्नुपर्ने हो !

सरूवापुर्जी दिँदा मन्त्रालयको सचिवले उसप्रति बडो कृतज्ञता प्रकट गर्दै भनेको सम्झ्यो उसले- 'डाक्टर ! तपाई जुन ठाउँमा जान लाग्नुभएको छ त्यो ठाउँ अत्यन्त विकट र अभावग्रस्त छ । त्यहाँका जनता राम्रो उपचार नपाएर अकालमै ज्यान गुमाउन विवश छन् । तर आज द्रव्यलाई नै आफ्नो धर्म ठान्न थालेका डाक्टरहरू राजधानीको सुविधा छोडेर त्यहाँ जान मान्दैनन् । त्यसैले डाक्टरी पेशा नै आज कलङ्कित भएको छ, बदनाम भएको छ । यस्तो बेला तपाईंले त्यहाँ आफ्नो सेवा पुऱ्याउने सङ्कल्प लिएर यस गरिमामय पेशामा घुलिँदै गएको विकृति, प्रदूषित मानसिकतालाई थोरै अंशमा भए पनि सफा गर्ने साहस गर्नुभएकोमा म तपाईंलाई हृदयदेखि धन्यवाद दिन्छु । दुःखी-दरिद्री मानवको सेवा गर्नु नै साँचो ईश्वरको सेवा हो । त्यो पुनीत सेवा गर्ने अवसर तपाईंलाई मिलेको छ । त्यसैले मनमा कुनै खिन्नता नलिनुहोला । म सकेसम्म तपाईंलाई चाँडै नै- एक-दुई वर्षमै राम्रो ठाउँमा

**अधुरा कोठाहरूमा त्यहाँ निर्माणसामग्रीहरू जथाभावी मिल्किएका थिए। त्यहाँबाट कसैले जति उठाएर लगे पनि शायद कसैलाई थाहा हुन्नथ्यो।**

सरूवा गराउने प्रयत्न गर्नेछु ।'

सचिवको प्रोत्साहन र पेशाप्रतिको इमान्दार सङ्कल्पको त्यही जोशमा उसले स्वेच्छाले यो प्रवास स्वीकार गरेको थियो । तर अहिले उसलाई यहाँको विकटताको झलकले के अनुभव गरायो भने उसले कत्रो ठूलो आँट पालेको रहेछ । कसरी यो विकट जीवनसँग जुध्ला ऊ ? कसरी यो अनकन्टारमा समय झेल्ला उसले ? उसको मन विचलित हुन खोज्यो । ओः, यो सभ्यताभन्दा अत्यन्त टाढा, एक किसिमले परित्यक्त जस्तो जीवनसँग कसरी जुध्ला उसले ?

आफ्नो अगाडि विकराल मुख बाएर उभिएको यथार्थको आभासले उसका आदर्शवादी गोडा डगमगाउनु त्यति अस्वाभाविक पनि थिएन । तर उसले आफूभित्र यस्तो दुर्बलतालाई शिर उठाउन दिन हुँदैन । यसरी त ऊ जीवन-सङ्ग्रामको प्रारम्भमै पराजित हुनेछ- आदर्श र निष्ठाको युद्धमा । उसले आफूलाई धर्मराउनबाट बडो कठिनले रोक्न सफल भयो । हेरौं न, भरखर त यहाँको धर्तीमा टेकिएको छ; अहिले हिम्मत हारिहाल्नु त भएन नि ! कल्पनाको हाउगुजी डरलाग्दो भए पनि यथार्थ त्यति भयानक नहुन पनि सक्छ ।

बाहिर खच्चडवालले मच्चाएको हल्ला सुनेर भवनभित्रबाट एक जना अधबैंसे र एक जना केटो बाहिर निस्के । सफा र सुरूचिपूर्ण लुगा लगाएको लगभग चालीस-बयालीसको फेटको अधबैंसे केही सभ्यताको हावा लागेको पढे-गुने, देखे-सुनेझैं लाग्थ्यो । अनि अर्को तन्नेरी ठिटोचाहिं लगाइ, ढाँचा सबैतिरबाट एउटा अपढ र निमुखा लाग्थ्यो । कालो मयल टल्कने पोलिस्टरको पाइन्टभित्र आधी बाहिर पारेर हुलेको मैलो सुती कमीजमाथि कालो इस्टकोट, खुइलिएको ढाकाटोपी भिरेको ऊ त्यहींको स्थानीय वासिन्दा र निरक्षर गाउँले केटो भन्ने स्पष्ट छुट्टिन्थ्यो । ऊ डाक्टरलाई कौतुकी आँखाले हेर्न थालेको थियो ।"

'म डाक्टर जोशी हुँ, यहाँका लागि खटिएर आएको !!' डाक्टर अधबैंसेतिर उन्मुख भयो । एक्कासि ती दुई गाउँलेका रौं रौं सचेत भएझैं लागे । उनीहरू अत्यन्त निरीह र दासताको बोधले किचिएझैं त्यसै कुप्रिएका देखिन थाले ।

'ओः, सर ! डाक्टरसाहेब !!' - अधबैंसे हडबडाएझैं बोल्न थाल्यो । -'सर पाउ लाग्नुहुन्छ भन्ने खबर त हिजै नै आयाको हो । आज सखारै घोडा भन्न सिड्यो सापकोमा पठाएको हो । सिड्यो साप आफैं मन्त्रीज्यूको स्वागतमा सदरमुकाम जाने भएपछि घोडा नदिन्या भया । सरलाई दुःख भयो ।'

'ठीकै छ, म आइहालें ।' - डाक्टरले भन्यो- 'अँ, अहिले यहाँको मुख्य इन्चार्ज को छ ?'

'परमुख भने पनि कारिन्दा भने पनि सिङ्गै मुइं हुं सर । स्वास्थ्यसहायक दिलबहादुर शाही ।' -अधबैंसेको मिसिन चालू भयो- 'यो केटो पियन गोरे ठगुन्ना । मेरा पुर्खाले यस ठाउँमा राज्जे गऱ्याथे उहिले । तर अहिले आफू यहाँ... सर, यहाँ पुग्दो दरबन्दी नै नाइँ । ठाउँ नै अनकन्टार जङ्गल । तर जङ्गल त सबै फाँडिगया वनचोरहरू ल्यै । यहाँ कोही आउन पनि नमान्न्या । काठमाडौंबाट बल्लबल्ल बर्षौंपछिमा डाक्टर आउन्या भया, टिक्नेचाहिं महिना दुई महिना । हद टिके चार महिना । वाँ छि माथिमाथि पाउर लाएर राम्रो ठाउँमा सरिहाल्न्या भया । यहाँ त मुइंले नै डाक्टर पनि हुनुपऱ्या, कम्पाउण्डर पनि । अब सर पाल्नुभएपछि रहँदाबस्ता ठाउँ त्यति नराम्रो त कहाँ छ र ?.... तल कर्णाली नदी, उत्तरतिर हिउँचुचुरो । साँच्चै सर, सखार झुल्के घाममा त्यो हिउँचुचुरो पशुपतिको सुनको गजूर टल्केजस्तै लाग्न्या... होइन मुइंले पशुपति त धेख्या नाइँ, तैपनि । तिनी हिउं चुचुरोमाइं झुल्को घामको उज्यालो झर्दा भरखर जग्गेमाइं सिउँदामा सिंदुर टल्केकी व्याहुली सरमले हाँसेझैं पो लाग्ने । भोलि सखारै हेर्नुहोला नि सरले ।'

दिलबहादुर शाही भनिने त्यसको चालू रेकर्ड बल्लबल्ल थामियो । मान्छे वाचाल तर रमाइलो, लाग्यो डाक्टरलाई । जे होस् दिन काट्न त्यति गाह्रो पर्दैन जस्तो छ । उसले आफूलाई सान्त्वना दियो । स्वास्थ्यसहायक फेरि चालू भइसकेको थियो- 'सर, सरले कुनै धन्दासुर्ता नलिनुभ्या हुन्छ ।... ठगुन्ना ! ए ठगुन्ना ! लौ बाबू ! साहेबको सामान कोठामा लगिझा ।... के गर्नु सर, भवन पनि पूरा भै भ्याया नाइं । कोठा पनि सिनित्त पार्न सकेको छैन । सरलाई केही दिन, अलि दिन असजी लागिझाला तर म सबै ठीक गरिहाल्न्या भएँ । केटा, तिनी औषधी र औजारको बाकसचाहिं भँडारमाइं कोठामा राखेस्, राम्ररी राख नि, फुटिझालो । के गर्नु सर, भँडार पनि कच्चा हुन्या । यी ठेकेदारहरू, के भन्ने, एक वर्षमा बनाउँछु भनेर ठेक्का लिएपछि आज सात वर्ष भैसक्यो, अझै पूरा गरिभ्या होइन । तर ठेकदारलाई मात्र के भन्ने, सदरमुकामबाट बजेटै निकासा नगर्न्या । सब्बइ मान्स कमिशन खोज्ने भया । कमिशनकै खेल हुने भयो ।'

ठगुन्ना केटो मालसामान भित्र लैजान थालेको थियो । डा. जोशी भवनको अवलोकन गर्दै चारैतिर घुम्न थाल्यो । भवन साँच्चै अधुरै थियो । यतिसानो भवन तदारूकताका साथ निर्माण हुने हो भने छ महिना, बढीमा एक वर्षमा सजिलै तयार हुन सक्ने थियो । तर सात वर्षसम्म पनि यो पूरा हुन नसकेको किन ? के यो एउटा विडम्बना नै थिएन ? यसबाट हाम्रो देशको राजनीतिको विकृतिले ल्याएको विकासे गतिको उदाहरण ज्वलन्त रूपमा प्रकट भैरहेको थियो ।

अधुरा कोठाहरूमा त्यहाँ निर्माणसामग्रीहरू जथाभावी मिल्किएका थिए । त्यहाँबाट कसैले जति उठाएर लगे पनि शायद कसैलाई थाहा हुन्नथ्यो । ढलान गरिएको सिलिङबाट पानी रसाएको स्पष्ट देखिन्थ्यो । दागैदाग, टाटैटाटा । भवनको एक खण्ड त फुटेका ईंटका, काठका टुक्राहरू, कुच्चिएका थोत्रिएका जस्तापाता, जमेका सिमन्टीका बोराहरूले खचाखच भरिएको; अन्तरकुन्तरमा विषालु हिंस्रक जीवजन्तु-साँप, बिच्छीमात्र होइन चितुवा बनबिरालोसम्म पनि लुकेर बस्न सक्ने जङ्गली ओढारजस्तो लाग्थ्यो । भवनको एक खण्डचाहिं लगभग पूरा भएको देखिन्थ्यो । यस भागमा चाहिं एउटा कार्यालयकोठा, एउटा बिरामी जाँच्ने कोठा र औषधी गर्ने (ड्रेसिङ) कोठा, अनि एउटा भान्छाकोठा र एउटा डाक्टरको सुत्ने कोठा थियो । यसका अतिरिक्त एउटा पालेकोठा थियो । चर्पीचाहिं अलि परतिर छुट्टै बनेको थियो ।

'साहेब हामीकन छुट्टी गरिदेऊ । हाम्मो मजुरी देऊ ।' -जुम्ली खच्चडवालाको अधीर स्वर डाक्टरको कानको जालीमा गएर ठोक्कियो । उसले त अझै त्यो बिचरो कुल्लीलाई छुट्टी दिएको रहेनछ । के सुद्धी भएको उसको ! डाक्टर केही लज्जितझैं भएर हेल्थ असिस्टेन्टतिर सम्बोधित भयो- 'शाहीजी, यिनलाई हिसाप गरेर ज्यालाभाडा दिई पठाउनोस् त । मसँग पछि हिसाप गरेर लिनुहोला । अनि मलाई नुहाउने व्यवस्था पनि मिलाइदिनोस् ।'

शाहीलाई त्यति अह्राई केही पैसा दिएर डाक्टर लुगा फेर्न निर्दिष्ट कोठामा पस्यो । स्वास्थ्यसहायक शाहीले हिसाप गरेर खच्चडवालालाई पैसा दिएर पठाइदिएपछि ठगुन्ना केटोलाई अह्राइपराइ गर्दै त्यहाँ व्यवस्था मिलाउन थाल्यो । डाक्टर लुगा फेरेर नुहाइधुवाइ गरी अलि हल्का, अलि ताजापनको अनुभव गरेर आफ्नो कोठामा गयो । त्यहाँ बिछ्याइएको पलङमा डङ्रङ्ङ पल्रिएर सिलिङमा एकटकसँग हेर्दै सोचाइमा उडान भर्नथाल्यो ।

बाहिर घाम अब पश्चिमतिरको अजङ्गको शिखरमाथि पुगेर बिस्तार-बिस्तार तलतल झर्दै थियो । सन्ध्याको धमिलो छाया झ्यालबाट पसेर भुइँमा बिछ्याएको कार्पेटमा फैलिंदै जाँदो थियो । त्यसले कोठाका वस्तुहरूलाई एक-एक गर्दैं निल्दै गरेजस्तो देखिन्थ्यो । त्यसै बेला दिलबहादुर शाही ढोकामा आएर उभियो र विनम्र भएर भन्यो- 'सर, छकाल खर्च कतिखेर खानु हुन्या हो । भोक लाग्यो हो । खर्च तयार गर्न लाउन्या हो कि ?'

'हँ ? ए ।' -शाहीको स्वरले डाक्टर फेरि धर्तीमा बज्र्यो । - 'अँ भोक त लागेको छ । खाना बनाउने व्यवस्था के छ ?'

'किचिङ् एउटै छ । ठगुन्नाले सबै भ्याउँछ । ऊ आफ्नो पनि खान्छ, सबैकन तयार गर्छ ।' - शाही आफ्नो स्वाभावअनुरूप लम्बेचौडे व्याख्या दिन तम्स्यो- 'बबुरो उसको घर यहीं पुंडो छ । इजा बाबा कोई नाइँ । बड्डी छन् । छोरो एउटै । खेतीपाती साहूले खाया । घरमा दुःख हुन्या । यहीं जागिरका भर । ऊ खाना बनाउँछ । किचिङ्माइँ खान्छ । सबैलाई बनाउँछ । उसको पनि खर्च बाँच्ने, माहवारी घरमा पठाउन पाउन्या, हामीकन पनि सज्जी । अर्को नोकर राख्नु नपर्न्या । अनि ...'

'ठीक छ ।' डाक्टरले शाहीको वाक्धारालाई ब्रेक लाउने हेतुले बीचैमा कुरा काट्यो । -'बरू एक कप चिया मिल्छ भने पहिले चिया नै खाऊँ । खाना भनेको बिस्तारै खाउँला ।'

'किन नहुनु सर ।' - शाहीले तदारूकता देखायो । अनि अर्कोतिर हेरेर उच्चो स्वरमा हकाऱ्यो । 'ए

ठगुन्ना ! लौ लौ साहेबको लागि एउटा स्पिसल चिया बना । अँ दूध छ कि नाइँ ? नभ्या खलङ्गा जाईकन ल्याइज । मलाई पनि एक कप बना !'

पियनले अह्रोटबमोजिम चिया बनाएर टक्र्यायो । (शायद आफूले पनि भान्छामै खायो) अनि ऊ भान्छाको तरखरमा लाग्यो ।

'सर अब म पनि डेरा भान्छु ।' -चिया खाएर उठ्तै शाही बकबकाउन थाल्यो- 'नजिकै छ । ऊ त्यही अर्को नानो क्वाटरमा बस्छु । रात केही परेपछि हकारे हुन्छ । त्यसो त केही पर्न्या होइन । तर सरले काठमाडौंमा सुन्नुभया होला, यो जिल्लामा माउवादीको पर्भाव छ भनेर भन्दा । उसो त सर कुरो सरेपछि हल्ला सङ्ग्रालिन्छ, जसरी सरले सुन्नुभया होला तसरी त केही भया नाइँ । माउवादी भनेर मनपरी मान्छे मारी हिड्न्या कहाँ हुन् र । हो पहिले पञ्चाइतका बेला जनतालाई दुःख दिन्या ठूला-ठालु जो अहिले प्रजातन्तर मा पनि चोला फेरेर हालीमुहाली गर्दा, जनतालाई दुःख दिन्या फटाहाहरू, जनता मारेर आफ्ना भकारी भर्न्या एकाधलाई सजायँ दिन्या उनीका, त्यस्तै हो । हो बरू मान्ठले भने रिस उठेकालाई माउवादी भन्दै ठिँगुऱ्याउने, लुट्ने, मार्ने, गोली हान्ने गर्दाछन् । त्यसैले जनता घरबास छोडी जङ्गल पस्याछन् । उनीहरूले खोजी खोजी मान्या छन् तिनलाई ।'

निक्कै बेर आफ्नो बकबक तर जीवन्त स्वभावको प्रदर्शन गरेर शाही आफ्नो डेरातिर लाग्यो । खाना तयार भएपछि ठगुन्नाले खाना ल्याएर टेबिलमाथि सजाइदियो र मैनबत्ती सल्काएर राखिदियो । डाक्टर खाना सकेर शौचालय पसी शौचक्रिया सकेर बिछ्यौनामा लेट्यो । दिनभरको थकाइले गर्दा निद्राले उसका आँखा लट्ठिएका थिए, तर शाहीले खलबल्याइदिएको मस्तिष्क भने रेसको घोडाको गतिमा दगुर्न थाल्यो । सरकारले यस भेगमा माओवादी गतिविधि तीव्र भएको भनेर 'अपरेशन किलोसेरा टु' भन्ने क्रियाकलाप लागू गरेपछि यस भेगमा प्रहरी गतिविधि अत्यन्त बढेको थियो । प्रत्येक दिन भनेझैं मुठभेडमा एकाध प्रहरी जवान र माओवादीहरू मारिएका, अनि हूलका हूल माओवादीहरूले सरकारसमक्ष आत्मसमर्पण गरेका खबरहरू भडेरटाउके अक्षरमा खूब नून-मसला हालेर छापिने गर्थे । यस्ता खबरले सत्तापक्षको मनोबल त के कति बढ्थ्यो थाहा छैन, तर जनताको मनमा भने एउटा निश्चित आतङ्कको हुण्डरी चलेको थियो । के जान्नु कति बेला आफू र आफ्ना परिवारका सदस्यहरूलाई पनि गाउँका ठूलाठालु चुसाहावर्गको पोल र सहयोगमा माओवादीको आरोप लगाएर गोलीले भुट्ने हो, अथवा माओवादीकै मुकुण्डो लाएर अर्को पक्ष र गाउँका फटाहाहरूका कमाण्डोहरूले नै लुट्ने मार्ने हुन्, के पत्तो । त्यसैले (दिलबहादुर शाहीको भनाइअनुसार) गाउँका निमुखा गरीब जनता भुण्डका भुण्ड बनेर गाउँका घरबारै छोडेर जङ्गल पस्न विवश तुल्याएका छन् । जंगलमा पनि उनीहरू सुखसँग सुत्न बस्न पाइरहेका छैनन्, सत्ताका कमाण्डोहरू र प्रहरीका जवानहरू शिकारी कुकुर झैं झाडी-बुट्यान खँगालेर उनीहरूका शिकार गर्न तत्पर छन् ।

साँच्चै पत्रपत्रिकाका यी बीभत्स खबरहरू र दिलबहादुर शाहीले भनेजस्तो यस क्षेत्रमा आतङ्क फैलिएको भए त उसको ज्यानको पनि त के



कथाकार रमेश विकल

सुरक्षा होला र ? यो सोचाइले डाक्टरको मुटु हल्लिन थाल्यो । उसका रौं ठाडाठाडा भए । जीउभरि हिउँको पानी खन्याएझैं जमेझैं अनुभव भयो । ऊ उठेर बस्यो । तर... तर... उसले आतङ्कित हुनुपर्ने खण्ड पनि त के छ र ? न ऊ कुनै ठूलाठालु शोषकवर्गको हिमाइते हो, न कुनै राजनीतिक गुटको झन्डा नै बोकेको मानिस हो, ऊ त एउटा विशुद्ध समाजसेवी डाक्टर हो । उसलाई माओवादी अथवा अपरेशन किलो सेराटु कुनैसँग पनि के सरोकार ? उसको अस्पतालमा, उसको उपचारको संरक्षणमा आउने जोसुकैलाई निष्पक्ष भएर निष्ठापूर्वक सेवा-उपचार गर्नु उसको कर्तव्य र धर्म हो । उसले आफ्नो दीक्षान्तमा लिएको सङ्कल्पको मानवीय मर्म यही हो । त्यसैले माओवादी वा त्यसका विरोधी पक्षबाट आतङ्कित हुनुपर्ने कुनै खण्ड छैन उसलाई ।

अनेक तर्कवितर्क खेल्दाखेल्दै मन केही आश्वस्त भएपछि डाक्टरका आँखा स्वतः बन्द भए । ऊ बत्ती निभाएर निश्चिन्त हुन खोज्दै सुत्यो । रातभर ऊ स्वप्नरहित निद्रामा सुत्यो । भोलिपल्ट बिहान बिउँझँदा घाम निकै माथि आइसकेको थाहा भयो ।

उठेर ऊ शौचक्रियाबाट निवृत्त भयो । त्यसपछि ठगुन्नाले तयार गरेर ल्याइदिएको चिया खाएर ऊ कार्यालयकोठामा गयो र बिहानको पालीका बिरामीको प्रतीक्षामा तयार भएर बस्यो । डाक्टर आएको कुराको त्यतिसारो प्रचार भै नसकेकोले हो वा अरू कारणले हो, बिरामी त्यति आएनन् । बस् त्यस्तै दुई चार जनामात्र आए । ती पनि सबैजसो कुपोषणका बिरामी ।

आएका जति बिरामी निखिएपछि डाक्टरको कोठामा स्वास्थ्यसहायक दिलबहादुर शाही पस्यो र खाली मेचमा बस्यो । र अनि थाल्यो ऊ आफ्नो टेप रिकर्ड खोल्न- 'सरलाई बेली रात निद कस्तो पऱ्यो हो, राम्रोसँग पऱ्यो होला । अनि ठगुन्नाले तुल्याएको

*माउवादी भनेर मनपरी मान्छे मारी हिड्न्या कहाँ हुन् र । हो पहिले पञ्चाइतका बेला जनतालाई दुःख दिन्या ठूला-ठालु जो अहिले प्रजातन्तरमा पनि चोला फेरेर हालीमुहाली गर्दा, जनतालाई दुःख दिन्या फटाहाहरु, जनता मारेर आफ्ना भकारी भर्न्या एकाधलाई सजायँ दिन्या उनीका, त्यस्तै हो ।*

भान्छा कस्तो भयो, काठमाडौंमा जस्तो मीठो त के भयो होला । उहाँ त जे खोज्यो त्यही मिलिभान्थ्यो । यहाँको खाना त के रूचि भयो होला ? तर हाम्रो यहाँ मीठामीठा खाना भनेकै यही चामल, रोटो, आँटो आलुको साग !...'

डा. जोशीले सम्झ्यो, मोटामोटा चामलको रातो भात, मस्याङको खल्लने झोल (दाल), आलुको बिनाचिल्लो-मसलाको झोले तरकारी- उसलाई यी खाना निल्न बडो कठिन परेको थियो । तर रोटी भने बडो स्वादिलो, देख्ता पनि खाऊँखाऊँ लाग्ने, बडो सुन्दर देखिने, शायद सेतो गहुँको । उसले यो खाना किक्लिक् किक्लिक् गर्दै निलेको थियो । तर के गर्ने ?

'साहेब ! यै ठौरमाइँ सबैभन्दा उम्दाखाना नै यही हो- दालभात, रोटो । तर यही पनि सबैलाई कहाँ नसीब हुन्या र ।' -दिलबहादुरको रेकर्ड फेरि चालू भैसकेको थियो ।- 'ढेरै मान्स त यहाँ जौ र फापरको रोटो, त्यो पनि एक छकाल खाएर बाँचनन् । बनहै जलुको खोजेर ल्याउन्या हुन् साग खान । यस्तो छ यहाँ । अझ त्यसमाथि पनि यस साल त यहाँ अनिकालै पऱ्यो नि पैरो-खोलो पसेर, सखापै पाऱ्यो नि बाली । राहत भनेर सरकारले हेलिकोप्टरमा केही चामल पठाएपछि... त्यो पनि लिन सदरमुकाम पुग्नु पर्ने भयो दश-पन्ध्र किलो चामल भेट्न...दुई-तीन दिन हिँटेर दुई-तीनदिन ढुकेर बस्नुपर्न्या भयो । यसपालि त यहाँ मान्स जलुको र जङ्गली भ्याकुर खाएरै जिनतिन बाँचे । ढेर मान्स त भारततिर झरिगये काम खोज्नपछि कोही तराई झर्नन् । चामलको भात र गहुँको रोटो त हजूरहरू जसा सरकारी हाकिमहरूका लागि मात्र ।'

'अँ त सर, आउना रात भातै तयार गर्ने कि रोटो ? यहाँ त हुन्या खान्याले पनि एकबेरी मात्र भात खान्या हुन्, साँझ त उनीहरू पनि रोटै खानन् । सरलाई पनि रोटो नै गरौं कि ?' -बल्लबल्ल उसको रेकर्ड बन्द भयो । अब छकाल (मध्यान्न) पनि भैसकेको थियो । त्यस दिन अब बिरामी आउने सम्भावना पनि कम थियो । त्यसैले दिलबहादुर पनि आराम लिन डेरातिर गयो । डाक्टर पनि आफ्नो कोठातिर ।

बेलुकीको खाना खाइसकेपछि डाक्टर जोशीको अरू कुनै काम थिएन । नयाँ ठाउँ हुनाले उसलाई हत्तपत्त निद्रा पर्ने छाँट पनि थिएन ।

त्यसैले ऊ बरण्डामा मेच हालेर बस्यो र गाढा हुँदै गएको अँध्यारो पर्दालाई बलसँग च्यातेर डाँडा-काँडा, भीर, पहिरो, पाखो-पखेरो र खोंचखोल्सोमा आँखा दगुराउन थाल्यो । तर जतिकै बल गरे पनि स्पष्ट केही देखिँदैनथ्यो । ती चारैतिरका अजङ्गका डाँडाहरू सूँडमा सूँड बेरेर आपसमा प्रणयलीला गर्न लागेका कालो हात्तीका जोडा झैं भान हुन्थे । यिनै काला हात्तीका पेटमा परपरका एकाध गाउँका ठाउँमा मरन्च्याँसे बत्तीहरू जूनकीरीका पिलपिल झैं चम्कन्थे - शायद ती घर- छाप्रामा बलेका बत्तीका प्रकाश थिए । नत्र सबै कुरा अजिङ्गर झैं लमतन्न पल्टिएको अँध्यारो रातको गर्भमा हराइसकेका थिए । स्वास्थ्यकेन्द्रमाथिको खलङ्गाको बजारबस्तीमा भने केही बढी नै उज्यालो थियो । त्यसको धमिलो प्रकाश आकाशको केही माथिसम्म पोतिएझैं लाग्थ्यो । यिनै सीमित उज्यालोका झलकले मात्र त्यहाँ

*त्यहाँका स्थानीय नेता ठूला-ठालुले साँचो होस् वा झूठो, कसैमाथि औँलो ठड्याइदियो भने प्रहरीले कुनै अरू सोधपुछ, तथ्यातथ्य अनुसन्धान क्यै नगरी धरपकड गर्ने ,यातना दिने र मुठभेडको बहानामा जस-कसैलाई गोलीले भुट्ने स्वच्छन्दता हत्याएको रहेछ ।*

मानिसको बस्ती रहेको आभास हुन्थ्यो, नत्र रातको चकमन्नमा स्याइँ स्याइँ गर्ने विभिन्न प्रकृतिका सुसेली, रात्रिचराहरू र कीरा-फटयाङ्ग्राका स्वरसँग मिलेका यदाकदा शून्यमा उठ्ने 'कता हो ? यता हो' जस्ता मानव-हकाराहरूबाट मात्र संसार चालू छ भन्ने कुराको आभास हुन्थ्यो ।

डाक्टरले यो अँध्यारोमा डुबेको बस्तीको निरीक्षण गर्नुमा कुनै अर्थ देखेन । ऊ भित्र गएर बिछयौनामा लेट्यो । तर उसलाई तैपनि हतपती निद्रा परेन । मनमा नानाथरिका कुराहरू खेल्न थाले । उसले काठमाडौंका काँठ-कछाडका गाउँहरू देखेको अनुभवमा आफू सेवा गर्न जाने गाउँको कल्पना गरेको थियो । कमसेकम यातायातको सामान्य सुविधा र बत्ती-पानी पुगेको गाउँ । तर यहाँ आएपछि उसलाई थाहा भयो ती काठमाडौं उपत्यकाका काखका गाउँ त गाउँ नै होइनन् । गाउँमा गएर सेवा गर्नुको अर्थ के हो भन्ने कुरा त अब बोध भएको थियो उसलाई । काठमाडौंका उसका सुविधाभोगी सहकर्मी डाक्टरहरू कति मूर्ख, कालबोध नभएको स्वप्नदर्शी भनेर उसमाथि हाँस्ताहुन् । त के त, साँच्चै ऊ त्यस्तै हो त ? समयलाई चिन्न नसक्ने, समयसँग हिंड्न नसक्ने, कोरा आदर्शको पोको ? के त उसले राजधानीको सुविधा त्यागेर यस अनकन्टारमा आउनु उसको कोरा आदर्शवादी भावुकता मात्र हो त ? के उसले यसबाट नयाँ जोगीले धेरै खरानी घस्छ भन्ने उखानलाई चरितार्थ मात्र तुल्याएको हो त ?

डाक्टर आफ्नै अन्तरद्वन्द्वमा छटपटाउन थाल्यो । उसभित्रको निर्धो मानिस एकातिर आफ्नो भावुकताप्रति पछुताउँथ्यो भने अर्कातिर ऊ आफूलाई त्यस सङ्कुचनबाट माथि उठाउने प्रयत्न गर्छ- होइन, उसले मानवोचित निर्णय गरेको छ । आजको यो नैतिक मूल्य-मान्यताको अधोगति भैरहेको बेला, आजको यो पश्चिमा वणिक सभ्यताको कालो राक्षसले 'मान्छे'लाई निल्दै लगेको बेला, ऊजस्ता एकाध विवेकशील मानिसले पनि त्यसैपछि दगुर्ने हो, स्वार्थान्ध भएर आदर्शच्युत हुने हो भने यो समाजको नियति एउटा शिखरबाट ओरालो गुडेको अङ्कुश (ब्रेक) चुँडिएको वाहन झैं भँड्खारामा जाकिनुबाहेक अर्को हुने छैन । ऊजस्तै एकाध दृढचरित्र, नैतिक आदर्शवान् मानिसको कारणले नै त आज यो देश हिरिक्-हिरिक् गरेरै भए पनि साससम्म फेर्दैछ । नत्र उहिल्यै नै रसातल भास्सिइसक्ने थियो ।

डाक्टर आफ्नो उदात्त सङ्कल्पमाथि गौरव गर्छ । उसलाई आत्मसन्तोषको बोध हुन्छ । उसको भित्र एउटा नैतिक साहसले अजेय शिर सठाएको उसलाई अनुभव हुन्छ । ऊ आफ्नो छातीलाई ढालझैं फुकाएर सङ्कल्प दोहऱ्याउँछ- 'भलै उसको देशका उनान्सय प्रतिशत युवा सुविधाभोगको गर्हित स्वार्थमा अन्धा भएर द्रव्यप्रधान वणिक सभ्यतापछि अन्धदौड छोडुन्, ऊ आफूलाई त्यस पतनतिर धकेल्ने छैन; ऊ आफ्नो बुद्धिबर्गतले भ्याएसम्म यस स्वार्थान्ध प्रवृत्तिको प्रतिकारमा उभिने छ ।'

सङ्कल्पले उसभित्र एउटा गजबको शान्ति,गजबको सन्तोष र स्थिरताको अनुभूति जगाउँछ । ऊ यसै शान्त मनमा कति बेला स्वप्नरहित निद्रामा डुब्न पुग्छ, उसलाई हेक्का भएन । अनि कति बेला उसको चेतनामा एउटा अप्रत्याशित झट्का लाग्न पुग्दा ऊ एकदम ओछ्यानमा उठेर बस्न पुग्छ । केही क्षण उसलाई समय र स्थानको पनि बोध हुँदैन, जडताले छोप्छ । तर बिस्तारै सम्पूर्ण इन्द्रियहरू सचेत हुन्छन् । खास गरी उसका कान अत्यन्त तीखा हुन्छन् र बाहिरको सूक्ष्मभन्दा सूक्ष्म आवाज सुन्न सजग हुन्छन् । ऊ उठेर झ्यालसामु गएर उभिन्छ र अँध्यारोमा एउटा प्रश्न फाल्छ- यो उसको भ्रममात्र हो कि, साँच्चै उसले बिस्फोटको आवाज सुनेकै हो ? तर... तर न आकाशमा बिजुली नै चम्केको छ, न झरी-बर्षा नै छ । पहिरोको स्वर पनि होइन त्यो, न त भुइँचालोकै । त केको विस्फोट हो ? के मतिभ्रम मात्र हो त यो उसको ?



'ढयाम्म, ढ-ढ-ढ- ढयाम्म ।' यो मतिभ्रम होइन; यो विस्फोटकै आवाज थियो । शायद बाह्रबोरको राइफलको आवाज ! त्यो आवाजले थर्काएको पाखा-पखेराको आभास अझै हावामा गुँज्दै थियो । उसलाई चेत भयो, यो आवाज तल कतै खोँचतिरबाट तरङ्गित हुँदै आएको थियो । साथै माथि खलङ्गा र तल गाउँतिरबाट केही मानिसहरूको उत्तेजित स्वर पनि मुखरित भइरहेको थियो । अनि फेरि बिस्तारै चकमन्न, नीरवताको साम्राज्य !

निकै बेर चालमार्दा पनि अर्को कुनै स्वर नफुटेपछि ऊ गएर फेरि बिछयौनामा पल्टियो । भोलिपल्ट उज्यालोले उसको शरीर नसुमसुम्याएसम्म उसलाई दिन-दुनियाँको कुनै हेक्का भएन । उज्यालोको स्पर्श भएपछि ऊ उठेर दिसा-पिसाबबाट निवृत्त भयो । अनि ठगुन्ना केटोले भरिदिएको पानीले नुहाइवरि सकेर बसेपछि उसैले ल्याएर टक्र्याएको तातो चियाको सुर्कोसँगै रातीको घटनाको चलचित्रको रिल मस्तिष्कमा चल्न थाल्यो ।

'के साँच्चै कतै विस्फोट भएको नै हो त ? कहाँ ? केको ?'- उसको यस प्रश्नको उत्तरमा नै हो कि भनेझैं त्यहाँ एक्कासि अभिवादनको औपचारिकताको साथमा दिलबहादुर शाही उग्रियो- 'नमस्कार सर ! सरलाई बेली निद्रा त निक पऱ्यो ?'

'नमस्कार शाहीज्यू !'- डाक्टरले प्रतिअभिवादन दियो- 'अँ राम्रो पऱ्यो भन्नुपऱ्यो । तर रातीकति बेला हो...'

'ए त्यसो भ्या सरले पनि गोलीको आवाज सुनिबक्सनुभया हो !' -शाहीले बीचैमा उछिनेर चालू भयो- 'हो सर ! बेली मध्येरात तल्ली गाउँहुँदी ढेर खलबल परे । माओवादी उठ्या रे । प्रहरीले दुई-तीन पालि गोली चलाया ! यहाँ यसो त भैरहन्या हो ! दुई-तीन दिन बिरिएपछि यहाँ यस्तै गोली चल्न्या हो । दुई-चार मुडी गिर्न्या हुन् । मामुली बात !'

'ए ! हिजो राती चैं के भएछ त ?'- डाक्टरले चाख देखायो । '-के कुनै मान्छे पनि...?'

'ठहरै भैग्या नि सर !'- दिलबहादुर शाहीले आफ्नो रकेर्ड बजायो- 'यता क्यै दिनधेकि प्रहरी छ्यापछ्याप हुँदा । तिनी प्रहरी साँझबेली हूल-बथान बाँधी रैफल बन्दुक भिरीवटी हिंड्न्या हुन् । अन्यारो भयापछि जै भेट्या भन्याधेकि माओवादी भनीबटि पकड्न्या हुन्; चौकीमा लै गै थुन्न्या, कुट्न्या, मान्न्या हुन् । लखेटेपछि गोली ठोक्न्या हुन् । सोझा लाटा मान्सले त साँझबेली हिट्न धै नहुन्या भए सर । माउवादी भन्नाहुन्; गोली ठोक्न्याहुन् ।'

दिलबहादुर शाही आफ्नै पारामा भन्दै जान्छ । उसको सम्पूर्ण भनाइबाट डाक्टरले के कुरा बुझ्छ भने सरकारले 'किलो सेरा टु' भन्ने अभियान चलाएपछि अधिराज्यका यी क्षेत्रहरूमा कसैको पनि ज्यू-ज्यान सुरक्षित छैन । एउटा राज्यआतङ्कको प्रचण्ड झञ्झा चल्न थालेको छ । त्यहाँका स्थानीयं नेता ठूला-ठालुले साँचो होस् वा झूठो, कसैमाथि औँलो ठड्याइदियो भने प्रहरीले कुनै अरू सोधपुछ, तथ्यातथ्य अनुसन्धान क्यै नगरी धरपकड गर्ने ,यातना दिने र मुठभेडको बहानामा जस-कसैलाई गोलीले भुट्ने स्वच्छन्दता हत्याएको रहेछ ।

'हतियार भिरिबटी जुध्येमा भिड्न ज्यान्यालाई त मारे, त्यैमा भन्न्या कुरा केई नाइँ ।' - दिलबहादुर पुनः चालू हुन्छ- 'लडाइँमा जान्याले कि मार्छ कि मर्छ । तर यहाँ त....'

यहाँ कसैले बन्दुक, बम, रैफलजस्ता क्यै लिएर भिड्न पर्दो रहेनछ; हतियारका नाउँमा हँसिया, खुर्पा खुकुरी (सामान्य दैनिक व्यवहार, खेतीकिसानीका औजार)सम्म लिएर हिंड्नेले पनि आतङ्ककारीको पगरी गुतेर सत्ताको गोलीले भुटिनु मामूली कुरा हुँदोरहेछ ।

'हिजो बेली तल्ली गाउँकी स्वाँर बड्डाका घर उनको चेलीकी सालो आइराख्यापछि ओडाअधछे (पहिलाको पर्धानपञ्च)ले 'माउवादी लुकाइराख्या हुन् भनेपछि पोल गर्दा ।'- शाहीले आफ्नै पारामा भन्दै गयो - 'त्यहाँबाटि गस्तीप्रहरीले उईका घर छापा मान्या । चेलो, उइकी पुतारी, एइको सालो, स्वाँर बड्डा-बड्डी सुतिराख्यापछि राती छापा मान्याछन् । स्वाँर बड्डाको चेलो उइको सालोलाई लखेटेर गोली हान्याछन् । उइकी पुतारी काखचेलो गाँजी बटिभागिछ । उइलाई पैं गोली लागी । स्वाँर बड्डाबड्डीकन पक्डी लैगए । सास्ती दियाछन् । स्वाँर चेलो र उइको सालो ठौरमै मारिग्या छन् । पुतारी चैं गोली लागेपछि भाग्न भ्याइहालिछ । यस्तो हुन्या यहाँ, ठूला-ठालुले भनेपछि कैले नाइँ भन्या ?'

निचोडमा आज देशको जनता दिन भोक न रात निद्रा शिरमाथि नाङ्गो तरबार भुन्ड्याएर बाँचिरहेको छ । सरकार नागरिक सुरक्षाको प्रत्याभूतिभन्दा आतङ्क र असुरक्षाको पर्याय बनेको छ । देशको सुरक्षाखातिर तैनात प्रहरीस्वयं देशका दुश्मनको हिमाइते बनेर राज्यआतङ्कको सर्जक बनिरहेको छ । दिलबहादुर शाहीको बयानबाट त्यहाँको स्थितिलाई राम्ररी अनुभव गऱ्यो डाक्टरले । सम्पूर्ण निर्क्योलमा उसले के बुझ्यो भने अधिराज्यको यस दुर्गम भेगमा जे जति पनि आतङ्कका घटनाहरू हुन्छन् तिनमा सयमा पन्चान्नब्बे राज्यआतङ्कका घटना हुन्छन् र तिनलाई सरकारी र सरकारसमर्थक सञ्चार-माध्यमले उल्टो प्रचार गरिरहेका हुन्छन् । साथै राजनीतिक दलहरूले पनि आफ्ना दलगत स्वार्थहितमा यसलाई हावा दिइरहेका हुन्छन् । कति निर्मम अवस्था ? कति भयावह स्थिति ?....

त्यस रात डाक्टर यिनै कुराहरूलाई मनमा वडाल्दै- विश्लेषण गर्दै निदाउने प्रयत्न गर्छ । तर आँखामाथिको खाली सिलिङमा गडेका आँखा टट्टाउनजेलसम्म पनि मन स्थिर हुँदैनन् । अनि लगभग आधा राततिर एक्कासि पल्लो अधुरो भवनको सामान राखेको कोठाबाट आएको एउटा आवाज- कुनै गरूङ्गो वस्तु खसेको वा लर्फन्डिएको आवाज- 'घन्ड्रङ्ङ' आजावले उसलाई जन्याक्जुरूक उठाएर बसालिदिन्छ ।

'को हो ? के खोजेको हो ?'- ऊ सशङ्कित भएर अँध्यारोलाई चिर्न खोज्दै आवाजको दिशातिर आँखा र कानहरू तिखार्छ । तर अब सबैतिर चकमन्नले राज गरिसकेको छ । केही होइन मतिभ्रम हो ! ऊ टार्न खोज्छ । तर अन्तश्चेतनाले मान्दैन । ऊ सिराननिरको टेबिलबाट टर्चलाइट र सिरानीमुनिबाट खुकुरी झिकेर हातमा लिन्छ, चालमार्दै उठेर ढोका खोल्छ । टर्च बालेर सामान राखेको कोठातिर बढ्छ । भित्रभित्रै केही आतङ्कित ऊ एक मन त पल्लो कोठामा सुतेको ठगुन्ना केटोलाई बोलाउने कुरा सोच्छ, तर उसको सामु पढेलेखेका मान्छे काफर हुन्छन् भन्ने कुरा प्रमाणित गर्न पनि चाहँदैन । अनि भुइँमा कुनै चिन्ह खोज्दै आवाज आएको दिशातिर बढ्छ । टर्चको प्रकाशमा भुइँको बालुवा टल्कन्छ, तर त्यस्तो शङ्कालाग्दो चिन्ह कुनै देखिन्न ।

ऊ निर्माणसामग्री-कोठामा पुग्छ । सिमन्टीको दुई-तीन खुट्किलो चढेर भित्र हेर्छ । टर्चको प्रकाश जस्ताका बण्डल, कोठाका दलिन-टिम्बाहरू, सिमन्टीका बोराहरू, फलामका छड-डन्डीहरूका अन्तर - कुन्तर घुम्न थाल्छ । अनि एक्कासि जस्ताको एउटा बन्डलमुनि सिमन्टीको बोराको होडमा कुनै बस्तु चलमलाएजस्तो, अँध्यारोमा दुम्कन खोजेजस्तो आभास हुन्छ र एउटा हल्का आवाज हुन्छ । यद्यपि यो आवाज ज्यादै हल्का हुन्छ, तर आधा रातको चकमन्नमा यो एउटा विस्फोटझैं उसका कानमा पस्छ । ऊ एकदमै कम्पित स्वरमा फुट्छ- 'को ? को छ यहाँ ?'

उसले चलेको आवाज र टर्चको प्रकाशले अर्को भवनमा सुतेको दिलबहादुर शाही पनि उठेर आउँछ । डाक्टरको हातको खुकुरी जोडले अँठिन्छ । टर्चको प्रकाश अन्तर-कुन्तर नाच्न थाल्छ । अनि त्यो प्रकाशमा एउटा वस्तु झल्कन्छ - अन्तरमा गुँडुल्किएर, दुम्किएर बसेको एउटाजन्तु ! के यो चितुवा हो ? बाघ, भालु ? होइन, यो त मानिसको आकृति हो । भयले काम्दो, दुम्किएको, एउटी नारीको कृषकाय । उसको

'तर डाक्टरसाहेब ! यहाँ आएकी त्यो आइमाई माओवादीकै सहयोगी हो भन्ने हामीलाई पूर्ण र विश्वस्त जानकारी छ ।'- हवल्दारले अधिकार जनाउन खोज्दै भन्यो

छातीमा एउटा अर्को सानो मूर्ति, शिशुमूर्ति पनि लेप्सिएको ।

'को हो यो ?' डाक्टरको स्वरमा भय, आश्चर्य र उत्सुकताको मिश्रित ध्वनि कम्पित भयो ।

'साहेब ! गोसाइँज्यू ! मुइँकन जनी मार ! मुइँले केइ गऱ्या नाइँ । गोसाइँ ! मुइँकन जनी मार !'- एउटा अत्यन्त आतंकित, मृत्युभयले कम्पनयुक्त नारीस्वर । डाक्टरको टर्चको प्रकाश गएर त्यस नारीका आँखामा वर्षन्छ । ती आँखामा मृत्युभय कामिरहेको हुन्छ । यस कम्पनलाई एउटा तीन-चार महिने शिशुको चिरिएको कण्ठबाट फुटेको क्षीण चीत्कारले विस्तार गर्छ । डाक्टरको भय कम हुन्छ । स्वरमा केही साहसको ध्वनि चढ्छ- 'को हो तिमी ? किन यहाँ यसरी दुम्की बसेकी ?'

'के हो सर ! को हो यै ?'- दिलबहादुर शाही पनि यतिखेर भित्र आइसकेको छ । ऊ त्यस भयभीत नारीमूर्तिलाई तानेर बाहिर निकाल्ने प्रयत्न गर्छ । मूर्ति झन् आतंकित भएर कुनातिर घुस्रने बल गर्छ- 'मुइँकन जनी मार गोसाइँ ! मुइँले क्याइ गऱ्या नाइँ !'

'सर यो त तिनी स्वाँर बड्डाकी चेलोकी पुतरी !'- नारीमूर्तिको अनुहारमा टर्चको प्रकाश पर्नेबित्तिकै दिलबहादुरको कण्ठबाट एउटा डर र उत्तेजनाको स्वर फुट्छ- 'उही स्वाँरकी नानी । उईका मान्स, यैका बाँधी घसिटया हुन् । यै, तुइँ क्याइ कि खातिर इथै आयाकी ?'

डाक्टरलाई त्यस नारीको अत्यन्त निरीह दशा देखेर दया लागेर आयो । उसले स्वरलाई अत्यन्त नरम र मायालु तुल्याएर भन्यो- 'तिमी नडराऊ । हामी केही गर्दैनौं । बाहिर आऊ । हेर, तिम्रो त जीउभरि घावैघाउ । उठ । उता कोठामा औषधी गर्नुपर्छ । ए ए ठगुन्ना भाई, यिनलाई उता औषधीकोठामा लैजाऊ ल, बिस्तारै ।'

डाक्टरको नारम स्वरले आश्वस्त भएर त्यो घाइते नारी बडो जतनले शिशुलाई छातीमा टाँसेर बोराको अन्तरबाट बाहिर निस्किई । ठगुन्नाले उसलाई बिस्तारै समातेर उठायो, र ड्रेसिङकोठातिर लग्यो । त्यो नारी खोच्च्याइरहेकी थिई ।

उपचारकक्षमा लगेर परीक्षण गर्दा उसको तिघ्रामा गोली लागेको देखियो । गोली निकालेर उसलाई ड्रेसिङ गरेर आरामले सुत्ने बन्दोवस्त गराए । हल्का किसिमको खाना तयार गरेर ठगुन्ना केटोले उसलाई ख्वाइप्याइ गराएपछि त्यो नारी आश्वस्त भएर मस्तसँग निदाई ।

'अब यैकी के गन्ने हो सर ?'- दिलबहादुर शाहीले बडो रहस्यको स्वरमा खासखुस गऱ्यो- 'प्रहरीकैमा खबर गन्या होला । नाइँ त पछि उनले हामीकन भाउँतो लाउन्या हुन् ।'

'पैले यसको राम्ररी औषधीउपचार गर्नेतिर सोच्नोस्'- डाक्टरले भन्यो- 'ऊ अहिले हाम्रो जिम्माकी पेसेन्ट हो । अनि पछिमात्र के गर्ने, खबर गर्ने वा कसो गर्ने सोच्ने हो । अहिले कसैलाई केही खबरसबर गर्नु आवश्यक छैन ।'

'तर प्रहरीले यैलाई खोज्दाछन् । भने पछि उनी क्या भन्न्या हुन् ।' शाहीको स्वरमा भय थियो । तर डाक्टरले यस कुराको कुनै खायस गरेन । महिलाको राम्ररी व्यवस्था गरेर उनीहरू बाँकी रात कटाउन आफ्ना-आफ्ना बिछ्यौनामा विश्रामहेतु गए ।

रात त्यत्तिकै बितिगयो । भोलिपल्ट बिहान डाक्टर शौचक्रिया सकेर आफ्नो बिहानको ड्यूटीका लागि कार्यालयकक्षमा गएर बस्न पाएको थिएन बाहिर आँगनमा राइफल र पिस्तोल भिरेका दुईजना प्रहरी-एउटा हवल्दार र अर्को सिपाही भुम्लुङ्ग देखा परे । दिलबहादुर शाही अतास्सिँदै भित्र पस्यो । उसले अत्तालिएझैं स्वरमा सूचित गऱ्यो- 'सर, बाहिर प्रहरी दुई आया छन् । उनी त्यो पुतारीकन खोजी गर्दा छन् ।'

डाक्टर कार्यालयकक्षाबाट बरण्डामा निस्केर प्रश्नसूचक दृष्टिले प्रहरीतिर हेर्न थाल्यो ।

'किन ? के भन्न आउँनुभयो ?'

'डाक्टर साप अस्ति राती यहाँ माउवादीहरूको हमला भएको थियो । तिनैमध्ये केही भाग्न सफल भएका छन् । स्वास्नीमान्छे पनि छन् ।'- हवल्दारले अगि सरेर भन्यो- 'शायद घाइते पनि भएको छ कोई । कुनै घाइते आइमाई उपचार गर्न आएकी भए हजूरले प्रहरीलाई सहयोग गर्नुपऱ्यो भनेर । त्यसलाई तुरून्तै...'

'हेर्नोस् यो स्वास्थ्यकेन्द्र हो । यहाँ कोही पनि उपचारका लागि आउन सक्छन् ।'- डाक्टरले गम्भीर स्वरमा भन्यो- 'कुनै बिरामी उपचार गर्न आएकोलाई माओवादी हो कि अर्को वादी जाँच गरिरहने हामीलाई फुर्सद पनि हुन्न । त्यो हाम्रो कार्यक्षेत्रभित्र पनि पर्दैन । हाम्रो कर्तब्य बिरामीको उपचार गर्नु हो । त्यसैले त्यसबारे...'

'तर तपाईंकहाँ एउटी घाइते महिला छ रे भन्ने हामीलाई सूचना छ ।'- हवल्दारले अल्लि ठर्रो स्वरमा भन्यो- 'हामीलाई शङ्का छ, त्यो आइमाई माओवादीकी सहयोगी हो । त्यसैले हामी उसलाई हेर्न चाहन्छौं ।'

'अहिले बिरामीलाई जोखिम हुन सक्ने त्यस्तो कुनै पनि कामको अनुमति हामी तपाईंहरूलाई दिन सक्दैनौं ।'

'तर डाक्टरसाहेब ! यहाँ आएकी त्यो आइमाई माओवादीकै सहयोगी हो भन्ने हामीलाई पूर्ण र विश्वस्त जानकारी छ ।'- हवल्दारले अधिकार जनाउन खोज्दै भन्यो- 'त्यसैले हामी तपाईंको केन्द्रमा खानतलासी लिन सक्छौं ।'

'के जबरजस्ती ?' - डाक्टरले तीव्र प्रतिवादको स्वरमा प्रश्न गऱ्यो । प्रहरी जवानहरू अलि विचलित देखिए । हवल्दारले अलि हड्बडीको स्वरमा भन्यो- 'तपाईं पनि सरकारी मानिस, हामी पनि । त्यसैले तपाईंहरूबाट हामी सहयोगको अधिकार राख्छौं । जबरजस्ती कसरी भयो त्यो ?'

'तपाईं र म दुवै सरकारी कर्मचारी अवश्य हौं । तर मेरो आफ्नै

अधिकारक्षेत्र छ । मेरो पेसेन्टको अहिलेको अवस्था हेरेर म तपाईलाई हस्तक्षेप गर्ने अनुमति दिनै सक्तिनँ । तपाईं पछि आउनुहोस् ।'

'डाक्टरसाहेब ! तपाईं हामीलाई असहयोग गरेर हाम्रो काममा बाधा दिँदै हुनुहुन्छ ।'- हवल्दारले अलि हैकम जताउन खोज्यो- 'यसको परिणाम राम्रो नहोला ।'

'के तपाईं मलाई दबाव दिन खोज्दै हुनुहुन्छ ? मैले कतिसम्म सहयोग गर्नुपर्छ र कति पर्दैन, त्यो सीमा पनि मलाई थाहा छ ।'- डाक्टरले तीव्र प्रतिवादको स्वरमा भन्यो- 'मेरो कर्तव्य र अधिकारक्षेत्रको बारे मलाई तपाईंले सिकाउनु पर्दैन । तपाईंहरूको अधिकारको सीमा पनि मलाई थाहा छ । अहिले म तपाईंलाई मेरो बिरामीलाई नोक्सान हुने खालको कुनै पनि खाले बिथोल्याइँको स्वीकृति दिन सक्तिनँ । तपाईंहरू जानोस् । पछि पुर्पच्छे गर्दै गरौँला ।'

डाक्टर आफ्नो कोठातिर गयो । अहंमा चोट लाग्दा प्रहरी जवानहरूको अनुहार तमतमाउँदो देखियो । हवल्दारका जुँघा फड्फडाए, आँखामा राता डोरा खिँचिए ।

'यो डाक्टर बढी नै अधिकार बुझ्ने रहेछ । यसको यो ज्ञानको सीमा देखाइदिनै पर्ला !...' ,- ऊ ओठभित्रै मुरमुरियो । तर उसलाई पनि आफ्नो सीमाबोध थियो । सामान्य मानिससँग भएको भए ऊ शायद आफ्नो सीमा नाघेर पनि अतिक्रमण गर्ने थियो । तर यहाँ त उसको जोरी एउटा सचेत बुद्धिजीवीसँग परेको थियो । उसलाई सीमा अतिक्रमण गर्ने आँट भएन । ऊ मुर्मुरिँदै त्यहाँबाट हिँड्यो । बरन्डामा उभिएका शाही र ठगुन्ना आतङ्क र आश्चर्य मिश्रित आँखाले उनीहरू गएतिर हेर्दै रहे ।

❑ आरूबारी

*'समकालीन साहित्य अंक ३४ बाट साभार ।*

नव युवा

हरेक युवाहरूले पढ्नै पर्ने मासिक पत्रिका

हरेक महिना बजारमा

आइरहेको छ ।

# सांख्य दर्शनको ईश्वरसम्बन्धी धारणा

◆ प्रज्ञानरत्न

*यदि संसारमा ईश्वर छन् र उनले मान्छेको भलो र कल्याण मात्र गर्छन् भने संसारमा यति चर्को दुःख र पीडा किन छ ? किन परमज्ञानी कल्याणकारी ईश्वर मानव जातिको यति चर्को दुःख र पीडालाई खत्तम पार्ने काम गर्दैनन् !*

ऋषि कपिलद्वारा प्रतिपादित सांख्य दर्शन नास्तिकतावादी दर्शन हो । कपिलको भनाइ के छ भने ईश्वरलाई प्रमाणित मात्र गर्न नसकिने होइन, संसारमा यसको अस्तित्व नै छैन ।

सांख्य दर्शनको तर्क के छ भने संसारमा अकारण केही पनि छैन । प्रत्येक कुराको कारण छ । यदि प्रकृतिको कारण ईश्वर मान्ने हो भने कारण कार्यको सिलसिला नै टुट्न जान्छ । प्रकृतिको कारण त ईश्वर भयो, ईश्वरको कारण चाहिँ के नि ? भन्ने प्रश्न खडा हुन जान्छ । अतः प्रकृतिको कारण ईश्वर हुनै सक्दैन । प्रकृति अथवा पदार्थ आफै आफ्नो कारण हो र यो विश्व प्रकृतिको (अथवा पदार्थको) रूपमा अन्तर आउनुको परिणाम हो ।

सांख्य दर्शनको यो प्रस्थापना अत्याधुनिक विज्ञानसित मेल खान्छ र यो भौतिकवादी प्रस्थापना हो ।

सांख्य दर्शनको तर्क के छ भने यदि आस्तिकहरूले भनेजस्तै ईश्वर स्थायी र अपरिवर्तनशील छन् भने त्यस्तो ईश्वर संसारको उत्पत्तिको कारण हुनै सक्दैन । किनकि, संसार त परिवर्तनशील र क्रियाशील छ । परिवर्तनशील र क्रियाशील संसारको कारण हुनका लागि ईश्वर पनि त समय क्रममा परिवर्तनशील र क्रियाशील हुनुपर्‍यो । नत्र अपरिवर्तनशील र निष्क्रिय कुरो लगातार परिवर्तनशील संसारको कसरी कारण बन्नसक्छ ? त्यसैले, ईश्वर स्थायी र अपरिवर्तनशील छ पनि भन्नु र त्यो संसारको उत्पत्तिको कारण पनि हो भन्नु आपसमा बाभने अन्तरविरोधी कुरो हो । अतः भौतिक संसारको कारण ईश्वर हुन सक्दैन । सिर्फ परिवर्तनशील प्रकृति मात्रै भौतिक संसारको कारण हुनसक्छ । संसारको अस्तित्वको लागि, यसको सिर्जना तथा ध्वंशको लागि कुनै ईश्वरको जरूरत छैन ।

सांख्य दर्शनको यो तार्किक प्रस्थापना पनि भौतिकवादी देखिन्छ र यो द्वन्दात्मक समेत देखिन्छ । किनभने यसले प्रकृतिलाई निरन्तर गतिमा अथवा परिवर्तनको प्रक्रियामा हेर्न खोजेको छ ।

सांख्य दर्शनले ईश्वर छ भन्नेहरूको कुन तर्कको पनि खण्डन गरेको छ भने प्रकृति त जड र अचेत छ, कुनै परमज्ञानी चेतनशील तत्वले बाटो नदेखाउने हो भने यस्तो जड र अचेत प्रकृति आफैं कसरी क्रमिक विकासको दिशामा जान्छ ? सांख्य दर्शनले त्यो धारणाको खण्डन गर्दै के भन्छ भने- बाटो देखाउनु भनेको एउटा क्रिया हो, क्रिया गर्नु भनेको परिवर्तनको प्रक्रिया भएर गुज्रनु हो । किनभने, प्रत्येक क्रियाले प्रत्येक वस्तु र स्थितिलाई बदल्ने कार्य गर्छ । अतः प्रकृतिको बाटो देखाउने ईश्वर हो भने त्यो ईश्वर चिरस्थायी र अपरिवर्तनशील हुनसक्दैन । जुन क्रियाले सारा वस्तु र स्थितिलाई बदल्छ त्यो क्रियाको कारक आफूचाहिँ स्थिर र अपरिवर्तनशील कसरी हुन्छ ? अतः ईश्वरको अस्तित्व छैन ।

सांख्य दर्शनले अर्को तर्कको आधारमा पनि ईश्वरको अस्तित्वलाई अस्वीकार गर्छ । भनिन्छ कि ईश्वर परमज्ञानी र कल्याणकारी छन् र मानव कल्याण नै ईश्वरको एक मात्र काम हो । ईश्वरले भलो सिवाय कसैको कुभलो गर्दैनन् । सांख्य दर्शन यो तर्कको विरूद्धमा के तर्क गर्छ भने संसारमा दुःख र पीडा चर्को मात्रामा विद्यमान छ । यदि संसारमा ईश्वर छन् र उनले मान्छेको भलो र कल्याण मात्र गर्छन् भने संसारमा यति चर्को दुःख र पीडा किन छ ? किन परमज्ञानी कल्याणकारी ईश्वर मानव जातिको यति चर्को दुःख र पीडालाई खत्तम पार्ने काम गर्दैनन् । त्यसैले या त ईश्वर परमज्ञानी र कल्याणकारी छन् भन्ने कुरा झूठा हो, या संसारमा ईश्वर नै छैनन् । परमज्ञानी र कल्याणकारी ईश्वर अस्तित्वमा हनु र संसार यति चर्को दुःख र वेदनामय हुनु यी दुवै एकसाथ हुनै सक्दैन । भनिन्छ कि प्रकृति र पुरूष दुवैका सृष्टिकर्ता ईश्वर हुन् । यसको पनि खण्डन गर्दै सांख्य दर्शन के भन्छ भने- यदि प्रकृति र पुरूषको सृष्टि गर्न सकिन्छ भने यसलाई नष्ट पनि गर्न सकिनु पर्ने हो । किनकि, संसारमा जुन कुराको सिर्जन हुन्छ, त्यसको ध्वंश पनि हुन्छ । जुन कुराको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुन्छ । परन्तु प्रकृतिलाई त न सिर्जना गर्न सकिन्छ, न ध्वंश नै, त्यस्तै पुरूषलाई पनि । प्रकृति र पुरूष दुवै अजन्मा छन् र अमर पनि । त्यसैले प्रकृति र पुरूष दुवै कसैको सृष्टि हुन सक्दैन र यी दुवै ईश्वरको सृष्टि पनि हुनसक्दैन ।

सांख्य दर्शनको तर्क के पनि छ भने ईश्वरलाई पूर्ण मानिन्छ र ईश्वर जे गर्छन् उद्देश्यमूलक ढंगले गर्छन् पनि भनिन्छ, यी दुवै कुरा अन्तरविरोधी छन् । यदि ईश्वर पूर्ण छन् भने उनलाई कुनै कुराको पनि अभाव छैन । अतः उनको न त कुनै ईच्छा नै हुन संभव छ, न उद्देश्य । ईच्छा र उद्देश्य त अपूर्ण प्राणीका मात्र विशेषता हुन् । यसप्रकार ईश्वर पूर्ण छन् पनि भन्नु र संसार सिर्जना गर्नुका पछाडि उनको उद्देश्य पनि छ भन्नु आपसमा बाझिने कुराहरू हुन् । यस हिसाबले पनि पूर्ण भन्ठानिएको ईश्वरको कुनै अस्तित्व छैन ।

यसप्रकार कपिलले प्रतिपादन गरेको सांख्य दर्शन बिल्कुलै नास्तिक देखिन्छ । मृत्युपछि पाइने मुक्ति र स्वर्गमा कपिल विश्वास गर्दैनन् । उनको भनाइ छ- ईश्वरको प्रार्थनाबाट पनि मुक्ति मिल्दैन । मुक्ति यहीं र अहिल्यै मान्छे जीवित हुँदै प्राप्त गर्ने कुरो हो । अज्ञानता र भ्रमबाट मुक्त भयो भने मात्र मुक्ति मिल्दछ । सांख्य दर्शनको ठम्याइमा बन्धन र दुःखको मूल कारण नै अज्ञानता हो । आफूलाई भ्रम र अज्ञानबाट मुक्त गर, सत्य र आफूको बीचमा कुनै भ्रम र अज्ञानतालाई, कुनै लोभ र आसक्तिलाई आउन नदेऊ, तिमी यहीं र अहिल्यै मुक्त हुन्छौ । सांख्य दर्शन यसो भन्छ । भ्रम र आसक्ति बन्धनको बाटो, सत्यको ज्ञान मुक्तिको बाटो, कुन बाटो रोज्छौ आफैं रोज, सांख्य दर्शनको अवधारणा यस्तो छ ।

सांख्य दर्शनले मुक्तिको निम्ति विवेक ज्ञानको जरूरत छ भन्ने धारणा अघि सारेको छ । विवेक ज्ञान भनेको आफ्नौ 'स्व'लाई प्रकृतिबाट बिल्कुलै अलग र स्वतन्त्र पार्नु हो । 'स्व' भनेको न त शरीर हो, न मन, न अहंकार, न बुद्धि, न प्रकृतिको कुनै उपज । समय र परिस्थिति, सुख र दुःख यी सबैबाट माथि उठेर, प्रकृतिभन्दा अलग्गै र स्वतन्त्र स्थितिमा आफूलाई उठाउनु नै विवेक ज्ञान हो । सांख्य दर्शनले पूर्ण ज्ञान त संभव छ भन्दछ, परन्तु नैतिक र बौद्धिक पूर्णताबाट मुक्ति मिल्दैन, अनात्मबाट आत्मालाई पूर्णतया मुक्त पार्न सकियो भने मात्र मुक्ति प्राप्त हुन्छ भन्ने सांख्य दर्शनको ठम्याइ छ । अर्थात्, मुक्ति चाहने मान्छेले आफूलाई प्रकृतिका संपूर्ण वस्तुहरूप्रतिको मोह वा आसक्तिबाट मुक्त पार्न सक्नुपर्छ । अनिमात्र जीवनमुक्ति मिल्दछ । अनि मात्र जीवन र मृत्युको चक्रबाट मान्छे मुक्त हुन्छ ।

मुक्ति सम्बन्धी सांख्य दर्शनको यो धारणा बुद्ध दर्शनसित मेल खान्छ ।

सांख्य दर्शनको मुक्तिसम्बन्धी यो धारणाको महत्व केमा छ भने- यसले मुक्तिको निम्ति ईश्वरको प्रार्थना गर्ने बाटो देखाउँदैन । मूर्ति-पूजा गर्ने बाटो पनि देखाउँदैन । यसले मुक्तिको निम्ति अज्ञानता र भ्रमबाट मुक्त हुनुपर्छ भन्ने ज्ञानमुखी बाटो देखाउँछ । प्राकृतिक वस्तुहरूप्रति मोह वा आसक्तिबाट मुक्त हुनुपर्छ भन्ने अनासक्तिको बाटो देखाउँछ । यो यसको राम्रो पक्ष हो । यसले मृत्यु पछिको स्वर्गमा पनि विश्वास नगर्न सिकाउँछ । यसले मान्छेलाई मुक्ति मृत्युपछि होइन, कोशिस गरे यहीं र अहिल्यै आफ्नै जीवनकालमा प्राप्त हुनसक्छ भन्ने आशावादिता जगाउँछ ।

तर सांख्य दर्शनको सीमा के हो भने यसले मुक्तिको निम्ति मान्छेहरूको सामूहिक प्रयत्नको बाटो सिकाउँदैन । सामाजिक संघर्ष र मुक्तिको बाटो सिकाउँदैन । यसले ब्यक्तिगत प्रयत्न र ब्यक्तिको ब्यक्तिगत मुक्तिको बाटो मात्र सिकाउँछ । मार्क्सवादसित यो यस मामिलामा पटक्कै मेल खाँदैन ।

सांख्य दर्शनले प्रत्येक ब्यक्तिलाई के भन्छ भने तिमी स्वतन्त्र होऊ, अनि मुक्त हुन्छौ । यो स्वतन्त्रता भनेको सुख र दुःखको भावनाबाट स्वतन्त्रता, जय र पराजयको भावनाबाट स्वतन्त्रता, काम, क्रोध, लोभ र मोहको भावनाबाट स्वतन्त्रता, प्रकृतिबाट आत्माको स्वतन्त्रता हो । मान्छेको शरीर जीवित हुँदै जो यी सबै भाव र आसक्तिबाट स्वतन्त्र हुन्छ, जो पूर्णरूपमा प्रकृतिबाट स्वतन्त्र हुन्छ, उसको यहीं र अहिल्यै जीवनमुक्ति हुन्छ । उसलाई मृत्युपछि 'कैवल्य' प्राप्त हुन्छ । अर्थात्, उसको अब पुनर्जन्म हुँदैन । सांख्य दर्शनले यसरी बुद्ध दर्शनले जस्तै पुनर्जन्ममा विश्वास गर्छ । यो यसको सीमा हो ।

के स्पष्ट हुनु जरूरी छ भने सांख्य दर्शन कपिलले प्रतिपादन गर्दा जस्तो भौतिकवादी र नास्तिक थियो, पछि त्यस्तो रहेन । पछिका सांख्य दर्शनका प्रतिपादकहरूले आदर्शवादसित संझौता गर्दै लगे । यसलाई आस्तिक दर्शन बनाउँदै लगे । उदाहरणको लागि, बिज्ञान भिक्षुले लेखेको सांख्य-प्रवचन-भाष्यमा त्यहाँ उनले के तर्क पेश गरेका छन् भने- ईश्वरविना हामी प्रकृतिको क्रमिक विकासबारे ब्याख्या नै गर्न सक्दैनौं ।

गौडपाद र वाचस्पति मिश्रले पनि सांख्य दर्शनको चेतना वा पुरूष उत्पत्ति सम्बन्धी धारणामा रहेको कमजोरीलाई प्रयोग गर्दै- चेतनालाई प्रकृतिबाट बिल्कुलै स्वतन्त्र कुरो बनाउँदै लगे र यसरी सांख्य दर्शनलाई आदर्शवादी बनाउँदै लगे ।

परन्तु, कपिलले प्रतिपादन गरेको सांख्य दर्शन, आफ्ना संपूर्ण सीमाका बावजूद पूर्वको भौतिकवादी दर्शनको कोटिमा आउने दर्शन हो । यो पूर्वको दार्शनिक विकासको सगरमाथा हो । ❑


लेखमा प्रयोग गरिएका सहायक सामग्रीहरू

१. भारतीय दर्शनकी रूपरेखा, एम. हिरियन्ना, राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७

२. Fundamentals of Indian philosophy, by R. Purigandla, Abingdon press, Nashville, New York 1975

३. Indian philosophy in modern Times by V. Brodov, Progress publishers, Moscow, 1988

४. दर्शन दिग्दर्शन, राहुल सांकृत्यायन, किताब महल, इलाहावाद, भारत, १९९८

५. सांख्यकारिका, ईश्वरकृष्ण, T. H. Colebrooke द्वारा अनुवादित, Tookaram Tatya, Bombay

६. सांख्य-प्रवचन-भाष्य, बिज्ञान भिक्षु, आर-जे भट्टद्वारा संपादित, चौखम्बा संस्कृत माला, बनारस

७. A History of Indian philosophy in 5 volumes, Surendranath Dasgupta, Motilal Banarasdass, Delhi, 1991


❑

# जातीय छुवाछूतविरूद्ध जनजागरण र आरक्षणको सवाल

◆ पद्मलाल विश्वकर्मा ◆

आभ्र तथा स्वतन्त्र दलित मुक्ति आन्दोलनको मूल प्रवाहको रूपमा मुलुकभरि परिचित 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज'ले 'ब्राम्हणवाद, सामन्तवादको अन्त्य र पूर्ण स्वतन्त्रता, धर्मनिरपेक्षता र आरक्षण हाम्रो आवश्यकता' भन्ने मूल नाराका साथ गतवर्ष फागुनमा आफ्नो दोस्रो राष्ट्रिय सम्मेलन संपन्न गरेको घटना धेरैलाई थाहा छ । त्यसपछि निर्मित यस संगठनको केन्द्रीय समितिले सम्मेलनको मूल नारालाई प्रयोगमा लैजाने हेतुले 'जातीय छुवाछूतविरूद्ध राष्ट्रिय जागरण, दलितलाई संपूर्ण क्षेत्रमा आरक्षण' विषय राखेर पाँचै विकासक्षेत्रका महत्वपूर्ण शहरहरूमा बृहत् सर्वपक्षीय अन्तर्क्रिया कार्यक्रमहरू केही दिन पहिले संपन्न गऱ्यो । उक्त कार्यक्रमहरूबाट प्राप्त सन्देशको निचोडलाई संक्षेपमा यहाँ प्रस्तुत गर्नु सामयिक हुनेछ ।

०५६ साउनदेखि राजधानीबाट थालिएको त्यो कार्यक्रम धरान, नारायणघाट, पोखरा, नेपालगंज हुँदै असोज १२ गते धनगढीमा गएर टुंगियो । यी कार्यक्रमहरूमा सांसदहरू, राजनैतिक पार्टीका प्रतिनिधिहरू, मानव अधिकारवादी कार्यकर्ताहरू, विविध खाले दलित संगठनका कार्यकर्ताहरू, शिक्षक, प्राध्यापक, वकिल, एवं पत्रकारहरूले उक्त विषयमा विविध कोणबाट विचार प्रस्तुत गरेका थिए ।

## जातीय छुवाछूतबारे

बर्णाश्रमी हिन्दू धर्म र सामन्ती व्यवस्थाको उपज हो- यो जातपात र छुवाछूत प्रथा । महान श्रमजीवि एवं कलाकारवर्गलाई फुटाएर हिन्दू धर्मको नाममा वाहियात एवं भ्रामक नीति-नियम थोपरेर उनीहरूको रगत-पसिनामाथि ढलीमली गर्ने परिपाटी नै ब्राम्हणवाद-सामन्तवाद हो । ब्राम्हण-क्षेत्री-वैश्य- शूद्रबीचमा सिलसिलेवार रूपमा जातीय विभेद कायम हुनु, शूद्रबाट अतिशूद्रमा झारिएका समुदायलाई माथिका चारवटै जातिले अछूतको व्यवहार गर्नु अनि स्वयम् अतिशूद्रमा परेका अछूत दलितहरूबीचमै अनेकौं उपजातिहरूको निर्माण तथा हरेक माथिल्लो भनिने उपजातिले तल्लो भनिने उपजातिमाथि जातीय विभेद, छुवाछूत तथा आपसी घृणा साथै शत्रुताको भाव बोक्नु ब्राम्हणवादको सक्कली पहिचान हो, जो अद्यावधि कायम छ ।

हाम्रो देशमा यही खाले ब्राम्हणवादबाट सामन्तवाद संरक्षित छ । त्यसो भएकोले नै यहाँ आम दलितहरू प्राणीमध्येका निकृष्ट एवं घृणित मानिदै आएका छन् । अनि असाध्य गरिवीमा जिउन विवश छन् । हज्जारौं हजार वर्षदेखि दासताको

> छुवाछूत एवं उत्पीडन घट्नुको सट्टा कतिपय क्षेत्रमा बृद्धि भएको महसूस भएको छ ।

जञ्जीरभित्र जकडिंदै आएको कारण दलितहरूमा अन्धविश्वास, अशिक्षा, एवं हीनताबोधले घर गरेको छ ।

मनुस्मृतिमा आधारित बि.सं. १९१० को मुलुकी ऐन सिद्धान्ततः खारेज भई बि.सं. २०२० को नयाँ मुलुकी ऐनद्वारा जातीय भेदभाव नहुने, अन्तर्जातीय विहेवारी गर्न पाइने कानून बन्यो । बि.सं. २०४७ को संविधानले छुवाछूतलाई दण्डनीय गरिने उद्घोष गरेमुताविक कम्तीमा सार्वजनिक क्षेत्रमा कसैले कसैलाई जातीय आधारमा छुवाछूतको व्यवहार गरेमा दण्डको सामान्य प्रावधानसहित मुलुकी ऐन संसोधित भईसक्दासमेत अझै व्यवहारमा छुवाछूत कायमै छ ।

बुहदलीय व्यवस्था पुनर्वहाली भएको ९ वर्षमा जातीय भेदभाव छुवाछूत एवं उत्पीडन घट्नुको सट्टा कतिपय क्षेत्रमा बृद्धि भएको महसूस भएको छ । यो मुलुक संविधानतः बहु-धार्मिक, बहु-सांस्कृतिक एवं बहु-जातीय भनिए तापनि हर क्षेत्रमा एक जातीय हैकमतन्त्र हावी छ ।




जातीय छुवाछूतविरुद्ध राष्ट्रिय जागरण तथा आरक्षण विषयक अन्तर्क्रिया कार्यक्रम

जातीय विभेद तथा छुवाछूतको अन्त्य गर्नका लागि मौजूदा कानून अपर्याप्त मात्र भएको होइन बिलकुलै समर्थ छैन । तसर्थ त्यस दिशामा प्रभावकारी कानून निर्माण गर्नुपर्छ ।

जातीय छुवाछूत एक गंभीर मानवीय समस्याको रूपमा रहेकोले यसलाई राष्ट्रिय समस्या मान्नुपर्छ । छुवाछूतको मुद्दालाई सरकारवादी मुद्दा कायम गर्दै दोषीउपर कडाभन्दा कडा दण्ड सजायँको प्रावधान राख्नुपर्छ । जातीय छुवाछूत अन्त्यका लागि जनस्तरबाट मात्र नभई राज्यस्तरबाटै पनि जागरण अभियानका साथै हर क्षेत्रमा समानता बहाली गर्ने कार्य व्यवहारमा उतार्न यथासक्य पहल गर्नुपर्छ । छुवाछूतविरूद्धको अभियानलाई मानव अधिकार बहाली गर्ने आन्दोलनसँग गाँसेर अघि बढाउँदै अन्तर्राष्ट्रिय क्षेत्रको समेत ध्यानाकर्षण गर्नु आवश्यक छ । र यी सबै काम गर्न अति ढिलाई भइसकेको छ ।

## दलितलाई आरक्षणबारे

आरक्षण शब्दको ब्यापक अर्थ लाग्छ । पिछडिएको वर्ग, अल्पसंख्यक वा लोप हुनलागेको जन समुदायलाई समाजमा अग्रस्थानमा पुगेको जात जाति वा समुदायको हाराहारीमा नपुगेसम्म गरिने सकारात्मक विभेद वा सच्याउने, जोगाउने कार्य (Correctional Measure) वा सबल पार्ने कदमको रूपमा आरक्षणलाई बुझ्नुपर्छ । हाम्रो समाजमा तीन हजार वर्षदेखि जातीय विभेद तथा डेढ हजार वर्षदेखि मानवताकै कलंक समानको छुवाछूतको उत्पीडन गरिंदै आएको छ । त्यसैले त्यसको क्षतिपूर्ति स्वरूप दलित समुदायलाई राज्यले आरक्षणको व्यवस्था गर्नु अनिवार्य छ ।

एकातिर विगत २३० वर्षयता यस मुलुकमा एउटै जातिले आरक्षण लिंदै आएको प्रष्ट छ । अर्कोतिर दलित समुदायले आफ्नो पेशा-व्यवसाय, सीप, कला, साधनाद्वारा यस मुलुकलाई थाम्दै आएको छ । हर ढंगले उत्पीडनको शिकार भएर समाजमा विपन्न, पछौटे, बेसहारा, असक्षम तथा उपेक्षित हुन पुगेका समुदायलाई त्यही समाजभित्रका सबल, अगुवा, तथा सक्षम वर्गको समकक्षमा नपुगेसम्मका लागि आवधिक रूपमा हरक्षेत्रमा आरक्षणको व्यवस्था गर्नु सकारात्मक कुरा हो र यो बिश्वप्यापी प्रक्रिया हो ।

आरक्षणले मानिसलाई अपमानको छाप लाग्छ, मगन्ते तथा परावलम्वी बनाउँछ, हीनभाव पैदा गराउँछ र क्षमताको निकासमा वाधा पार्छ भन्ने जस्ता कुतर्कहरू यत्र तत्र सुनिन्छन् । यस्ता कुतर्क गर्नेहरू आरक्षणको सट्टा संरक्षणको पक्षपाती हुँदै आएका छन् । संरक्षणको नीति भनेको कमजोरहरूप्रति पार्टी, शक्ति वा राज्यले अख्तियार गर्ने दया-माया, भीख, निगाह, बक्सिस सरह हो । त्यस्तो नीतिले कमजोरमध्येका लाउकेहरूलाई आफ्नो दाताप्रति उत्तरदायी हुने, पद र सुविधाको लागि दलाली गर्ने संस्कारको विकास गराउँछ । तर यसले सिंगै समुदायको उत्थान हुँदैन ।

अत्यन्त लामो समयसम्म सामाजिक, आर्थिक, राजनैतिक लगायतका संपूर्ण क्षेत्रमा पछौटे भएको समुदायले निश्चित समयावधिसम्म संपूर्ण क्षेत्रमा आरक्षण पाउनु नैसर्गिक हक हो । त्यसो भएको हुनाले नेपालमा दलित समुदायका निम्ति सवैधानिक आरक्षण भएमा त्यो कसैको दया-माया, निगाह, बक्सको पछि लाग्नुको सट्टा उनीहरूले सम्मानजनक ढंगले आफ्नो भाग्यको फैसला आफै गर्न पाउँछन् ।

आरक्षण नै दलित समस्याको अन्तिम समाधान होइन, तापनि यसले अशक्तवर्गलाई सशक्त बनाउँछ । यसको फलस्वरूप ऊ अन्यायको विरूद्ध बोल्ने तथा आफ्नो न्यूनतम मानव अधिकारका निम्ति संघर्षमा उत्रन सक्ने हुन्छ ।

हाम्रै देशमा स्थानीय तहदेखि संसदको प्रतिनिधित्वमा महिलाका निम्ति निश्चित सिट आरक्षण भएको छ । पैतृक संपत्तिमा महिलाको समान हक बहालीको सवाल पनि आरक्षणकै सवाल हो । त्यसको लागि हाल आम महिला समुदाय आन्दोलित भइरहेको छ ।

भरखरै भारतको माथिल्लो सदनबाट महिलाको निम्ति ३३ प्रतिशत सीट आरक्षित गर्ने विधेयक पास भई तल्लो सदनबाट पारित हुन बाँकी छ । सन् १९५० यता भारतमा दलितलाई २७ प्रतिशत आरक्षण मिल्दै आएकोमा सन् १९९० मा वि.पि. सिंह प्रधानमन्त्री भएको बेलामा मंडल आयोगको रिपोर्ट अनुसार २२ प्रतिशत थप गरी ४९ प्रतिशतसम्म आरक्षण गराएको घटना ताजै छ ।

हाम्रो देशमा दलित आरक्षण कोटा जनसंख्याको अनुपातमा हुनुपर्ने, महिला आरक्षण तथा दलित आरक्षणमा दलित महिलाको सीट किटान हुनुपर्ने, स्थानीय तहदेखि संसदसम्म प्रतिनिधित्वमा वा नीति निर्माण गर्ने निकायमा, नोकरीमा, शिक्षामा, राज्यको साधन-स्रोतको उपयोगमा, भूमि तथा बसोबास, बन्द ब्यापार, आदि क्षेत्रमा आरक्षण अनिवार्य छ । त्यस्तो आरक्षण प्राप्तिका लागि संघर्षको ठोस नीति तय गर्नु जरूरी छ । कठोर संघर्ष नगरी सजिलैसँग यहाँका शासकवर्गले आरक्षण दिंदैनन् ।

## राष्ट्रिय बहसको मुद्दा


यो "जातीय छुवाछूतविरूद्ध राष्ट्रिय जागरण, दलितलाई संपूर्ण क्षेत्रमा आरक्षण" विषयक नारा मुलुकभरिका दलितहरूका माझमा र दलित उत्थान एवं मुक्तिका पक्षधर संघ-संस्था तथा राजनैतिक पार्टीहरूका लागि समेत राष्ट्रिय बहसको मुद्दा बन्नपुगेको छ ।

जातीय छुवाछूतलाई समूल नष्ट गर्ने सवालमा सर्वसम्मति हुनु स्वभाविक हो । दलितलाई संपूर्ण क्षेत्रमा आरक्षणबारे विगतमा मिश्रित विचार आउने गरेको थियो । तर हाल आएर नेका पक्षधर, कम्युनिष्ट पक्षधर, राप्रपा (दुवै) पक्षधर, सद्भावना पक्षधर, जनमुक्ति पार्टी पक्षधर, राजावादी पक्षधर, स्वतन्त्र दलितहरू र मानवधिकारवादीहरूसमेत दलित आरक्षणको पक्षमा एकमत भएको अवस्था छ ।

दलितहरू जुनसुकै पार्टी एवं विचारमा प्रतिबद्ध भएका किन नहुन्, जातीय छुवाछूतको पूर्ण अन्त्य र दलितहरूलाई संपूर्ण क्षेत्रमा आरक्षण बहाली गर्ने साझा सवालमा एकताबद्ध भएर संघर्ष नगरे यी दुवै चीज सजिलैसँग प्राप्त हुनेवाला छैनन् । अझ यस आन्दोलनलाई पूर्ण सफलतातिर पुऱ्याउने हो भने प्रथमतः स्वयम् दलितभित्रै पत्रै पत्र भएको आन्तरिक छुवाछूतविरूद्ध लड्नुपर्छ । त्यसपछि कथित सवर्णसँग एकाकार हुनका लागि तथा आरक्षण प्राप्ति गर्न पनि मानव अधिकार बाहालीको आन्दोलन, देश र जनताको मुक्तिको लागि अन्य तह र तप्काले हाँकेको आन्दोलनसँग साथमासाथ लागेर अविचलित भई अघि बढ्नुपर्छ । ❑

छुवाछूतविरूद्धको अभियानलाई मानव अधिकार बहाली गर्ने आन्दोलनसँग गाँसेर अघि बढाउँदै अन्तर्राष्ट्रिय क्षेत्रको समेत ध्यानाकर्षण गर्नु आवश्यक छ । र यी सबै काम गर्न अति ढिलाई भइसकेको छ ।

# विश्वविख्यात चित्रकार पाब्लो पिकासो पनि कम्युनिष्ट !




*मेरो सम्पूर्ण जीवनको, मेरो सम्पूर्ण कर्महरूको तार्किक निश्कर्षकै फलस्वरूप मैले कम्युनिष्ट पार्टीको सदस्यता लिएको हुँ........*

◆ राजेन्द्र महर्जन

धेरैलाई थाहा छ- पाब्लो पिकासो विश्वविख्यात कलाकारको नाम हो ! तर उनी कम्युनिष्ट पार्टीका सदस्य थिए भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । हो, विगतमा विश्वका महान कलाकार पाब्लो पिकासोले कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए ।


अत्यन्त सिर्जनशील र विद्रोही स्वभावका कलाकार पिकासोको जन्म यूरोपेली देश- स्पेनमा सन् १८८१, अक्टोवर २५ मा भएकी थियो । १८९५ देखि बार्सिलोना स्थित फाइन आर्टस् स्कूलमा उनले कलासम्वन्धी सैद्धान्तिक र ब्यावहारिक ज्ञानबारे अध्ययन गरेका थिए । त्यही स्कूलमा अध्यापन गराउने आफ्ना प्रोफेसर पिताबाट उनले कलासम्वन्धी ज्ञान प्राप्त गरेका थिए । आफ्नो मातृभूमिप्रति औधी माया हुँदाहुँदै पनि उनले आफ्नो कर्मभूमिको रूपमा फ्रान्सलाई छानेका थिए ।

१४ वर्षको कलिलो उमेरदेखि कलाक्षेत्रमा क्रियाशील पिकासोले फ्रान्समा कलाकर्म गर्ने क्रममा धेरै नै दुःख पाएका थिए । पेरिसका सडक-गल्लीको जीवनबाट उठ्दै उनले कलाक्षेत्रलाई क्रान्तिकारी धार दिएका थिए । उनले चित्रकला क्षेत्रमा विकसित गरेको घनवाद (Cubistic style) ले कलाक्षेत्रमा क्रान्तिकारी सार, रूप र शैली प्रदान गरेको थियो । उनी कलाक्षेत्रमा र जीवनमा हरदम युवा जोश र जाँगरसहित क्रियाशील भइरहेका थिए । पिकासो १९१७ मा रूसमा लेनिनको नेतृत्वमा भएको महान अक्टोबर समाजवादी क्रान्तिकालदेखि नै पिकासो कम्युनिष्ट विचारबाट प्रभावित भएका थिए । रूसका कम्युनिष्टहरूले उत्पीडित वर्गको राज्यसत्ता निर्माण गर्ने उद्देश्यले थालेका वर्ग संघर्षका उथलपुथलकारी घटनाहरूबारे गहिराइमा बुझ्नका लागि उनले रूसी भाषासमेत सिक्ने प्रयत्न गरेका थिए । जब समाजवादी क्रान्तिले सफलता पायो, तब त्यस क्रान्तिको वर्तमान देखेर उनी निकै उत्तेजित भएका थिए । अनि त्यसको सुनौलो भविष्य देखेर उनी धेरै नै आशावादी भएका थिए ।

यसरी रूसी क्रान्तिबाट निकै नै प्रभावित भएका पिकासोले हिटलरको नाजीवाद र मुसोलिनीको फासीवादविरूद्ध कलाक्षेत्रबाट युद्धघोष गरेका थिए । उनले आफ्नो देश-स्पेनमा गणतन्त्र स्थापना गर्न चाहने क्रान्तिकारीहरूको समर्थन गरेका थिए भने गणतन्त्र मास्न चाहने नाजीवादी, फासीवादीहरू र उनीहरूका ताबेदार फ्रान्को समर्थक तथाकथित 'नेशनलिष्टहरू'को कडा विरोध गरेका थिए ।

हिटलर र मुसोलिनीजस्ता तानाशाहहरूले आफ्नो देशका जनतामाथि हिंस्रक आक्रमण गर्दा ,प्रख्यात कवि गार्सिया लोर्काको निर्मम हत्या गर्दा र देशभरि वमवर्षा गर्दा उनले त्यसको प्रतिरोधमा सन् १९३७ मा 'गुयर्निका' नामक प्रख्यात चित्र कोरेका थिए । 'गुयर्निका' नामक चित्र युद्धविरोधी जनसंघर्ष र प्रतिरोधको प्रतीकको रूपमा विश्वभरि

## पेरिस कला संग्रहालयबाट पिकासोको कम्युनिष्ट पार्टीको सदस्यता कार्ड हरायो !



*स्पेनका गणतन्त्रवादीहरूविरुद्ध जर्मनका नाजीहरूले अप्रेल २६, १९३७ मा स्पेनको गुयर्निका शहरमा गरेको भीषण बमवर्षाले संसारलाई स्तब्ध पार्‍यो । उक्त बमवर्षामा सयौं नागरिकहरूको हत्या भएको थियो । सोही घटनाले स्तब्ध बनेका पिकासोले गुयर्निका शीर्षकमा यो प्रख्यात चित्र बनाएका थिए ।*

**हिटलरका फासीवादी सैनिकहरूले पेरिसको छातीमाथि मार्च पास गर्दा उनले फासीवादविरोधी प्रतिरोधमा लागेका फ्रान्सिसी वामपन्थीहरूलाई साथ दिएका थिए ।**

प्रख्यात छ ।

हिटलरका फासीवादी सैनिकहरूले पेरिसको छातीमाथि मार्च पास गर्दा उनले फासीवादविरोधी प्रतिरोधमा लागेका फ्रान्सिसी वामपन्थीहरूलाई साथ दिएका थिए । विश्वविख्यात कलाकार पिकासोविरूद्ध कारवाही गर्न तम्सेका नाजी सैनिकहरू उनको प्रख्याति देखेर पटक-पटक हच्केका थिए । उनीहरूलाई थाहा थियो- पिकासोमाथि हात हालेमा विश्वभरिका अखवारहरू चिच्याउने छन् ।

पेरिसको मुक्तिले पिकासोको जीवनलाई नयाँ मोड दिएको थियो । त्यसबेलासम्म विश्वविख्यात कलाकार तथा दन्त्यकथाका नायक भइसकेका पिकासो पेरिसको मुक्तिका लागि भएको संघर्षको क्रममा प्रतिरोध संघर्षको प्रतीक पनि बनिसकेका थिए । उनी त फासीवादी दमनविरूद्ध भएको विजयको प्रतीक, पुरानो यूरोपको गर्व र जीजीविषाको संकेत भइसकेका थिए । उनी युद्धवीर त थिएनन्, तापनि फ्रान्सिसी सरकार र जनताले उनलाई युद्धवीरलाई भन्दा बेसी सम्मान दिए । तर त्यतिखेर उनी भने फ्रान्स, स्पेन, सोभियत संघ लगायतका कम्युनिष्टहरूलाई सम्मान गर्दै थिए ।

उनी हिटलर र मुसोलिनी जस्ता फासीवादीहरूलाई नराम्ररी परास्त गर्ने कम्युनिष्टहरूलाई निकै आदर र सम्मान गर्दथे । विश्वभरिका जनताको स्वतन्त्रता, समानता, शान्ति र प्रगतिका लागि लडिरहेका कम्युनिष्टहरूबाट उनी यति धेरै प्रभावित भए कि उनले आफू पनि कम्युनिष्ट आन्दोलनसँग जोडिने फैसला गरे ।

एकदिन पिकासोको स्टूडियोमा एलुआर्दले आफ्ना मित्र अंग्रेज कलाकार तथा चित्र संकलनकर्ताको कानमा रहस्यमय ढंगले रहस्योद्‌घाटन गरे- 'मसँग तपाईंको लागि एउटा ठूलो समाचार छ । यही एक हप्ताभित्र पिकासो कम्युनिष्ट पार्टीभित्र समाहित हुने खवर सार्वजनिक रूपमा घोषणा हुँदैछ !'

हो, सन् १९४४ मा विश्वविख्यात कलाकार पाब्लो पिकासोले फ्रान्सिसी कम्युनिष्ट पार्टीको सदस्यता लिंएका थिए । उनले किन कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए त ? - यो प्रश्नको जवाफमा उनले सगर्व घोषणा गरेका थिए - "मेरो सम्पूर्ण जीवनको, मेरा सम्पूर्ण कर्महरूको तार्किक निश्कर्षकै फलस्वरूप मैले कम्युनिष्ट पार्टीको सदस्यता लिएको हुँ... कम्युनिष्ट पार्टीले यो विश्वलाई बुझ्न र फेर्नलाई कठिन श्रम र कठोर संघर्ष गरिरहेको अनि यो विश्वका सबै जनताको वर्तमान र भविष्यलाई स्वच्छ, स्वतन्त्र र सुखले भरिपूर्ण बनाउन सहयोगी हातहरू बढाइरहेको कुरा तपाईंहरूले देख्नु भएको छैन र ?"

कम्युनिष्ट पार्टीको सदस्य भएपछि उनी १९४७ मा पोल्याण्डमा भएको शान्तिका लागि बौद्धिकहरूको अधिवेशन (congress of intellectuals for peace) र पेरिसमै भएको शान्ति सम्मेलनमा सक्रियतापूर्वक भाग लिएका थिए । सम्मेलनमा उनले शान्ति, न्याय, स्वतन्त्रता र समानताको पक्षमा, साम्राज्यवाद र उपनिवेशवादको विरोधमा आवाज बुलन्द गरेका थिए ।


यसरी कम्युनिष्ट पार्टीका सदस्य समेत भएका पिकासोको सदस्यता कार्ड पनि उनका अरू सामग्रीहरू जत्तिकै महत्वपूर्ण ठानेर विगतमा पेरिसको कला संग्रहालयमा सुरक्षित राखिएको थियो । तर १९८८ तिरको राष्ट्रपति पदको चुनावको सरगर्मी बढिरहेको बेला उनको सदस्यताकार्ड गायब भएको थियो । पेरिस कला संग्रहालयबाट उनको सदस्यता कार्ड हराएको देखेर धेरै नै फ्रान्सिसीहरू आश्चर्यचकित भएका थिए भने कम्युनिष्टहरू दुखित भएका थिए ।

पेरिसबाट निस्कने कम्युनिष्टहरूको समाचार पत्र 'ला ह्यूमानित' ले यस विषयमा सम्पादकीय नै लेखेर आरोप लगाएको थियो - "महान कलाकार पिकासोको सदस्यता कार्ड संग्रहालयबाटै हराउनु भनेको एउटा ठूलो षडयन्त्र हो । यो षडयन्त्र साम्यवादलाई बदनाम गर्ने अभियानको एउटा अंग हो । उनीहरू यति महान कलाकारले पनि साम्यवादलाई बुलन्द रूपमा समर्थन गरेका थिए भन्ने कुराको प्रमाण नष्ट गर्न चाहन्छन् । हामीलाई थाहा छ- कम्युनिष्ट पार्टीका सदस्य तथा महान चित्रकार पिकासोको सदस्यता कार्डको संझनाले उनीहरूको रातको निद्रा र दिनको चैन उडाइरहेको छ !"

स्मरणीय छ, स्पेनमा जन्मेर आफ्नो सम्पूर्ण क्रियाशील र श्रमशील जीवन फ्रान्समा विताएका क. पाब्लो पिकासोको मृत्यु ९१ वर्षको बृद्धावस्थामा फ्रान्समै ८ अप्रिल १९७३ मा भएको थियो । गरीव, उत्पीडित वर्गले पहिलोपटक आफ्नो राज्यको रूपमा 'पेरिस कम्यून' निर्माण गरेको देश- फ्रान्सका जनताहरू अहिले पनि पिकासोलाई आफ्ना प्रिय चित्रकार कमरेडका रूपमा उत्तिनै याद गर्दछन्, जति स्पेनबासीहरू फासीवाद विरोधी कलाकारका रूपमा संझना गर्दछन् । ❑

# 'कार्ल मार्क्स यस सहस्राब्दीका सबैभन्दा महान चिन्तक हुनुहुन्छ !'

## बीबीसीको सर्भेक्षण



**पूँजीवादी** खेमाका संचार माध्यमहरु मध्ये सर्वाधिक चर्चित माध्यम बीबीसीले इन्टरनेटबाट गरेको एउटा विश्वव्यापी मत सर्भेक्षणमा अधिकांश सहभागीहरुले भनेका छन्- 'साम्यवादी सिद्धान्तका प्रणेता कार्ल मार्क्स यस सहस्राब्दीका सबैभन्दा महान चिन्तक ( The greatest Intellectual of the Millennium) हुनुहुन्छ ।'

बीबीसीको मत सर्भेक्षणमा सहभागीहरुले यस सहस्राब्दीका सर्वाधिक महान बैज्ञानिकहरु अल्बर्ट आइन्स्टाइन र आइज्याक न्यूटनलाई आदरका साथ छानेका छन् । त्यस्तै सहभागीहरुले शेक्सपियर लाई यस सहस्राब्दीका सबैभन्दा ठूला साहित्यिक व्यक्तित्वका रुपमा चुनेका छन् ।

पूँजीवादी जग उखेल्ने खालको क्रान्तिकारी साम्यवादी सिद्धान्तको प्रतिपादन गर्नुहुने कार्ल मार्क्स यस सहस्राब्दीका सर्वाधिक महान चिन्तकका रुपमा छानिइनु भएकोमा पूँजीवादी खेमाका मानिसहरु आश्चर्यचकित भएका छन् । ब्रिटिश साम्राज्यवादको पनि आर्थिक सहायता प्राप्त गर्दै आइरहेको संचार माध्यम ब्रिटिश ब्रोडकास्टिङ सर्भिस (बी.बी.सी.) का प्रवक्ताले विश्वव्यापी मत सर्भेक्षणको परिणाम प्रस्तुत गर्ने क्रममा आश्चर्यका साथ हाकाहाकी भनेका छन्- "समाजवादको पतन भएको दश वर्षभित्र हामीले मार्क्सवाद र समाजवादकाविरुद्ध अचाक्ली नै प्रोपोगाण्डा गर्‍यौं । मार्क्सप्रतिको जनताको यो अभिमत त्यसैको प्रतिक्रिया त होइन ?"

(स्रोत : रायटर)

# नेपालको बिजुली अमेरिकाको भन्दा पनि महँगो ?!

◆ श्याम श्रेष्ठ

सत्तामा आउनुअघि नेपाली कांग्रेसको नारा हुनेगर्छ- गरिवी निवारण । सिंहदर्वारमा पुगेपछि उसले गर्ने पहिलो प्रमुख काम हुन्छ- महँगी बिस्तार । २०४८ सालमा नेपाली कांग्रेसको स्पष्ट बहुमतको सरकार आउँदा पनि यस्तै गरिएको थियो । "निमुखालाई न्याय, विपन्नलाई आय" को नारा दिने भट्टराई सरकारले पनि ठीक उही कुरा गर्दैछ ।

नेपालमा बहुदलीय व्यवस्था आएको दश बर्ष भएको छ । यो अवधिमा नौ बर्ष त नेपाली कांग्रेसकै नेतृत्वको सरकारले डाडु पन्यौ आफ्नो हातमा लिएको छ । परन्तु देशले व्यहोरेको तीतो यथार्थ के हो भने- २०४६ सालमा ४३ प्रतिशत नेपालीहरू गरिवीको रेखामुनि पशु जीवन बाँच्थे, अहिले सरकारकै आँकडा अनुसार ४९ प्रतिशत नेपालीहरू त्यस्तो जीवन बाँचिरहेछन् । एउटा आश्चर्यजनक विरोधाभास हाम्रो देशले व्यहोर्नु परिरहेछ : सत्तारूढ नेपाली कांग्रेसले लगातार गरिवी निवारणको नारा पनि दिएको दियै छ, नेपालमा गरिवी पनि बढेकोबढ्यै छ । नेपाल दक्षिण एशिया केन्द्रद्वारा हालै प्रकाशित "नेपालमा मानवीय विकास १९९८"ले त नेपालमा अहिले प्रत्येक वर्ष ३ प्रतिशतका दरले गरिवी बढिरहेको जनाएको छ । यसको तात्पर्य, नेपाली कांग्रेसको कुनै पनि सरकारले गरिवी निवारण गरेको छैन, यसको ठीक विपरीत यसले गरिवी उत्पादन गर्दैछ ।

ठीक यही बाटो वर्तमान भट्टराई सरकारले पनि अवलम्वन गर्दैछ । भट्टराई सरकार सत्तामा आएको ७ महीना मात्र भएको छ । सत्तामा आउनासाथ उसले संसदमा पेश गरेको बजेटमा "गरिवी निवारण"लाई नै आफ्नो सर्वप्रमुख उद्देश्य घोषणा गऱ्यो । भट्टराई स्वयम्ले भर्खरै, संविधान दिवसको दिन, 'विपन्नलाई आय'को नारा पनि दिनुभयो । परन्तु ब्यवहारमा विगत ७ महीनामा भट्टराई सरकारले के के काम गऱ्यो त गरिवी निवारणको लागि ?

उसले किसानहरूलाई नभईनहुने रासायनिक मलको मूल्यमा ४० प्रतिशत बृद्धि गऱ्यो । भारतमा ३५ प्रतिशत मात्र मूल्य बढेको डिजेललाई नेपालमा ४८ प्रतिशत महँगो पाऱ्यो । भारतमा १८ प्रतिशतसिवाय मूल्य नबढेको गरीवको इन्धन मट्टीतेललाई उसले नेपालका गरीवका निम्ति २३ प्रतिशत महँगो बनायो । यही कारणले १५ प्रतिशतभन्दा ज्यादा महँगो नहुनु पर्ने यातायात भाडालाई उसले ३० देखि ३५ प्रतिशतसम्म बृद्धि गऱ्यो । सर्वसाधारण गरीब नेपालीले प्रयोग गर्ने हुलाक महशूलमा उसले ५० देखि ७५० प्रतिशतसम्म मूल्य बृद्धि गऱ्यो । अखवारी कागतमा उसले १४ प्रतिशत महँगी थोपऱ्यो । र, हालै आएर उसले विद्युत महशूलमा पनि ३० प्रतिशत मूल्यबृद्धि गरेको छ । अर्को पालो छ- खानेपानी महशूल र टेलिफोन मूल्यबृद्धिको ।

यसरी, भट्टराई सरकारले संसारमै कतै नभएको ढंगले चौपट्टै र चौतर्फी मूल्यबृद्धिमार्फत् नै नेपालमा 'गरिवी निवारण' गरेर गिनिज बुकमा सर्वथा नौलो विश्व रेकर्ड राख्नखोजेको प्रतीत हुन्छ ?! महँगी, महँगी र महँगी नै कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भएपछिको कांग्रेस सरकारको प्रमुख काम भएको देखिएको छ ।

महँगीको यो लामो लर्कोमा यस लेखमा विद्युत महशूलबारेमा मात्रै केन्द्रित भएर अलि गहीरोमा छानवीन गर्ने प्रयत्न गरौं- के नेपालमा अहिले विद्युत महशूलमा बृद्धि गर्नु साँच्चि नै जरूरी थियो ?

## कसरी बढ्दैछ नेपालमा बिजुलीको मूल्य ?

| | २० यूनीटसम्म | २१ देखि २५० युनीटसम्म | २५० यूनीटभन्दा माथि |
|---|---|---|---|
| २०४९ चैत्रदेखि | रू.१.५० | ३.०० | ४.५० |
| २०५० चैत्रदेखि | रू.२.५० | ४.०० | ६.२० |
| २०५३ चैत्रदेखि | रू.३.०० | ५.०० | ७.७५ |
| २०५६ मंसिरदेखि | रू.३.९० | ६.५० | ९.२५ |

| | २०४८मंसिर | २०४९ चैत्र | २०५०चैत्र | २०५३जेठ | २०५६मंसिर |
|---|---|---|---|---|---|
| ५ एम्पियरसम्मरू. | ११/- | रू.३०/- | रू.५०/- | रू.६०/- | रू.७८/- |
| ६ देखि ३० एम्पिएरसम्म | - | रू.९०/- | रू.१३०/- | रू.१६०/- | रू.२०८/- |
| ३१ देखि ६० एम्पिएरसम्म | - | रू.२१०/- | रू.२९०/- | रू.३६०/- | रू.४६८/- |

*स्रोत : नेपाल विद्युत प्रधिकरण*

विद्युत महशूल बढाउन पर्नाको कारणबारे विद्युत प्राधिकरणको भनाई छ- एशियाली विकास बैंकसित काली गण्डकी 'ए' को लागि ऋण संझौता गर्दा विद्युत महशूल बढाउनु अनिवार्य शर्त राखिएको थियो । परन्तु विगत तीन बर्षदेखि विद्युत महशूल पटक्कै बढाइएको थिएन । यस बीचमा देशमा मुद्रास्फीति २४ प्रतिशतले बढ्यो । डलरसित नेपाली मुद्राको १५ प्रतिशतले अवमूल्यन भयो । अतः भावी विद्युत आयोजनाको विकासको लागि नेपालको तर्फबाट हाल्नु पर्ने पैसा जुटाउन बाध्य भएर विद्युत महशूल बढाउनु परेको हो ।

कति सत्य छ त विद्युत प्राधिरणले जनतासमक्ष दिएको यो स्पष्टीकरण ?

प्राधिकरणले विगत तीन वर्षदेखि विद्युत महशूल बढाएको थिएन भन्ने दावी सत्य हो । परन्तु यो दावीले अरूण तेश्रो योजनालाई भनेर विगत आठ वर्षदेखि पटकपटक लगातार बढाएको विद्युत महशूललाई छोपछाप पार्ने काम गरेको छ । त्यस योजनालाई पूँजी जुटाउने भनेर २०४८ मा ११ रू. रहेको न्यूनतम विद्युत महशूललाई २०५३ सालमा पुग्दा रू. ६० पुऱ्याइयो । अर्थात् आठ वर्षमा न्यूनतम विद्युत महशूलमा ४४५ प्रतिशत वृद्धि गरियो । त्यस्तै गरी प्रतियुनिट अधिकतम विद्युत महशूलमा १२४ प्रतिशत वृद्धि गरियो । त्यसबाट हरेक वर्ष न्यूनतम ६०/७० करोड रूपैयाँ पूँजी जम्मा हुने दावी त्यतिखेर विद्युत प्राधिकरणले गरेको थियो । अरूण तेस्रो त खारेज गरियो, तर त्यसवापत बढाइएको महशूल भने घटाइएन । त्यसवापत जम्मा भएको अरवौं पैसा खोइ कहाँ गयो ? त्यो थैली विद्युत प्राधिकरण किन लुकाउँदैछ ?

त्यसैले, विद्युत प्राधिकरणसित तीन वर्षदेखि बिजुलीको भाडा नबढाएकोले नयाँ योजनामा लगानी गर्नका लागि पैसा नै भएन भन्ने दावी सरासर गलत छ । सत्य त के हो भने विद्युत

> *पहिले एकदम राम्रो प्रस्ताव भनिएकोभन्दा ६० करोड रूपियाँ कम खर्चमा एउटा ठेकेदारले मध्य मर्स्याङ्दी निर्माण गर्न तयार भयो ।*
>
> **- शैलजा आचार्य**

प्राधिकरणमा महशूल बृद्धि गरेर जति पैसा जम्मा गरे पनि त्यो पैसा उत्पादनशील पूँजीमा परिणत हुने गर्दैन । गरिरहेको छैन । त्यो अनुत्पादक शीर्षकहरूमा चुहिएर उत्तिकै सकिन्छ । चुहिएको ठूलो पानी ट्यांकी जस्तो छ विद्युत प्राधिकरण, जहाँ जति पानी वाहिरबाट खन्याए पनि भाँडोमा बाँकी बस्दैन, चुहिएरै सकिन्छ । नत्र, गत आठ वर्षमा त्यति ठूलो अनुपातमा विद्युत महशूल बढाएपछि अहिले फेरि नयाँ लगानीका लागि पैसा भएन भन्ने स्थिति कहाँबाट पैदा भयो ?

अहिलेको मुख्य प्रश्न के हो भने- विद्युत प्राधिकरणले यतिखेर आफ्नो भाँडामा पैसा चुहुने प्वाल टाल्नतिर आफ्नो ध्यान र शक्ति खर्चनु पर्ने हो कि फेरि भाँडामा नयाँ पैसा खन्याउने कुरामा ?

प्राधिकरणको तर्क छ- डलरको तुलनामा नेपाली मुद्रा १५ प्रतिशतले अवमूल्यन भएकाले बिजुलीको भाउ बढाउन बाध्य हुनुपरेको हो । यो दावी पनि सही देखिन्न, किनभने पहिलो कुरो त, विद्युत प्राधिकरणले मुद्रा अवमूल्यनबापत कुनै घाटा आफूले व्यहोर्नु पर्दैन, त्यो सरकारले व्यहोर्ने व्यवस्था छ । दोश्रो, विगत आठ वर्षमा डलरको तुलनामा नेपाली मुद्राको जति अवमूल्यन भएको छ, त्योभन्दा लगभग डबल ज्यादा बिजुलीको भाउ बढाइएको छ । उदाहरणको लागि, २०४९ सालमा एक अमेरिकी डलर बराबर नेपाली रूपियाँ ४३/२० थियो । अहिले त्यो ६९ रूपियाँ पुगेको छ । यसको मतलव, गएको आठ वर्षमा नेपाली रूपैयाँभन्दा डलरको भाउ ६० प्रतिशतले बढेको छ । परन्तु यही अवधिमा प्रतियूनीट ३ रूपियाँमा पाइने बिजुली रू. ६/५० पुगेको छ । अर्थात्, विद्युत महशूल भने ११७ प्रतिशत बढेको छ । त्यसैले मुद्रा अवमूल्यनको कारणले बिजुलीको भाडा यति ज्यादा बढाइएको भन्ने तर्कमा कुनै सत्यता देखिन्न ।

मुद्रास्फीति सम्बन्धी प्राधिकरणको

# बिजुलीको भाउ नबढाउनका लागि संभव बिकल्पहरू के के थिए ?

तर्क पनि निराधार देखिन्छ । अर्थमन्त्रालयबाट आर्थिक सर्वेक्षण, २०५५/५६ अनुसार आर्थिक वर्ष २०४९/५० देखि २०५५/५६ सम्मको मुद्रास्फीति कुल जम्मा ५७ प्रतिशत मात्र देखिन्छ । परन्तु यही अवधिमा विद्युत महशूल भने शत प्रतिशत भन्दा पनि ज्यादा बढाइएको छ ।

## संभव बिकल्पहरू

त्यसैले विद्युत प्राधिकरणको विद्युत महशूल बढाउने कदमलाई एशियाली विकास बैंकको दबाबमा गरिएको एकदमै हचुवा र गैरजिम्मेवार निर्णय भन्न सकिन्छ ।

बिजुलीको भाउ नबढाउनका लागि प्राधिकरणसित मूर्त विकल्पहरू थिए र ती विकल्पहरू कार्यान्वियन गर्नु बिल्कुलै संभव थियो ।

प्राधिकरणको विद्युत चुहावट अहिले २२.९ प्रतिशत छ । यसमध्ये १५ प्रतिशत चुहावट मात्र अपरिहार्य छ, किनकि त्यो प्राविधिक चुहावट हो । बाँकी ८ प्रतिशत चुहावट चोरी हो । यो चोरी चुहावटलाई आधा मात्र पार्न सकियो भने मात्र पनि प्राधिकरणलाई स्वतः करोडौंको थैली प्राप्त हुन संभव छ ।

प्राधिकरणको अर्को ठूलो नोक्सानीको मुहान हो- ओभर स्टाफीङ् । अहिले स्थायी कर्मचारी नै प्राधिकरणमा ८ हजार देखिन्छन् । प्राधिकरणको कोषबाट तलव खाने अस्थायी कर्मचारी कति छन्, प्राधिकरणको व्यवस्थापन स्वयम्लाई जानकारी छैन । पशुपति समशेरको छ महीने मन्त्रीकालमा मात्र १३०० जना अस्थायी कर्मचारी अनावश्यक रूपमा भर्ना गरिएको प्राधिकरणका एकजना अधिकृतले मूल्याङ्कनलाई बताए । प्राधिकरण भ्रष्ट मन्त्री र नोकरशाहहरूको र उनका आफन्तहरूको भर्तीको निम्ति, मनचिन्ते कसौंडी भएको छ, जसलाई जति मनलाग्यो त्यति उबाएर लिएहुन्छ । २५६ मेगावाट बिजुलीको व्यवस्थापनको निम्ति कर्मचारीयन्त्रको यो महाभारी निकै वाहियात देखिन्छ । फजुल खर्चको यो स्थायी मुहानलाई साविकभन्दा आधा साइजमा घटाए पनि प्राधिकरण अहिले जत्तिकै चल्न सक्ने विज्ञहरूको राय छ । परन्तु यसको निम्ति प्राधिकरण मात्र तातेर पुग्दैन, पार्टी नेता, मन्त्रीहरू र उच्च नोकरशाहहरूको प्रवृत्तिमै हेरफेर ल्याउनु जरूरी देखिन्छ । फजुल खर्च घटाउनमा उनीहरूको दह्रो प्रतिवद्धता भयो भने यो समस्या हल गर्न संभव छ ।

बिजुलीको महशूल बृद्धि गर्न वाध्यपार्ने अर्को प्रमुख कारकतत्व परियोजनाको चर्को लागत खर्च हो, प्रतिवद्धता भयो भने जुन सजिलै घटाउन सकिन्छ ।

भूतपूर्व जलस्रोत मन्त्री शैलजा आचार्यले मूल्यांनलाई बताउनु भयो : "मेरो मन्त्रीत्वकालमा मध्य मर्स्याङ्दी निर्माणको एउटा ठेकेदारी प्रस्ताव एकदम राम्रो भनेर स्वीकार गर्न नोकरशाहहरूले लिएर आए । ठेकेदार एउटै मात्र भएकाले मैले त्यो प्रस्ताव मान्न अस्वीकार गरें । मेरो अनुभव त थिएन, परन्तु प्रतिस्पर्धा भयो भने भाउ अवश्य घट्छ भन्ने मलाई लाग्यो । त्यसैले मैले प्रतिस्पर्धाका लागि टेण्डर आह्वान गर्न दवाव दिएँ । त्यसपछि प्रतिस्पर्धा हुँदा त पहिले एकदम राम्रो प्रस्ताव भनिएकोभन्दा ६० करोड रूपियाँ कम खर्चमा एउटा ठेकेदारले मध्य मर्स्याङ्दी निर्माण गर्न तयार भयो । त्यो योजना त्यसैलाई दिइयो । मलाई आश्चर्य लाग्यो- एउटै आयोजनामा ६०-६० करोडको फरक पर्दोरहेछ । मन्त्री भएपछि मैले प्रत्यक्ष अनुभव गरें- बिजुलीको लागत प्रति यूनीट मूल्य महँगो हुनुमा कमीशनको चक्कर मूख्य कुरा रहेछ । त्यत्रो ठूलो रकमको फरक पर्ने योजनालाई समेत नेपाली नोकरशाहहरू कमीशनको लोभले राम्रो योजना भनेर सिफारीश गर्दा रहेछन् । म ७ महीना मंत्री भएँ । यो अवधिमा यस्तै गरेर २०० करोड बराबरको खर्च कम गर्न सकियो । एउटा मंत्री प्रतिवद्ध हुँदा यति फजुल खर्च बचत गर्न सकिन्छ भने नेता र नोकरशाहहरूको टीम नै प्रतिवद्ध भयो भने कति बचत होला ?"

प्रश्न नितान्त विचारणीय छ ।

सुश्री शैलजाको भनाइ थियो : "बिजुलीको भाउ बढाउनका लागि दवाव दिन एडिवीका मान्छेहरू मेरो पालामा पनि आएका थिए । मैले भनें- म नोक्सानी कम गर्छु, तर बिजुलीको भाउ बढाउँदिन । मैले नोक्सानी कम गरें पनि । त्यसपछि उनीहरू दबाब दिनै आएनन् ।"

"लागतको मामलामा एउटा ज्वलन्त उदाहरण चिलिमे आयोजना हो । यस आयोजनाको अनुमानित लागत १६० करोड ने.रू. थियो । परन्तु एउटा चिनीयाँ कंपनीले १३० करोडमै यो योजना बनाउन तयार भयो । उसको टेण्डर स्वीकृत पनि भयो । परन्तु यसो गर्दा प्रतियूनीट रू. ३/- मै बिजुली पाइने भयो । त्यसो गरेर पनि अझै ४० करोड नाफा हुने भयो । जल माफीयाहरूलाई फसाद पर्‍यो । पहिले महँगोमा बनाइएका योजनाहरूको भण्डाफोर हुनेभयो । त्यसैले, माफीयाहरूको दवावमा त्यति सस्तोमा निर्माण गर्न तैयार कंपनीलाई अन्ततः लाइसेन्स नै नदिई उत्तिकै झुलाइयो । आजित भएर त्यो कंपनीले हात झिक्यो । पछि २३२ करोडमा निर्माण गर्छु भन्ने अर्को कंपनीलाई लाइसेन्स दिइयो ।" जलस्रोतका एकजना स्थापित खोजपत्रकार राजेन्द्र दाहाल बताउनु हुन्छ ।

यस प्रकार, प्राधिकरणमा चर्को कमीशनको चक्कर छ । कमीशनको लोभमा मंत्रीदेखि लिएर उच्च नोकरशाहहरू परियोजनाको लागत घटाउन पटक्कै तैयार हुन्नन् । यही कारणले परियोजनाको लागत अनावश्यक रूपमा निकै बढ्छ । यसको परिणाम हुने गर्छ- विद्युत महशूलमा चर्को वृद्धि र महँगो बिजुली ।

यसबाहेक "प्राधिकरणको गोदाममा पुनः प्रयोग गर्न सकिने १ अरब ५० करोड बराबरको सामान छ । तर यो सामान प्रयोग नगरी कमीशनको चक्करमा परेर नयाँ सामान किनिन्छ ।" कान्तिपुर दैनिकमा मंसिर १० गते प्रकाशित समाचार विश्लेषणमा नेपाल विद्युत प्राधिकरण कर्मचारी संगठनका अध्यक्ष विजयकुमार चौधरीले यस्तो भनेका छन् ।

प्राधिकरणकै एकजना । कर्मचारीले नाम नलेख्ने शर्तमा मूल्यांकनलाई बताए : "प्राधिकरणको गाडीमा सचिवहरू, मंत्रीहरू र नेताहरूको लूट छ । हरेक मंत्रीले प्राधिकरणको गाडी राखेका छन् । प्राधिकरणसित कति गाडी छ र कसले कहाँ कुन गाडी चलाइरहेको छ, हाकिमहरूसित त्यसको कुनै भरपर्दो रेकर्डसमेत छैन । कतिपय गाडी त बीचैमा बेचिन्छ पनि । त्यो कुरो प्राधिकरणलाई थाहै हुन्न । यी कुरा मात्र कन्ट्रोल गरे पनि प्राधिकरणको करोडौं रूपैयाँ बच्थ्यो ।"

देशान्तर साप्ताहिकले हालै प्रकाशित गरेको समाचारअनुसार विद्युत प्राधिकरणले सरकारसित उठाउन बाँकी विद्युत महशूल बक्यौता नै ३२ करोड रूपैयाँ बराबरको देखिएको छ । नगरपालिकाहरू, संस्थानहरू, गाविसहरूले गरेर ४२ करोड रूपैयाँ तिर्न बाँकी देखिएको छ । यो समाचारको खण्डन कुनै निकायले गरेको पाइएको छैन । जम्मा गरेर प्राधिकरणले रू १ अरब ६७ करोड उठाउन बाँकी रहेको बताइन्छ । यीमध्ये डुब्ने पैसा कति, उठाउन सकिने पैसा कति प्राधिकरणले मूर्त र पारदर्शी ढंगले छुट्याएको पाइन्न । अझ ठूला घरेलु उद्योग व्यवसायीहरूसित कति बाँकी छ, प्राधिकरण स्पष्ट पार्नै चाहँदैन । उठ्न संभव यी संपूर्ण दृष्य-अदृष्य बक्यौता रकमहरूमध्ये आधा मात्र उठाउन सकिएको खण्डमा पनि उसित करीब करीब अहिलेको विद्युत महशूल वृद्धिबाट उठ्ने बार्षिक रकम जति नै पैसा हुनसक्ने संभावना देखिन्छ । परन्तु यसतिर सरकार र विद्युत प्राधिकरण दुवै उद्यत देखिन्नन् ।

त्यसमाथि, बेठीक दरमा प्राधिकरणले गरेका विद्युत खरीद संभौताहरू पनि विद्युत महशूल अनावश्यक रूपमा बढाउन जिम्मेदार देखिन्छन् । उदाहरणको लागि, नेपाल आफैंले बनाएको पुवा खोलाको विद्युत उत्पादन लागत पनि प्रति किलोवाटको २३०० अमेरिकी डलर देखिन्छ । ठीक यति नै दरमा नर्वेजियन र नेपाली कंपनी मिलेर खिम्ती आयोजनाबाट विद्युत उत्पादन गरिंदैछ । परन्तु पुवा खोलाको बिजुली विद्युत प्राधिकरणले प्रतियूनीट रू.२/८० मा किन्दैछ, जबकि, खिम्तीको भने

## नेपालको बिजुली यो हिसाबले महँगो हुँदैछ

| | १९९० मा | १९९१मा | १९९३मा | १९९४मा | १९९६मा | १९९९मा |
|---|---|---|---|---|---|---|
| ◆ विनिमय दर ने.रू/डलर | २९.२० | ४२.८० | ४९.९१ | ४९.७४ | ५६.२५ | ६८.४० |
| ◆ बिजुली महसुल प्रति युनिट ने.रू.मा | १.४० | २.२२ | २.७८ | ३.८८ | ४.९४ | ६.३२ |
| ◆ बिजुली महसुल प्रति युनिट अमेरिकी डलरमा | ४.८ | ५.२ | ५.५७ | ७.८ | ८.८ | ९.२ |
| ◆ महसुल बृद्धि प्रतिशत | - | ६१ % | २५ % | ३८ % | २० % | ३० % |
| ◆ महसुल बृद्धि गरिएको महीना, साल | - | Nov.'91मा | March'93मा | March'94मा | May'96मा | Nov.'99मा |

स्रोत : - नेपाल विद्युत प्राधिकरण

- विकास पाण्डे

### दाँजेर हेर्नुहोस् कहाँको बिजुली ज्यादा महँगो ?

प्रति यूनीट/नेपाली रूपियाँमा

| | |
|---|---|
| नेपालको | रू.६.३२ |
| अमेरिकाको | रू.४.७१ |
| नर्वेको | रू.४.५८ |
| भारतको | रू.२.९७ |
| पाकिस्तानको | रू.४.४९ |
| वाग्लादेशको | रू.४.४९ |
| श्रीलंकाको | रू.५.४० |

नोट : *अरू सबै मुलुकको मूल्यको तथ्यांक त्यहाँको राष्ट्रिय औसत हो, नर्वेको भने सन् १९९८ को गार्हस्थ्य क्षेत्रको विद्युत मूल्य हो ।*

स्रोत:- *US* Energy Information Administration, Annual Energy Review
*E*lectric Utilities Data Book, ADB

प्रतियूनीटको रू. ७ मा र त्यो पनि अमेरिकी डलरमा । दुई कंपनीको बिजुली खरीदमा यति चर्को, दोब्बरभन्दा पनि ज्यादा अन्तर किन ? किन नर्वेजियन कंपनीलाई पुवा खोलाकै सरह अथवा त्योभन्दा थोरै ज्यादामात्र मूल्य दिनसक्ने गरी प्राधिकरणले संझौता गरेन ?

अर्को वर्ष खिम्तीको बिजुली आउँदैछ । त्यतिखेर यही संझौताको कारणले बिजुलीको मोल पुनः बढाउनु पर्ने स्थिति प्राधिकरणसामु आएको छ । यस्तै गलत संझौता भोटेकोशीको बिजुलीको सम्बन्धमा पनि भएको छ ।

समष्टिमा कुरा गर्दा, विद्युत प्राधिकरणसित बिजुलीको भाउ नबढाउनका लागि थुप्रै मूर्त र राम्रा उपायहरू थिए र छन् । परन्तु तीमध्ये कुनै उपाय पनि उसले दह्रोसित अपनाएको पाइँदैन । प्राधिकरणले फजुल खर्च चुहावटका प्वालहरू टाल्नमा र विद्यमान स्रोतहरूको प्रभावकारी परिचालनमा जोड दिएर नयाँ योजनाको लागि प्रशस्तै स्रोतहरू जुटाउनु संभव थियो । तथापि यस्तो गर्ने कुरामा उसको कुनै प्राथमिकता र ध्याउन्ना पाइन्न ।

यस सम्बन्धमा राजेन्द्र दाहालको सटिक टिप्पणी छ : "प्राधिकरणको समस्या स्रोतको होइन, आर्थिक अव्यवस्थापनको हो । उसको व्यवस्थापनको भाँडो चुहिने बाल्टिन जस्तो छ । बाल्टिनको प्वाल नटाली ऊ पानीमात्र बाहिरबाट खन्याउन खोज्छ । तर सारा पानी चुहिएरै सकिन्छ ।" बिजुली महशूल बढाउने उसको अहिलेको निर्णय चुहिने बाल्टिनमा पानी खन्याउने खालको निर्णय हो ।

### *अमेरिकाको भन्दा पनि महँगो बिजुली*

कहाँ प्रतिब्यक्ति आय २५,००० डलर भएको देश अमेरिका, कहाँ प्रतिब्यक्ति आय २१० डलर भएको नेपाल । यी दुई देशको नागरिकको आयको तुलनै हुन सक्दैन । परन्तु प्राधिकरणको अहिलेको घोषणाले नेपालको बिजुलीलाई विश्वको सबैभन्दा धनी मुलुक अमेरिकाको भन्दा पनि महँगो बनाएको छ । अमेरिकामा अहिले प्रतियूनीट बिजुलीको औसत राष्ट्रिय मूल्य ६.९ सेण्ट छ, र गार्हस्थ्य क्षेत्रको विद्युत मूल्य प्रतियुनीट ८.२६ सेण्ट छ । नेपालको बिजुली हालको भाउबृद्धि अघि नै प्रतियूनीटको ८.८ सेण्ट पर्दथ्यो । अहिले त्यो बढेर प्रतियूनीटिको ९.२ सेण्ट पर्ने भएको छ । अर्थात् अमेरिकाको भन्दा डेढी महँगो । (हेर्नुहोस् बक्स)

दक्षिण एशियामा त नेपालले बिजुलीको चर्को मूल्यमा रेकर्ड नै तोडेको छ । भारतको गार्हस्थ्य क्षेत्रको बिजुलीको मूल्य प्रति युनीट २.८ सेण्ट मात्र छ । भारतको बिजुलीको सरदर राष्ट्रिय मूल्य प्रतियूनीट ४.३ सेण्ट मात्र छ । नेपालको बिजुली त्यसको तुलनामा दुई गुणाभन्दा पनि ज्यादा महँगो भएको छ । पाकिस्तान र बंग्लादेशमा प्रतियूनीट बिजुलीको मूल्य ६.५ सेण्ट छ । नेपालको मूल्य यस हिसाबले उनीहरूको तुलनामा पनि महँगो भएको छ ।

नेपाल बिजुलीको लागि ब्राजिल पछिको धनी देश भनेर फूर्ती गरिन्छ । बिजुली बेचेरै नेपाल मालामाल हुनसक्छ भनेर दावी गरिन्छ । तर, नेपालको बिजुली तबमात्र नेपालको संपत्ति हुनसक्छ, जब यो सस्तो र भरपर्दो हुन्छ । जब यो जनताले र बिदेशले किन्नसक्ने मूल्यको हुन्छ । अन्यथा, महँगो बिजुली नेपालको संपत्ति कदापि हुनसक्दैन । अहिले प्राधिकरणले जुन बाटो समातेको छ, त्यो नेपालको बिजुली विश्वमै सबभन्दा महँगो पार्ने बाटो हो । यस्तो भयो भने नेपालको बिजुली कसले किन्ने र बाल्ने ? किन्ने र बाल्ने मूल्यको बिजुली नै भएन भने यो कसरी संपन्नताको स्रोत बन्ने ?

अतः सरकारले र प्राधिकरणले नेपालको बिजुलीलाई विश्वमै एकदम सस्तो पार्ने बाटो अख्तियार गर्नु जरूरी छ । यस्तो गर्नका लागि तीनवटा प्रमुख उपाय छन्-

❑ आफ्नै संस्थागत क्षमता बृद्धि गर्दै मूलतः आफ्नै प्राविधिक, आफ्नै ठेकेदार, आफ्नै पैसा, आफ्नै प्रविधि प्रयोग गरेर विद्युत उत्पादनको लागत यथासंभव घटाउने ।

❑ साना र मझौला आयोजनामा प्राथमिकता दिने ।

❑ नयाँ योजनामा भन्दा फजुल खर्च र चुहावट नियन्त्रणमा ज्यादा जोड दिने । ❑





पेरू : सैनिकहरू र छापामारहरूको भीडन्त

# क. फेलिसियानोको रिहाइका लागि किन आवाज उठिरहेको छैन ?

पेरूको सशस्त्र छापामार संगठन पेकपा (साइनिङपाथ)का सर्वोच्च नेता क. फेलिसियानोको गिरफ्तारी भएको पनि महिनौं भइसकेको छ, तर पनि किन हो- फेलिसियानोको गिरफ्तारी, अदालती कारवाही र रिहाइको मागबारे कहिँबाट पनि आधिकारिक सूचना प्रचारित भएको छैन ।

साइनिङ्ग पाथपनि सम्मिलित रहेको माओवादीहरूको अन्तर्राष्ट्रिय केन्द्र मानिने क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (RIM) बाट पनि यस विषय ठोस जानकारी दिने र रिहाइका लागि आवाज बुलन्द पार्ने अति जरूरी काममा अपेक्षित पाईला चालिएको देखिँदैन ।

क. गोञ्जालो र क. फेलिसियानोको रिहाइका लागि जोड्दार आवाज उठ्नु पर्ने बेलामा उनीहरूको स्वास्थ्य स्थिति र अदालती कारवाहीबारे सामान्य जानकारी पाउन पनि कठिनाइको स्थिति आउनु भनेको निकै विडम्वनापूर्ण देखिन्छ ।

अहिले साइनिङ्ग पाथले आफ्ना सर्वोच्च नेताहरू क. गोञ्जालो र क. फेलिसियानो लगायत सम्पूर्णजसो पूरानो केन्द्रीय नेतृत्व गुमाउनु परिरहेको छ । त्यसको नयाँ नेतृत्वमा क. आर्तिमो आउने संभावना ब्यवहारमा अनुबाद भए-नभएको कुराको पनि आधिकारिक जानकारी सार्वजनिक भएको छैन । अर्कोतिर साइनिङ पाथले सरकारसँग शान्तिपूर्ण वार्ता गरी आफ्नो शक्ति संचय गर्नुपर्ने र जनसंघर्षमा बल दिनुपर्ने विचार साइनिङ पाथ पार्टीभित्र र बाहिर संघर्ष गरिरहेका शक्तिहरू पनि संगठित हुनथालेको संकेत प्राप्त हुनथालेको छ ।

ल्याटिन अमेरिकासम्वन्धी मामलाका विशेषज्ञहरूका अनुसार, क. फेलिसियानोको गिरफ्तारीपछि साइनिङ पाथका छापामारहरूले सैनिक-प्रहरीहरूविरूद्ध कठोर प्रत्याक्रमण गर्ने अनुमान गरिएको थियो । तर किन हो थाहा भएको छैन, छापामारहरूको आक्रमण र प्रत्याक्रमणका कुनै समाचारहरू अचेल सार्वजनिक भइरहेका छैनन् ।

यसैबीच फुजिमोरीका सैनिकहरू र साइनिङ पाथका छापामारहरूबीच छिटफुट भीडन्त भएको एउटा समाचार सार्वजनिक भएको छ । दक्षिणी पेरूको जुनिन नामक क्षेत्रमा गत मंसिर ८ र ९ गते भएका भीडन्तहरूमा २ जना सैनिकहरू र चारजना छापामारहरूको मृत्यु भएको खवर छ । खवरअनुसार सैनिकहरू र छापामारहरूबीच दुईवटा छुट्टाछुट्टै झडपहरू भएका थिए । त्यस क्रममा एकजना सैनिकको तत्कालै मृत्यु भएको र अस्पतालतिर लाँदै गर्दा बाटोमैं अर्को सैनिकको मृत्यु भएको थियो । अरू दुई सैनिकहरू पनि त्यसवेला नराम्ररी घाइते भएका थिए । सैनिक अधिकारीहरूको दावीअनुसार ४ जना छापामारहरूको मृत्यु भीडन्त कै क्रममा तत्कालै भएको थियो ।

स्मरणीय छ, क. फेलिसियानोको गिरफ्तारीपछि फुजिमोरी र उनका सैनिकहरूको आत्मबल निकै बढेको छ । एकपछि अर्को सफलता प्राप्त गरिरहेका फुजिमोरीका सैनिकहरूले हालै मात्र छापामारहरू विरूद्धको आक्रमणलाई अझ तेज पारेका छन् । क. फेलिसियानोको गिरफ्तारीपछि छापामारहरूलाई सखाप पार्ने उद्घोषका साथ दक्षिणी पेरूको जुनिन क्षेत्रका जंगलहरूमा दुई हजार सैनिकहरूले दुईवटा छापामारहरूको डफ्फालाई पीछा गर्न थालेका छन् । ६० देखि ८० जना जतिका छापामारहरूको दुईवटा डफ्फाविरूद्ध अत्याधुनिक हतियार र सूचना यन्त्रहरूले लैश सैनिकहरूको लुकामारीको क्रममा पटक-पटक भीडन्त भएको खवर छ । ❑



अमेरिकामा विश्व ब्यापार संगठनविरूद्ध ब्यापक प्रदर्शन

# ब्यापक विरोधका बीच सियाटल विश्व ब्यापार वार्ता बिफल

हज्जारौं जनताको विरोध प्रदर्शनकाबीच अमेरिकाको सियाटलमा आयोजित १३५ सदस्यीय विश्व ब्यापार संगठनको मन्त्रीस्तरीय चार दिने बैठक विना कुनै सहमति विफलतामा टुंगिएको छ । विश्व ब्यापारका तीन दादाहरू- अमेरिका, युरोप र जापानले यो तेश्रो मन्त्रीस्तरीय बैठकको निर्णय प्रक्रियामा पनि एकलौटी मनपरी गर्ने प्रयत्न त गरे, परन्तु आपसमा सहकार्य गर्न र कुनै पनि मुख्य मुद्दामा साझा सहमति कायम गर्न उनीहरू असमर्थ भएका छन् । सबैभन्दा ठूलो विफलता अमेरिकाको हात लागेको छ । आयोजकको हैसियतले पनि अत्यन्त अव्यवस्थित र फितलो आयोजनाको लागि ऊ तीव्र आलोचनाको पात्र भएको छ, ब्यापार वार्ताकारको हिसाबले पनि उसको प्रत्येक मुख्य प्रस्ताव यस पटकको बैठकमा गंभीर विरोधको विषय रह्यो । कुनै पनि प्रस्तावबारे संभौता हुनसकेन ।

कृषिमा दिईआएको राज्यको अनुदान पूर्ण रूपमा बन्द गरिनुपर्छ भन्ने अमेरिकी प्रस्तावलाई यूरोपेली युनियनले यसपल्ट पहिलेका कुनै पनि बैठकमा भन्दा तीव्र रूपमा विरोध गर्‍यो । जापान, नर्वे, एशियाका अन्य मुलुकहरू र अफ्रिकाले पनि यसमा साथ दियो । फलस्वरूप उसको प्रस्ताव नराम्ररी फेल खायो ।

विश्व ब्यापार संगठनमा ब्यापार र आधारभूत श्रमको स्तरकाबीच सम्बन्ध कायम गर्ने व्यवस्था हुनुपर्छ, आधारभूत श्रमको स्तर उल्लंघन गर्ने कुनै पनि मुलुकलाई ब्यापार नाकाबन्दी लाउने प्रणाली हुनुपर्छ भन्ने अमेरिकी प्रस्तावउपर यसपल्ट सम्पूर्ण विकासशील राष्ट्रहरूले एकताबद्ध आक्रोश पोखे । यो प्रस्तावले अमेरिका र यूरोपलाई विकासशील राष्ट्रमा पनि विकसित राष्ट्रमा दिइएसरह ज्याला बढाइनुपर्छ भनेर दबाव दिन आधार प्रदान गर्छ । र, यसरी तेश्रो विश्वमा सस्तो ज्यालाबाट सस्तो वस्तु उत्पादन गर्न सक्ने संभावना नै खत्तम हुन्छ भन्ने उनीहरूको मुख्य जिकीर रह्यो । भारत, चीन, इजिप्ट, मलेशिया, थाइलैण्ड, सम्पूर्ण अफ्रिका र क्यारेबियन मुलुकहरूले डटेर यसको विरोध गरेपछि अमेरिकालाई साथ दिइरहेको यूरोपले यसमा अडान खुकुलो पार्‍यो । परिणामस्वरूप ब्यापारसम्बन्धी वार्तामा यो गैर-ब्यापारिक विषय छलफलको विषय नै बन्नुहुन्न भन्ने भारतको तीव्र अवाजका बावजूद यो छलफलको एजेण्डासम्म त बन्यो तर यसबारे कुनै साझा सहमति कायम हुनसकेन ।

अमेरिकालाई तथाकथित- डंपिङ विरोधी नियमहरू संशोधन गर्न पनि जापान, दक्षिण कोरिया र अन्य मुलुकहरूबाट चर्को दबाब पर्‍यो, जुन नियम उसले परल मूल्यभन्दा पनि सस्तोमा सामान निर्यात गर्ने राष्ट्रलाई दण्ड दिन ल्याएको थियो । यो प्रस्तावमा पनि बैठकमा कुनै साझा सहमति बन्न सकेन ।

इलेक्ट्रोनिक ब्यापारमाथि रहेका ब्यापारिक तगाराहरू हटाउने सवालमा अमेरिकाले थोरै सफलता हासिल गर्‍यो । तर यो सवालमा पनि यसपल्ट अन्तिम सहमति कायम हुनसकेन ।

सियाटल बैठकमा यसपटक सम्पूर्ण विकासशील मुलुकहरूले ऐक्यबद्ध भएर पहिलो विश्वको एकाधिकारविरूद्ध लडे । यो यस बैठकको महत्वपूर्ण विशेषता थियो । परन्तु अमेरिकी प्रमुख ब्यापारिक वार्ताकार चार्लिन बार्शेफ्स्कीको अध्यक्षता र बैठकमा लिइएको निर्णय गर्ने प्रक्रियाउपर सम्पूर्ण विकासशील राष्ट्रका प्रतिनिधिहरू यसपल्ट आगो भएका थिए । निर्णायक वार्तामा करीब २५ वटा शक्तिशाली मुलुकहरू मात्र 'ग्रीन रूम डिस्कशन'का नाममा भित्र बैठकमा बसेर बाँकीलाई निर्णय प्रक्रियामा सहभागी नै हुन नदिइएकोमा उनीहरू अत्यन्त क्रुद्ध र असंतुष्ट भएका थिए ।

"उनीहरू हामीलाई जनावरको व्यवहार गर्दैछन् । आफू मात्र भित्र बसेर हामीलाई उनीहरू बाहिर चीसोमा राख्दैछन् र भित्र के भइरहेछ केही पनि बताउँदै छैनन्," इजिप्टका ब्यापारिक वार्ताकार मुनीर जहरनले आफ्नो असंतुष्टि यसरी ब्यक्त गरे ।

खालि अमेरिका, जापान, र यूरोपेली संघका मान्छेमात्र वार्ता गरेर हाम्रो भाग्यको फैसला गर्न खोज्छन् भने हामीलाई त्यो मान्य छैन, निर्णय प्रक्रिया प्रजातान्त्रिक सहभागितामूलक र पारदर्शी हुनुपर्छ, - संपूर्ण विकासशील राष्ट्रका प्रतिनिधिहरूले यस्तो माग गरेका थिए । अमेरिकी प्रमुख वार्ताकार वार्शेफ्स्कीको अध्यक्षता- "न्यायाधीश पनि आफैं वकील पनि आफैं" खालको भयो, उनीहरूको टिप्पणी यस्तो थियो ।

सियाटल बैठकको सबैभन्दा महत्वपूर्ण पक्ष त्यहाँ यसपल्ट भएको ब्यापक विरोध प्रदर्शन थियो । पचासौं हजार मान्छेको विरोध प्रदर्शनका कारणले नोभेम्बर ३० को सेसन निर्धारित समयभन्दा ५ घण्टा पछिमात्र हुनसकेको थियो । उद्घाटनका बेला अरू त अरू, राष्ट्र संघका महासचिव कोफी अन्नान, अमेरिकी विदेशमन्त्री म्याडलीन अल्ब्राइट, अमेरिकी र यूरोपेली वार्ताकार आफैं होटलको कोठामा थुनिएर बस्नुपरेको थियो । उनीहरू बैठक स्थलसम्म पनि पुग्नसकेका थिएनन् । बैठक सुचारू रूपले चलाउन वाशिंगटनको सियाटल शहरमा मेयरले सिभिल इमर्जेन्सी लागु गर्नुपरेको थियो । र, पूरै शहरलाई कर्फ्यूमा राख्नुपरेको थियो । राज्य गभर्नरले त्यहाँ राष्ट्रिय गार्ड अर्थात् सेनासमेत पठाउनुपरेको थियो । टियर ग्याँस र रबरको गोलीको सहाराले शान्ति कायम गर्नुपरेको थियो ।

"विश्व ब्यापार संगठन खतरनाक फाल्तु वस्तु हो !", "स्वतन्त्र ब्यापार हैन, स्वच्छ ब्यापार !" लेखिएका ब्यानरहरू विरोध प्रदर्शनमा यत्रतत्र बोकिएका थिए । जुलूसले "Hey hey, ho ho, WTO has got to go" ("हे हे, हो हो, WTO मर्नुपर्‍यो !") जस्तो नारा चिच्याएको थियो । जुलूसको एउटा मुख्य आक्रमण विश्वब्यापीकरणको विरूद्धमा केन्द्रित थियो । "विश्वब्यापीकरणले हाम्रो काम र माम खायो !", "WTO ठूलो कर्पोरेशनको चाकर हो !" "WTO को काम गर्ने ढंग अप्रजातान्त्रिक छ, गोप्य छ, र ठूला कर्पोरेशनमुखी छ"- यस्ता मुद्दासमेत जुलूसले प्रमुख रूपमा उठाएको थियो ।

परन्तु जुलूसमा विश्वब्यापीकरण र WTO का विरोधीहरू मात्र थिएनन् । त्यसमा दशौं हजार ट्रेड यूनीयनवादीहरू, अनेकौं वातावरणवादीहरू, थुप्रै मानवअधिकार सक्रियतावादीहरू, हजारौं विद्यार्थीहरू, फ्रान्सका किसानहरू, उपभोक्ता अधिकार समूहहरू, गैर-सरकारी संगठनहरू र अक्सफामका विकासवादीहरू समेत सामेल थिए । सबैले आ-आफ्नो सरोकारका सवालहरू त्यहाँ नाराका रूपमा उठाएका थिए । जुलूसमा ठूलो संख्यामा त्यस्ता श्रमिक संघका मान्छेहरू पनि सम्मिलित थिए, जो राष्ट्रपति वील क्लिन्टनका डेमोक्रेटिक पार्टीका समर्थक थिए । ती डेमोक्रेटिक पार्टीद्वारा योजनाबद्ध ढंगले पठाइएका मान्छेहरू थिए । तिनीहरूले जुलूसमा WTO ले श्रमको स्तर बारेमा पनि नियम बनाउनुपर्छ भन्ने माग गरे । उनीहरूले WTO को कार्वाही खुला हुनुपर्छ भन्ने पनि माग गरे ।

अर्को वर्ष अमेरिकामा हुनलागेको चुनावका लागि भोट तान्ने कुरालाई ख्यालमा राखेर राष्ट्रपति वील क्लिन्टनले- विश्व ब्यापर संगठनको मन्त्रीस्तरको बैठकमा- जुलुसकर्ताको माग जायज छ, हामीहरूले उनीहरूको आवाज सुन्नुपर्छ भनेर जुलूसको र जुलूसको मागको खुला तारिफ र समर्थनसमेत गरे । उनको यो छट्टू व्यवहारले सहभागीहरूलाई एकसाथ आश्चर्यचकित र आक्रोशित दुवै पारेको थियो ।

जुलूस मूलतः शान्तिपूर्ण भए पनि यसको एउटा अंशले ब्यापक मात्रामा तोडफोडसमेत गरेको थियो । बाहिरको जुलूसको गतिविधिले भित्रको वार्तामा प्रत्यक्ष असर पारेको थियो । सियाटल बैठक असफल भएको खबर प्रसारित भएपछि जुलूसका असंख्य सहभागीहरू अत्यन्त प्रशन्न भएका थिए ।

सियाटल बैठक विफल भए पनि आउँदो जनवरीको प्रारम्भमै जेनेभामा पुनः वार्ताको अर्को दौरक्रम प्रारम्भ हुँदैछ । परन्तु यो बैठकले दुईटा सत्यको उजागर गरेको छ- एउटा, विश्वमा WTO विरोधी चेतना बढ्दैछ, अर्को, WTO अब अमेरिका र यूरोपले चाहेजस्तो गरी मात्र चल्ने वाला छैन, तेश्रो, विश्व पनि जागरूक र एकताबद्ध हुँदैछ । ❑

- दीपक वैद्य

**कसरी भइरहेछ भ्रष्टाचार ? भ्रष्टाचार कसरी रोक्ने ?**
(१२ पेजको बाँकी)

भई यसले समाजमा भ्रष्टाताको पक्षमा मूल्य मान्यताको सृजना गर्न सघाऊ पुऱ्याइरहेको छ ।

यी बाहेक एन.जि.ओ. मा खरिदमा, छपाईमा, निर्माण आदिमा माथि सरकारी पक्षका सन्दर्भमा चर्चा गरिएका प्रकारका ठगी र चुहावटहरू पनि मूल प्रवृत्तिकै रूपमा विद्यमान रहेका छन् ।

### समयको चाप र अष्पष्टताको आडमा :

सार्वजनिक थलाहरूमा सबैभन्दा उल्लेखनीय भ्रष्टाचार समयको चापलाई आड बनाएर हुने गरेको छ ।

सेवा क्षेत्रमा 'आज काम बन्दैन' भोलि आउनुस् भनेपछि भोलि आउन नसक्ने, वा भोलि आउने थप झंझट व्यहोर्न नचाहने व्यक्तिहरू 'आजै काम' गराउन घूस दिन बाध्य हुन्छन् । दुर्घटनामा परेर मरेको ब्यक्तिको लाश पोष्टमार्टम गराएपछि आफन्तहरूले अन्त्येष्टी गर्न बुझीलिन समेत पुलीसलाई पैसा दिनुपर्ने स्थिति यहाँ काठमाण्डौं डि.एस.पि. कार्यालयमा समेत विद्यमान रहेको छ ।

ट्राफिक अनियमितताका नाममा निर्दोष ब्यक्ति पनि पुलीसलाई पचास रूपियाँ दिन बाध्य हुन्छ । कारण, उसले लाइसेन्स खोसीदिन्छ, भोलि लाइसेन्स लिन जान अर्को समय निकाल्नु पर्नेहुन्छ । त्यसैले ऊ भोलिको त्यो झन्झटबाट बच्न अहिले नै पचास रूपियाँ दिन तयार हुन्छ । सेवा प्राप्त गर्दा, सामान छुटाउँदा वा कुनै सामान्य चिठीपत्र यताबाट उता चलानी गर्दा समेत समयको चापका नाममा अफिसहरूमा घूसखोरी हुने गरेका छन् ।

उदाहरणको लागि अहिले पनि झापा सि.डि.ओ.कार्यालयमा नागरिकता बनाउन कम्तीमा ५ रूपियाँदेखि ५ लाख रूपियाँसम्म घूस लिने गरिएको छ । कर्मचारीहरूका अगाडि राहदानी वा नागरिकताको लागि कागज आइपुग्छ । कर्मचारीहरू कागजात पुगेपनि यो पुगेन, त्यो पुगेन भनेर निहुँ खोज्छन् । यति गर्दा पनि पैसा नझर्ने देखेमा लामो समयसम्म झुलाउने गर्छन् । पछि एकजना पिउनलाई घूस माग्न पठाइन्छ । अधिकृतले एउटा सही गर्न २ सयसम्म लिने गरेका छन् । राहदानी फाँटमा तिर्नुपर्ने राजश्व दुई हजार रूपियाँमा थप रू. ५०/-महशूलजस्तै गरी घूस खाइन्छ ।' (-जनआस्था, मंसीर २२)

घुसखोरीको यो प्रवृत्ति स्वास्थ्य क्षेत्रमा झन ज्यादा चर्को बन्न पुगेको छ । अहिले नै सिटिस्क्यानिङ्ग वा अल्ट्रासाउण्ड नगरेमा तत्कालै गर्नुपर्ने उपचार संभव हुन्न, त्यसैले विरामी र अभिभावकले सरकारी अस्पतालहरूमा समेत 'मेशिन बिग्रेको' अथवा 'चलाउने मान्छे नै छैन' भन्ने जवाफकाविरूद्ध घूस दिनु पर्ने स्थितिसम्म पनि यहाँ पैदा भैसकेको छ । यसरी अभावको हौवा र समयको चापको आडमा सिनेमाको टिकट कालोबजारी हुने गरेकै प्रकृतिको 'कालोबजारी'ले आज हाम्रो समाजमा ब्यापकता लिन खोज्दैछ ।

सर्वसाधारण जनताको संपर्क हुने माल कार्यालय, भन्सार, भूमिसुधार, प्रहरी, सि.डि.यो. कार्यालय आदिमा जनतालाई भ्रष्टहरूले ठग्ने एउटा उल्लेखनीय पक्ष अस्पष्टताको पक्ष हो । सरकारी कामको प्रकृया कसरी अगाडि बढ्छ भन्ने कुराको अस्पष्टता, कुन कुराको दस्तुर कति हो भन्ने अष्पष्टता, को कुन कामको जिम्मेवार कर्मचारी हो भन्ने कुराको अस्पष्टता र कसको कार्याधिकार वा क्षेत्राधिकार कति भन्ने कुराको अस्पष्टता आदिको अंकुशेमा पारेर भ्रष्टहरूले सर्वसाधारणलाई बेस्कन ठगीरहेका छन् । कतिपय नियम कानून नै अस्पष्ट हुनु, कतिपय द्वीअर्थक हुनु र कतिपय तिनै भ्रष्टहरूको स्वैच्छिक अधिकारभित्र निर्णय हुने व्यवस्था हुनुका कारण आमजनता भ्रष्टहरूका अगाडि 'निरीह र मूर्ख' ठहरिन बाध्यहुने स्थिति रहेको छ ।

### राजनीतिक हस्तक्षेपको परिणति :

सार्वजनिक मामलामा र संस्थाहरूमा राजनीतिक पार्टीहरूले गर्ने हस्तक्षेप, पक्षपात र संकीर्ण व्यवहारले एकातिर मुलुकमा चालू ब्यापक भ्रष्टाचारमा थप 'आयाम नै थपेको' छ भने अर्कोतिर, राजनीतिक हस्तक्षेप भ्रष्ट नोकरशाहहरूको भ्रष्टतालाई छोप्ने राम्रो पर्दा पनि बनेको छ । आफ्नो मान्छेलाई 'सात खत माफी' दिने प्रवृत्ति पंचायतको 'गोप्य प्रवृत्ति'को रूप त्यागेर आजको राजनीति व्यवस्थाजस्तै 'खुला' बन्न पुगेको छ । हिजोको दरबारीया बलमा र मण्डलेतन्त्रको बलमा नोकरशाही तन्त्रमा पसेका भ्रष्टहरू घरी कांग्रेस, घरी बामपन्थी भएर प्रस्तुत हुने गरेका छन् । त्यसो गर्दा नोकरशाहीतन्त्रभित्र रहेका निष्ठवान ब्यक्तिहरूले ठूलो अपमान र तेजोवध महशूस गर्नुपर्ने स्थिति पैदा भएको छ । यसले गर्दा इमान्दारहरूमा ब्यापक निराशा र नकारात्मक उत्प्रेरणाको स्थिति जन्मीरहेको छ । व्यक्ति इमान्दार छ, कर्मठ छ, मिहेनती छ, सशक्त छ तर सत्तारूढ पार्टीसँग ऊ नजीक छैन भने सरूवा, बढुवादेखि लिएर यावत कुराहरूमा कर्मचारीमाथि अन्याय हुने स्थिति आजको नेपाली कर्मचारी प्रशासनको विशिष्ठ स्थिति बन्न पुगेको छ । यसले नोकरशाहीभित्र नयाँ खालको चाप्लुसी र ठगीको संस्कृति हुर्काइरहेको छ ।

### असर र समाधान :

भ्रष्टाचारको अनियन्त्रित माहौलका कारण आज देशमा के के असर परिहका छन् भन्ने कुरा आम जनताले प्रत्यक्ष कटु अनुभव गरेका छन् । ट्रान्सप्यारेन्सी इन्टरनेशनल भन्छ- "भ्रष्टाचारले प्रत्येक ब्यक्तिमाथि प्रहार गर्छ । यसले गरीवीको खाडललाई गहिऱ्याउँछ । समाजिक र आर्थिक विकासलाई विकृत बनाउँछ र सार्वजनिक सेवाहरूलाई ध्वस्त गरेर यसले प्रजातन्त्रलाई बदनाम गराउँछ । मूल्य, गुण र खोजीपूर्ण तत्परताको आधारमा हुने स्वस्थ्य प्रतिस्पर्धाको ठाउँमा भ्रष्टाचारले प्रतिस्पर्धात्मिक घुसखोरीको विकास गर्छ । यसले ब्यापार र नयाँ लगानीहरूमाथि नोक्सानी पुऱ्याउँछ ।"

यी सब कुराहरू नेपाली समाजमा भ्रष्टाचारले गरिनै रहेको छ । आर्थिक विपन्नता र सांमाजिक बिकृति बढाउनुका साथै भ्रष्टचारले सर्वसाधारणहरूको समग्र समाजलाई नै चिन्तित दुःखी र तनावयुक्त बनाइरहेको छ । एक प्रकारको हतासा, निराशा, र अविश्वासको स्थिति जनमानसमा छाइरहेको छ । 'बरू पंचायत नै ठीक थियो' प्रकारका प्रतिगामी सोच असचेत जनतामा बढीरहेछ । र, पंचायती तत्वहरू त्यसैलाई पंखा हंकिरहेछन् । युवाहरूमा पलायन र अपराधीकरण एवं सामाजिक विकृति बढीरहेछ । अर्कोतिर, आक्रोश र विद्रोहको चेत पनि पल्हाइरहेको छ । यही हतासा, आक्रोश र विद्रोहले उग्रवामपन्थी निम्न पूँजीवादी क्रान्तिकारीहरूको पहल पाएर मुलुकमा आज 'जनयुद्ध'को नाममा सशस्त्र गतिविधि समेत भइरहेको छ ।

भ्रष्टाचारले गरेका असरहरू मध्येको ठूलो र सबैभन्दा आधारभूत हानीकारक असर भनेको यसले जनमानसमा फैलाएको सांस्कृतिक पतनको प्रवृत्ति नै हो । क्रियाशीलताको ठाउँ अकर्मण्यता, विलास र ठगीले लिनु, उद्यमशीलताको ठाउँ तस्करीले लिनु, सेवा-ब्यापारको ठाउँ कालोबजारीले लिनु, शिक्षा ठेकेदारको हातमा पुग्नु, स्वास्थ्य बगरेको हातमा पुग्नु, र कला, साहित्य संचालनमा नाफाखोरहरू पुग्नुजस्ता ठूला क्षतिहरू समाजले बेहोर्नु परिरहेछ ।

पत्रमाथि पत्र थपिएको संस्थागत भ्रष्टाचारले समाजमा जुन नकारात्मक मान्यता प्राप्त गर्नुपर्थ्यो, त्यसको स्थानमा सकारात्मक मान्यता पाउने लक्षण ब्यापक हुँदै गएको छ ।

'वर्ष पुस्तक १९९९' ठीकै भन्छ - "रूढी तथा अन्धविश्वासमा निर्दोष एवं निरापराध मान्छेलाई बोक्सीको आरोपमा गाउँबाट लखेट्ने वा अमानवीय ढंगले कुटीकुटी मार्ने नेपाली समाज भ्रष्टाचारीहरूको विरोधमा भने केही बोल्दैन ।"

वास्तवमा आज अधिकांश आम जनताको स्थिति 'भ्रष्टाचारको विरोधमा बोल्दै, भ्रष्टाचारकै बाटो हिड्न खोज्ने' हुन पुग्दैछ । यो भनेको गलत कुराप्रति जनताको आत्मसमर्पण वा नैतिक आत्महत्याको स्थिति पैदा हुनुको प्रष्ट लक्षण हो ।

'घर घरको छानामा बसेर भ्रष्टाचार बढेको छ भन्दै चिच्याउनु मात्रले भ्रष्टाचार रोकिंदैन' भन्ने जवाहरलाल नेहरूको प्रसिद्ध उक्ति यतिखेर सान्दर्भिक हुन्छ ।

यो "छानामा बसेर चिच्याउनु"को हदभन्दा अगाडि बढ्ने हो भने निश्चित रूपमा भ्रष्टाचारको स्वरूप, कारण, निराकरणको समग्र अवधारणा र व्यवहारिक आँट एवं प्रतिबद्धतासहित समाजको नेतृत्व वर्गले पहल शुरूगर्नु पर्छ । यो पहल अनैतिकतामा आधारित भयो भने चाँहि यो केवल 'थप एक पाखण्ड' मात्रमा सीमित हुने हुनाले भ्रष्टाचार नियन्त्रण कार्यको कार्यान्वयनको व्यवहारिक शुरूवात अगुवाहरूको नीजी जीवनबाटै हुनुपर्छ । आफूलाई 'प्रजातान्त्रिक' र 'प्रगतिशील' भन्ने पार्टीहरूमा नेतृत्वबाट शुरू भई यो राज्यस्तर र कार्यकर्ता एवं जनस्तरमा फैलनुपर्छ ।

भ्रष्टाचार आर्थिक परिघटना मात्र हैन, यसका समाजिक, सांस्कृतिक, मनोवैज्ञानिक लगायतका पक्षहरू हुन्छन् । ती सबलाई एकसाथ अघि नबढाउने हो भने र यसको आंशिक पाटो मात्रलाई ध्यान दिने हो भने, त्यो प्रयत्न लंगडो हुनजान्छ । आर्थिक भ्रष्टाचार मात्र भ्रष्टाचार हैन । हर प्रकारका पाखण्डहरू, गैरजिम्मेवार व्यवहारहरू, ठगीहरू, नैतिक-चारित्रिक-सांस्कृतिक अधोपतनहरू भ्रष्टाचारकै विभिन्न आयामहरू हुन् । यसको समाधान खोज्दा समग्र -समाधान खोज्नु जरूरी छ ।

**केही आइ.एन.जि.ओ.हरूले देशका ठूला हाकिम, नेता वा सेनाका हाकिमहरूका घरहरू भाडामा लिने र लिंदा घरबेटीको पद रअधिकारको स्तर अनुसारको घरभाडा दिने गरेको समेत पाइएको छ ।**

यसरी लंगडो नभइकन समग्रमा भ्रष्टाचारविरूद्ध प्रयत्न गरिने शर्त समाजवादले वा समाजवादउन्मुख व्यवस्थाले मात्र पुरा गर्नसक्छ भन्ने कुरा इतिहासले प्रमाणित गरिसकेको छ । भ्रष्टाचार उन्मूलनको तहमा पुगेर पनि आफ्नो कमजोरीका कारण विगतमा विभिन्न देशमा समाजवादी खेमामा पनि विकृतिहरू आए, ती कतिपय ढले पनि । तर भ्रष्टाचार नियन्त्रणको प्रतिस्पर्धामा लामो इतिहासको पूँजीवादभन्दा छोटो इतिहासको समाजवाद धेरै अगाडि नै रहेको प्रमाणित भैसकेको छ । अहिले पनि समाजवादका थोरै अवशेष बोकेको 'समाजिक-जनवादी' जग भएको पश्चिम युरोप अन्यत्रका नांगा पूँजीवादी देशहरूभन्दा समाजिक न्याय र अभ्रष्टताका मामलामा केही अगाडि नै रहेका छन् ।

बैज्ञानिक समाजवादउन्मुख राज्यसत्ता स्थापना अघि नै पनि भ्रष्टाचारविरूद्ध गर्न सकिने सुधार र दिन सकिने जनराहतका मामलामा हाम्रो समाजमा आजसम्म पनि प्रतिबद्धता सहितका अभियानहरू अहिलेसम्म चलाइएका छैनन् ।

कृष्णप्रसाद भट्टराईले गत साता मंसीर १७ गते नेपाल पत्रकार महासंघको महाधिवेशनलाई संवोधन गर्दै भने- "म पांच वर्षभित्रै नेपालबाट भ्रष्टाचार निर्मूल गर्छु । अरू देशहरूमा भने भ्रष्टाचार बाँकी नै रहनेछ । किनभने त्यहाँ कृष्णप्रसाद भट्टराईजस्ता प्रधानमन्त्री छैनन् ।"

प्रधानमन्त्रीको यो भनाई वास्तवमा पत्रकारहरूबीच एउटा ठूलै 'जोक' जस्तै बन्यो । उहाँ र उहाँको पार्टी नेपाली कांग्रेस साँच्चै 'जोकर' नबन्ने हो भने उनीहरू एकदमै गंभीर बन्नु जरूरी छ । वहुआयामिक रूपमै कार्यक्रमहरू लिएर अघि बढ्ने हो भने एक हदसम्म यो नियन्त्रित हुन संभव छ ।

❑ तर वर्तमान प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईबाट यस्ता भ्रष्टाचारहरू रोक्ने काम होला भन्ने आशा कसरी गर्ने ? उनले प्र.मं.को कुर्सि सम्हालेको ६ महिनाभित्रै अर्थात् यही मंसीरको दोश्रो साताभित्रै ११ करोड रूपियाँ प्र.मं. कोषबाट 'दान'को नाममा स्वयं ब्रम्हलूट गराए । यो 'दान'को परम्परामा ब्याप्त भ्रष्टाचार उनले घटाउन थाल्लान् भन्ने जनताको 'आशा' माथि उनको यो उल्टो व्यवहारले ठूलो भट्टी प्रहार गरेको छ ।

❑ देशको अहिलेको चर्चित प्रसंग माओवादी जनयुद्ध समेत कसैका लागि विपक्ष वा पक्षको राजनीतिक मुद्दा भैरहेको छ, ज्यू ज्यान असुरक्षाको डरलाग्दो विषय भैरहेको छ । तर भट्टराई स्वयंकै शासन संचालनको एक पक्षले यसैलाई पनि ब्रम्हलुट-भ्रष्टाचार गर्ने भाँडो बनाइरहेको छ । माओवादी जनयुद्ध प्रभावित इलाकाहरूमा एक घण्टा हेलिकोप्टर घुमाउँदा करीब सात सय डलर प्रतिघण्टा खर्च देखाएर करीब चार सय डलर खुद खर्च गरी तीन सय डलर बीचमा कमीसन खाने गरिएको कुरा गृहमन्त्रालयको एक सूत्रले जनाएको छ । यसबारे पत्र पत्रिकाहरूले पनि केही समयअघि चर्चा चलाएका थिए । यी सत्तापक्षीय भ्रष्टहरू वास्तवमा माओवादी जनयुद्धको समाधान नहोस् भन्ने चाहना राख्ने गर्छन् । कारण यस जनयुद्धको निहुँमा उनीहरूले ब्रम्हलूट मच्चाउन पाएका छन् ।

❑ भट्‌छराई प्. मं. भएको लगत्तै शुरू भएको आठौं साफ खेलकूद महोत्सव काठमाडौंमा संपन्न भयो । यस खेलका निम्ति भनेर अतिरिक्त कर समेत उठाईएको थियो । यसरी जम्मा गरिएको रकमलाई "मुलुकको इज्जतको सवाल" को हौवा खडा गरेर वा "नेपालको सफलता" को हौवा गरेर प्रशस्त हिनामिना गरियो ।

**'घर घरको छानामा बसेर भ्रष्टाचार बढेको छ भन्दै चिच्याउनु मात्रले भ्रष्टाचार रोकिँदैन' भन्ने जवाहरलाल नेहरूको प्रसिद्ध उक्ति यतिखेर सान्दर्भिक हुन्छ**

यसका लागि औपचारिक जाँच गरियोस् र संवद्ध पदाधिकारीहरूको संपत्ति जाँच गरियोस्, भ्रष्टाचारको चित्र आफैं प्रष्ट हुन्छ । खेलकूद परिषदकै एक सूत्रको यो दावी यथार्थसम्मत दावी हो भन्ने कुरा व्यवहारमा देखिन्छ ।

के प्र. मं. भट्‌टराई यो जाँच गराउन तयार छन् ?

भ्रष्टाचार 'नियन्त्रण' मात्र हैन, 'उन्मूलन' नै गर्ने दावी गर्दै हिँड्नु सजिलो होला तर व्यवहारमै यसविरूद्ध जुध्नु बिल्कूलै सजिलो छैन । गुड्डी हाँक्दै हिँड्ने ने.का. र यसको सरकार के अहिलेलाई निम्न बमोजिम कुरा मात्र पनि गर्न तयार छ ? -केही सान्दर्भिक सवालहरू यहाँ उठाउनु उपयुक्त होला ।

- सरकारको पहलमा सबै पार्टीहरूको प्रतिनिधित्व हुने गरी भ्रष्टाचार नियन्त्रणका 'बहुआयामिक उपाय' खोज्ने एउटा शक्तिशाली 'कार्यदल' बनाउने । यसले समाजमा भैरहेका भ्रष्टाचारहरूको निरूपण गर्ने, तिनको प्रकृति पहिचान गरी तिनको रूप के, सार के, कारण के, असर के भन्ने कुरा खुट्याउने काम गर्ने ।

- यस कार्यदलले यो निर्क्योलका आधारमा भ्रष्टाचार नियन्त्रणका तात्कालीक र दीर्घकालीक उपायहरू प्रस्ताव गर्ने । सरकारले त्यसलाई तुरून्त लागू गर्नुपर्ने ।

- आर्थिक-राजनीतिक क्षेत्रका भ्रष्टहरूलाई सप्रमाण पक्रने उपायहरू व्यापक गर्ने र तत्काल कारबाही गर्ने । वर्तमान अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै परिधिमा वा त्यसबाहिर गएर पनि शक्तिशाली केन्द्रिय कमिसन बनाइनु पर्छ । यसनिम्ति कानून वा संविधान नै संशोधन गर्न पनि पछि पर्नुहुन्न ।

- पार्टीहरूको आय-ब्ययलाई जनमुखी र पारदर्शी बनाइनुपर्छ । राजनीतिक नेता-कार्यकर्ताहरूलाई अनावश्यक रूपमा 'होल टाइमर' बनाइनु हुन्न , उनीहरूलाई लोभलालचप्रेरित हैन, आदर्शप्रेरित बनाइनुपर्छ ।

- निर्वाचनको खर्चलाई अरू सीमित गर्नुपर्छ र स्वतन्त्र टीमले त्यसको अनुगमन गर्नुपर्छ ।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले र महालेखा परीक्षकले दिने वार्षिक प्रतिवेदनमा हरेक वर्ष दिइने गरेका सुझावहरूलाई सरकारले धोती लगाइदिने गरेको छ । अ.दु.अ. आयोग स्वयंले यस वर्षको आफ्नो प्रतिवेदनमा सरकारको ' यस उदासिनतालाइ' ' 'चिन्ताको रूपमा लिनसकिन्छ' भनी सार्वजनिक गरेको छ । राजनीतिक नियुक्ति दिंदा आफ्नो मान्छे छान्ने नाममा योग्य र सक्षम मान्छे नछानेको र राष्ट्रसंघको महासभामा जाने नेपाली टोली सानो गर्न यसले दिएको सुझावलाई फेरि पनि सरकारव्दारा लत्याइएको छ । यसरी बेरूजु, अनियमितता र अपारदर्शिताका विरूद्ध उनीहरूले दिएका सामान्य सुझावहरू समेतको ख्याल नगर्ने गरिएको छ ।

- प्रशासनमा राजनीतिक अहस्तक्षेप, माथ्ला कर्मचारीहरूले अरू नै देशप्रति वा गैर-सरकारी संस्थाप्रति जिम्मेवार हुन नपाउन नसक्ने व्यवस्था, सरकारी साधनहरू ब्यक्तिका घरबाट फिर्ता गर्ने, सवारी साधनको दूरूपयोग रोक्ने जस्ता कामहरू तत्कालमा शुरू गर्ने । (-डा. देवेन्द्रराज पाण्डे/ मूल्यांकन यसै अंकमा)

- अख्तियार दूरूपयोग निवारण आयोग र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित अभियुक्तहरूको छानवीन गरी कारबाही गर्ने, र सरकारी गाडी लगायतका साधनको दूरूपयोग गर्नेहरू पत्ता लगाउन एउटा छोटो समय म्याद दिइएको कार्यदललाई लगाउने अनि कडा कारबाही थाल्ने । (-प्रकाश वस्ती/देशान्तर : २०५६ कार्तिक २६)

- कर्मचारीतन्त्रमा 'पछाडिको ढोका'बाट घूस, कमिसन, नजराना आदि लिने प्रवृत्ति हटाउन 'अगाडिको ढोका'बाट दिने तलव, भत्ता आदि सुविधाहरू पर्याप्त गर्ने ।

- संम्बन्धित जनसाधारणले बुझ्ने गरी सम्बन्धित नियम, ऐन आदिलाई सम्बन्धित अड्डाहरूमा पर्याप्त बुझिने गरी पारदर्शी बनाउने । टाँस गर्ने, पुस्तिका वितरण गर्ने ।

- भ्रष्टाचारविरूद्ध सामग्रीहरू प्रस्तुत गर्न सरकारी र पार्टीका प्रचारयन्त्रहरूलाई लगाउने ।

- विदेशी संपर्क र संचारद्वारा फैलाइएका उपभोक्तावादी महात्वाकांक्षी प्रवृत्तिका विरूद्ध जुध्ने संपर्क र संचार सामाग्रीहरू तयार गरी जनतावीच लैजाने । हाम्रो समाजमा धर्म रपरंपराका रूपमा अगाडि बढ्दै आएका भ्रष्टाचारहरूका विरूद्ध पनि लड्नु जरूरी छ । यसनिम्ति जरूरी प्रचार सामग्रीहरूको उत्पादन, प्रकाशन र प्रशारणमा जोड दिने ।

- मितब्ययिता र फजुलखर्ची विरूद्धका कानूनहरूलाई सक्रिय बनाएर सरकारी स्तर र पार्टी स्तरबाट अभियन संचालन गर्ने ।

- गैर-सरकारी संस्थाहरूलाई पारदर्शी र जनमुखी हुन कानूनी र व्यवहारिक रूपले नै बाध्य पार्ने ।

- भ्रष्टाचारविरूद्ध कला-साहित्यका क्षेत्रबाट पनि अभियान चलाउने ।

- पार्टी नेता र हाकिमहरू सबैको आर्थिक हैसियतको रेकर्ड राख्ने र पछि त्यसको जाँच गरी बढी देखिएको सम्पत्ति जफत गर्ने व्यवस्था गर्ने ।

- सामाजिक-आर्थिक क्षेत्रका कामदारहरू र सर्वसाधारण जनतालाई न्यूनतम सामाजिक दायित्वबोध गराउन सरकार र पार्टीस्तरीय नैतिक-सांस्कृतिक अभियान थाल्ने ।

साँच्चै के यी कुराहरू गर्न हाम्रा प्र.मं. भट्टराई तयार छन् ? के नेपाली कांग्रेस तयार छ ? यदि तयार छैनन् भने प्र.मं. को दावी फेरि पनि, 'जोक' नै ठहरिने छ र कांग्रेसको दावी 'पाखण्ड' नै ठहरिनेछ ।

साथै, के अरू पार्टीहरू पनि आफ्नो पार्टीको तहबाट लागू गर्दै भ्रष्टाचारविरोधी आन्दोलन शुरू गर्न तयार छन् ? छैनन् भने उनीहरूले पनि 'भ्रष्टाचारको विरोधमा बोल्दै, भ्रष्टाचार गर्ने बाटो खोजीरहेका हतास-निराश सर्वसाधारण जनताको एउटा तप्का' कै हैसियतमा आफूलाई स्वीकार्न तयार हुनु पर्नेछ । ❑

सन्दर्भ स्रोतहरू :

❑ अख्तियार दूरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन ०५४/५५ र ०५५/५६

❑ महालेखा परीक्षकको वार्षिक प्रतिवेदन ०५५/५६

❑ मानवअधिकार वर्ष पुस्तक १९९९, - इन्सेक

❑ ट्रान्सप्यारेन्सी इन्टरनेशनलका प्रकाशनहरू

❑ राजश्व चुहावटको छानवीनसंवन्धी संसदीय संयुक्त समितिको प्रतिवेदन, २०५५

### बहराइनबाट

यहाँहरूको पूर्ण ज्ञानवर्धक अनि वास्तविक समाचारमूलक पत्रिका मूल्यांकन मासिक मुलुकमा हुँदा प्रायःजसो नियमित ग्राहककै रूपमा पढ्ने बानी थियो । अफसोच यहाँ आएपछि खासै त्यस्तो परिस्थिति भएन । यस्तो परिस्थितिको बावजुद पनि ०५६ साल असारको अंक ६८ हातपर्‍यो । पढ्ने मौका पाएँ । विशेष रूपमा रूपचन्द्र विष्टको दुखद् निधन र उहाँको जीवनीको बारेमा प्रष्ट रूपमा अगाडी सारिदिनु भएकोमा धन्यवाद ! साहित्यकार इस्मालीको धारावाहिक उपन्यास *जिरो माइल* केही हदसम्म कुबाटोमा लागेका युवाहरूको बारेमा रहेछ । अब आगामी अंकको प्रतिक्षामा छु । कोसोभो, भाषा आन्दोलन, एवंरीतले नेकपा माले र एमाले कता जाँदैछन् भन्ने लेखहरू निकै संवेदनशील लागे ।

◆ वीरेन्द्र चाम्लिङ, पो.ब.नं.-३१६८
SELHA MANAMA, BAHARAIN

### टुप्पीबाट धूँवाको मुस्लो

गएको ७१ अंकमा नेपालको गरीबीसम्बन्धी मूल लेखले विलुप्त रूपमा रहेको देशी विदेशी स्वार्थीहरूले कसरी आफ्नो स्वार्थ पुरागरिरहेका छन् भन्नेबारे छर्लङ्ग पारेको छ । यद्यपि यो लेख त्यस्ता व्यक्तिहरूले नपढ्लान् जसले पढ्नै पर्थ्यो । जस्तो कि- यहाँका कथित नेता भनाउँदाहरूले । तर यदि उनीहरूले उक्त लेख पढि नै हाले तापनि उनीहरूको टुप्पीबाट धूवाँको मुस्लो उड्नसक्छ । किनकि, उनीहरूले विदेशी सहायता आफ्नो देशको, जनताको र समग्र राष्ट्रको हितको लागिभन्दा आफ्नो व्यक्तिगत स्वार्थलाई हेरेर ल्याएका छन् । जुन सहायता रकम कमिशन र घुसखोरीमै झण्डै ८५/९० प्रतिशत सकिने रहेछ । त्यसैले आफूहरूको सारा पोल खोलेकोले स्वदेशी नेताहरूमात्र नभएर विदेशी 'कथित दाता'हरूका प्रतिनिधिहरूमा समेत रिसको पारो चढ्यो होला । जे होस् आउँदा दिनहरूमा सरकारी पक्षले केशव आचार्य, चैतन्य मिश्र र दीपक ज्ञवालीज्यूहरूले भन्नुभएझैं विदेशी सहायता लिंदा देश र जनताको हितलाई हेरेर मात्रै सहयोग राशी स्वीकार्ने बानी बसाल्लान् कि ? हैन उही 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ' भनेझैं गरे भने देश पराधीन हुने मात्र होइन सिङ्गो देश नै विदेशीहरूको नियन्त्रणमा नजाला भन्न सकिन्न । त्यसैले यो देशका सचेत नागरिकहरूले सोच्नुपर्ने बेला आइसकेको छ । अन्य लेखहरूमा पाकिस्तानको समीक्षा, विश्व कम्युनिष्ट आन्दोलन लगायत सबै लेख-रचनाहरू राम्रा छन् । आगामी अंकमा अमेरिकाको सियाटलमा W.T.O. को व्यापार मेलाको किन त्यहाँका नागरिकहरूले विरोध गरेका ? जब कि उनीहरूकै स्वार्थअनुकूल छ होइन र ? स्पष्ट हुनेगरी लेख आओस् ।

एम.के.राई (सुब्बा)
सम्दु- ७, संगम, तेह्रथुम

### रेड अक्टोबर अभियान

मूल्यांकन मासिकको पूर्णाङ्क ७१ हेर्ने अवसर प्राप्त भयो । आवरणकथाका लागि लेखकलाई धन्यावाद ! आगामी अंकमा दक्षिण अफ्रिकाको 'रेड अक्टोबर अभियान'को बारेमा थप जानकारीको आशा गर्दछु । टर्कीका छापामारहरूको एकतालाई हार्दिक स्वागत गर्दछु । विमल निभाको व्यंग्य चोटिलो छ । महत्वपूर्ण कुरा हरकिशन सिंह सुर्जितको महान कार्य नेपालका सर्वहारावादी बताउने नवधनाढ्य कम्युनिष्टहरूका लागि प्रेरणा बन्नसकोस् । मूल्यांकनको निस्पक्षता, नियमितता र स्वच्छताको हार्दिक कामना गर्दछु ।

◆ कुमार बजगाई 'दीन'
मेची क्याम्पस, भद्रपुर, झापा

### आत्मकथा शिक्षाप्रद

प्रकाशन भएको कुनै पनि अंक नछोडी मैले पढ्ने पत्रिकाहरूमध्ये मूल्यांकन पनि एक हो । मूल्यांकनले समसामयिक विषयहरूमा पाठकहरूसमक्ष थुप्रै खुराकहरू राखेको छ । यहाँ ती सबै पक्षहरूका बारेमा चर्चा गर्न सम्भव छैन । मैले त खाली दुईवटा कुराहरू राख्नचाहेको छु । प्रथमतः कमरेड निर्मल लामाको आत्मकथा । जसले आजको पश्चिमेली विकृति उन्मुख समाजलाई आफ्नो आदर्शको रूपमा स्वीकार गरी पचछ्याईरहेका छन् र अर्कोथरी जो मार्क्सवादको नाममा पनि पूँजीवादलाई नै मद्दत गर्दैछन्- तिनीहरूलाई त उक्त आत्मकथा 'भैंसीको अगाडि बीन बाजा' सरह नै होला । तर यो समाजको आमूल परिवर्तन चाहनेहरूका लागि निकै शिक्षाप्रद छ । निर्मल लामाका आत्मकथाहरू यथार्थमा आधारित छन्, बनावटी वा कृतिम खालका छैनन् भन्ने मलाई लागेको छ । समयले एकदिन अवश्य त्यसको मूल्यांकन गर्ने नै छ । साथै क. लामाको स्वास्थ्यलाभको कामना छ ।

दोश्रो कुरा के भने रूपचन्द्र विष्टको बारेमा तपाईहरूबाट भएको प्रयासले यथार्थलाई बाहिर ल्यायो । निहित स्वार्थका लागि इतिहासलाई लुकाउने र बंग्याउनेहरूलाई एक झापड दियो ।

उपरोक्त कुराहरूको लागि विशेष धन्यवादका साथै पत्रिकाको निरन्तरता र अझ स्तरियताको लागि हार्दिक शुभकामना ।

◆ जे. तिवारी, नवलपरासी

### सीमा अतिक्रमणबारेको रिपोर्ट उल्लेख्य

म यस मूल्यांकन मासिकको नियमित पाठक हुँ । यस मासिक पत्रिकामार्फत् मार्क्सवादी चिन्तनभित्र मौलाउदै गईरहेको विकृति र विसंगतिप्रतिको प्रहार प्रत्येक अंकमा पढ्ने अवसर पाएकोमा ज्यादै खुशी छु ।

साथै विश्व कम्युनिष्ट आन्दोलनलाई कुन कुन मुलुकमा कसरी कुन रूपबाट अगाडि बढाइँदै छ भन्ने कुरा यो पत्रिकाबाट पस्कँदै आएकोमा पाठकको तर्फबाट धन्यवाद ! पूर्णाङ्क ७० का सबै सामाग्रीहरू उल्लेखनीय छन् । विशेष गरी नेपालको सिमा अतिक्रमणबारे खोज तथा अनुसन्धानात्मक आवरण लेखलाई उल्लेखनीय पक्षमा उभ्याउनै पर्छ । पेरूको साइनिङ्ग पाथको आन्दोलनको नेतृत्व गरिरहनुहुने क. फेलिसियानोको गिरफ्तारीको निन्दा गर्दै क. आर्तिमोको नेतृत्वमा अब अगाडि बढ्ने साइनिङ्ग पाथ आन्दोलनको लेखलाई पनि धन्यवाद ! समग्रमा पूर्णाङ्क ७० ज्यादै खुराकिलो छ । अन्तमा निरन्तर प्रगतिको लागि शुभकामना !

◆ पदम सुन्दर गुरुङ
प्राङबुङ- ८, पाँचथर

### रूपचन्द्र

मूल्यांकन अंक ६८ थाहा विशेषांक पढ्ने मौका पाएँ । महान व्यक्तित्व रूपचन्द्र विष्टको असार ७ गते मृत्यू भएको सुन्दा सिङ्गो इतिहासको नै अन्त्य भएको जस्तो लाग्यो । किनकि सामाजिक, राजनीतिक र सांस्कृतिक रूपले जनतालाई सचेत पार्दै लैजाने व्यवहारगत कार्यले अंधकार युगमा निर्दयी व्यवस्थाकाविरूद्ध निर्भिकताको प्रदर्शन गर्दै स्कूलहरूमा अलग्गै राष्ट्रिय गीत गाइने व्यवस्था गर्नुलाई ठूलो चुनौति मान्नुपर्दछ । सदनदेखि वस्तीसम्मको अन्याय, अत्याचार, शोषण, दमन, असमानता, कुरीती, अन्धविश्वासको विरूद्ध लड्दै जाने उहाँको अनौठो तरीका थियो । साँच्चै नै उहाँ महान व्यक्तित्व हुनुहुन्थ्यो ।

आचार, विचारशैली र सिद्धान्त सम्पूर्ण कम्युनिष्ट हुँदाहुँदै पनि उहाँलाई क्रान्तिकारी र कमरेड भनेर कहीं कतै पनि शब्द प्रयोग नगरेकोमा आश्चर्य लाग्यो । किनकि स्वयं निर्मल लामाजीले उहाँलाई सकृय कम्युनिष्ट भन्नुभएको छ ।

श्याम श्रेष्ठजीको 'रूपचन्द्रलाई शत्रुले चिने मित्रहरूले चिनेनन्' भन्ने लेखले सम्पूर्ण चीजलाई निचोरेर पाठकवर्गलाई अमृतपान गराएको अनुभव हुन्छ । लामाजीको आत्मकथाले नेपालको इतिहास नै खोतलिने भएकोमा पढ्न पाउँदा धेरै राम्रो लागेको छ । उहाँ हाल भयानक रोगबाट ग्रस्त हुनुहुँदोरहेछ । स्वास्थ्यलाभको कामना गर्दछु ।

◆ ज्ञानबहादुर के.सी., दिल्ली (भारत)

### छाँगाबाट खसेजस्तो लाग्यो

मूल्यांकनको पूर्णाङ्क ७१ प्रकाशित हुने वित्तिकै पढ्ने अवसर मिल्यो । 'जति विदेशी ऋण सहायता आएपनि नेपाल किन झन् झन् गरीब' आवरण कथाले मेरो दिमागमा छुट्टै आकृति बनायो । हुन पनि हो, देश दिन प्रतिदिन कङ्गाल बन्दैगएको छ । औंलामा गन्न सकिने व्यक्तिहरूमात्र सम्पन्न, शक्तिमान भएका छन् । बहुसंख्यक जनताको जनजीवन जटिलमात्र बनेको छैन । जीउन नै कठिन बनिसकेको छ । यो भन्दा अझ गहिराईमा पुग्न अर्थविद् केशव आचार्यको विश्लेषण निकै महत्वपूर्ण र मार्मिक छ । पढ्दै जाँदा मलाई यो विश्लेषणले वाण हानेझैं लाग्यो- कसरी वैदेशिक सहायताले देशलाई पराधीनता र संकटतिर धकेलेको छ भनेर । एकातिर मात्र हैन सामाजिक, आर्थिक, राजनैतिक हर क्षेत्रमा यसले प्रभाव जमाउँदै गएको छ । जनताको जाँगर हटाइदिएको छ । अझ एक डलर लिएको ऋण पछि तिर्दा ९ डलर पुग्ने सुनेपछि त म एकै पटक छाँगाबाट खसेजस्तो भएँ । यस्तो जटिल परिस्थिति हुँदा पनि यहाँका सरकार, नेताहरू किन बोल्दैनन् ? शायद सबैजना विदेश जान पाउँने र कमिशन खान पाउने सपना देखेर त होला नि ? पारदर्शीता किन हुँदैन ? सोच्नु पर्ने कुरा छ । यो विषयमा बुझ्न डा. चैतन्य मिश्र, दीपक ज्ञवालीका विचार अनि विश्लेषणले निकै राम्रो सहयोग गरेको छ । वैदेशिक सहायता, अनुदान, ऋणका विषयमा खोज अनुसन्धान गरी पाठक सामु प्रस्तुत गरिदिएकोमा मूल्यांकन धन्यवादको पात्र भएको छ ।

◆ श्रीराम फुटुङे
फुटुङ, काठमाण्डौ




*मेडिआ बेन्जामिनद्वारा अनुदित र सम्पादित/*
*खगेन्द्र संग्रौलाद्वारा अंग्रेजीबाट नेपालीमा अनुदित ।*
*बिक्रेता तथा क्रेताहरूले तुरुन्तै सम्पर्क राख्नुहोला*

सम्पर्क: **स्पेस, पाटनढोका, ललितपुर**
फोन नं. ५३०६६७ पो. ब. नं. ९६३६

# होण्डुरसकी महिलाको हृदयको आवाज !

*ल्याटिन अमेरिकी देश होण्डुरसमा भएका जनसंघर्षहरूको नेतृत्व गर्ने कुशल संगठक एल्भिया आल्भारादोको रोचक, रोमाञ्चक, प्रेरक र ज्ञानबर्द्धक आत्मकथा !*

**यसका थप आकर्षणहरू:**

◆ होण्डुरसमा भएका संघर्षको रूपरेखा । ◆ तथ्यका पानामा होण्डुरस ◆ होण्डुरसेली ऐतिहासिक समयक्रम ◆ राजनैतिक पार्टीहरू, सशस्त्र विरोधीहरू र प्रमुख किसान संगठनहरूको परिचय ◆ होण्डुरसलाई अमेरिकी आर्थिक तथा सैनिक सहयोग ◆ होण्डुरसमा अमेरिकी-होण्डुरसेली सैनिक संरचनाहरू

'प्रिय नेपाली मित्रहरू,

होन्डुरसका किसानहरूकातर्फबाट म तपाईहरूछेउ अत्यन्तै न्यानो अभिवादन तथा ऐक्यबद्धता पठाउँदैछु । होन्डुरस र नेपालका जनता साझा सम्बन्ध-सूत्रमा आबद्ध छन् । यी दुवै देशका जनता प्रजातन्त्र, सामाजिक न्याय तथा मानव अधिकारका लागि संघर्षरत छन् । जसरी हाम्रो ध्येय र हाम्रा विजयहरू तपाईहरूका ध्येय र विजयहरू हुन्, त्यसरी नै तपाईहरूको ध्येय हाम्रो ध्येय हो र तपाईहरूका विजयहरू हाम्रा विजयहरू हुन् ।' – एल्भिया अल्भारादो

# HONS

**Himalayan Online Service Pvt. Ltd.**
*Your Gateway to the Information Superhighway*
PO Box : 9285, Bag Bazar, Kathmandu, Nepal
Phone : 977 1 220848, 223914
E-mail : info@hons.com.np

**SPECIAL OFFER !**
**Sign Up Now & Get FREE 24 hours internet access**

A Full Internet Service Provider and network consultant, provides services to all interested business and individuals all over Nepal. HONS is connected to the Internet via VSAT link.

**Our Services:**

- Full Internet Access
- E-mail
- E-Fax
- Fax2Fax
- Web Site Design & Hosting
- Domain Registration
- Network Consultant for LINUX, WIN NT, WINDOWS

# नव युवा

*हरेक युवाले पढ्नै पर्ने मासिक पत्रिका !*

# स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरूको संगालो

❑ के तपाईंले किनेर पढ्नुभयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ? ❑ तपाईंले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतिक्षा गरिरहनु भएको प्रकाशन

❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!


GOLD LABEL
DE LUXE
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
TUBORG
BEER
GOLD LABEL
TUBORG
DE LUXE BEER
"Brewed by Gorkha Brewery Ltd., (Most modern and environmentally friendly brewery of Nepal) with genuine and pure Australian and European malts and selected European hops. Sold in more than 120 countries world wide."
TUBORG ... WHEREVER YOU ARE.